**राष्ट्रिय योजना आयोगको सचिवालय**

**एस. एन. पि. एम. सि.**

**सिंहदरवार, काठमाडौ**


# महिला विकास कार्यक्रमको मूल्याङ्कन अध्ययन

## अन्तिम प्रतिवेदन


*प्रस्तुतकर्ता*

प्रोजेक्ट रिसर्च एण्ड इन्जिनियरिङ्ग एसोसियटस्

ललितपुर, नेपाल

## नमुना सर्वेक्षण गरेका जिल्लाहरु




Source: Topo-sheet 1:25000/50000

GIS Service

# विषय– सूचि


| विषय | पृष्ठ नं. |
|---|---|
| **सारांश प्रतिवेदन** | |
| परिच्छेद १ | |
| १. परिचय | १ |
| १.१ महिला विकासको अन्तर्राष्ट्रिय परिवेश | १ |
| १.२ महिला विकासको राष्ट्रिय परिवेश | २ |
| १.३ नेपालमा महिला विकासका कार्यक्रम | ११ |
| १.४ महिला विकासका कार्यक्रम | १४ |
| १.५ महिला विकासका संचालित कार्यक्रमहरु | १८ |
| १.६ महिला विकास कार्यक्रमको मूल्यांङ्कन अध्ययनको उद्देश्य | २५ |
| १.७ अध्ययनका क्षेत्र | २५ |
| १.८ अध्ययन विधि | २८ |
| १.९ सूचना तथा तथ्याङ्क बिश्लेषण | ३५ |
| १.१० महिला विकास कार्यक्रमको मूल्याङ्कन | ३५ |
| १.११ अध्ययनका सिमाहरु | ३५ |
| परिच्छेद २ | |
| २. लैङ्गिक तथ्यांक बिश्लेषण र तथ्यगत विवरण | ३६ |
| २.१ महिला विकास अवस्था | ३६ |
| २.२ लैङ्गिकता र विकास | ३७ |
| २.३ सर्भेक्षण सम्बन्धीतथ्यांक | ४१ |
| ३. मूल्यांकनको नतिजा | ४३ |
| ३.१ कार्यक्रमको औचित्य | ४३ |
| ३.२ कार्यक्रमको प्रभावकारी | ५५ |
| ३.३ कार्यक्रमको कार्यदक्षता | ६४ |
| ३.४ कार्यक्रमको प्रभाव | ६८ |
| ३.५ कार्यक्रमको दिगोपना | ८१ |
| ३.६ कार्यक्रमको आधिकार प्राप्त समूहको सन्तुष्टि | ८५ |
| ३.७ कार्यक्रममा समावेशीकरण | ८६ |
| ३.८ कार्यक्रमको अन्तर सम्बन्ध विश्लेषण | ८८ |
| परिच्छेद २ | |
| ४.१ समग्र मूल्यांकन निष्कर्ष | ८९ |
| ५. सुझाव र कार्य योजना | ९४ |
| ५.१ नीतिगत स्तरमा | ९४ |
| ५.२ मध्यम स्तरमा | ९६ |
| ५.३ संचालन स्तरमा | ९७ |
| ७. व्यवस्थापन कार्ययोजना | ९९ |

अनुसूचीहरु :

अनुसूची १ : घरधुरी सर्भेक्षण प्रश्नावली नमूना

अनुसूची २ : महिला विकास कार्यक्रका क्रियाकलापहरु

अनुसूची ३ : समूहगत छलफलका निचोडहरु

# तालिका


| तालिका | पृष्ठ नं. |
|---|---|
| तालिका नं. १ : मूल्यांङ्कनका मापक सूचकहरु | २८ |
| तालिका नं. २: समूहगत छलफलका विवरण | ३४ |
| तलिका नं. ३ महिलाको विभिन्न सूचकहरुको अवस्था | ३६ |
| तालिका नं. ४ लैङ्गिक विकास सम्बन्धी सूचकहरु | ३८ |
| तालिका नं. ५ बिभिन्न सेवा तथा क्षेत्रमा महिला सहभागिता | ४० |
| तालिका नं.६: महिला हिंसाको अवस्था | ४० |
| तालिका नं. ७: महिला र बालबालिका सम्बन्धी अपराध तथा असामाजिक कार्यहरु | ४१ |
| तलिका नं. ८: सर्भेक्षण गरिएका घरधुरी संख्या | ४२ |
| तलिका नं. ९: सर्भेक्षण गरिएका घरधुरीको जातजाती विवरण | ४२ |
| तालिका नं. १०: सर्भे गरिएका घरपरिवारको घरको किसिम | ४३ |
| तालिका नं. ११: महिला विकास कार्यक्रमले समेटेका क्षेत्र तथा सामूहिकीकरणको अवस्था | ५० |
| तलिका नं १२: महिला विकास कार्यक्रममा सामाजिक परिचालिकाको भूमिकाको सन्तुष्टि स्तर | ५४ |
| तलिका नं. १३: महिला समूह समित र संस्थाको बार्षिक बृद्धि दर | ५६ |
| तालिका नं. १४: महिला समूह, समिति र संस्थाको बचतर र लागनीको अवस्था | ५८ |
| तालिका नं.१५: उद्यम व्यवसाय संचालन सम्बन्धी विवरण | ५९ |
| तलिका नं. १६: महिला विकास कार्यक्रमको खर्च र प्रति इकाई खर्च | ६४ |
| तलिका नं. १७ : बिभिन्न कार्यक्रमको बजेट र खर्चको स्थिति | ६५ |
| तालिका नं.१८: महिला विकास कार्यक्रमका लागि बजेट व्यवस्था (रु ०००मा ) | ६७ |
| तालिका नं.१९: महिला विकास कार्यक्रबाट संचालिन तालिममा सहभागिता | ६८ |
| तलिक नं.२०: जिल्लागत रुपमा तालिमको उपयुक्ततताको अवस्था | ६९ |
| तालिका नं.२१: महिला विकास कार्यक्रमबाट आफ्नो भनाई राख्ने क्षमता अभिबृद्धि | ७० |
| तालिका नं.२२: महिलाको निर्णय गर्ने क्षमतामा आएको परिवर्तन | ७० |
| तालिका नं.२३: महिलाको निर्णय गर्ने क्षमतामा आएको परिवर्तन (Case VS Control) | ७२ |
| तालिका नं.२४: महिलाको निर्णय गर्ने क्षमता वारे सन्तुष्टि (Case VS. Control) | ७३ |
| तालिका नं.२५: महिलाहरुको सामाजिक परिवर्तनको अवस्था (Case VS. Control) | ७३ |
| तालिका नं.२६: घरयासी संस्कारजन्य पक्षहरुमा भएका परिवर्तनहरु | ७४ |
| तलिका नं.२७ :जिल्लागत रुपमा घरेलु हिंसा भोगेको अवस्था | ७५ |
| तालिका नं. २८: खानेपानीको श्रोतको अवस्था | ७८ |
| तलिका नं.२९: खानेपानी ल्याउंदा लाग्ने समय बचतको उपयोग (Case VS. Control) | ७९ |
| तलिका नं ३०: शौचालय प्रयोगको अवस्था | ८० |
| तालिका नं. ३१: साबुन पानीले हात हुने अवस्था | ८१ |
| तालिका नं. ३२: महिलाहरुलाई गरिएको लगानीको सन्तुष्टिको स्तर | ८५ |
| तालिका नं.३३: उद्यम व्यवसायमा महिलाको सन्तुष्टि स्तर | ८५ |
| तालिका नं. ३४ : मूल्यांङ्कनका मापक सूचकहरु | ९४ |
| तालिका नं. ३५: व्यवस्थापन कार्य योजना | ९९ |

# सारांश प्रतिवेदन

महिला विकासको क्षेत्रमा विश्वव्यापि रुपले निरन्तर चालिएका कदम र प्रयासहरुबाट महिला विकासमा आजको स्थितिमा पुग्न सकिएको हो । सन् १७९२ मा Mary Wollstonecraft द्वारा लिखित "A Vindication of the Rights of women" सम्बन्धी पुस्तकमा उल्लेखित विषयवस्तुले महिलाको अधिकारको लागि र लैङ्गिक समानताको निमित्त आधारशीला तयार गरेको देखिन्छ । संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १ मा घोषित उद्देश्य अनुरुप लिङ्गभेद विना सबैको मौलिक स्वतन्त्रता र मानब अधिकार प्रतिको सम्मान प्रबर्द्धन एवं प्रोत्साहनका लागि अन्तर्राष्ट्रिय सहयोग हासिल गर्ने उल्लेख छ । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकारको विश्वव्यापि धोषणापत्र जारी गर्दै मानवमात्रका नैसर्गिक अधिकार र स्वतन्त्रताको उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९७२ मा पारित गरेको संकल्पले समानता विकास र शान्तीको बृहत लक्ष्य हासिल गर्न बिश्व कार्य योजना पारित गरी सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष घोषणा गऱ्यो । यसै क्रममा दोश्रो बिश्व महिला सम्मेलन सन् १९८०, तेश्रो १९८५ र चौथो सन् १९९५ मा सम्पन्न भयो । महिलाको सर्वाङ्गिन विकासको लागि बेजिङ्ग सम्मेलन १९६५, बेजिङ्ग जोड ५ सन् २०००, बेजिङ्ग जोड १० सन् २००५ ले पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपालमा महिला विकास कार्यक्रमको शुरुवात पहिलो पञ्चबर्षीय योजना २०१३ देखि भएता पनि वि.सं. २०३८ सालमा स्थानीय विकास मन्त्रालय अर्न्तगत महिला विकास शाखाको स्थापना गरी सांगठनिक रुपमा संचालित हुँदै आएको छ । बि.सं. २०४७ सालमा केन्द्रमा रहेको महिला विकास शाखाको स्तरोन्नति गरी महाशाखा बनाइयो भने वि.सं. २०५६ मा उक्त महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत राखियो । मिति २०५७।३।२६ को निर्णयबाट महिला विकास महाशाखालाई महिला विकास विभागमा र जिल्ला स्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०७६।१२ मा महिला तथा बालबालिका कार्यालयमा परिणत गर्दै महिला बिकास सम्बन्धी कार्य गरिदै आएको छ ।

विगत ३० वर्ष देखि संचालित महिला विकास कार्यक्रमले ७५ जिल्लाका गा.वि.स तथा नगरपालिकाका वडाहरु समेटिएको र सो कार्यक्रमबाट आ.व.२०७०।०७१ सम्म प्रबर्धित भएका १५०,८४२ महिला समूहमा र ८,९२,४७४ महिला सदस्यहरु रहेका छन् । समूहमा आवद्ध कुल सदस्य मध्ये १६.०२ प्रतिशत दलित, ३३.८५ प्रतिशत जनजाति र ५०.१३ प्रतिशत अन्य समुदायका माहिलाहरु छन् । उक्त १५०,८४२ महिला समूहबाट १६,६१२ समिति र १,६३६ दर्ता भएका महिला संस्थाहरु र १५७ तदर्थ महिला संस्था गठन भएका छन् । उल्लेखित संस्थाहरु सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भै क्रियाशिल रहेका छन् । महिला विकास कार्यक्रमबाट प्रबर्धित समूहको कूल बचत २६१ करोड २६ लाख छ भने उक्त रकम मध्ये लगानी २५१ करोड ५९ लाख ६८ रहेको देखिन्छ ।

महिला विकास कार्यक्रमको तेश्रो पक्षीय मूल्याङ्कन अध्ययनको मूख्य उद्देश्य नै यस कार्यक्रमको औचित्य, प्रभावकारिता, प्रभाव, कार्यदक्षता, दीगोपनाको लेखाजोखा गर्नु रहेको छ । यस सम्बन्धी अध्ययन गर्दा मिश्रित विधि अपनाइ (दोश्रो सूचना प्रणाली तथा प्राथमिक सूचना प्रणालीबाट) विभिन्न आवश्यक सूचनाहरु संकलन र बिश्लेषण गरी परिमाणत्मक तथा गुणात्मक विधि अनुरुप विश्लेषण गरिएको छ । उल्लेखित सूचनाहरु संकलन गर्दा सहभागितात्मक पद्धती, स्थलगत निरिक्षण, प्राविधिक सर्भेक्षण, घरधुरी सर्भेक्षण, लक्षित समूहगत छलफल, प्रमूख सूचनाकर्ताहरुको अर्न्तवार्ताको माध्यमबाट गरिएको छ ।

महिला सम्बन्धी आँकडाहरुलाई तुलनात्मक रुपमा हेर्दा छैटौ योजनको पूर्वावस्थामा महिलाको जनसांखिय अनुपात ४९.३ प्रतिशत रहेकोमा २०६८ को जनगणना अनुसार महिलाको जनसंखिय अनुपात ५१.४ प्रतिशत भएकोले आधा भन्दा बढी हिस्सा ओगटन पुगेको देखिन्छ । महिलाहरु जन्मदा अपेक्षित उमेर ४१.१ वर्ष

भएकोमा हाल बृद्धि भै ६४.५ बर्ष भै पुरुष सहर रहेको छ । विवाहको औषत उमेर १६.८ वाट बृद्धि भै १७.५ वर्ष कायम हुन गएको देखिन्छ । पूर्वावस्थामा दश वर्ष र सो माथिको साक्षरता दर ५.२ प्रतिशत रहेकामा हाल ५३.३ प्रतिशत भएबाट शिक्षाको क्षेत्रमा उल्लेखनीय सुधार भै महिलाहरुको शैक्षिक, सामाजिक र चेतनामा अभिबृद्धि हुन सकेको छ । श्रमको सहभागिता दर पहिला ३५.१ प्रतिशत रहेकोमा अहिले ८०.१ प्रतिशत भएबाट पुरुष सरहनै श्रममा सहभागिता देखिएको छ । साथै आर्थिक रुपले सक्रिय महिला ३५.१ बाट ५३.१ प्रतिशत पुगेको हुँदा आर्थिक क्रियाकलापमा महिलाहरु सक्रियता बढन थालेको छ । महिलाहरु घरधन्दामा मात्र सिमित हुन्छन् भने अवधारणालाई परिवर्तन गर्दै घरधन्दा गर्ने महिला पहिला ५७.१ प्रतिशत रहेकोमा सो घटि ७.६ प्रतिशतमा कायम हुन सकेको छ ।

सहकारीतर्फ महिलाको स्थिति आकलन गर्दा महिलाद्वारा संचालित सहकारी संस्था, कूल सहकारी सस्थाको ११.७ प्रतिशत रहेको छ । महिला विकास कार्यक्रमद्वारा प्रबर्धित सहकारी संस्थाको हकमा कूल सहकारी संस्थाको ५.२ प्रतिशत रहेको छ । महिलाद्वारा संचालित कूल सहकारी संस्था मध्ये महिला विकास कार्यक्रमहरुद्वारा प्रबर्धित सहकारी संस्था ४४.७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सहकारीको व्यवस्थापनमा महिलाहरुको सहभागिता ३३.५७ प्रतिशत रहेको छ । महिला विकास सम्बन्धी सूचाङ्कहरुमा मानन विकास सूचांङ्क ०.५४० रहेको छ भने लैङ्गिक असमानता सूचाङ्क ०.४७९, लंङ्गिक विकास सूचाङ्क ०.५१४ र लैङ्गिक सशक्तिकरण मापक ०.५६८ रहेको छ ।

सरकारी सेवामा रहेका महिलाहरुको स्थिति विश्लेषण गर्दा न्याय सेवामा ३.०१ प्रतिशत रहेको छ भने निजामती सेवामा पनि २०.८ प्रतिशत मात्र महिला रहेका छन् । नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा नेपाली सेनामा ज्यादै न्यून मात्रामा सहभागिता भएको पाईन्छ । स्वास्थ्य सेवा अन्तर्गत डाक्टरमा ३४.११ प्रतिशत तथा इन्जिनियरमा १४.३९ प्रतिशत महिला रहेको देखिन्छ ।

महिला विकास कार्यक्रमको औचित्यका सम्बन्धमा स्थलगत सर्भेक्षणको आंकडा अनुसार करीव ८१ प्रतिशत महिलालाई महिला विकास कार्यक्रमबाट सहयोग पुगेको देखिन्छ भने करीव १९ प्रतिशत महिलालाई कार्यक्रमबाट सहयोग पुग्न नसके देखिन आएको छ । सामाजिक परिचालिकाको भूमिका र प्रभावकारिता सम्बन्धमा प्राप्त आंकडा अनुसार ४१.८ प्रतिशतले ठिकठिकै भएको औल्याएका छन् भने अति सन्तोषजनक १०.३ प्रतिशत र सन्तोषजनक २५.२ प्रतिशत रहेका छन् । उल्लेखित भनाईलाई मान्ने हो भने सामाजिक परिचयको भूमिका त्यति उत्साहजनक भएको देखिदैन ।

महिला विकास कार्यक्रमलाई शुरु देखिनै सालवसाली रुपमा निरन्तरता दिदै संचालन हुँदै आएको हो । समयको निश्चितता (Time bound) मा आधारित कार्यक्रम नभएको र आधारभूत अध्ययन (Baseline Study) नभएबाट मूल्याङ्कन कार्य कठिन हुन गएको छ । आ.व. २०३९।४० देखि २०६८।६९ सम्म गठन भएका र सो पश्चात गठन गरिएका महिला समूह, समिति र संस्थाहरुको विवरण अध्ययन गर्दा २०६८।६९ देखि २०६९।७० को महिला समूहको बृद्धि दर ७.५ प्रतिशत, लाभान्वित सदस्य संख्याको प्रतिशत ९.७ प्रतिशत बृद्धि भएको छ । यसरी बृद्धि भएको प्रतिशतमा जनजाती तर्फ १३ प्रतिशत र दलित तर्फ ५.८ र अन्य ८.७ प्रतिशत रहेको देखिन्छ । साथै गठन भएका महिला संस्थाको बृद्धि दर ८.९ प्रतिशत रहेको छ ।

कार्यक्रमबाट उद्यम व्यवसायमा संलग्न महिलाको स्थिति केस र कन्ट्रोल तर्फ हेर्दा १४.७ प्रतिशत महिलाहरु कार्यक्रमले समेटिएका क्षेत्रमा (केसमा) उद्यम व्यवसायमा संलग्न रहेका छन भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा (कन्ट्रोलमा) १२.२ प्रतिशत महिला मात्र उद्यम व्यवसायमा संलग्न भएको देखिन्छ । उल्लेखित आंकडाले उद्यम व्यवसायमा संलग्न गराउने कार्य महिला विकास कार्यक्रमले लक्षित समूहलाई समेटने तर्फ उत्साहजनक सफलता पाउन सकेको देखिदैन । शीप विकास तालिम लिने महिलाको संख्या कार्यक्रमले समेटिएको क्षेत्रमा ३१ प्रतिशत र कार्यक्रमले नसमेटिएको क्षेत्रमा ८ प्रतिशत रहेको छ । बिद्यालय विमूख किशोरीको लागि लक्षित कार्यक्रमको उपलब्धी सम्बन्धमा अति सन्तोषजनक १३.४ प्रतिशत देखिन्छ भने ३२.५ प्रतिशत ठिकठिकै रहेको देखिन्छ । किशोरीहरुसंग गरिएको समूह छलफलका निचोड अनुसार कार्यक्रमबाट शीप विकास सम्बन्धी तालिम प्राप्त भई अचार बनाउने, धुप बनाउने, बेतबाँसका सामान बनाउने, साना किराना तथा चिया पसल संचालन

गर्ने गरेको भएतापनि व्यवसायिक रुपमा भने अधि बढ्न नसकोको स्थिति छ । उद्यम तथा व्यसायबाट उत्पादित बस्तुहरुको बजारको स्थानीय रुपमा मात्र सीमित रहेको र मूख्य बजार केन्द्रहरुमा उत्पादित सामान लैजान र बजार व्यवस्थापन गर्न बढी खर्च लाग्ने र बजार सम्बन्धी जानकारी कम भएका कारणले गर्दा सामानले उचित मूल्य पाउन नसकेकोले व्यवसाय बिस्तार हुन सकेको छैन ।

महिला विकास कार्यक्रम लागू भएका स्थानमा गठन भएका महिला समूहका सदस्यहरु मध्ये अनुशिक्षण तालिम प्राप्त गर्ने ८१.१ प्रतिशत रहेको देखिन्छ भने आधारभूत तालिममा ८३.० प्रतिशत रहेको छ । नेतृत्व तथा संस्थागत विकास तालिमा ३३.९ प्रतिशत महिला सहभागि भएको देखिन्छ । उल्लेखित तालिमले गर्दा महिलाहरुले आफ्नो कुरा समूह, समाज तथा विभिन्न निकायहरुमा राख्न सक्ने क्षमतामा अभिबृद्धि भएको छ । जिल्लागत रुपमा हेर्दा सबैजसो जिल्लाका ९० प्रतिशत भन्दा बढी महिलाहरु आफ्नो कुरा निर्भिक रुपमा राख्न सक्ने भएको देखिन्छ । पारिवारिक विषयहरुमा स्वयं निर्णय लिने क्षमतामा पहिला ६०.२% रहेकोमा कार्यक्रम संचालन पश्चात ७८.३% पुगेको हुँदा महिलाहरुको निर्णय क्षमतामा परिवर्तन भएको देखिन्छ । सोही विषयमा कार्यक्रमले नसमेटिएको क्षेत्रमा पनि महिलाको निर्णय गर्ने क्षमता ६७.४% भएबाट महिला विकास कार्यक्रमको प्रभाव ज्यादै उत्साहजनक भने देखिदैन ।

घरपरिवारको सदस्यहरुलाई शिक्षा उपलव्ध गराउने सम्बन्धी पारिवारिक निर्णयमा महिलाको सहभागिता कार्यक्रम संचालन हुनु भन्दा पहिला ३१.२% रहेको थियो भने कार्यक्रममा सहभागि भए पश्चात बृद्धि भै ६३.५% पुगेको छ । यसबाट महिलाहरुले आफ्नो छोराछोरीको शिक्षा दिक्षामा निर्णय गर्न सक्ने सक्षमता कार्यक्रम पश्चात उल्लेख्य रुपमा सुधार भएको देखिन्छ । फलस्वरुपः छोरीलाई विद्यालय पठाउने र शिक्षामा पहुँच अभिबृद्धि हुन पुगेको स्पष्ट देखिन्छ । महिलाको सचेतना तथा सूचना प्रवाहका कारणले गर्दा परम्परागत कुरिति तथा अन्धविश्वासलाई क्रमशः हटाउदै लाने कार्यमा पनि सुधार भएको छ । घरपरिवारका सदस्यहरु खानपिन गर्दा महिलाले पछि खाने प्रचलन पहिला २१.३ प्रतिशत रहेकोमा हाल १७.४ प्रतिशत रहेको पाइयो भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा भने अझै पनि २६.७ प्रतिशत रहेको छ । घुम्टो राख्ने चलनका सम्बन्धमा कार्यक्रमले समेटिएका क्षेत्रमा पहिला १२.६% रहेकोमा हाल घटन गै ८.७% मा सिमित रहन गएकोछ । छुवाछुतका सम्बन्धमा पहिला २२.१% रहेकोमा हाल ९.१% मात्र रहेको छ । बालविवाहमा अझै ८. ९% रहेको देखिन्छ । विधवा एकल महिला विवाह गर्नेको संख्या बृद्धि भै ४३.४ प्रतिशत पुगेको छ । उल्लेखित सामाजिक संस्कारमा आएको सुधारलाई उत्साहजनक मान्नु पर्दछ ।

महिलाहरुले घरेलु हिंसा भोग्ने क्रम अझै कायम रहे पनि पहिलेको तुलनामा कमी हुँदै गएको पाइएको छ । घरेलु हिंसा विरुद्ध कानूनी उपचारका लागि सम्बन्धित निकायमा उजुरी गर्ने महिलाहरुको प्रतिशत कार्यक्रमले समेटिएको क्षेत्रमा ५० प्रतिशतले उजुरी गर्न जाने गरेको देखिन्छ भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा १९ प्रतिशत महिलाले मात्र उजुरी गर्ने गरेको देखिन्छ । यसबाट कार्यक्रम संचालित भएका क्षेत्रका महिलाहरु बढी सक्षम तथा घरेलु हिंसाको बिरुद्ध उजुरी गर्ने, आवाज उठाउन सक्षम हुँदै गएको पाइएको छ । घरपरिवारको आम्दानी तथा खर्च सम्बन्धी विवरणको बिश्लेषण गर्दा प्रति परिवार बार्षिक आम्दानी पहिला रु. ९४,०००। भएकोमा बृद्धि भै रु. १४३,०००। पुगेको देखिन्छ । साथै उक्त आम्दानी खर्चबाट हुने बचत पहिला रु. २०,०००। भएकोमा अहिले बृद्धि भै रु. ४९,०००। पुगेको छ । यसरी घरपरिवारको बचतमा भएको बृद्धिका कारणले गरीवी न्यूनिकरण गर्न सहयोग पुगेको छ ।

नगरपालिका तथा गा.वि.स.का वडा नागरिक मञ्चहरुमा महिलाहरु संलग्नता बढ्दै गएको पाईन्छ । कार्यक्रमले समेटिएको क्षेत्रमा १२.३ प्रतिशत महिला समावेश भएका छन् भने कार्यक्रमले नसमेटिएका क्षेत्रबाट ६.३ प्रतिशत महिला मात्र सहभागिता भएको देखिन्छ । उपभोक्ता समितिमा महिलाहरुको सहभागिताका सम्बन्धमा कार्यक्रमले समेटिएको क्षेत्रमा ३७.४ प्रतिशत सहभागिता रहेको देखिन्छ भने कार्यक्रम संचालन नभएका क्षेत्रमा उपभोक्ता समितिमा सहभागिता करीव ३०.० प्रतिशत हुन गएको देखिएबाट महिला विकास कार्यक्रम संचालन भएका क्षेत्रमा केही मात्रामा सहभागिता बढ्नुका साथै विकास कार्यमा सक्रियता जनाएको पाइयो । स्थानीय स्तरका महिलाहरुको सक्रियता र सहभागितामा संचालित सहकारी संस्था प्रति सबै सदस्यहरुको जिम्मेवारी, अपनत्व तथा कर्तव्यनिष्ठताका कारण संस्थामा बेइमानी, अनियमितता, विवाद आदि अन्य सहकारी संस्थाको

तुलनामा निकै कम हुने गरेको देखिन्छ । महिला विकास कार्यक्रमबाट संचालित संस्थाहरुद्वारा गरिएको लागनीमा महिलाहरुको सन्तुष्टिको स्तर हेर्दा, अति सन्तोषजनक १०.२ प्रतिशत र सन्तोषजनक ४६.७ प्रतिशत देखिन्छ । उद्यम तथा व्यवसायका लागि प्रदान गराएको शीप विकास तालिम, पूँजी परिचालन सम्बन्धमा महिलाहरुको सन्तुष्टिको स्तर सन्तोषजनक रहेको भन्ने २६.२ प्रतिशत, ठिकठिकै रहेको भन्ने ३३.७ प्रतिशत र कम सन्तुष्ट १९.९ प्रतिशत रहेको देखिन्छ ।

प्रायजसो गा.वि.स. र नगरपालिकाका वडाहरुमा संचालित महिला विकास कार्यक्रमले लक्षित विपन्न वर्ग र गरीव महिलाहरुलाई समेट्न सकेको देखिन्छ । सामाजिक समावेशीकरण तर्फ गठित महिला र समूहमा सम्मिलित महिलाहरुमा दलित, जनजाती, र अन्यमा क्रमशः १६.०२ प्रतिशत, ३३.८५ प्रतिशत, ५०.१३ प्रतिशत रहेको देखिएको छ । संचालक समितिका पदाधिकारीहरुको निर्वाचन बार्षिक साधारण सभाबाट हुने गरेको छ । समूहका सबै सदस्यहरुलाई समान मताधिकार र संस्थाको पदाधिकारी बन्न पाउने समान अवसर प्रदान गरिएको छ । संचालक समिति र साधारण सभाबाट हुने निर्णयहरुमा छलफल गरी सुझाव राख्ने र निर्णय प्रकृयामा सहभागिता जनाउने अवसर समान रुपले सबै सदस्यलाई हुने हुँदा संस्थाको सामूहिक जिम्मेवारी र उत्तरदायित्व रहने गरेको छ ।

तालिमहरुबाट महिलाको व्यक्तित्व विकास तथा उनीहरुको सिकाईमा अभिबृद्धि भै समक्ष हुन सकेका छन् । अध्ययनका सिलसिलामा तालिमको उपयुक्तता सम्बन्धी गरिएको अध्ययनको नतिजा अनुसार करीव ६६.४ प्रतिशत महिलाहरुले तालिम उपयुक्त भएको बताएका छन् । महिला विकास कार्यक्रमहरुबाट संचालन भएका १०० भन्दा बढी क्रियाकलापहरुलाई व्यवस्थित र उपयोगी बनाउन प्राथमिकता तोकि निश्चित कृयाकलापलाई निश्चित समयावधि तोकी फेज आउट गर्ने कार्य योजना नभएबाट यस्ता क्रियाकलापहरु निरन्तर रुपमा संचालन हुँदै आएको छ । हाल संचालित कार्यक्रमहरु मध्ये गरीव बिरुद्ध महिला अभियान कार्यक्रमलाई व्यवसायिक समूह विकास सम्बन्धी कार्यक्रममा एकीकृत गरी संचालन गर्ने, लैङ्गिक हिंसा कार्यक्रम अन्तरगत पूर्नताजकि तालिम र रेखाङ्कन भ्रमण आदि कर्यक्रमहरु फेज आउट गर्नु पर्ने देखिन्छ । त्यसैगरी सामाजिक परिचालन कार्यक्रम अन्तरगत सामाजिक परिचालकले गर्ने गरेको कार्यलाई महिला विकास कार्यालयबाट गर्ने गरी फेजआउट गदै लैजाने र बिभिन्न कार्यक्रम अन्तरगत रहेका रेखाङ्कन भ्रमण जिल्ला भित्र गर्ने नीति लिनु आवश्यक देखिन्छ । त्यसैगरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न संघ संस्थाले संचालन गर्दै आएको महिला विकास सम्बन्धी क्रियाकलापहरुको बीचमा समन्वयको कमिले गर्दा एकरुपता हुन नसकेको स्थिति विद्यमान रहेको छ ।

स्थानीय निकायहरु गा.वि.स., नगरपालिका, जिल्ला विकास समिमित लगायत जिल्लास्तरका अन्य विषयगत नियकाहरुले महिला विकास सम्बन्धी कार्यमा मूल प्रवाहीकरण गर्ने उचित कार्यक्रम मार्फत महिला विकास कार्यक्रमसंग सहकार्य गर्नु पर्नेमा कमी देखिन आएको छ । सन् २०११ सम्मको आंकडा अनुसार महिलाहरुको शारीरिक हिंसा १३.७ प्रतिशत र शारीरिक तथा यौनजन्य हिंसा करीव २६ प्रतिशत हुनुका साथै घरेलु हिंसा भोग्ने करीव १४ प्रतिशत मात्र रहेकोले यसमा पनि क्रमश सुधार हुँदै गएको अवस्था छ ।

बिद्यालय बिमुख किशोरीहरुको बहुआयामिक विकास गर्ने अभिप्रायले महिला विकास कार्यक्रमले जीवनोपयोगी सिप विकास तालिम, किशोरा विकास तालिम, व्यवसायिक तालिम, स्वास्थ्य उपचार सहयोग, नेतृत्व एवं व्यक्तित्व विकास सम्बन्धी तालिमा सामाजिक चेतना जागरण लगायतका क्रियाकलापहरु संचालन गदै आएको छ । यस्ता समूहसंगको छलफल र अन्तरक्रियामा किशोरीहरुलाई आत्मनिर्भर र सक्षम बनाउन महिला विकास कार्यक्रमले आवश्यक सुधार गर्नु पर्ने देखिन्छ ।

अध्ययनबाट महिलाहरुसंग सम्बन्धित सामाजिक रितीरिवाज, परम्परा बारेमा काजक्रिया गर्ने, मलामी जाने र सामाजिक एवं धार्मिक कार्यमा बाजा बजाउने जस्ता कार्यमा क्रमश ११ बाट ३३ प्रतिशत, १४ बाट ४४ प्रतिशत र १२ बाट ३२ प्रतिशत पुगी उल्लेख्य रुपमा परिवर्तन भएको पाइन्छ ।

महिला विकास सम्बन्धी समष्टिगत राष्ट्रिय नीतिको स्पष्ट खाका नभएकोले महिला विकासका विविध पक्षहरुलाई समेटिने गरी स्पष्ट खाका सहितको गुरु योजना बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ । कार्यक्रमका् सोच तालिकालाई पूनरावलोकन गरी नयाँ बनाई कार्यक्रमको लक्ष्य, रणनीति, उपलब्धीहरु निश्चित समयाबधिका आधारमा तय गरिनु पर्दछ । महिला विकास तथा बालबालिका सम्बन्धी कार्यक्रमहरु महिला तथा बालबालिका मन्त्रालय, विभाग तथा अन्तर्राष्ट्रिय दातृ निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था आदिबाट संचालित भएका र यी कतिपय कार्यक्रमहरुको विचमा प्रभावकारी समन्वय नभएबाट दोहोरापना हुन गएकोले जिल्लामा कार्यक्रम तर्जुमा गर्दा संयन्त्र बनाई गरिनु पर्ने देखिन्छ । महिला विकास कार्यक्रमबाट गठन भएका समूह, समिति तथा संस्थाहरुलाई अन्य विषयगत निकाय तथा कार्यक्रमहरुले समेत सोही समूहलाई नै परिचालन र उपयोग गर्ने नीति अवलम्वन गरिनु पर्दछ । समूह र समितिले संकलन गरेको बचत रकमको सुरक्षाको लागि आगामी दुई वर्ष भित्र सहकारी संस्थामा जम्मा गरिनु पर्दछ ।

महिला तथा बालबालिका विभाग र अन्य विषयगत विभागहरु जस्तैः कृषि विभाग, पशु सेवा विभाग, घरेलु तथा साना उद्योग विभाग आदि बिच कार्यगत एकता र समन्य गरी लक्षित समूहहरुलाई आवश्यक पर्ने प्राविधिक सहयोग, क्षेत्रगत सहयोग सोही विषयगत कार्यालय मार्फत दिइनु पर्दछ । व्यवसायिक समूहहरुका लागि आवश्यक पर्ने प्राविधिक सेवा सहज रुपमा प्राप्त गर्नका लागि सम्बन्धित विषयगत बिभाग, MEDEP, CTEVT तथा नीजि क्षेत्रका संस्थाहरुसंग पनि समन्वय गरिनु पर्दछ । केन्द्रीयस्तरदेखि जिल्ला तथा स्थानीय स्तरमा समेत दोहोरो सूचना प्रणाली विकास गरी कुनै पनि महिलाले भोग्नु परेको हिंसा र अन्य समस्यालाई सम्बोधन गर्ने प्रणाली विकास गरी कार्यान्वयन गरिनु पर्दछ । निस्कृय रुपमा रहेका समूह तथा समिति र संस्थाहरुलाई सक्रिय गराउन एवं गतिशिल बनाउन बार्षिक कार्यक्रममा प्राथमिकता दिइनु पर्दछ । अनुगमन कार्यलाई प्रभावकारी बनाई निगरानी समूहको सक्रियतामा त्यस्ता निस्कृय समूहलाई सक्रिय बनाउदै लैजानु आवश्यक छ ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा महिला एवं बालबालिकाका सम्बन्धमा गरेका प्रतिवद्धता, महासन्धीहरुका आलेख र सम्मेलनका आधारभूत विषयहरुको प्रभावकारी कार्यान्यनका लागि स्पष्ट निकाय तोकी कार्ययोजना बनाई कार्यान्यन गरिनु पर्दछ ।

| क्र. सं. | मापक सूचांक | मूल्याङ्कन मापक | मूल्याङ्कनका आधारहरु |
|---|---|---|---|
| १ | औचित्य | क | • लक्षित महिलाहरुमा पुगेको कार्यक्रमले महिलाको व्यक्तित्व विकास र समूहीकरण, समावेशीकरण र सशक्तिकरण हुन सकेको<br>• अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न<br>• अझै करीव ८० प्रतिशत लक्षित समूहमा कार्यक्रम विस्तार गरिनु पर्ने भएको<br>• ९० प्रतिशत भन्दा बढी महिलाले कार्यक्रमको औचित्य रहेको |
| २ | प्रभावकारिता | ख | • समूह गठन, समिति तथा संस्थागत रुपमा बचत र लागनी परिचालनको बृद्धि दर १३.४ प्रतिशत भएको<br>• सहकारीबाट बचत रकम मध्ये करीव ९६ प्रतिशत लगानी भएको<br>• व्यवसायिक समूहमा ऋण प्रवाह गरी आय आर्जन र गरीवी न्यूनिकरण भएको<br>• मूलप्रवाहिकरण (१७ प्रतिशत समेटिएको), समावेशिकरण (दलित १६.१ प्रतिशत र जनजाती ३३.८ प्रतिशत, सशक्तिकरण (पारिवारिक |

| | | | |
|---|---|---|---|
| | | | विषयमा ७८.३ प्रतिशत र बजार खरिद तथा बिक्रिमा ६३.५ प्रतिशत महिलाको निर्णय गर्ने क्षमता वृद्धि) |
| ३ | कार्यदक्षता | ग | • बजेटको व्यवस्था कार्यक्रममूखी र प्रगतिमूखी नभई सालबसाली भएको<br>• संचालन र कार्यक्रम बजेट करीव ५० प्रतिशतको हाराहारी भएको<br>• कार्यक्रम बजेटको ९० प्रतिशत खर्च भएको |
| ४ | प्रभाव | क | • महिलाको आफ्नो समस्या राख्न सक्ने क्षमतामा ८५ प्रतिशतले बृद्धि भएको<br>• परिवारको निर्णय गर्ने क्षमता बृद्धि भएको शिक्षा, स्वास्थ आदिमा निर्णय क्षमतामा बृद्धि भएको<br>• महिलाको सामाजिक पक्षहरुमा परिवर्तन भएको<br>• महिलाको कुरीति, संस्कारमा उल्लेखनिय भएको परिवर्तन<br>• घरेलु तथा यौनजन्य हिंसामा घटदोक्रम रहेको<br>• आम्दानी र खर्च दुवैमा बृद्धि भै बचत बढदै गएको |
| ५ | दिगोपना | ख | • महिला संस्थाहरुमा अपनत्व र नेतृत्व प्रभावकारी भएकोले संस्थाहरु दिगो हुने लगानी भएको रकम मध्ये करीव ९० प्रतिशत असूली हुने गरेको<br>• महिला संस्थाहरुको संख्या १६३६ र तदर्थ १५७ भएको र वार्षिक रुपमा संस्थाको वृद्धि भएको |
| ६ | अधिकारवाला समुदायको सन्तुष्टि | क | महिला बिकास कार्यक्रमले संचालन गरेको बचत, ऋण लगानी, उद्यम व्यवसाय, किशोरी कार्यक्रमहरुमा महिलाहरुको सन्तुष्टि स्तर ५० प्रतिशत भन्दा बढी भएको |
| ७ | समावेशीकरण | क | कार्यक्रमले समूहमा सम्मिलित महिला मध्य दलित, जनजाती, र अन्यमा क्रमश १६.०२ %, ३३.८५ %, ५०.१३ % समावेश गरेको |
| ८ | समग्र निष्कर्ष | ख | महिला बिकास कार्यक्रमबाट महिलाहरुको व्यक्तिगत क्षमता अभिबृद्धि भै सामाजिक परिवर्तन र आर्थिक उन्नतीमा अग्रसर रहदै गएको हुँदा कार्यक्रमको महत्व रहेको छ भने लक्षित समूहलाई अफै समेटन वांकी भएको हुदा कार्यक्रम अफ प्रभावकारी रुपमा संचालन गरिनु पर्दछ |

| | |
|---|---|
| *औचित्य* | *(क) उच्च औचित्यपूर्ण, (ख) पूण औचित्य (ग) सामान्य औचित्यपूर्ण (घ) औचित्य नभएको* |
| *प्रभावकारिता* | *(क) अति प्रभावकारी (ख) प्रभावकारी (ग) सामान्य प्रभावकारी (घ) प्रभावकारी नभएको* |
| *कार्यदक्षता* | *(क) अति कार्यदक्षतापूर्ण (ख) कार्यदक्षता (ग) सामान्य कार्यदक्षता (घ) कार्यदक्षता हासिल नभएको* |
| *प्रभाव* | *(क) अति प्रभावित (ख) प्रभावित (ग) सामान्य प्रभावित (घ) कुनैपनि प्रभाव नपरेको* |
| *दीगोपना* | *(क) अति दीगोपन (ख) दिगोपन (ग) सामान्य दीगोपन (घ) दीगोपन नभएको* |
| *अधिकारवाला समुदायको सन्तुष्टि* | *क. उच्च सन्तुष्टि, ख. सन्तुष्टि ग. सामान्य सन्तुष्टि घ. असन्तुष्टि* |
| *समावेशीकरण* | *क. उच्च समावेशी, ख. समावेशी ग. सामान्य समावेशी घ. समावेशी नभएको* |
| *समग्र निष्कर्श* | *(क) अति सन्तोषजनक (ख) सन्तोषजनक (ग) सामान्य सन्तोषजनक (घ) सन्तोष नभएको* |

# परिच्छेद १

# परिचय र अध्ययन विधि

## १. परिचय

### १.१ महिला विकासको अन्तर्राष्ट्रिय परिवेश

शताव्दी देखिनै महिला विकासको क्षेत्रमा बिश्वव्यापि रुपले निरन्तर चालिएका कदम र प्रयासहरुबाट यस क्षेत्रमा आधुनिक युगको उपलब्धी हुन सकेको हो । सन् १७९२ मा Mary Wollstonecraft द्वारा लिखित "A Vindication of the Rights of women " सम्बन्धी पुस्तकमा उल्लेखित विषयवस्तुले महिलाको अधिकारको लागि र लैङ्गिक समानताको निमित्त आधारशीला तयार गरेको मानिन्छ । उक्त पुस्तक मार्फत यी बेलायती विचारकले महिला र पुरुष समान रुपमा जन्मने हुनाले अधिकारमा पनि समान हुन्छन भन्ने धारणा अघि सारिएको छ । सन् १८४८ अमेरिकामा सम्पन्न भएको महिला अधिकार सम्बन्धी पहिलो सभामा ६८ जना महिला र ३२ जना पुरुषहरुको सहभागिता रही १२ बुँदे संकल्प (Resolution) पास गरेको थियो ।

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १ मा घोषित उद्देश्यमा लिङ्गभेद विना सबैको मौलिक स्वतन्त्रता र मानब अधिकार प्रतिको सम्मान प्रबर्द्धन एवं प्रोत्साहनका लागि अन्तर्राष्ट्रिय सहयोग हासिल गर्ने उल्लेख छ । संयुक्त राष्ट्रसंघको सन् १९४८ को महासभाले मानव अधिकारको बिश्वव्यापी धोषणापत्र जारी गर्दै उक्त घोषणापत्रमा मानवमात्रका नैसर्गिक अधिकार र स्वतन्त्रताको उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९७२ मा पारित संकल्प अनुसार अन्तर्राष्ट्रिय नारी वर्षको मनाउनको लागि मेक्सिको सिटीमा पहिलो विश्व महिला सम्मेलन आयोजना गरी उक्त सम्मेलनले समानता विकास र शान्तीको बृहत लक्ष्य हासिल गरी विश्व कार्य योजना पारित गऱ्यो । सो अवसरमा १०० भन्दा बढी देशको सहभागिता रहेको थियो । सो सम्मेलनले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष धोषणा गरे पछि पछिल्ला वर्षहरुमा दोश्रो विश्व महिला सम्मेलन सन् १९८०, तेश्रो १९८५ र चौथो सन् १९९५ मा सम्पन्न भयो । चौथो बिश्व महिला सम्मेलनले निम्न अनुसार सरोकारका क्षेत्रहरुको पहिचान गरेको थियो ।

- महिला र गरीवी
- महिला र स्वास्थ्य
- महिला र सशस्त्र सङ्घर्ष
- शक्ति र निर्णय कार्यमा महिला
- महिलाका मानविय अधिकार
- महिला र वातावरण
- महिलाको शिक्षा दिक्षा
- महिलामाथिको हिंसा
- महिला र अर्थतन्त्र
- महिलाको उन्नतीको संस्थागत संयन्त्र
- महिला र संचारका माध्यम
- बालिका

उल्लेखित पहिचान भएका क्षेत्रहरुलाई केन्द्र बिन्दु बनाएर नेपालमा पनि महिला विकास सम्बन्धी बिभिन्न नीति, रणनीति र कार्यक्रमहरु तर्जुमा गरी अगाडि बढ्दै आएको देखिन्छ ।

सन् १९७५ लाई विश्वभरकै अन्तर्राष्ट्रिय नारी वर्ष मनाउन शुरु गरे पछि संयुक्त राष्ट्रसंघीय नारी दशक (१९७६ देखि १९८५) को अवधिमा नेपालमा पनि महिलाको अवस्था प्रति विशेष ध्यानाकर्षण भयो । राष्ट्रिय विकासको प्रक्रियमा महिलाको अधिक एकीकरणलाई सहज तुल्याउने खालको योजना तर्जुमा कार्यलाई सहयोग पुऱ्याउने उदेश्यले नेपालमा महिलाहरुको मर्यादास्तर विषयक अनुसन्धान समेत गरी सोबाट प्राप्त सुझावलाई कार्यक्रममा समावेश गर्दै आएको देखिन्छ ।

संयुक्त राष्ट्रसंघको तत्वाबधानमा न्यूयोर्कमा सन् २००० मा सम्पन्न भएको सहस्राव्दी सभामा विश्वका राष्ट्र अध्यक्ष्य र सरकार प्रमूख गरी १४७ भन्दा बढी देशको प्रतिनिधत्व रहेको थियो । उक्त सभाले गरेको घोषणा अनुसार सन् २०१५ सम्म निम्न बमोजिमका लक्ष्यहरु प्राप्त गर्ने अठोट गरेको थियो ।

- चरम गरीवी र भोक उन्मूलन गर्ने
- आम रुपमा प्राथमिक शिक्षा उपलव्ध गराउने
- लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तिकरणमा जोड दिने
- बाल मृत्युमा कटौती गर्ने
- मातृ स्वास्थ्यमा सुधार गर्ने
- एचआईभि/एडस, मलेरिया र अन्य रोगको निदानमा सक्रिय रहने
- वातावरणीय दीगोपनको सुनिश्चितता गर्ने
- विकासका लागि विश्वव्यापी साझेदारीको अवधारणालाई अगाडि बढाउने

## १.२ महिला विकासको राष्ट्रिय परिवेश र अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा प्रतिवद्धता

बिकास कार्यमा महिला सहभागिता प्रबर्द्धन गर्ने उद्देश्यले छैठौ पंचबर्षीय योजनामा विभिन्न नीतिगत बुँदाहरु समावेश गरियो । उक्त योजनाले जनसंख्याको ४८.९ प्रतिशत रहेका महिलालाई शिक्षा र दीक्षा प्रदान गरेर राष्ट्र निर्माणमा बल पुग्न जाने कुरा औंल्याउदै महिलालाई आर्थिक रुपमा सक्रिय सहभागिता बढाउनुका साथै महिलाको क्षेत्र विस्तार गरिनु पर्ने विषयमा जोड दिएको थियो । सातौ पंचवर्षीय योजनामा पनि महिला विकास सम्बन्धी क्रियाकलापको उत्पादकत्व र क्षमता बढाउनुका साथै उनीहरुलाई विकास प्रक्रियमा पुरुष सरह सक्रिय रुपमा सहभागी बनाउने नीति अवलम्बन गऱ्यो । आठौ योजनामा महिलाहरुलाई विकासको मूलप्रवाहमा समाहित गर्ने र उनीहरुको सामाजिक, आर्थिक उत्थान गर्ने कार्यनीतिहरु निर्धारण गर्ने विषयहरुमा जोड दिइयो । नवौं योजनाले लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरु तर्जुमा गर्न जोड दिएको पाईन्छ । सोही योजनाले महिला बर्गलाई मूलप्रवाहमा समाहित गराउन कल्याणकारी दृष्ट्रिकोण समता तथा सशक्तीकरण आवश्यक भएको कुरा औंल्याइएको छ । दशौ पंञ्चवर्षीय योजनाको रणनीतिले गरीवी निवारणमा लैङ्गिक मुलप्रवाहीकरण एवं महिला सशक्तीकरणलाई जोड दिइएको थियो । त्यसैगरी तीन वर्षीय अन्तरिम योजनाले राज्य संरचनामा महिलाको

प्रतिनिधित्व र समस्त विकास प्रक्रियमामा लैङ्गिकीकरणमा जोड दिइयो । बर्तमान तेह्रौं त्रिवर्षीय योजनामा पनि लैङ्गिक समानता तथा महिला सशक्तीकरणका नीतिहरुको निरन्तरता र प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

### १.२.१ महिला विकासका नीतिगत र कार्यक्रमगत अवधारणाहरु

विगतका विकासविद्हरूले महिला र पुरुष बीचको भिन्नतालाई खासै दृष्टिगत गरेका थिएनन् । महिला र पुरुष दुबैको विकासलाई समान रुपले हेर्ने गरिन्थ्यो । समाज जब आर्थिक वृद्धिको माध्यमबाट आधुनिकीकरण तिर अग्रसर हुन्छ तब महिला र पुरुष दुबै समान रूपमा लाभान्वित हुन्छन् भन्ने आवधारणले जग गाडेको थियो । विकासको प्रक्रिया यसरी अघि बढीरहँदा आधुनिकीकरण प्रक्रियाबाट महिलाहरूमा सकारात्मक असरमात्र नभएर नकारात्मक असरसमेत परेको आधारमा सन् १९७० तिर नै निम्न तथ्य क्रमशः उजागर भइसकेका थिए :

- कृषि तथा सामुदायिक उत्पादकत्व बढाउने कार्यमा महिलाहरूको प्रमुख योगदान रहेको भए तापनि त्यस्ता योगदानको विवरणहरु स्पष्ट रुपमा तथ्याङ्कगत आकडाहरु उल्लेखसम्म भएका थिएन (अर्थात् उनीहरूको योगदानको बेवास्ता गरिएको थियो)
- आधुनिकीकरण प्रक्रियाबाट महिलाहरू उल्टै विस्थापित भएका पनि थिए (अर्थात् उनीहरूको परम्परागत उत्पादनशील कार्य, आय र सामाजिक मर्यादा घट्दै गएका थिए) ।

महिला विकास सम्बन्धी अवधारणा र सोचहरुको विकासक्रम बुँदागत रुपमा निम्न अनुरुप हुँदै आएको देखिन्छ ।

(क) कल्याणकारी सोच

सन् १९५० र ६० का दशकमा महिलाका लागि कल्याणकारी कार्यक्रमको खाँचो अनुभव गरियो । आमा, श्रीमती र बुहारीको रूपमा महिलाको भूमिकालाई विशेष महत्व दिएर महिलालाई विकासको फलको निष्क्रिय उपभोक्ता सम्झिएको भए तापनि केही न केही कामहरु भने अगाडि बढने क्रम जारिरहेको थियो । कल्याणकारी सोचको उक्त समयावधिलाई पूर्व- 'विड' अवधि (Pre-WID period) पनि भनिन्छ ।

(ख) विकासमा महिला

सन् १९७० को दशकमा महिलाहरूलाई आर्थिक, सामाजिक परिवर्तनको प्रक्रियामा समावेश गर्ने हेतुले विकासमा महिला (Women in Development - WID) भन्ने रणनीति अवलम्बन गरी कार्यक्रमलाई अगाडि बढाउने कार्य शुरु भयो । महिलाहरूलाई विकास प्रयासको प्रवाहमा एकीकृत रूपमा समावेश गर्न सकिएको खण्डमा महिलाहरू प्रतिको थिचोमिचो तथा असमानता पनि स्वतः अन्त्य हुन्छ भन्ने मान्यता उक्त रणनीतिमा अन्तर्निहित थियो । फलस्वरूप यो विकास रणनीति मूलतः महिलाहरूलाई कसरी विकासका विभिन्न आयाममा बढी भन्दा बढी रूपमा सहभागी गराउने भन्नेमा केन्द्रित रहेको थियो । उक्त अभियान अन्तर्गत विशेषतः महिलाहरूको उत्पादनशीलता बढाउन, उनीहरूको अवस्थामा सुधार ल्याउन, आय-आर्जन कार्यक्रममा बृद्धि गर्ने

र कल्याणकारी कार्यक्रमहरू (जस्तै- साक्षरता, परिवार स्वास्थ्य, घरायसी कार्यबोझ घटाउने उपकरणको विकास एवं प्रसार) सञ्चालन गर्न जोड दिइएको देखिन्छ ।

विकासमा महिला रणनीतिको कार्यान्वयनपछि पनि महिलाहरूको सोचे अनुरूप लाभान्वित हुन नसकेतापनि रणनीतिको कार्यान्वयनबाट महिलाहरूको अवस्था (Condition) मा केही हदसम्म सुधार हुन सकेको भएतापनि उनीहरूको अवस्थितिमा (Position) भने खासै अन्तर आएको अनुभव हुन सकेन ।

(ग) विकास र महिला

महिलाहरूको अवस्थाका साथै अवस्थितिमा समेत सुधार ल्याउनका लागि विकास प्रक्रियामा उनीहरूको संलग्नता आवश्यक ठानी सन् १९८० को दशकमा महिला र विकास (Women and Development - WAD) को रणनीतिलाई अगाडि सारियो । विकास र महिला रणनीतिलाई विकासमा महिला रणनीतिको परिमार्जित रूपमा पनि लिने गरिन्छ । महिलालाई विकासमुखी बनाउने विकासमा महिला रणनीति हो भने, विकासलाई नै महिलामुखी बनाउने विकास र महिला रणनीति हो । अर्को शब्दमा, अघिल्लोमा वस्तुतः सहभागिताको आव्हान गरिएको हो भने पछिल्लोमा विकासमा महिलाको साझेदारी कायम गरिनु हो । त्यस्तै, अघिल्लो बुँदालाई 'वाञ्छनीय' को अर्थमा लिने हो भने, पछिल्लोलाई 'अपरिहार्य' को अर्थमा लिन सकिन्छ ।

(घ) लैङ्गिकता र विकास

सन् १९९० को दशकमा आएर महिला र विकास रणनीतिको स्थानमा लैङ्गिकता र विकास (Gender and Development - GAD) रणनीतिलाई अंगिकार गरिएको पाईन्छ । विकास र महिला रणनीतिमा विकासको सन्दर्भमा महिलालाई लिइएको थियो भने, लैङ्गिकता र विकास रणनीतिमा विकासको सन्दर्भमा महिला र पुरुषबीचको सम्बन्धलाई लिइएको छ । अर्को शब्दमा, अघिल्लोको जोड विकास प्रक्रियामा महिलाको साझेदारी कसरी प्रभावकारी हुन्छ भन्नेमा थियो भने पछिल्लोको जोड विकास प्रक्रियामा महिला र पुरुषबीचको सम्बन्धले कसरी प्रभाव पार्दछ भन्नेमा रहेको छ । लैङ्गिकता र विकासलाई विकासमा लैङ्गिक पहुँच (Gender Approach to Development) भनेर पनि बुझ्न सकिन्छ । यसरी समयान्तरमा मुख्य चासो 'महिला' बाट महिला र पुरुषबीचको सम्बन्धमा सर्दै आएको देखिन्छ ।

माथि उल्लेख गरिएका विभिन्न कालखण्डमा महिलाको विकासका लागि अपनाइएको रणनीति र सोच अनुसार कार्यक्रमको ढाँचामा पनि सोही अनुरुप कार्यक्रम तय गरिदै आएको छ । महिला विकास कार्यक्रमले व्यक्तित्व विकासका नियमित अवसर गुमाएका विपन्न महिलाको बहुआयामिक विकास, सशक्तिकरणका लागि बैकल्पिक अवसर श्रृजना गर्ने कार्यमा आर्थिक, सामाजिक विधिहरुको उपयोग गरिदै आएको स्पष्टछ ।

### १.२.२ महलिा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र प्रतिबद्धता

लैङ्गिक समानताको आकांक्षा साकार पार्न राष्ट्रिय स्तर र अन्तर्राष्ट्रिय स्तरबाट एकीकृत प्रयासहरु हुँदै आएका छन् । विशेष दिवस, सम्मेलन र संयुक्त राष्ट्रसंघीय महासभाका बैठकहरू विश्वव्यापी वचनबद्धता जाहेर गर्ने अवसर बनेका छन् । विकसित समझदारी, पारित कार्यसूची र अनुमोदित महासन्धीहरू ती अवसरका उपलब्धी भएकाले यस सम्बन्धी प्रमुख घटनाक्रम निम्नानुसार रहेका छन् ।

(क) अन्तर्राष्ट्रिय नारी दिवस - ८ मार्च सन् १९१०
सर्व प्रथम चीन, ब्राजिल, डोमिनिकन गणतन्त्र र संयुक्त राज्य अमेरिकाका केही अग्रज महिलाहरू मिलेर सन् १९१० मार्च ८ तारिख महिलाले पनि पुरुषसरह सामाजिक, आर्थिक र राजनीतिक अधिकार पाउनु पर्दछ भनेर आवाज उठाएको कारण मार्च ८ तारिखलाई अन्तर्राष्ट्रिय नारी दिवसका रूपमा मनाउदै आएको छ ।

(ख) मानव अधिकारको विश्वव्यापी घोषणापत्र - सन् १९४८
सन् १९४८ को डिसेम्बर १० तारिख संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो । उक्त घोषणापत्रले अधिकारका मूल आधारनै शान्ति र विकास भन्दै मानवका नैसर्गिक अधिकारको संहिताकरण गरियो । साथै संहिताकृत मानवीय अधिकार र स्वतन्त्रता लैङ्गिक भेदभाव विना उपभोग गर्न पाउनु पर्दछ भन्ने धारणालाई अझै प्रष्ट गर्ने कार्य समेत गरियो ।

(ग) अन्तर्राष्ट्रिय नारी वर्ष - सन् १९७५
सन् १९७५ लाई संयुक्त राष्ट्रसंघको आव्हानमा सवै सदस्य राष्ट्रहरूले नारी वर्षका रूपमा मनाउदै महिलाहरुलाई जागृत गराउने कार्य हुँदै आएको छ ।

(घ) अन्तर्राष्ट्रिय नारी विकास दशक - १९७६-८५
पहिलो विश्व महिला सम्मेलनले पारित गरेको समानता, विकास र शान्तिको नारासहित सन् १९७६ देखि १९८५ सम्म अन्तर्राष्ट्रिय नारी विकास दशक रुपमा मनाउदै महिलाहरुको उत्थानमा विशेष जोड दिने काम उक्त दशकमा गरियो ।

(ङ) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (Convention on the Elimination of All Forms of Discrimination against Women - CEDAW) - १९७९
यो महासन्धी सन् १९७९ मा संयुक्त राष्ट्रसंघको महासभाबाट पारित भएपनि सन् १९८१ देखि कार्यान्वयन भएको हो । लैङ्गिक समानताका पक्षमा कोसेढुङ्गा मानिएको यो महासन्धीलाई डिसेम्बर २००५ सम्ममा नेपाल लगायतका १८० देशले अनुमोदन गरेका छन् । यो महासन्धीले पक्ष राष्ट्रहरूलाई जुनसुकै क्षेत्रमा महिला प्रतिको भेदभाव दूर गर्न अनि महिलालाई पुरुषसँगै समानताका आधारमा आफ्नो मानवीय अधिकार तथा नैसर्गिक स्वतन्त्रताको उपयोग गर्ने प्रत्याभूति दिन उपयुक्त कदम चाल्न दवाव दिने गर्दछ । पक्ष राष्ट्रहरूलाई महिला र पुरुषबीच बराबरी कायम गर्ने प्रयासलाई गति दिन तात्कालिक विशेष व्यवस्था अवलम्बन गर्न छूट दिनुका साथै लिङ्गका आधारमा असल र कमसल संझने अथवा महिला र पुरुषको भूमिका यस्तो वा त्यस्तो हुनुपर्दछ भन्ने खालका पक्षपाती प्रचलन परिवर्तन गर्न पनि यो महासन्धिले निर्देशित गरेको छ ।

समस्त महिलाका अधिकारको प्रत्याभूति गर्ने यो महत्वपूर्ण कानूनी उपकरणका प्रावधानहरूको पालना भए, नभएको पर्यवेक्षण गर्न विज्ञ समितिको पनि व्यवस्था गरिएको छ । पक्ष राष्ट्रहरूले कम्तीमा प्रत्येक चार वर्षमा कार्यान्वयन स्थितिको प्रतिवेदन उक्त समितिमा बुझाउनु पर्दछ । नेपालमा यो महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार (मन्त्रिपरिषद् बाट स्वीकृत राष्ट्रिय कार्ययोजना, वि.सं. २०६० लागू भैसकेकोछ ।

(च) अघिल्ला महिला सम्मेलन- १९७५, ८०, ८५

संयुक्त राष्ट्रसंघको अग्रसरतामा पहिलो विश्व महिला सम्मेलन मेक्सिकोमा सन् १९७५ मा नै सम्पन्न भयो । संयुक्त राष्ट्रसंघकै तत्वावधानमा कोपेनहेगनमा सन् १९८० मा दोस्रो विश्व महिला सम्मेलन गरीयो, जसले अन्तर्राष्ट्रिय नारी विकास दशकको मध्यावधि प्रगति समीक्षासमेत गऱ्यो । त्यसपछि नैरोबीमा सन् १९८५ मा तेस्रो विश्व महिला सम्मेलन संयुक्त राष्ट्रसंघकै पहलकदमीमा सम्पन्न भयो ।

(छ) बेजिङ्ग सम्मेलन - १९९५

सन् १९९५ मा चौथो विश्व महिला सम्मेलन बेजिङ्गमा सम्पन्न भयो । संयुक्त राष्ट्रसंघको सक्रियतामा आयोजित उक्त सम्मेलनमा १८९ देशका सरकारी पदाधिकारी लगायत स्थानीय महिला एवं गैरसरकारी संस्थाका प्रतिनिधिहरूले भाग लिएका थिए । सहभागिता, व्यापकता र गहनताका दृष्टिले पनि बेजिङ्ग सम्मेलन महत्वपूर्ण मानिन्छ । बेजिङ्ग घोषणापत्र (Declaration) र कार्यमञ्च (Platform for Action) सम्मेलनका उपलब्धीपूर्ण  दस्तावेज हुन् ।

बेजिङ्ग घोषणापत्र महिलाहरूको सामाजिक, राजनीतिक तथा आर्थिक सशक्तीकरण गर्ने दिशामा सबै राष्ट्रको साझा मार्गदर्शनको रुपमा रहेको छ । बेजिङ्ग कार्यमञ्चले सरकार, महिला समूह, विकास साझेदार लगायतका लागि बृहत् कार्यसूची प्रदान गरेको छ, जसमा १२ सरोकारका क्षेत्रहरू (12 Critical Areas of Concern) पर्दछन् । यो सम्मेलनमा ती सबै क्षेत्रलाई समेटी राष्ट्रिय कार्ययोजना तयार गर्ने सहमतिसमेत भएको थियो । सहमति अनुरूप सहभागी राष्ट्रहरूले आ-आफ्ना कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै रहेका छन् । बेजिङ्ग सम्मेलनको लगत्तै जस्तो नेपाल सरकारले लैङ्गक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०५४ स्वीकृत गरी लागु गरेको थियो । हाल बेजिङ्ग जोड ५ विशेष महासभाका निष्कर्षलाई समेत समावेश गरी तयार पारिएको लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०६१ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ । बेजिङ्ग सम्मेलनद्वारा पहिचान भएका १२ वटा सरोकारका क्षेत्र देहाय अनुसार रहेका छन् :

- महिला र गरीबी
- महिला र शिक्षा तथा तालिम
- महिला र स्वास्थ्य
- महिला विरुद्धको हिंसा
- महिला र सशस्त्र सङ्घर्ष
- महिला र अर्थतन्त्र

- शक्ति संरचना र निर्णायक तहमा महिला
- महिला विकासका लागि संस्थागत संरचना
- महिला र मानव अधिकार
- महिला र सञ्चार
- महिला र वातावरण
- बालबालिका ।

निर्णायक तहमा कम्तीमा ३० प्रतिशत महिलालाई समावेश गर्ने लक्ष्य बेजिङ्ग कार्यमञ्चको उल्लेखनीय पक्ष हो । यो लक्ष्यमा आवश्यकीय उपस्थिति (Critical Mass) को अवधारणा प्रतिविम्बित छ । अर्को शब्दमा भन्नुपर्दा महिलाको न्यूनतम ३० प्रतिशतको प्रतिनिधित्वमा सहभागी रहँदा सुविस्ता अनुभव गर्दछन् र निर्णय प्रक्रियालाई असर पार्न थाल्न सक्दछन् भन्ने मान्यता राखिएको थियो । नेपालको परिप्रेक्षमा स्थानीय निकाय लगायत संसदमा समेत ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउने कानूनी व्यवस्थाले नीतिगत निर्णयमा महिलाको भूमिका अहम हुँदै गएको छ ।

(ज) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख (Optional Protocol to CEDAW) - १९९९

संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९९९ मा पारित यो इच्छाधीन आलेख सन् २००० बाट प्रभावकारी भएको हो । यो इच्छाधीन आलेखले महासन्धी अन्तर्गत थप दुई कार्यविधि स्थापित गरेको छ । जस अनुसार पहिलो सञ्चार कार्यविधि अन्तर्गत कुनै महिला वा महिलाको समूहलाई महासन्धीमा सुनिश्चित अधिकारको उल्लङ्घन भएको छ भन्ने दावी महासन्धी अन्तर्गतको समिति समक्ष पुनरावलोकनार्थ पेस गर्ने अनुमति दिन्छ । दोस्रो शोधपुछ कार्यविधि हो, जसअनुसार महासन्धी अन्तर्गतको समितिलाई पक्ष राष्ट्रबाट महासन्धीले प्रत्याभूत गरेका अधिकारको गम्भीर वा व्यवस्थित रूपमा उल्लङ्घन भएको भरपर्दो सूचनाका आधारमा शोधपुछ प्रारम्भ गर्ने अनुमति मिल्दछ । विभिन्न राष्ट्रसँगै नेपालले पनि यो इच्छाधीन आलेख अनुमोदन गरेको छ ।

(झ) बेजिङ्ग जोड ५ - २०००

बेजिङ्ग सम्मेलनको ५ वर्षपछि सन् २००० को जुन ५ देखि ९ सम्म न्युयोर्कमा सम्पन्न संयुक्त राष्ट्रसंघीय महासभाको विशेष अधिवेशनमा नेपाल लगायतका सदस्य राष्ट्रका उच्चस्तरीय प्रतिनिधि मण्डलले बेजिङ्ग घोषणापत्र र कार्ययोजनाको कार्यान्वयन स्थितिको सिंहावलोकन गर्ने काम भएको थियो ।

(ञ) सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goals (MDGs) – २०००

संयुक्त राष्ट्रसंघको तत्वावधानमा न्यूयोर्कमा सन् २००० को सेप्टेम्बरमा सहस्राब्दी सभा (Millennium Assembly) भयो । इतिहास मै विश्व नेताहरूको सबैभन्दा ठूलो यो जमघट रहेका यस सभामा १४७ राष्ट्राध्यक्ष र सरकार प्रमुखको उपस्थिति थियो । उक्त सभाले तय गरेका सहस्राब्दी घोषणापत्रमा

द्वन्द्व र शान्ति, रोग र स्वास्थ्य, गरीबी र संमृद्धिका मुद्दाहरूको सर्भेक्षण गर्नाको साथै मानवीय अवस्थामा सुधारका उपायतर्फ विश्वलाई नै सङ्कल्पित गरिएको छ ।

उक्त घोषणापत्रमा उल्लेख भएका लक्ष्य मध्ये आठवटा लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्यका रूपमा लिइएको र सो लक्ष्यहरु सन् २०१५ सम्म प्राप्त गर्नुपर्ने गरी समय अवधि तोकिएको थियो । उक्त लक्ष्यहरु तल उल्लेख गरिएका छन् ।

१. चरम गरीबी र भोक उन्मूलन
२. आम प्राथमिक शिक्षा
३. लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तीकरण
४. बालमृत्युमा कटौती
५. मातृ स्वास्थ्यमा सुधार
६. एचआईभी/एड्स, मलेरिया र अन्य रोगको निदान
७. वातावरणीय दीगोपनको सुनिश्चितता
८. विकासका लागि विश्वव्यापी साझेदारी

सहस्राब्दी विकास लक्ष्यमध्ये तेस्रो र पाँचौ लैङ्गिकता-विशेष रहेका छन् । तेश्रो लक्ष्य अनुसार प्राथमिक र माध्यमिक शिक्षामा सकेसम्म २००५ सम्ममा सबै तहको शिक्षामा २०१५ अगावै लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता प्रवर्धन एवं महिला सशक्तीकरणमा जोड दिइएको छ । त्यस्तै, पाँचौं लक्ष्य अनुसार मातृ स्वास्थ्यमा सुधारको सूचकका लागि सन् १९९० को मातृमृत्यु दरमा तीन-चौथाइ कटौती गर्न रहेको छ । यसको अतिरिक्त बाँकी पाँचवटा सहस्राब्दी विकास लक्ष्यको प्राप्तिमा पनि लैङ्गिक समानता अपरिहार्य आवश्यक छ ।

(ट) बेजिङ्ग जोड १० - २००५

बेजिङ्ग जोड ५ मा जस्तैः बेजिङ्ग सम्मेलनको १० वर्षपछि सन् २००५ को २८ फेब्रुअरीदेखि ११ मार्चसम्म संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्, महिला सम्बन्धी स्थिति आयोगको ४९ औं अधिवेशन सम्पन्न भयो । उक्त अधिवेशनमा नेपाल लगायत सदस्य राष्ट्रका उच्चस्तरीय प्रतिनिधि मण्डलको सहभागिता थियो । उक्त अधिवेशनले १० वर्षको अन्तःरालमा बेजिङ्ग सहमतिको कार्यान्वयन अवस्थाको सिंहावलोकन गर्नुका साथै महिला सशक्तीकरणका समयसापेक्ष मुद्दाहरूमा वहस गरी निम्न मुख्य प्रस्ताव पारित गरेको देखिन्छ ।

- बेजिङ्ग घोषणापत्र र कार्यमञ्चलाई चौथो विश्व महिला सम्मेलनमा स्वीकार गरिएकोमा २३ औं विशेष सत्रमा भएको छलफलबाट प्राप्त सुझाव, निष्कर्षहरूलाई पुनःनिश्चित गर्ने;
- विभिन्न समस्या तथा वाधाहरूको वावजुद पनि बेजिङ्ग घोषणापत्र तथा कार्यमञ्चको कार्यान्वयन प्रगतिको स्वागत गर्दै २३ औं विशेष सत्रमा भएको छलफलबाट प्राप्त सुझाव एवं निष्कर्षहरूलाई समेत दृष्टिगत गरी अझै सक्रियताका साथ कार्यान्वयन गर्ने;
- सहस्राब्दी विकास लक्ष्य हासिल गर्नमा पनि बेजिङ्ग घोषणापत्र र कार्यमञ्चको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक भएकोले लैङ्गिक पक्षलाई विकासमा समाहित गर्ने क्रममा सहस्राब्दी घोषणाका सन्दर्भमा हुने उच्चस्तरीय बैठकमा पुनःमूल्याङ्कन हुनुपर्ने;

- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिबाट सिर्जित दायित्वहरूलाई पूरा गर्न एव महिला सशक्तीकरण, लैङ्गिक समानता हासिल गर्न बेजिङ्ग घोषणापत्र तथा कार्यमञ्चको प्रभावकारी कार्यान्वयन गर्ने र
- बेजिङ्ग घोषणापत्र तथा कार्यमञ्चको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरू, नागरीक समाज, गैरसरकारी संघ, संस्था तथा महिला र पुरुषको पूर्ण सहयोग एवं प्रतिबद्धताका लागि आव्हान गर्ने ।

### १.२.३ अन्तर्राष्ट्रिय महासन्धी

नेपालले अनुमोदन गरेका तथा सम्मिलन जनाएका मानव अधिकार, महिला अधिकार एवं बालअधिकार विषयक अन्तर्राष्ट्रिय महासन्धी (Conventions) तथा आलेख (Protocols) निम्नानुसार छन् :

१. दासत्व महासन्धी, सन् १९२६, ७ जनवरी सन् १९६३ सम्मेलन
२. दासत्व महासन्धीको संशोधित आलेख, १९५३ ७ जनवरी १९६३ सम्मेलन
३. दासत्व, दास व्यापार तथा त्यस्तै अन्य अभ्यास उन्मूलन सम्बन्धी महासन्धी, १९५६ ७ जनवरी १९६३ सम्मेलन
४. नरसंहार सम्बन्धी अपराधको रोकथाम तथा सजाय सम्बन्धी महासन्धी, १९४८ १७ जनवरी १९६९ सम्मेलन
५. जीउ मास्ने, बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धी, १९४९।२७ डिसेम्बर १९९५ सम्मेलन
६. महिलाहरूको राजनैतिक अधिकार सम्बन्धी महासन्धी, १९५३ २६ अप्रिल १९६६ सम्मेलन
७. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी, १९७९ २२ अप्रिल १९९१ अनुमोदन
८. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धीको इच्छाधीन आलेख, १९९९।१८ डिसेम्बर २००६ अनुमोदन
९. बेश्या वृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध सङ्घर्ष गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धी, २००२,३१ अक्टोबर २००५ अनुमोदन
१०. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय ३० जुन १९७१ सम्मेलन
११. जातीय भेदभाव हटाउने तथा सजाय गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३, १२ जुलाइ १९७७ सम्मेलन
२. खेलकूदमा जातिगत भेदभाव विरुद्धको महासन्धी, १९८५ १ मार्च १९८९ अनुमोदन
१३. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ १४ मे १९९१ सम्मेलन
१४. नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको इच्छाधीन आलेख, १९६६, १४ मे १९९१ सम्मेलन
१५. मृत्युदण्ड उन्मूलन गर्ने व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो इच्छाधीन आलेख, १९८९, २६ सेप्टेम्बर १९९७ सम्मेलन

१६. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, १४ मे १९९१ सम्मेलन

१७. यातना तथा क्रुर र अमानवीय व्यवहार तथा सजाय विरुद्धको महासन्धी, १९८४, १४ मे १९९१ सम्मेलन

१८. बालअधिकार महासन्धी, १९८९ १४ सेप्टेम्बर १९९० अनुमोदन

१९. सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बालअधिकार महासन्धीको इच्छाधीन आलेख, २०००, ३ जनवरी २००७ अनुमोदन

२०. बालअधिकार महासन्धीको बाल-बेचविखन, बाल-बेश्यावृत्ति एवं बाल-अश्लीलता प्रदर्शन विरुद्धको इच्छाधीन आलेख, २०००, ३१ अक्टोबर २००५ अनुमोदन

२१. दक्षिण एशियामा बालकल्याण प्रवर्धनको निम्ति क्षेत्रीय समन्वय सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धी, २००२, ३१ अक्टोबर २००५ अनुमोदन

उपर्युक्त महासन्धीका साथै नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गगठनका निम्नलिखित महासन्धीको पनि पक्ष राष्ट्र भएको छ :

१. औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक विदा लागू गर्ने सम्बन्धी महासन्धी, १९५७ (नं. १४) १० डिसेम्बर १९८६ अनुमोदन

२. सङ्गठन गर्ने र सामूहिक सौदावाजी सम्बन्धी सिद्धान्त प्रयोग सम्बन्धी महासन्धी, १९४९ (नं. ९८) ४ अक्टोबर १९९६ अनुमोदन

३. समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धी, १९५१ (नं. १००) ६ अक्टोबर १९७६ अनुमोदन

४. रोजगारी तथा व्यवसायमा हुने भेदभाव सम्बन्धी महासन्धी, १९५८ (नं. १११) १९ सेप्टेम्बर १९७४ अनुमोदन

५. बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धी, १९३० (नं. २९) १३ सेप्टेम्बर २००१ अनुमोदन ६. विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारण सम्बन्धी महासन्धी, १९७० (नं. १३१) १९ सेप्टेम्बर १९७४ अनुमोदन

७. रोजगारी प्राप्तिका लागि न्यूनतम उमेर सम्बन्धी महासन्धी, १९७३ (नं. १३८) ४ अक्टोम्बर १९९६ अनुमोदन

८. अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धी, १९७६ (नं. १४४) २१ मार्च १९९५ अनुमोदन

९. बालश्रमका निकृष्ट रूपहरूको उन्मूलन सम्बन्धी महासन्धी, १९९९ (नं. १८२) १३ सेप्टेम्बर २००१ अनुमोदन १० आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धी, १९८९ (नं.१६९) २४ अगष्ट २००७ अनुमोदन

उल्लेखित विषयका अन्तर्राष्ट्रिय महासन्धी तथा आलेखहरुको नेपाल राष्ट्र भएपनि सो महासन्धी र आलेखमा प्रतिवद्धता जनाएका विषयवस्तुको सहि कार्यान्वयतको अवस्था (Effective Implementation)

हालसम्मको एकीन उपलब्धीहरु सम्बन्धित सरोकारवाला निकायहरुमा व्यवस्थित रुपले अभिलेख तथा जिम्मेवार निकाय समेत नभएबाट यसको प्रभावकारी कार्यान्वयन भए नभएको बारे विश्लेषण गर्न नसकिएको स्थिति छ ।

## १.३ नेपालमा महिला विकास कार्यक्रम (संस्थागत विकास र कार्यक्रमगत विकास)

नेपाल सरकारले महिला विकास सम्बन्धी राष्ट्रिय नीति, योजना तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई कार्यरुप दिन बिभिन्न मन्त्रालय तथा विभाग अन्तर्गत महिला विकास इकाईहरु स्थापना भएको छ । महिला विकास सम्बन्धी प्रमूख समस्याहरुको सम्बोधन गर्न राष्ट्रिय विकास नीत, रणनीति तथा योजनाहरु बनाई कार्यान्वयन गर्दै आएको छ । संस्थागत विकास क्रमको विवरण तल उल्लेख गरिएको छ ।

- शिक्षा तथा समाजकल्याण मन्त्रालयमा २०२९ साल (सन् १९७२) मा महिला शिक्षा परियोजना एकाईको स्थापना
- स्थानीय विकास मन्त्रालयमा २०३८ साल (सन् १९८१) मा महिला विकास शाखाको स्थापना र पछि महाशाखामा परिणत
- श्रम मन्त्रालयमा २०४४ साल (सन् १९८७) मा महाशाखा स्थापना
- कृषि मन्त्रालयमा २०४९ साल (सन् १९९२) मा महाशाखा स्थापना
- जल तथा शक्ति आयोगको सचिवालय, जलस्रोत मन्त्रालयमा २०५० साल (सन् १९९३) मा एकाई स्थापना
- राष्ट्रिय योजना आयोगमा २०५० साल (सन् १९९३) मा शाखा स्थापना
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (तत्कालीन महिला तथा समाज कल्याण मन्त्रालय) को २०५२ सालमा स्थापना
- प्रधानमन्त्रीको अध्यक्षतामा २०५२ साल फागुन २३ गते राष्ट्रिय महिला तथा बाल विकास परिषद् गठन
- स्थानीय विकास मन्त्रालय अन्तर्गतको महिला विकास महाशाखा २०५७ सालमा महिला विकास विभागको रूपमा स्थापना
- २०५८ सालमा राष्ट्रिय महिला आयोग गठन
- आर्थिक वर्ष २०५७/५८ सम्ममा अधिराज्यका ७५ वटै जिल्लामा महिला विकास शाखाको विस्तार
- जिल्ला स्थित महिला विकास शाखा महिला विकास कार्यालयमा २०६१ सालमा परिणत तथा २०६७ सालमा पुनः महिला तथा बालबालिका कार्यालयको रूपमा परिणत
- छुट्टै एकाइ स्थापना नभए तापनि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र उद्योग मन्त्रालयबाट महिला विकास सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालन
- प्रत्येक मन्त्रालयमा हालसालै लैङ्गिक सम्पर्क-बिन्दुको व्यवस्था ।

नेपाल सरकारले महिला विकास कार्यक्रमलाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा सञ्चालन गर्दै आएको छ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गतको संस्थागत संरचना निम्न बमोजिम छ :

**(क) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

महिला, बाल, वृद्ध र अनाथहरूको सशक्तीकरण एवं कल्याण सम्बन्धी कार्य गर्न आवश्यक राष्ट्रिय नीति, योजना र कार्यक्रम तयार गरी सम्बन्धित सबै निकायसँग समन्वय राखी कार्यान्वयन गराउने मुख्य कार्य जिम्मेवारी सहित तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रहेको समाज कल्याणको कार्यक्षेत्र समेत सम्पादन गर्ने गरी बि.सं. २०५२ साल असोज ६ गते महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको हो । बि.सं. २०५७ मा बालबालिका थप भई मन्त्रालयको नाम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत निम्न निकायहरू पर्दछन् :

- महिला तथा बालबालिका विभाग र ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालयहरू,
- विराटनगर, राजविराज, वीरगञ्ज र बुटवल गरी ४ स्थानमा ४ वटा वालकल्याण गृहहरू र
- पशुपति वृद्धाश्रम ।
- समाज कल्याण परिषद् तथा राष्ट्रिय महिला आयोगको सर्म्पक निकायको रूपमा समेत मन्त्रालय रही आएको छ ।

**(ख) राष्ट्रिय महिला आयोग**

महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिला अधिकार एवं लैङ्गिक न्याय कायम गर्ने अभिप्रायले प्रतिनिधि सभाबाट राष्ट्रिय महिला आयोग ऐन पारित भै २०६३ पुस ३० गतेबाट लागू भएको छ ।

**(ग) महिला तथा बालबालिका विभाग**

नेपाल सरकार (मन्त्रिपरिषद् को निर्णयबाट मिति २०५७।३।२६ देखि महिला विकास महाशाखालाई महिला विकास विभागमा र २०६७/६/१२ मा महिला तथा बालबालिका विभाग र मिति २०६०।१२।२६ को निर्णयबाट जिल्ला स्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०६७/६/१२ मा महिला तथा बालबालिका कार्यालयमा परिणत गरी महिला विकास सम्बन्धी कार्यक्रम संचालन गरिएको छ । यस विभागका मूख्य कार्यक्षेत्रहरु निम्न अनुसार रहेको छ ।

<u>कार्यक्षेत्र</u>

महिला तथा बालबालिका विभागले निम्न अनुसार कार्यक्षेत्रका कार्यहरुको सम्पादन गर्ने गरी तोकिएको छ :

(१) महिला विकास सम्बन्धी स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने;
(२) महिला विकास सम्बन्धी नीति एवं कानुनको तर्जुमाका लागि मन्त्रालयलाई सहयोग पुर्‍याउने;
(३) महिला विकास सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने;
(४) महिलाहरूका लागि आवश्यक शीपमूलक तालिम एवं प्रशिक्षण सञ्चालन गर्ने;
(५) महिला सशक्तीकरण सम्बन्धी कार्यहरू गर्ने;

(६) चेलीबटी बेचविखन नियन्त्रण, देह व्यापार, घरेलु हिंसा एवं महिला विरुद्ध हुने अपराध नियन्त्रण सम्बन्धी कार्य गर्ने;
(७) महिला सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलन सम्बन्धी कार्य गर्ने र
(८) महिला विकास सम्बन्धी सूचना सङ्कलन एवं प्रकाशन गर्ने ।

विकेन्द्रित विकास प्रक्रिया अनुरूप स्थानीयस्तरको योजना तर्जुमा एवं कार्यान्वयन, पुनरावलोकनका सबै चरणमा लैङ्गिक समता अभिवृद्धि तथा बालअधिकारको मूलप्रवाहीकरणका सिलसिलामा आवश्यक समन्वयका साथै सहज कार्यका लागि नेपाल सरकार (मन्त्रिपरिषद् को २०६० साल साउन ५ गतेको निर्णयबाट जिल्लास्थित महिला तथा बालबालिका कार्यालयलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निभाउने सम्पर्क निकाय (Focal Agency) तोकिएको छ । महिला तथा बालबालिका कार्यालयलाई प्राप्त यो कार्यजिम्मेवारी (Mandate) का सन्दर्भमा विभाग एवं अन्तर्गतका कार्यालयहरूको भूमिका मुख्यतया दुई प्रकारको रहेको छ ।

- कार्यक्रम कार्यान्वयनकर्ता
- समन्वयकर्ता, सम्पर्कसूत्र र सहजकर्ताको कार्य गर्ने सम्पर्क निकाय ।

**विभागको परिकल्पना (Vision)**

'समतामा आधारित समुन्नत परिवार' विभागको परिकल्पना हो ।

**विभागको ध्येय (Mission)**

पिछडिएका र विपन्न महिलाहरूलाई चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवं राजनैतिक मूलप्रवाहीकरण गरी समतामूलक रूपले पारिवारिक जीवनस्तर अभिवृद्धि गर्ने तथा महिला वर्गको हक, हितको संरक्षण एवं प्रवर्धन गर्ने ध्येय विभागको छ ।

**विभागका उद्देश्यहरू (Goals)**

विभागका उद्देश्य देहायबमोजिम छन् :

१. आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक रूपमा पिछडिएका र अवसरबाट वञ्चित रहेका विपन्न महिलाहरूको विकासका लागि चरणवद्ध रूपमा चेतना जागरण, क्षमता विकास एवं सामाजिक परिचालन गर्दै स्थानीयस्तरमा महिलाहरूको सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरूको विकास तथा प्रवर्धन गर्ने र त्यसका लागि सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने;
२. महिला सशक्तीकरण गरी लैङ्गिक मूलप्रवाहीकरण गर्ने, गराउने;
३. सामाजिक कुरीति, चेलीबेटी बेचविखन, देह व्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने;
४. स्रोत, साधन र रोजगारीका अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने;

५. लैङ्गिक मूलप्रवाहीकरणका क्षेत्रमा विशेषज्ञ सेवासमेत दिन सक्ने गरी 'Centre of Excellence' का रूपमा संस्थागत क्षमताको विकास गर्ने र महिला वर्गको उन्नति तथा लैङ्गिक अनुकूल शासनप्रणाली (Gender-responsive Governance) का लागि सम्बन्धित संयन्त्रको क्षमता अभिवृद्धिमासमेत योगदान गर्ने;

६. केन्द्र तथा जिल्लास्तरमा महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन र अनुगमन गर्न सघाउ पुऱ्याउन दुबै स्तरमा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा विकास गर्ने र

७. सञ्चालित कार्यक्रमद्वारा अपेक्षित नतीजा हासिल गर्न सकिए, नसकिएको हेर्न र कार्यान्वयनस्तरमा आइपरेका समस्या समाधान गर्न कार्यक्रमको निरन्तर अनुगमन गर्ने व्यवस्था गर्ने ।

**विभागको विद्यमान सङ्गठनात्मक स्वरूप**

**विभागस्तर**

महिला तथा बालबालिका विभागमा एकजना महानिर्देशक र दुईजना निर्देशक रहने व्यवस्था छ । एकजना निर्देशक अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, अनुगमन, मूल्याङ्कन र प्रकाशन शाखा रहेका छन् । एकजना निर्देशक अन्तर्गत महिला सशक्तीकरण शाखा, महिला जागृति शाखा, शीप विकास र तालिम शाखा र योजना, अनुसन्धान र कार्यक्रम शाखा रहेका छन् । विभागमा स्थायी २५ र अस्थायी २७ गरी जम्मा ५२ दरबन्दी रहेको छ ।

**जिल्लास्तर**

नेपाल राज्यका ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालयहरू स्थापना भएका छन् । जिल्लास्तरमा कार्यक्रम सञ्चालनका लागि महिला तथा बालबालिका कार्यालयको प्रमुखको रूपमा नेपाल विविध सेवाको राजपत्राङ्कित द्वितिय र तृतीय श्रेणीको महिला विकास अधिकृत र निजको सहयोगीको रूपमा सुपरभाइजर, मुख्य महिला कार्यकर्ता, महिला कार्यकर्ता, सहलेखापाल र कार्यालय सहयोगी रहने व्यवस्था छ । कार्यालयहरूको कुल दरबन्दी करीव १४०० रहेको छ ।

## १.४ महिला विकास कार्यक्रम (महिला जागृती कार्यक्रम समेत)

महिला विकास कार्यक्रमको शुरुवात वि.सं. २०३८ सालमा स्थानीय विकास मन्त्रालय अर्न्तगत महिला विकास शाखाको स्थापनागरी कार्य संचालन शुरु गरिएको हो । बि.सं. २०४७ सालमा महिला विकास शाखाको स्तरोन्नति गरी महाशाखा बनाइयो भने वि.सं. २०५६ मा उक्त महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत राखियो । मिति २०५७।३।२६ को निर्णयबाट महिला विकास महाशाखालाई महिला विकास विभागमा र जिल्ला स्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०७६।१२ मा महिला तथा बालबालिका कार्यालयमा परिणत गरी ७५ जिल्लामा कार्यक्रम संचालन गरिएको छ ।

आ.व. २०३९।४० मा ५ जिल्लाबाट शुरु भएका महिला विकास कार्यक्रम २०५७।५८ सम्म ७५ वटै जिल्लामा बिस्तार भै सकेको छ । आ.व. २०५६।५७ देखि महिला विकास कार्यक्रमको देशव्यापी विस्तार

गर्ने प्रयास स्वरुप महिला जागृति तथा आय आर्जनका थप कार्यक्रम लागु भयो । महिला जागृति तथा आय आर्जन कार्यक्रम ७५ जिल्लाका २०५ वटै निर्वाचन क्षेत्र अन्तरगत ९०५ गा.वि.स.मा संचालन भएतापनि ५ वर्ष भित्र ३९१५ गा.वि.स.नै समेटने उच्च आकांक्षा राखिएता पनि श्रोत र साधनको कमीले गर्दा दोश्रो वर्षदेखि नै कार्यक्रम बिस्तार हुन सकेन । आ.व. २०७०।७१ सम्म महिला विकास सम्बन्धी सबै कार्यक्रमहरु एकीकृत रुपमा संचालित हुँदै ३४९८ गाविसका २०,१५५ वडा र ११७ नगरपालिकाका १०९८ वडा समेत गरी जम्मा २१,२५३ वडामा महिला विकास कार्याक्रमको क्षेत्र विस्तार भैसकेको छ ।

महिला विकास कार्यक्रमका विभिन्न क्रियाकलापहरु कार्यान्वयन गर्दा महिलाहरुकै सक्रिय सहभागितामा निम्न अनुरुपको व्यवस्था अनुसार संचालन हुँदै आएका छन् ।

- महिलाहरुलाई छिमेकी समूहको रुपमा ४ देखि ७ जनाको समूहमा आबद्ध गरी बस्तीस्तरमा संगठित, सशक्तिकरण र बचत परिचालन गर्ने गरिएको ।
- बस्तीस्तरको समूहलाई वडा स्तरका समितिमा आवद्ध गरिने र वडा स्तरका समितिलाई गाविस स्तरमा सहभागी गराइनुका साथै सहकारी संस्थाको रुपमा विकास गरिने ।
- समूहका सवै सदस्याहरुलाई आधारभूत तालिम प्रदान गरिने ।
- आय आर्जन तथा जिविकोपार्जनका लागि आवश्यकतामा आधारित क्रियाकलपाहरु र शीप विकास वारेको तालिम दिइने गरेको ।
- चक्र प्रणालीमा पूँजी परिचालन गर्ने गरेको ।

आ.व. २०७०।०७१ सम्म महिला विकास कार्यक्रमबाट प्रवर्धित १५०,८४२ महिला समूहमा ८,९२,४७४ महिला सदस्यहरु रहेका छन् । समूहमा आवद्ध कुल सदस्य मध्ये १६.०२ प्रतिशत दलित, ३३.८५ प्रतिशत जनजाति र ५०.१३ प्रतिशत अन्य समुदायका माहिलाहरु छन् । उक्त १५०८४२ महिला समूहबाट १६,६०२ समिति र १,७९३ दर्ता भएका महिला सहकारी संस्थाहरु र १५७ तदर्थ महिला संस्था गठन भएका छन् । उल्लेखित संस्थाहरु सहकारी ऐन, २०४८ अन्तर्गन दर्ता भै क्रियाशिल रहेका छन् । महिला विकास कार्यक्रमबाट प्रबर्धित समूहको कूल बचत २६१ करोड २६ लाख छ भने उक्त रकम मध्ये लगानी २५१ करोड ५९ लाख ६८ हजार रहेको देखिन्छ ।

महिला विकास कार्यक्रमले संचालन गरेका विविध कार्यक्रम तथा क्रियाकलापहरु विगत ३ दशकदेखि कार्यान्वयन भैरहेको अवस्थामा यसबाट कार्यक्रममा राखिएका उदेश्यहरु, लक्ष्य तथा निर्धारण गरिएका उपलब्धीहरु कति मात्रामा पुरा भए नभएको लेखाजोखा गर्नु आवश्यक भएको छ । साथै कार्यक्रमका गतिविधिहरुबाट लक्षित समूहमा परेको सकारात्मक तथा नकारात्मक प्रभावलाई आकलन गरी यसबाट सिकेका पाठहरुलाई भविष्यमा मार्गदर्शनको रुपमा लिई अगाडि बढनु पर्ने हुन्छ । यसै सन्दर्भमा राष्ट्रिय योजना आयोग अन्तर्गत एस.एन.पि.एम.सि. द्वारा महिला विकास कार्यक्रमको तेश्रो पक्षबाट स्वतन्त्र मूल्यांङ्कन गरिएको छ ।

नेपालमा महिला विकास सम्बन्धी नीति तथा सोचमा अन्तर्राष्ट्रियस्तरका सोच तथा मोडलहरुलाई समेत समावेश गरी कार्यक्रमको डिजाइन गरिएको देखिन्छ । जसमा महिला विकास कार्यक्रमले शुरुका बर्षहरुमा

विकासमा महिलाको अवधारणा अनुसार कार्यक्रम संचालन गरेको थियो । तत्पश्चात महिला र विकास तथा लैङ्गिकता र विकासको अवधारणा अनुसारका कार्यक्रममा जोड दिएको देखिन्छ ।

यस कार्यक्रमले खासगरी ग्रामीण क्षेत्रका २२ वर्ष माथिका विपन्न महिलालाई लक्षित गरेको छ । विपन्न महिला भन्नाले तल उल्लेखित कुनै एक वा दुवै अर्थमा बन्चित महिलालाई लिने गरिएको छ ।

- बिद्यालय नै जान नपाएका वा गएपनि प्रवेशिका परिक्षा सम्म उतीर्ण गर्न नसकि शैक्षिक रुपले बन्चित भएका

- आफ्नो  जग्गा वा आम्दानीको नियमित श्रोतबाट वर्ष दिन सम्म खान नपुग्ने परिवारका आर्थिक रुपले बञ्चित भएका

उल्लेखित लक्षित समूहका महिलाहरुको विकास गर्नकालागि महिला विकास कार्यक्रमले रणनीतिक सोच तथा अवधारणामा सशक्तिकरण, मूलप्रवाहीकरण र समावेशीकरणका तिन आयाम र ५ वटा प्राथमिकतालाई लिएको छ । महिला विकास कार्यक्रमको ढांचा निम्नअनुसार रहेको  छ ।




माथि उल्लेखित महिला विकासका अवधारण, रणनीति तथा सोचलाई समावेश गरी कार्यक्रमको कार्यान्वयन गर्ने गरिएको छ ।  लक्षित महिलाको बैयक्तिक, आर्थिक, सामाजिक सशक्तिकरणको न्यूनतम स्तरको डायग्राम भित्रका पाचवटा विषयवस्तुमा प्राथमिकता दिई हासिल गर्न खोजिएको छ । लैङ्गिक समतामा छेकवारजन्य चलनको अवज्ञा, व्यवहारिक लैङ्गिक आवश्यकताको सम्बोधन र पारिवारिक एवं सामुदायिक सकारात्मक कार्यमा (Affirmatic Actoions) जोड दिइएको छ । प्रजनन स्वास्थ्यतातर्फ भने प्रजनन स्वास्थका प्राथमिक ज्ञान, समस्या भन्ने र उपचार गराउने तत्परता र पारिवारिक असंवेदनशिलताको अवस्थापनि छिमेकी प्रति सम्वेदनशिलता देखाउने जागरण जस्ता विषयमा जोड दिइन्छ । जीवनोपयोगि शिक्षा तर्फ आफूलाई प्रस्तुत गर्ने, अर्काको कुरा परख गर्ने र निर्णय लिनका लागि आत्माबिश्वास बढाउने जस्ता कार्यमा जोड दिइन्छ । पुगिसरी समपन्नता गराउने प्रक्रियामा वर्षभरि खान पुग्ने आय श्रोत जोडने, अपठ्यारो अवस्थामा दुई महिला सम्म निर्वाह खर्च धान्न सक्ने बचत जम्मा गर्न,

विद्यालय स्तरसम्म अध्ययन गर्न र स्वदेशमा उपलब्ध आवश्यक उपचार खर्च व्यहोर्न सक्ने हैसियत बनाउने आदिमा केन्द्रित रहेको देखिन्छ । संस्थागत विकासतर्फ भने आवश्यकता अनुसार नेतृत्व वा अनुयायित्व (Followership) लिन प्ररित गर्ने, बाहिरि संचार र विस्तारित सेवाका लागि सक्षम बनाउने कार्यमा जोड दिने गरिएको छ ।

महिला विकास कार्यक्रको तीनवटा मूख्य आयमहरुः मूलप्रवाहीकरण, समावेशीकरण र सशक्तिकरण सम्बन्धी रणनीति देहाय बमोजिम रहेको छ ।

### १.४.१ सशक्तिकरण

महिला विकास कार्यक्रमको सशक्तिकरण अन्तर्गत देहाय बमोजिमका रणनीतिहरु समावेश गरिएका छन् ।

- महिलाले दीर्घकालसम्म स्व-विवेकले निर्णय गर्ने, सशक्तिकरण प्रक्रियामा सरिक भई राख्न र विपन्न महिलाको मौजुदा लैङ्गिक छेकवार पन्छाउनका लागि महिलामात्रको समूहीकरण गर्ने
- समूह, समितिलाई समुदाय स्तरमा सशक्तिकरण गरी स्वावलम्वन र पारस्परिकताको भावनाले समूहको उत्थानको लागि सहकारी सिद्धान्त अनुसार संस्थागत रुपमा सशक्तिकरण गर्ने ।
- पुरुषजनलाई सल्लाहकार समितिमा राख्न प्राथमिकता दिंदै समूह सदस्य परिवारका पुरुष सहकर्मी र अन्य समूदायका पुरुष शुभचिन्तकहरुको सहभागिता सुनिश्चित गर्ने
- लक्षित महिलाको अग्रसरतालाई प्रभावकारी बनाउन आपसी सहयोग गर्दै स्वतन्त्र श्रोतका् प्रवर्धनकालागि अंशधन (share capital), विउपुजी वा बित्तिय दवाव घटि भएका श्रोतलाई प्राथमिकता दिने
- बिद्यालय विमुख रहेका किशोरीहरुलाई भावी समूह सदस्यको रुपमा संलग्न गराउन महिला समूहसंग गाँसेर किशोरी बृत्त बनाई बिद्यालय विमुख किशोरीको सम्मिलन गर्ने
- व्यवसायिक समूह गठन एवं विकास गर्दा विपन्न महिलालाई केन्द्रिकृत गरी व्यावसायिक समूह बनाउने
- प्राकृतिक श्रोतको संरक्षण, ऐतिहासिक सम्पदाको सदुपयोग, सामुदायिक श्रोतको उपयोग, लैङ्गिक मुद्दामा बहस जस्ता क्रियाकलापमा संलग्न गराई सामुदायिक सम्बन्ध बिस्तार गर्ने
- सामाजिक परिचालनमा संलग्नता समायोजना गरिंदा समूहको संस्थागत विकासको स्तर अनुसार गरिने ।

### १.४.२ मूलप्रवाहीकरण

मूलप्रवाहीकरण अन्तरगत रणनीतिहरु निम्न अनुसार तय गरेको देखिन्छ ।

- लैङ्गिक समानता एवं बाल अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी, निजी क्षेत्रमका सबै सरोकारवालाहरुलाई संलग्न गराई फराकिलो कार्य संजाल मार्फत सह कार्य गर्ने
- समन्वय समितिको अध्यक्षता लगायत लैङ्गिक तथा बाल अधिकारको विकेन्द्रित मूल प्रवाहीकरणमा समस्त प्रकृयामा स्थानीय निर्वाचित निकायकै नेतृत्व रहने गरी सहजिकरण गर्ने

- लैङ्गिक तथा बालअधिकारका प्रमूख सवालहरुलाई पहिचान एवं सम्बोधन गर्नका लागि सहभागितात्मक पद्धति वा विधि अवलम्वन गर्दै अग्रसरताको स्वामित्व सम्बन्धी संजालमा रहने गरी साझेदारी गर्ने
- क्षेत्रगत उद्देश्यको प्राप्तिमा लैङ्गिक मूलप्रवाहीकरणको प्रभाव हुने गरी अधिवाचन गर्ने
- संजाल सदस्यको कार्यक्षेत्रमा प्रवेश नगरी मूलप्रवाहीकरणमा समन्वय गर्न गरी कार्यक्षेत्र सिमाङ्कन ग्रहण गर्ने ।

### १.४.३ समावेशीकरण

समावेशीकरण अन्तरगत निम्न अनुसारका रणनीतिहरु रहेका छन् ।

- विपन्न महिलाको सामाजिक परिवेश र आर्थिक स्थिति अनुसार प्रदत्त सेवा सहयोग र पहुँचमा प्राथमिकता दिने ।
- सामाजिक पूँजि बृद्धि गर्नका लागि एकल, अपाङ्गता, दलित लगायत बन्चितिकरणमा परेका महिलाहरुको समूहकरण गर्दा मूलधारमै सम्मिलित गराई समूहीकरण अभिन्नताको रणनीति लिइने ।
- सामाजिक परिचालनको नियमित प्रकृयामा पहुँच नभएका खास अवस्थाका बहुविपन्न महिलाको लागि सशर्त नगद हस्तान्तरण (Conditional Cash Transfer) को मान्यतामा सम्बन्धित क्रियाकलापहरुको छुट्टै पोकाबन्दि गरिने ।

मथि उल्लेख भए अनुसार तिनवटा आयम, पाँचवटा प्राथमिकता र तिनवटा आयम सम्बन्धी रणनीति अनुरुप महिला विकास सम्बन्धी जिल्लास्तरमा एक सयवटा भन्दा बढी क्रियाकलापहरु संचालन हुँदै आएका छन् ।

## १.५ महिला विकास कार्यक्रम अन्तरगत संचालित कार्यक्रम

महिला विकास कार्यक्रम माथि उल्लेखित आयमहरुलाई परिलक्षित गरी कार्यक्रमहरु संचालन गरिएका छन् । जसमा केन्द्रियस्तर र जिल्लास्तरका कार्यक्रमहरु संचालित भै रहेको छ । संचालित कार्यक्रमहरुको विवरण तल दिइएको छ ।




**केन्द्रस्तर**

क) लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम

यो कार्यक्रम संयुक्त राष्ट्रसंघीय बालकोष र संयूक्त अधिराज्य सरकारको अन्तर्राष्ट्रिय विकास विभागको सहयोगमा संचालित महिला Para Legal समिति कार्यक्रमलाई महिला विकास कार्यक्रममा एकीकृत गर्ने सम्बन्धमा त्रिपक्षीय परामर्शबाट मिति २०६९।४।१२ मा संयुक्त पारगमन योजना तर्जुमा गरिएको थियो । उक्त योजनाको अभिप्रय साविकको महिला Para Legal समिति कार्यक्रमलाई लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रमको नामबाट महिला विकास कार्यक्रममा एकाकार गरिएको र सो कार्यक्रम आ.व. २०६९।७० देखि ७५ जिल्लामा लागु गरिएको छ । यस कार्यक्रमले साविक Para Legal समितिहरुलाई निरन्तरता दिई कार्यक्रम संचालन भएको छ ।

ख) छाउपडी निवारण आयोजना

छाउपडी प्रथाबाट महिला तथा बालबालिकाको स्वास्थ्यमा नकारात्मक असर परेको सन्दर्भमा नेपाल सरकारले २०६३।१।२६ मा छाउपडी प्रथालाई कुरीति घोषणा गरी यस कुरीतिलाई हटाउनका लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र बाल बचाउ (Save the children) बीच मिति २०६४।१।२१ मा

सम्झौता भई सुदुर पश्चिमका अछाम, डोटी र बाजुरा जिल्लामा छाउपडी निवारण आयोजना संचालन भै रहेको छ । यस कार्यक्रमले ती जिल्लाहरुमा प्रजनन स्वास्थ्य, महिनावारी सरसफाई, क्षमता अभिबृद्धि तालिम, जीवनोपयोगी शीप विकास तालिम आदि प्रादन गरिएको छ ।

ग) लैङ्गिक हिंसा निवारण कोष

नेपाल सरकारले मिति २०६६।५।२६ गतेको निर्णयअनुसार सन् २०१० लाई लैङ्गिक हिंसा बिरुद्धको वर्षको रुपमा मनाउने घोषणा गरेको थियो । नेपाल सरकारबाट लैङ्गिक हिंसा बिरुद्ध राष्ट्रिय कार्ययोजना स्वीकृत भई रणनीतिक कार्यक्षेत्र पहिचान गरिएको छ । कार्ययोजनाको दीर्घकालीन लक्ष्य महिला, पुरुष बालिका एवं बालकले आफ्नो सम्भावना पूर्ण रुपमा उपभोग गर्न सक्ने एवम् सम्मानित जीवन जिउने लैङ्गिक हिंसामुक्त हुनेछ । यसका लागि प्रशासकीय कार्यविधि ऐन, २०१३ को दफा २ अनुसार नेपाल सरकारले लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ जारी गरेको छ । लैङ्गिक हिंसाबाट प्रभावितहरुलाई तत्काल राहत पुऱ्याउने उद्देश्यले कोषको संचालन तथा व्यवस्थापनका लागि केन्द्रिय तहमा महिला बालबालिका मन्त्रालयका सचिवको संयोजकत्वमा कोष संचालन समितिको व्यवस्था गरिएको छ भने जिल्ला तहमा प्रमूख जिल्ला अधिकारीको संयोजकत्वमा राहत समिति रहेको छ । कोषबाट बहुबिवाह, अंशधन, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, बोक्सीको आरोप, कुटपिट जस्ता विभिन्न प्रकारका हिंसाबाट प्रभावति कूल १४९१ ज्ना महिलाहरुले आर्थिक सहयोग प्राप्त गरी सकेका छन् ।

घ) अपाङ्गता परिचय-पत्र

अपाङ्गता भएका व्यक्तिहरुको हितको संरक्षण र सम्बर्द्धन गर्न र विकास प्रक्रियामा समावेशीकरण गराउन तथा राज्यद्वारा तोकिएका सेवा, सुविधा र अवसरको उचित व्यवस्थापन गराउन अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को नियम ५ अनुसार अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरणको कार्य आ.व. २०५६।५७ देखि सहायक प्रमुख जिल्ला अधिकारीलाई समाज कल्याण अधिकारी तोकी परिचय-पत्र उपलव्ध गराउदै आएकोमा २०६३ सालदेखि महिला विकास अधिकृतलाई समाज कल्याण अधिकृतको जिम्मेवारी दिई ७५ बटै महिला तथा बालबालिका कार्यालय मार्फत अपाङ्गता परिचय-पत्र उपलव्ध गराउने कार्य भैरहेको छ । उक्त परिचय-पत्र वितरण निर्देशिका २०६५ अनुसार अपाङ्गताको मात्राको आधारमा चारथरी परिचय-पत्र जारी गरिएको छ । आ.व २०७०।७१ सम्म कूल जम्ममा १९२,८१६ परिचय-पत्र जारि भैसकेको छ ।

## जिल्लास्तरको कार्यक्रम

(क) लक्षित महिलाको पहिचान र समूहीकरण

यस कार्यक्रम अन्तर्गत लक्षित महिलाहरुको पहिचान गरी नयाँ गाविसतर्फ, साविक गाविसका नयाँ वडातर्फ गाविसस्तरीय परामर्श बैठक, समूह गठन र परिचालन गर्ने क्रियाकलापहरु गरिएको छ । साथै, साविक गाविसका पुराना वडातर्फ, समिति गठन र परिचालन (निगरानी समूहसमेत) गरी समूहीकरण सम्बन्धि क्रियाकलापहरु संचालन गरिएका छन् ।

(ख) व्यक्तिगत विकासका प्रारम्भिक प्रशिक्षण

यस कार्यक्रम अन्तर्गत समूह सदस्यको अनुशिक्षण (३ दिने, गाउँस्तर) नयाँ गाविसका वडातर्फ, साविक गाविसका नयाँ वडातर्फ, साविक गाविसका पुराना वडातर्फ प्रदान गरिएको छ । आधारभूत तालिम (७ दिने) जिल्लास्तर, महिला-पुरुष समविकास तालिम (३ दिने, गाउँस्तर) महिला संस्था/ समितिलाई कार्यक्रम अनुदान, सासू-बुहारी अन्तरक्रिया, (३ दिने, गाउँस्तर) महिला संस्था/ समितिलाई कार्यक्रम अनुदान, प्रजनन स्वास्थ्य सचेतना तालिम, (५ दिने, जिल्लास्तर) आदि क्रियाकलापहरु संचालन भै रहेका छन् ।

(ग) संस्थागत विकास र सहभागिता

यस कार्यक्रम अन्तर्गत मौजुदा संस्थाको साङ्गठनिक सुदृढिकरण गर्ने, नभएका वा निष्क्रिय समूहको गठन वा पुनर्गठन गर्ने (निगरानी समूहसमेत), नेतृत्व तथा संस्थागत विकास तालिम, (५ दिने, जिल्लास्तर), लेखपालन तालिम, (७ दिने, जिल्लास्तर), प्रस्तावना लेखन तालिम, (३ दिने, जिल्लास्तर), महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा कार्यशाला, (३ दिने, गाउँस्तर), रेखाङ्कन भ्रमण, अन्तरसंस्था, (५ दिने, अन्तरजिल्ला, ७ दिने), महिला संस्था/ समितिका अध्यक्षमाझ चौमासिक अन्तरक्रिया, (२ दिने, जिल्लास्तर), स्रोत परिचालनका लागि बीउपूँजी, महिला संस्थालाई भवन निर्माण अनुदान (प्रतिसंस्था रु. १ लाख ५० हजार/ विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख/ विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार) आदि क्रियाकलपाहरु पर्दछन् ।

(घ) महिला समिति अन्तर्गत व्यावसायिक समूह विकास

घ-१) नयाँ प्रारम्भ

यस कार्यक्रम अन्तर्गत सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन, कार्ययोजना तयारी, शीप तथा व्यावसायिकता विकास तालिम, ३ दिने, गाउँस्तर, ५ दिने, गाउँस्तर, ५ दिने, जिल्लास्तर, ७ दिने, जिल्लास्तर, १५ दिने, जिल्लास्तर, ३० दिने, जिल्लास्तर, ९० दिने, जिल्लास्तर (साझेदारीको बजेट समायोजित), व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००।- विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००।- विकास लागत ३ जिल्ला रु. ७,०००।-) आदि क्रियाकलापहरु रहेका छन् ।

घ-२) निरन्तर प्रसार

यस कार्यक्रम अन्तर्गत छुट समूह सदस्यलाई शीप तथा व्यावसायिकता विकास तालिम, ३ दिने, गाउँस्तर, ५ दिने, गाउँस्तर, ५ दिने, जिल्लास्तर, ७ दिने, जिल्लास्तर, १५ दिने, जिल्लास्तर, व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००।- विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००।- विकास लागत ३ जिल्ला रु. ७,०००।-), शीप पुनर्ताजगी तालिम, ३ दिने, गाउँस्तर, ५ दिने, जिल्लास्तर, स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, अध्ययन डेरा (Study attachment), व्यापार मेलामा मण्डप, साझा व्यावसायिक सेवाका लागि महिला संस्थालाई बहुउपयोगी कार्यक्रम अनुदान (विरुवा ब्याड, सङ्कलन केन्द्र, प्रशोधन संयन्त्र, माछा पोखरी निर्माण, व्यावसायिक किटपालन गृह, कार्यशाला, ढुवानीका साधन, नश्ल सुधार, प्राविधिक रेखदेख, प्लाष्टिक पोखरी सिँचाइ, इत्यादि, प्रतिसंस्था रु. १ लाख ५० हजार/ विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख/ विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार, नमूना योजना अन्तर्गत जुनसुकै जिल्ला अधिकतम रु. ४ लाख ५० हजार) रहेका छन् ।

(ङ) 'गरीबी विरुद्ध महिला' अभियान

यस कार्यक्रम अन्तर्गत सहभागितात्मक अवस्था विश्लेषण र रणनीति-पत्र तर्जुमा कार्यशाला,(३ दिने, गाउँस्तर), छटु घरधुरीको समूहीकरण, समूह गठन वा पुनर्गठन, समिति गठन वा पुनर्गठन, पुनर्ताजगी अनुशिक्षण, शीप तथा व्यावसायिकता विकास तालिम, (७ दिने, जिल्लास्तर), व्यवसाय स्थापना खर्च

अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००), साझा व्यावसायिक सेवाका लागि महिला सस्थालाई बहुउपयोगी कार्यक्रम अनुदान (बिरुवा ब्याड, सङ्कलन केन्द्र, प्रशोधन संयन्त्र, माछा पोखरी निर्माण, व्यावसायिक किटपालन गृह, कार्यशाला, ढुवानीका साधन, नश्ल सुधार, प्राविधिक रेखदेख, प्लाष्टिक पोखरी सिंचाइ, इत्यादि; प्रतिसंस्था रु. १ लाख ५० हजार/विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख /विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार; नमुना योजना अन्तर्गत जुनसुकै जिल्ला अधिकतम रु. ४ लाख ५० हजार), स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, अन्तरसंस्था रेखाङ्कन भ्रमण, ५ दिने, सहजीकरण, सम्बन्धन एवं अभिलेखीकरण (प्रतिवडा रु. १२ हजार/विकास लागत २.०-२.५ जिल्ला रु. १८ हजार/विकास लागत ३ जिल्ला रु. २४ हजार) आदि क्रियाकलापहरु रहेका छन् ।

(च) विद्यालयविमुख किशोरीको बहुआयामिक विकास (मुक्त कमलरीसमेत)
च-१) नयाँ प्रारम्भ

यस कार्यक्रम अन्तर्गत जीवनोपयोगी तालिम,(१० दिने, गाँउस्तर) महिला संस्था/समितिलाई कार्यक्रम अनुदान, महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन, महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, व्यावसायिक किशोरी समूह विकास, सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी, शीप तथा व्यावसायिकता विकास तालिम, (७ दिने, जिल्लास्तर), व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००), स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास रहेका छन् ।

च-२) निरन्तर प्रसार
यस कार्यक्रम अन्तर्गत छुट किशोरीलाई जीवनोपयोगी तालिम, (१० दिने, गाँउस्तर) महिला संस्था/समितिलाई कार्यक्रम अनुदान, किशोरी सूचना तथा परामर्श केन्द्रको स्तरोन्नति, किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, छुट किशोरीलाई शीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर, व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००), स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुर्नअभ्यास, अन्तरसमूह रेखाङ्कन भ्रमण, ५ दिने, किशोरी समूहका अध्यक्ष र सचिवमाझ चौमासिक अन्तरक्रिया, २ दिने, जिल्लास्तरका क्रियाकलापहरु रहेका छन् ।

च-३) मुक्त कमलरी सशक्तीकरण, ६ जिल्लाका ३६० जना: कन्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत र दाङ
यस कार्यक्रम अन्तर्गत महिला संस्थाअन्तर्गत मुक्त कमलरी समूह गठन, समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर, व्यावसायिक समूह विकास, सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी, शीप तथा व्यावसायिक विकास तालिम, ७ दिने, जिल्लास्तर, व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००), स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, सहजीकरण, सम्बन्धन एवं अनुगमन रहेका छन् ।

छ) बालअधिकारको संवर्द्धन
यस कार्यक्रम अन्तर्गत विपत्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापन, बालगृहहरूको संयुक्त निरीक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवस रहेका छन् ।

ज) लैङ्गिक हिंसा निवारण

यस कार्यक्रम अन्तर्गत जिल्ला स्रोत समूहको बैठक, मानव बेचबिखन विरुद्ध गठित जिल्ला कार्यसमितिलाई अनुदान, घरेलु हिंसाबाट प्रभावित महिलाका लागि महिला सस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालिन आश्रयसहित सेवा केन्द्र सञ्चालनः १५ जिल्ला (प्रतिजिल्ला हिमाल रु. ८ लाख /पहाड रु. १० लाख/तराई रु. १२ लाख) पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, मकवानपुर, नवलपरासी, तनहुँ, काभ्रे, बाग्लुङ, जुम्ला, दाङ, बर्दिया, डोटी र कञ्चनपुर) रहेका छन् ।

झ) मूलप्रवाहीकरण सम्पर्क निकाय सेवा

यस कार्यक्रम अन्तर्गत क्षेत्रगत कार्यालयको सहभागितात्मक लैङ्गिक लखाजोखा र संयुक्त कार्ययोजना तर्जुमा, गाविसस्तरीय लेखाजोखा, १ दिने, जिल्लास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, २ दिने, लङ्गिक सरोकारका विषयगत अध्ययन जिल्ला लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशनको गत आवको भुक्तानी, स्थानीय जनप्रतिनिधि, गाविस सचिव तथा सञ्चारकर्मीलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, ३ दिने, जिल्लास्तर (जिविससँगको साझेदारीमा), सञ्जाल सदस्यमाझ अन्तरक्रिया, १ दिने, जिल्लास्तर, मूलप्रवाहीकरण समन्वय समितिको बैठक, लङ्गिक सम्पर्क-बिन्दुहरूको बैठक, लङ्गिक सम्पर्क-बिन्दु तथा सूचीकृत गैससका पदाधिकारीहरूका लागि मूलप्रवाहीकरण तालिम, ३ दिने, जिल्लास्तर, संयुक्त स्थलगत अवलोकन, विषयगत कार्यालयका तर्फबाट, मूलप्रवाहीकरण समन्वय समितिका तर्फबाट, लोक सेवा आयोगबाट लिइने राजपत्र अनङ्कित पद (प्रथम र द्वितीय) का मूल परीक्षामा सहभागी हुने महिला उम्मेदवारहरूका लागि तयारी कक्षा सञ्चालन रहेका छन् ।

ञ) सामाजिक परिचालन

यस कार्यक्रम अन्तर्गत सामाजिक परिचालिका र महिला संस्थाका अध्यक्ष, व्यवस्थापक वा सहजकर्तालाई प्रशिक्षक प्रशिक्षण, ७ दिने, जिल्लास्तर, सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र चाडपर्व खर्च, परिचालिका भ्रमण तथा बैठक खर्च, कार्यक्षेत्रका प्रत्येक वडामा चौमासिक साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन, सहजीकरण एवं स्रोत सेवा (सामाजिक परिचालिका नभएका गाविसतर्फ प्रतिगाविस रु.६,०००/विकास लागत २-२.५ जिल्ला रु. ९,०००/विकास लागत ३ जिल्ला रु. १२,०००) रहेका छन् ।

ट) साबिक लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजनाको बाँकी कार्यक्रम कार्यान्वयन

क) सामाजिक सशक्तीकरण

यस कार्यक्रम अन्तर्गत समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर, आधारभूत तालिम, ७ दिने, जिल्लास्तर, महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा कार्यशाला, ३ दिने, गाउँस्तर, महिला संस्थाको तुलनात्मक विवरणिका प्रकाशन, किशोरीको बहुआयामिक विकास : जीवनोपयोगी तालिम, १० दिने, गाउँस्तर (महिला सस्था/समितिलाई कार्यक्रम अनुदान), महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन, महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग, महिला-पुरुष समविकास तालिम, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान), सासू-बुहारी अन्तरक्रिया, ३ दिने, गाँउस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) रहेका छन् ।

ख) आर्थिक सशक्तीकरण

यस कार्यक्रम अन्तर्गत 'गरीबी विरुद्ध महिला' अभियान, पुनर्ताजगी अनुशिक्षण, शीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर, व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००), स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, सहजीकरण, सम्बन्धन एवं अभिलेखीकरण (प्रतिवडा रु. १२ हजार/विकास लागत

२.०-२.५ जिल्ला रु. १८ हजार/विकास लागत ३ जिल्ला रु. २४ हजार), साझा व्यावसायिक सेवाका लागि महिला सस्थालाई बहुउपयोगी कार्यक्रम अनुदान (बिरुवा ब्याड, सङ्कलन केन्द्र, प्रशोधन संयन्त्र, माछा पोखरी निर्माण, व्यावसायिक किटपालन गृह, कार्यशाला, ढुवानीका साधन, नश्ल सुधार, प्राविधिक रेखदेख, प्लाष्टिक पोखरी सिँचाइ, इत्यादि; प्रतिसंस्था रु. १ लाख ५० हजार/विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख /विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार; नमुना योजना अन्तर्गत जुनसुकै जिल्ला अधिकतम रु. ४ लाख ५० हजार) रहेका छन् ।

ठ) विद्यालयविमुख किशोरीको बहुआयामिक विकास (युनिसेफतर्फ)

यस कार्यक्रम अन्तर्गत किशोरीको बहुआयामिक विकासका लागि साझेदार निकायसँगको नीति, योजना तथा बजेटमा पैरबी, संस्थामार्फत किशोरीका अभिभावक शिक्षाका लागि अभिमुखीकरण, ३ दिने (स्थानीय निकाय र समुदायका अगुवाका लागि), अन्तरसमूह किशोरी जागरण समूह अनुभव आदानप्रदान, साझेदार निकाय र स्थानीय निकायमाझ अन्तरक्रिया, १ दिने, महिला संस्था/समिति र किशोरी जागरण समूहबीच अन्तरक्रिया, विद्यालयविमुख किशोरीहरूको बहुआयामिक विकास कार्यक्रम सञ्चालन, किशोरीहरूको बहुआयामिक जीवनोपयोगी तालिम १० दिने, गाविसस्तर, महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन अनुदान, महिला संस्थामार्फत अतिविपन्न किशोरीहरूका लागि शैक्षिक तथा स्वास्थोपचार सहयोग कार्यक्रम अनुदान, सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी, शीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर, व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३००० /विकास लागत २ देखि २.५ जिल्ला रु. ३५०० / विकास लागत ३ जिल्ला रु. ७०००), स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास, साथ, सर्म्पक र सहजीकरण तथा अनुगमन, मूल्याङ्कन रहेका छन् ।

ड) किशोरी विकास तथा लैङ्गिक हिंसा निवारण कार्यक्रम (यूएनएफपीएतर्फ)

यस कार्यक्रम अन्तर्गत घरेलु हिंसाबाट प्रभावितका लागि अल्पकालिन आश्रय सेवा केन्द स्थापना र सञ्चालन (महिला सस्थालाई कार्यक्रम अनुदान), घरेलु हिंसाबाट प्रभावितका लागि अल्पकालिन आश्रय सेवा केन्द्रका सामुदायिक महिला, मनोसामाजिक विमर्शकर्तालाई तालिम, १० दिने, जिल्लास्तर, घरेलु हिंसाबाट प्रभावितका अल्पकालिन आश्रय सेवा केन्द्रका लागि प्रचलित प्रक्रिया बमाजिम छनौट भएका नयाँ मनोसामाजिक विमर्शकर्तालाई ४ महिने तालिममा सहभागिता खर्च, महिला सहकारी संस्थाका सदस्यहरूका लागि प्रजनन स्वास्थ्य र लैङ्गिक हिंसा निवारण सम्बन्धी तालिम, ५ दिने, जिल्लास्तर, सरंक्षण विषयगत क्षेत्र (Protection Cluster) का सदस्यहरूका लागि अभिमुखीकरण कार्यक्रम, ३ दिने, जिल्लास्तर, सरंक्षण विषयगत क्षेत्र (Protection Cluster) को बैठक सञ्चालन, विद्यालयविमुख किशोरीहरूका लागि जीवनोपयोगी शीप विकास तालिम, १० दिने

ढ) सूचना, शिक्षा र सञ्चार

यस कार्यक्रम अन्तर्गत आधार-रेखा सूचना फाराम छपाई, वार्षिक प्रगति प्रतिवेदन तथा महिला संस्थाको तुलनात्मक विवरणिका प्रकाशन, जनचेतनामूलक सन्देश प्रवाह, परिचय पन्ना (Brochure) प्रकाशन, दिवसीय कार्यक्रम, अन्तर्राष्ट्रिय नारी दिवस, अन्य अन्तर्राष्ट्रिय दिवस तथा अभियान, कर्मचारीलाई कम्प्युटर तालिम, इमेल, इन्टरनेट पहुँच, कार्यक्रमको सार्वजनिक परीक्षण, अनुगमन तथा मूल्याङ्कन (सामाजिक परिचालिका भएका गाविसतर्फको नियमित अनुगमन समेत) रहेका छन् ।

## १.६. महिला विकास कार्यक्रमको मूल्याङ्कन अध्ययनको उद्देश्य

महिला विकास कार्यक्रमको औचित्य, प्रभावकारिता, प्रभाव, कार्यदक्षता, दीगोपनाको लेखाजोखा गर्नु यस अध्ययनको मूख्य उद्देश्य हो । अध्ययन सम्बन्धी निश्चित उद्देश्यहरु निम्न अनुसार छन्:

क) महिला विकास कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयनको प्रक्रिया र खाका (modalities) तरिका बारे मूल्यांङ्कन गर्नु ।

ख) कार्यक्रमबाट महिलाहरुको जीविकोपार्जन र सामाजिक सशक्तीकरणमा पुऱ्याएको योगदान बारे मूल्यांङ्कन गर्नु ।

ग) अधिकार प्राप्त समूहको सन्तुष्टि र महिला नेतृत्वका संस्थाहरुको संस्थाकरण (institutionalization) को मूल्यांङ्कन गर्नु ।

## १.७ अध्ययनको क्षेत्र

महिला विकास कार्यक्रमको मूल्यांकन अध्ययनको कार्य क्षेत्र निम्न अनुसार रहेको छ ।

क) औचित्य

महिला विकास कार्यक्रमको औचित्य सम्बन्धमा निम्न विषयको अध्ययन भएको छ ।

- कार्यान्वयन प्रक्रियाको उपयुक्तता र औचित्य सम्बन्धी मूल्यांकन गरिएको ।
- सरकारी नीति, राष्ट्रिय प्राथमिकतामा संग एक रुपता कायम भए नभएको बारे
- कार्यक्रम तर्जुमा र कार्यान्वयको सोचतालिका (लगफ्रेम) अनुरुप भए नभएको बारे
- नेपालको अन्तर्राष्ट्रिय दायित्व पुरा गर्ने सम्बन्धी औचित्य पुरा गरे नगरेको बारे
- कार्याक्रम कार्यान्वयन पक्षको उपयुक्ततता बारे
- महिला विकास कार्यक्रमको डिजाइन भौगोलिक क्षेत्र समेटने, कार्यक्रमको लागि लक्षित जानता छनौट गर्ने तथा लक्षित जनसंख्याको आकारको उपयुक्तता बारे
- लक्षित जनसंख्याको आवश्यकतालाई सम्बोधन गर्न कार्यक्रमको क्षमता बारे
- कार्यक्रमको फेज भित्र र फेज बाहिर गर्ने कार्यको उपयुक्तता बारे
- समूदायमा सामाजिक परिचालकको उपयुक्ततता बारे
- कार्यक्रको लक्षित समूह वाहेक बढावा भै फैलिएको लहरको प्रभाव बारे ।

ख) प्रभावकारिता (Effectiveness)

प्रभावकारिताको मूल्यांकन गर्ने सिलसिलामा निम्न बुँदामा केन्द्रित रही अध्ययन गरिएको छ ।

- कार्यक्रमका निर्धारित सूचकहरु र जाँच गर्ने साधनहरुलाई बार्षिक कार्यक्रम तथा बजेटमा उतारिएको सम्बन्धमा
- कार्यक्रमको निर्धारित लागत र समयमा सम्पन्न भए नभएको बारे र लक्ष्यमा फेरबदल भई प्रभावकारितामा परेको असर बारे

- बस्तीस्तरमा महिला समूहहरुको, साथै वडा र गा.वि.स. स्तरमा संगठित समिति र संस्थाको (सहकारी) हरुको परिचालनको  प्रभावकारिता सम्बन्धमा
- महिला समूहहरु र सहकारीहरुबाट हुने बचत तथा लगानीको प्रभावकारिताको अध्ययन बारे
- लघु उद्यम विकासका लागि लक्षित समूह छनौट, समूह गठन, शीप विकास तालिम व्यावसाय तथा संचालन, उत्पादित बस्तुको बिक्रि बितरण, बजार  र आम्दानीको अवस्था बारेमा
- किशोरीहरुको विकास र चेतनामुलक कार्यक्रमको प्रभावकारिताको बारेमा
- कार्यक्रमको निर्धारित लक्ष्य तथा उदेश्यहरुको उपलब्धी सम्बन्धमा
- कार्यक्रमको प्रभावकारी संचालनमा योगदान दिने र व्यवधान खडा गर्ने करक तत्वहरु सम्बन्धमा

ग) कार्यदक्षता (Efficiency)

कार्यक्रमको कार्यदक्षता सम्बन्धमा निम्न विषयको अध्ययन गरिएको छ ।

- समूह गठन, शीप विकास तालिम, बचत तथा लगानी आदिको प्रति महिला इकाई मोटामोटी लागत हिसाव बारे
- बिभिन्न कार्यहरुका लागि छुट्याइएको बजेटको कार्यदक्षताको लेखाजोखा गरिएको छ ।
- कार्यक्रमको बजेट तथा अन्य श्रोतहरुको उपयोग सम्बन्धी कार्यदक्षता र विगत ४/५ वर्षको बजेटको कार्यदक्षताको लेखाजोखा गरिएको छ ।
- कार्यक्रमको लागतको प्रभावकारिताको बिश्लेषण गरिएको छ ।

घ) प्रभाव (Impact)

महिला विकास कार्यक्रमबाट परेका प्रभाव बारे निम्न अनुसार अध्ययन भएको छ ।

- कार्यक्रमबाट महिलाहरुको उत्पादनशील सम्पत्ती बृद्धि गर्न र जीविकोपार्जनमा सुधार गर्न, रोजगारीका लागि पुऱ्याएको सहयोग, आर्थिक लाभ, आम्दानी बृद्धि, भौतिक सुविधाहरु, स्वास्थ्य, शिक्षा आदिको पहुँच सम्बन्धमा
- कार्यक्रमले महिलाको सामाजिक क्षमता अभिबृद्धिमा पारेको प्रभावे, नेतृत्व क्षमतामा भएको परिवर्तन, सांगठनिक संरचना, आफ्नो कुरा राख्ने र निर्णय लिने, सामाजिक कार्यमा बृद्धि, सामूहिक शक्तिको निर्माण, महिला हिंसा, कम उमेरमा गरिने विवाह, बच्चा जन्माउने उमेर आदि सम्बन्धमा
- कार्यक्रमले सम्बन्धित नियम कानून परिवर्तन गर्न पारेको प्रभाव, महिला विकास मैत्री राष्ट्रिय तथा स्थानीयस्तरका नीति, कानून र नियमहरुको तर्जुमा, पुरुष तथा महिलाको दृष्टिकोणमा परिवर्तन, महिला तथा लैङ्गिक विकास, परिवार र समुदाय स्तरमा परिवर्तन आदि सम्बन्धमा
- कार्यक्रमले घर परिवारको गरीवी न्यूनिकरण गर्न र युवाहरुको बहिरगमनमा पुऱ्याएको योगदान बारे
- कार्यक्रमले स्थानीय जनताको विकासका आकांक्षाहरु पुरा गर्न पुगेको सहयोग बारे

ङ) दीगोपना (Sustainability)

महिला विकास कार्यक्रमको दीगोपना कायम गर्ने पक्षमा निम्न विषयको अध्ययन भएको छ ।

- कार्यक्रमलाई महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा आन्तरिकीकरण गर्ने सम्बन्धको दीगोपना
- कार्यक्रमको आर्थिक रुपमा दीगोपना
- कार्यक्रमको सवल संचालनको लागि प्राविधिक ज्ञान शीपमा दीगोपना
- लक्षित जनतामा आर्थिक लाभको वितरणमा दीगोपना
- महिलाद्वारा नेतृत्व गरिएको संस्था तथा सहकारीहरुको दीगोपना
- कार्यक्रममा केन्द्रियस्तरदेखि स्थानीयस्तरका निकायमा राजनैतिक सहयोगको दीगोपना
- कार्यक्रमद्वारा विकासको नतिजा हासिल गर्न पुगेको योगदानको दीगोपना ।
- अन्य विकास संग सम्बन्धित कार्यक्रमहरुसंगको साझेदारी तथा समन्वयको दीगोपना ।
- कार्यक्रमको उपलब्धीको दीगोपना ।

च) महिलाको सन्तुष्टि

कार्यक्रममा महिलाको सन्तुष्टि  सम्बन्धमा निम्न अनुसारका विषयमा अध्ययन गरिएको छ ।

- अधिकारवाला समुदायको सन्तुष्टि बारेमा बस्तीस्तरमा लक्षित समूहको छनौट, वडा र गा.वि.स. स्तरमा महिलाहरुको सांगठानिक गठनमा आर्थिक तथा प्राविधिक सहयोग, उद्यमी विकास गर्नमा पुऱ्याएको योगदान, लघु उद्यम स्थापना र संचालनमा भएको प्राविधिक सहयोग, किशोर किशोरीहरुको बिकास कार्यक्रममा पुगेको सहयोग आदि सम्बन्धमा अध्ययन गरिएको छ ।

छ) समावेशीकरण

कार्यक्रमले समावेशीकरणमा पुगेको योगदानका बारेमा निम्न विषयको अध्ययन गरिएको छ ।

- कार्यक्रमले अति गरीव, गरीव, सिमान्तकृत (समाजिक तथा भौगोलिक रुपमा) महिलाहरुलाई समावेश गरे नगरेको र सामाजिक समूहहरुको विविध पक्षको वारेमा अध्ययन गरिएको छ ।
- कार्यक्रमबाट लाभको वितरण महिलाहरु बीच समान रुपमा भए नभएको बारेमा अध्ययन गरिएको छ ।
- समूह र संस्था भित्रको समूह गतिशिलता (Group Dynamic) को वारेमा लेखाजोखा गरिएको छ ।

ज) समग्र मूल्यांङ्कन

अन्तमा सवै मूल्यांङ्कनका मापकहरुलाई समावेश गरी निष्कर्ष तथा सुझावहरु एकिकृत गरी निम्न बमोजिम समष्टिगत आवस्थाको मापन गरिएको छ ।

तालिका नं. १ : मूल्यांङ्कनका मापक सूचकहरु

| क्र. सं. | मापक सूचांक | मापक स्तरियता |
|---|---|---|
| १ | औचित्य | क. उच्च औचित्यपूर्ण, ख. पूर्ण औचित्य ग. सामान्य औचित्यपूर्ण घ. औचित्य नभएको |
| २ | प्रभावकारिता | क. अति प्रभावकारी ख. प्रभावकारी ग. सामान्य प्रभावकारी घ. प्रभावकारी नभएको |
| ३ | कार्यदक्षता | क. अति कार्यदक्षतापूर्ण ख. कार्यदक्षता ग. सामान्य कार्यदक्षता घ. कार्यदक्षता हासिल नभएको |
| ४ | प्रभाव | क. अति प्रभावित ख. प्रभावपूर्ण ग. सामान्य प्रभाव घ. कुनैपनि प्रभाव नपरेको |
| ५ | दीगोपना | क. अति दीगोपना ख. दीगोपना ग. सामान्य दीगोपन घ. दीगोपन नभएको |
| ६ | अधिकारवाला समुदायको सन्तुष्टि | क. उच्च सन्तुष्टि, ख. सन्तुष्टि ग. सामान्य सन्तुष्टि घ. असन्तुष्टि |
| ७ | समावेशीकरण | क. उच्च समावेशी, ख. समावेशी ग. सामान्य समावेशी घ. समावेशी नभएको |
| ८ | समग्र निष्कर्ष | क. अति सन्तोषजनक ख. सन्तोषजनक ग. स्वीकारयोग्य घ असन्तोष |

उल्लेखित मूल्यांङ्कन सम्बन्धी तथ्य तथा नतिजाका आधारमा महिला बिकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांङ्कन बारेमा सुधार गर्न गर्नु पर्ने कार्यहरुको सुझावहरु प्रस्तुत गरिएका छन् ।

## १.८. अध्ययन विधि

यस मूल्यांङ्कन अध्ययन गर्ने सिलसिलामा महिला विकास कार्यक्रमका मूख्य मूख्य पक्षहरुलाई समेट्ने गरी मूल्यांङ्कन अध्ययन विधि अपनाइएको छ । यस सम्बन्धी अध्ययनका उद्देश्य तथा कार्यक्षेत्रमा उल्लेख गरिएका बुँदाहरुलाई ध्यानमा राखी परामर्शदाताले कार्य शर्त (Terms of Reference) आधारमा उपयुक्त विधिहरु अपनाइएको छ । अध्ययनमा दोश्रो सूचना प्रणाली तथा प्राथमिक सूचना प्रणालीबाट विभिन्न आवश्यक सूचनाहरु विश्लेषण गरी मूल्यांङ्कन गरिएको छ । उल्लेखित सूचनाहरु परिमाणत्मक तथा गुणात्मक विधिहरुबाट बिश्लेषण गरिएको छ । यस्ता सूचनाहरु संकलन गर्दा सहभागितात्मक पद्धती, स्थलगत निरिक्षण, प्राविधिक सर्भेक्षण, घरधुरी सर्भेक्षण, लक्षित समूहगत छलफल, प्रमूख सूचनाकर्ताहरुको अन्तरवार्ता आदि विधिहरुको माध्यमबाट अध्ययन गरिएको छ । अध्ययनका क्रममा प्रयोग गरिएका विधिगत कार्यहरु निम्न अनुसार रहेका छन् ।

### १.८.१ महिला बिकास कार्यक्रमको सोचतालिका अद्यावधिक

महिला बिकास कार्यक्रमको सोचतालिका स्पष्ट तथा मापदण्ड अनुसार नभएको अवस्था विद्यमान रहेकोले सो को आधारमा कार्यक्रमको नतिजाहरुका सूचक सहित मूल्यांङ्कन कार्य गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला विकास बिभागसंग परामर्श गरी सोच तालिका अद्याबधिक गरि तयार गरिएको छ ।

### १.८.२ प्रतिवेदन तथा सूचनाहरुको पुनरावलोकन

महिला बिकास सम्बन्धी विभिन्न प्रकाशित प्रतिवेदन, दस्तावेज, नीति, कार्यक्रम तथा सूचनाहरु संकलन गरी सम्बन्धित प्रतिवेदनहरुको पुनरावलोकन अध्ययन गरिएको छ । साथै सन्दर्भ सामाग्रीहरुको फेहरिस्त तयार गरि सम्बन्धित दोश्रो सूचनाहरु संकलन भएको  छ । उक्त प्रतिवेदनहरुको संकलन र पुनरावलोकन गर्न निम्न अनुसारका निकाय तथा संस्थाहरुमा उपलव्ध कागजातहरुको अध्ययन भएको छ ।

- राष्ट्रिय योजना आयोगको महिला बिकास सम्बन्धी दस्तावेजहरु ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका बार्षिक प्रतिवेदनहरु ।
- महिला बिकास बिभागका बार्षिक प्रतिवेदनहरु ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र महिला विकास बिभागद्वारा गरिएका मूल्यांकन प्रतिवेदनहरु ।
- नेपाल सरकारका महिला विकास सम्बन्धी नीति, योजना र कार्यक्रमहरु ।
- UNWOMEN तथा अन्य निकायहरुले गरेका अध्ययन प्रतिवेदनहरु ।

उल्लेखित सन्दर्भ सामाग्रीहरुको विस्तृत अध्ययन गरी कार्यक्रमको मापक सूचाङ्कहरुका आधारमा गुणात्मक सूचना संकलन तथा बिश्लेषण गरिएको छ ।

### १.८.३ सर्भेक्षणका सामाग्रीहरु

स्थलगत सर्भेक्षण तथा विभिन्न सरोकारवालाहरुसंग गरिने अन्तरवार्ताका लागि नेपाली भाषामा सर्भेक्षण सामाग्रीहरु तथा चेक लिष्ट तयार गरिएको थियो । उक्त सर्भेक्षण सम्बन्धि समाग्रीहरु छलफल पश्चात अन्तिम रुप दिइएको थियो । स्वीकृत सर्भेक्षणका समाग्रीहरु स्थलगत सर्भे कार्यमा सूचना संकलन गर्न प्रयोग गरिएको थियो । सर्भेक्षणका सामाग्रीहरुको नमूना अनुसूचि-१ मा संलग्न गरिएको छ ।

### १.८.४ सर्भे नमूना संख्या

महिला समूहहरुको सर्भेक्षण कार्यका लागि कार्यक्रमबाट प्रभावित क्षेत्रमा निश्चित घरधुरीको नमूना कायम गरी उक्त घरधुरीको सर्भेक्षण गर्ने कार्य गरिएको छ । यसका लागि आवश्यक घरधुरी संख्या सुनिश्चित गर्न तथ्यांकशास्त्रको विधि प्रयोग भएको छ । सर्भेक्षणको लागि आवश्यक नमूना संख्या कायम गर्न नमूना निर्धारण सुत्रको आधारमा संख्या एकीन गरिएको छ ।

सुत्र अनुसार

Sample size formula;

$$n=\frac{Z^2_{1-\alpha/2}p(1-p)}{\delta^2}$$

Where $Z$ = Value of standard normal distribution i.e. 1.96 for 95 % confidence level

p = Proportion of beneficiaries approximately 50 % (taken as 50 % average beneficiary from the project)

$\delta$ = Permissible error i.e. 0.05 (considered)

Where D is the Design Effect

Now,

$$n = \frac{(1.96)^2 (0.50) (1-0.50)}{(0.05)^2}$$

$$= \frac{3.84 * 0.50 * 0.50}{0.0025}$$

$$= \frac{0.96}{0.0025}$$

$$= 384$$

The estimated sample size after adjusting the Design Effect for sample will be

N = n*D= n *3

After adjusting Design Effect, the final sample size will be 384 X 3 = 1152

**The sample size will be taken 1152 households (cases)**

**The sample size for Control Group will be 25 % of total sample size for the control which is finalized by the task force meeting.**

**Sample size of control group is 0.25 X 1152 = 288**

माथि उल्लेखित तथ्यांकशास्त्रीय सुत्र अनुसार नमूना संख्या कार्यक्रमले समेटिएका क्षेत्र (Case) तर्फ ११५२ घरधुरी र कार्यक्रमले समेटिएका क्षेत्र (Control) मा २८८ घरधुरी समेत जम्मा १४४० नमूना घरधुरी संख्या कायम गरिएको छ । उक्त नमूना संख्यालाई जनसंख्याको आधारमा समानुपातिक दरमा प्रत्येक जिल्लामा घरधुरी संख्याको वितरण गरिएको छ । यस अध्ययनको लागि गठन गरिएको कार्यदल (Task Force) बीच भएको छलफल अनुसार ८ जिल्लाहरु (संखुवासभा, मोरङ्ग, रौतहट, म्याग्दी, रुपन्देही, दाङ्ग, कालिकोट र अछाम) छनौट गरिएको छ । नमूना संख्यालाई जिल्लाको घरधुरी संख्याको आधारमा निम्न अनुसार नमूना छनौट गरिएको छ ।

### १.८.५ नमूना छनौट विधि

माथि उल्लेखित नमूना संख्या छनौट गर्दा प्रत्येक छनौटमा परेका जिल्ला, गा.वि.स.र समूहमा नमूना चरणबद्ध रुपमा छनौट गर्न ४ तहको साधारण रेण्डम स्यापलिङ्ग विधि अवलम्वन गरिएको छ । जस

अनुसार नमूना संख्यालाई साधारण औषत छनौट पद्धतीबाट गरिएको छ । नमूनामा परेका जिल्लाका घरधुरी र उत्तरदाताको छनौट निम्न अनुसार गरिएको छ ।

**चरण १** : छनौट परेका नमूना जिल्लाहरुमा लिइने नमूना संख्यालाई जिल्लाको जनसंख्याका आधार मानि तय गरिएको छ ।

**चरण २** : समर्भेक्षण गरिने महिला विकास कार्यक्रम संचालन भएका गा.वि.स.हरुको विवरण सम्बन्धित जिल्लाको महिला विकास कार्यालयबाट लिइएको छ । ती गा.वि.स.हरु मध्येबाट Random Sampling को आधारमा गा.वि.सहरु छनौट गरिएको हो ।

**चरण ३:** नमूनामा परेका गा.वि.स.हरुका समूह वडास्तरका बस्तीहरुको नमूना छनौट गर्दा simple random sampling विधि अपनाई बस्तीहरुको छनौट गरिएको हो ।

**चरण ४** : सुनिश्चित भएका बस्तीका समूहहरुको घरघुरी महिला समूहको लिष्ट अनुसार random Sampling का आधारमा उत्तरदाता घरधुरी छनौट भएको हो ।

**कन्ट्रोल समूहको घरधुरी छनौट विधि**

माथि उल्लेखति विधि अनुसार नमूना छनौटमा परेका गा.वि.स.हरुमा महिला विकास कार्यक्रम संचालन नभएका बस्तीहरुका घरधुरी मध्येबाट Simple Random Sampling को आधारमा नमूना घरधुरी सर्भेक्षण गरिएको छ । यसरी छनौट भएका गा.वि.स.का सबै बस्तीहरुमा कार्यक्रम संचालन भएको अवस्थामा सोही गा.वि.स.संग जोडिएका अन्य गा.वि.स.का बस्तीहरु (कार्यक्रम संचालन नभएका) बाट घरधुरी छनौट गरी सर्भेक्षण गरिएको छ ।

१.८.६ सर्भेयर तथा सुपरिवेक्षकको छनौट र तालिम

सर्भेक्षण कार्य गर्नकालागि सम्भव भएसम्म स्थानीयस्तरमा महिला सर्भेयर तथा सुपरभाइजरको छनौट गरी २ दिने तालिम ललितपुरमा दिइएको थियो । उक्त तालिममा स्थालगत सर्भे विधि, अन्तरवार्ताको तरिका, सूचना संकलन गर्ने तरिका, समूहगत छलफल विधि, तथ्यांक विश्लेषण गर्ने तरिका र जनसम्पर्क गर्दा ध्यान दिनु पर्ने बुदा आदिका बारेमा जानकारी दिइएको थियो ।

सर्भेक्षण सम्बन्धी कार्यमा सर्भेयर र सुपरभाइजरको स्थलगत परिक्षण ललितपुर जिल्लामा गरिएको थियो ।

१.८.७ प्राथमिक सूचना संकलन

यस मूल्याङ्कन सम्बन्धी अध्ययन गर्दा स्थलगत सर्भेक्षण, समूह छलफल, सरोकारवालाहरुसंग छलफल, सम्बन्धीत महिला समूह, संस्था तथा सहकारीहरुसंग छलफल गरी प्राथमिक सूचना संकलन गरिएको छ । उक्त सूचनाहरु परिमाणात्मक र गुणात्मक रुपमा संकलन भएका छन् ।




### १.८.८ स्थलगत सर्भेक्षण

यस मूल्यांङ्कन अध्ययनमा प्राथमिक सूचना प्रणालीबाट ८ जिल्लाका नमूना छनौट परेका गा.वि.स.हरुमा स्थलगत रुपमा घरधुरी सर्भेक्षण गरिएको छ । यसरी सर्भेक्षण गर्दा घरधुरी सर्भेक्षण फारामहरुको प्रयोग गरी विभिन्न आवश्यक सूचनाहरु संकलन गरिएको छ । यस्ता सूचनाहरु संकलन गर्दा सहभागितात्मक पद्धती, स्थलगत निरिक्षण, घरधुरी सर्भेक्षण, लक्षित समूहगत छलफल, प्रमूख सूचनाकर्ताहरुको अर्न्तवार्ता आदि अपनाईएको छ ।

#### १.८.८.१ धरधुरी सर्भेक्षण

महिला विकास कार्यक्रम संचालन भएका विभिन्न भौगोलिक क्षेत्र समेटिएका ८ नमूना जिल्लाहरुमा स्थलगत सर्भेक्षण गर्ने कार्य गरिएको छ । उक्त जिल्लामा महिला विकास कार्यालयसंग समन्वय गरी कार्यक्रम संचालन भएका क्षेत्रहरु Case र कार्याक्रम संचालन नभएका क्षेत्रहरु Control का रुपमा चयन गरिएका गा.वि.स.हरुमा गणकहरुद्वारा घरधुरी नमूना छनौट गरी घरधुरीमा सर्भेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।

माथि उल्लेख गरिएका कार्यक्रमले समेटिएका क्षेत्र तथा कार्यक्रमले नसमेटिएका क्षेत्रमा गणकहरुद्वारा घर





घरमा महिलाहरुसंग अन्तरवार्ता लिई आवश्यक सूचना संकलन गरिएको थियो । उक्त सूचना तयार गरिएको प्रश्नावली अनुसारका विविध सूचनाहरु क्रमबद्ध रुपमा संकलन गरिएको थियो । गणकहरुले सम्बन्धित उत्तरदातासंग सहजीकरण गरी सही उत्तरलाई संकलन गरी प्रश्नाबली फाराम भरेका थिए । कतिपय उत्तरदाताहरु खेतवारीको काममा व्यस्थ भएको हुँदा गणकहरु उक्त स्थानमा नै गएर अन्तरवार्ता लिने कार्य समेत गरिएको थियो ।

### १.८.८.२ स्थलगत अनुगमन

स्थलगत घरधूरी सर्भेक्षण कार्यको अनुगमन राष्ट्रिय योजना आयोगका कार्यदलका सदस्यहरु र परमर्शदातृ संस्थाका सुपरभाइजर तथा विज्ञहरुद्वारा गरिएको थियो । अनुगमनको क्रममा सुपरभाइजरहरुले भरिएका फारामहरुको स्थलगत रुपमा जाँच गरिएको तथा घरधुरीबाट सहि सूचना लिने कार्यमा टोलिलाई मार्गदर्शन तथा निर्देशन समेत गरिएको थियो ।

### १.८.८.३ समूहगत छलफल

महिला विकास कार्यक्रमको प्रभावकारिता मूल्यांकन अध्ययनका सिलसिलामा विभिन्न जिल्लाहरुमा समूहगत छलफल गर्ने कार्य गरिएको छ । समूहगत छलफलमा महिला समूह तथा संस्थाका पदाधिकारी र प्रतिनिधिहरुलाई समावेश गरी छलफलको लागि तयार गरिएको चेकलिष्टका आधारमा बिज्ञहरुले सहजीकरण गरिएको छ । अध्ययनको सिलसिलामा जिल्लाहरुमा गरिएका समूहगत छलफल निम्न अनुसार रहेको छ ।

**तालिका नं. २: समूहगत छलफलका विवरण**

| क.सं. | जिल्ला | समूहगत छलफल | संस्थागत छलफल | किशोरी संगको अन्तरक्रिया |
|---|---|---|---|---|
| १ | संखुवासभा | २ | २ | १ |
| २ | मोरङ्ग | २ | २ | १ |
| ३ | रौतहट | २ | २ | १ |
| ४ | म्याग्दी | २ | २ | १ |
| ५ | रुपन्देही | २ | २ | १ |
| ६ | दाङ्ग | २ | २ | १ |
| ७ | कालिकोट | २ | २ | १ |
| ८ | अछाम | २ | २ | १ |

समूहगत छलफलका लागि महिला समूहहरुमा रहेको सदस्यहरुलाई समावेश गरी छलफल गरिएको थियो । छलफल गर्नका लागि तयार गरिएको चेकलिष्टमा भएका प्रश्नहरुलाई क्रमबद्ध रुपमा छलफलमा प्रस्तुत गरिएको र सो सम्बन्धी छलफलमा महिलाहरुले आफ्ना भनाई तथा अनुभवहरुलाई समूहमा राखी आपसी विचार विमर्श गराएका थिए । छलफलमा भएका निचोडहरुलाई टिप्पणी गरिएको र समग्र छलफलको प्रतिवेदन तयार गरिएको थियो ।



१.८.८.४ मूख्य सूचनादातासंगको छलफल

अध्ययनको सिलसिलामा सरोकारवालाहरुसंग महिला विकास कार्यक्रमको प्रभावकारिता र अन्य पक्षहरु सम्बन्धमा छलफल गर्न विशेषज्ञ टोलीले निम्न बमोजिमका श्रोत व्यक्तिहरुसंग छलफल गरिएको थियो ।

- माननीय सदस्य (महिला विकास कार्यक्रम हेर्ने) राष्ट्रिय योजना आयोग
- सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
- सह सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
- महा निर्देशक र अन्य सम्बन्धीत कर्मचारी, महिला तथा बालबालिका विभाग
- स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति
- प्रमूख महिला विकास अधिकृत र महिला विकास अधिकृत
- जिल्ला स्थित महिला विकास सम्बन्धी विषयत निकाय प्रमूखहरु
- गैर सरकारी संस्था (महिला विकासंग सम्बन्धित)

१.८.८.५ Case Study

महिला विकास कार्यक्रमको अध्ययनको सिलसिलामा बिज्ञहरुद्वार सहकारी संस्थाहरुको Case Study गर्ने सिलसिलामा रुपन्देही जिल्लाको प्रगतिसिल महिला विकास बहुउदेश्यीय सहकारी संस्था लि. र दाङ्ग जिल्लाको भृकुटी महिला सहकारी संस्था लि.को अध्ययन गरिएको छ ।

## १.९ सूचना तथा तथ्यांङ्ग बिश्लेषण

स्थलगत सर्भेक्षण तथा समूहगत छलफलबाट आएका सूचनाहरुलाई प्रशोधन गरी कम्प्यूटरको SPSS बाट बिश्लेषण गरिएको छ । प्राप्त तथ्यांकहरुलाई परिमाणात्मक तथा गुणात्मक विधिबाट मूल्यांङ्कनका मापकहरु ऋनुसार विश्लेषण गरिएको छ । साथै कार्यक्रम चलेको क्षेत्र (Case) र कार्यक्रम नचलेका क्षेत्र (Control) बीचको तुलनात्मक अध्ययन गरिएको छ । मूल्यांङ्कन गर्दा प्रभावित क्षेत्रका महिलाहरुको महिला समूहमा आवद्ध हुनु भन्दा अगाडि र महिला समूहमा आवद्ध भएपछिको स्थितिका बारेमा समेत तुलनात्मक अध्ययन गरिएको छ ।

## १.१० महिला विकास कार्यक्रमको मूल्यांङ्कन

महिला विकास कार्यक्रम करीव तिन दशक देखि नै सालबसाली रुपमा विभिन्न कार्यक्रमहरु संचालन गरिदै आएको देखिन्छ । दोश्रो सूचना र प्राथमिक सूचनाबाट प्राप्त भएका तथ्यांकहरुको बिश्लेषणका आधारमा मूल्याकनका सुनिश्चित मापदण्ड अनुसार औचित्य, प्रभावकारिता, कार्यदक्षता, प्रभाव, दीगोपना, महिलाको सन्तुष्टि र समावेशीकरणका विविध पक्षहरुमा के-कति प्रभाव वा परिवर्तन भएका छन् भन्ने वारे मूल्यांङ्कन गरिएको छ । महिला विकास कार्यक्रमको संचालनबाट सिकेका पठ सिकाई तथा नीतिगत, कार्यक्रमगत तथा सुधार गर्नुपर्ने पक्षहरुका बारेमा सुझाव गरिएको छ ।

## १.११. अध्ययनका सीमाहरु

अध्ययनको सीमाहरु निम्न अनुसार रहेका छन् ।

क) अध्ययनको सिलसिलामा घरधुरी सर्भेक्षणको कार्य बर्षातको समयमा गर्नु परेकोले कृषकहरु वाली लगाउन व्यस्त भएकोले सूचना संकलनको कार्यमा कठिनाई भई अपेक्षा गरिए भन्दा सूचना संकलन गर्न केही समय बढी लागेको ।

ख) घरधुरी सर्भेक्षण सम्बन्धी सूचना संकलन गर्दा धेरै संघ संस्थाहरुले सूचना संकलन गर्ने र सो को कार्यान्वयन नगर्ने परिपाटिले गर्दा सम्बन्धित व्यक्तिहरु सूचना दिन त्यत्ति इच्छुक र उत्साहित नभएको पाइयो ।

ग) आयोजनाका शुरु देखिका प्रतिवेदन र विवरण सम्बन्धी अभिलेखहरु एकीकृत रुपमा राख्ने संस्थागत व्यवस्था नभएकोले आवश्यक सूचनाको कमी भएबाट तुलनात्मक रुपमा अध्ययन गर्न कठिनाई भएको छ ।

घ) यस अध्ययनको TOR मा बिस्तृत रुपमा सबै पक्षहरु समेटिएको भएता पनि कतिपय सूचना प्राप्त हुन नसकेको हुँदा प्राप्त भएका सूचनाका आधारमा मात्र महिला विकास कार्यक्रमको मूल्याङ्कन गरिएको छ ।

## परिच्छेद २

# महिला विकास कार्यक्रम मूल्याङ्कन

## २. लैङ्गिक तथ्यांक बिश्लेषण र तथ्यगत विवरण

### २.१ महिला विकासको अवस्था

नेपालमा महिला विकासको क्रम प्रथम आवधिक योजना अवधि देखि नै विभिन्न कार्यक्रमहरु तय गरिएता पनि छैटौ पंञ्चबर्षीय योजनाकालबाट मात्र नीतिगत रुपमा प्राथमिकता दिइएको देखिन्छ । महिलाहरुको अवस्था र समावेशीकरण, सहभागिता, पहुँच आदिको अवस्था बारे भएका तथ्यांकहरुका आधारमा छैटौ योजानलाई आधार मानि हालसम्मको स्थिति निम्न अनुसार देखिन आएको छ ।

**तलिका नं. ३ महिलाको विभिन्न सूचकहरुको अवस्था**

| महिला सम्बन्धी विवरण | | छैटौ पंचबर्षिय योजनाको (२०३७–४२) | | | २०६८ जनगणनाको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | इकाई | महिला | पुरुष | दुवै | महिला | पुरुष | दुवै |
| जनसांकिय अनुपात | प्रतिशत | ४९.३ | ५०.७ | १००.० | ५१.४ | ४८.६ | १००.० |
| जन्मदा जीवनको अपेक्षा | वर्ष | ४१.१ | ४३.४ | | ६४.५ | ६३.६ | |
| शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म) | ज्ना | १३७.९ | १२८.४ | १३३.६ | | | |
| विवाहको औसत उमेर | वर्ष | १६.८ | २०.९ | | १७.५ | २१.६ | |
| कुल प्रजनन दर | जन्म | ६.१ | | | २.६ | | |
| १० बर्ष र माथिको साक्षरता | प्रतिशत | ५.२ | ३३.२ | १९.२ | ५३.३ | ७५.६ | ६३.७ |
| बिद्यालयमा भर्ना छात्रा अनुपात | प्रतिशत | | | | | | |
| प्राथमिक स्तर | प्रतिशत | २०.० | | | ५० | | |
| निम्नमाध्यामिक स्तर | प्रतिशत | १७.७ | | | ४९ | | |
| माध्यामिक स्तर | प्रतिशत | १८.९ | | | ४८ | | |
| बिश्वविद्यालय स्तर | प्रतिशत | २१.० | | | ३८.६ | | |
| १० बर्ष र माथिको श्रम सहभागिता दर | प्रतिशत | ३५.१ | ८२.९ | ५९.३ | ८०.१ | ८७.५ | |
| आर्थिक दृष्टिले सक्रिय जनसंख्या अनुपात | प्रतिशत | २९.२ | ७०.८ | १०० | | | |
| अर्थिक दृष्टिले सक्रिय | प्रतिशत | ३५.१ | | | ५३.१ | | |
| घरधन्दा गर्ने महिला | प्रतिशत | ५७.१ | | | ७.६ | | |
| निजामती सेवामा सहभागिता | प्रतिशत | २.६ | | | १३.२९ | | |
| लैङ्गिक समानता | सूचाकाङ्क | उपलन्ध नभएको | | | | | |
| लैङ्गिक विकास | सूचाकाङ्क | ,, | | | ०.४९९ | | |
| लैङ्गिक सशक्तिकरण | मपक | ,, | | | ०.४९६ | | |
| लैङ्गिक विषमता | सूचाकाङ्क | ,, | | | ०.५५८ | | |

श्रोत : महिला विकास विभाग, बार्षिक प्रगति तथा राष्ट्रिय जनगणना, २०६८

माथि उल्लेखित तालिका अनुसार छैटौ योजनको पूर्वावस्था र २०६८ को जनगणनाको आवस्थालाई तुलनात्मक रुपमा हेर्दा छैटौ योजना अवधि सम्म जनसंख्यामा महिलाको हिस्सा ४९.३ प्रतिशत रहेकोमा २०६८ को जनगणनामा ५१.४ प्रतिशत भएकोले जनसंख्यामा महिलाको हिस्सा आधा भन्दा बढी हुन पुगेको देखिन्छ। महिलाहरु जन्मदाको अपेक्षित उमेर ४१.१ वर्ष भएकोमा सोमा बृद्धि भै ६४.५ बर्ष पुगेको हुँदा लगभग पुरुष सहर रहेको नै रहेको छ। विवाहको औषत उमेर १६.८ वटा बृद्धि भै १७.५ वर्ष कायम हुन गएको देखिन्छ। पूर्वावस्थामा साक्षरता दर ५.२ प्रतिशत रहेकामा हाल ५३.३ प्रतिशत भएबाट शिक्षाको क्षेत्रमा उल्लेखनिय सुधार भै महिलाहरुको शैक्षिक, सामाजिक र चेतनामा अभिबृद्धि हुन सकेको छ। १० वर्ष माथिको श्रम सहभागिता दर पहिल ३५.१ प्रतिशत रहेकोमा सो दर बृद्धि भै ८०.१ प्रतिशत भएबाट पुरुष सरहनै श्रममा सहभागिता देखिएको छ। साथै आर्थिक रुपले सक्रिय जनसंख्यामा महिलाको अनुपात ३५.१ प्रतिशत भएकोमा सोमा बृद्धि भै ५३.१ प्रतिशत पुगेको हुँदा आर्थिक क्रियाकलापमा महिला सक्रियमा उल्लेख्य भूमिका रहेको देखिन्छ। महिलाहरु घरधन्दामा मात्र सिमित हुन्छन् भने अवधारणालाई परिवर्तन गरी घरधन्दा गर्ने महिला पहिला ५७.१ प्रतिशतबाट घटेर ७.६ प्रतिशतमा कायम भएको देखिन्छ। त्यसैगरी निजामति सेवामा महिला सहभागिता २.६ प्रतिशत रहेकोमा हाल १३.२९ प्रतिशत पुगेको छ। यसबाट महिलाहरुको समग्र विकास तथा सशक्तिकरण र समावेशीकरणमा बृद्धि भएको देखिन्छ।

## २.२ लैङ्गिकता र विकास

लैङ्गिक विकासको दृष्टिकोणबाट तुलनात्मक अध्ययन गर्ने क्रममा भएका तथ्यांकहरुको विश्लेषण गर्दा महिला विकास र लैङ्गिक विकासको परिवर्तित पहुँचको क्रमलाई लिन सकिन्छ। लैङ्गिक विषयलाई महिला र पुरुष बीच विकास, सेवा प्रवाह मूल प्रवाहीकरण, समानता, समता, शसक्तिकरण आदिको विश्लेषण तल गरिएको छ।

### लैङ्गिक समानता र समताः

महिला र पुरुषबीच सबै प्रकारका सामाजिक भेदभावको अन्त्यको अवस्था नै लैङ्गिक समानता (Gender Equality) को अवस्था भएको हुँदा यसमा मूख्य पक्षहरु निम्न अनुसार रहेका छन्।

- महिला र पुरुषलाई समान अवसर
- महिला र पुरुषलाई सामन स्तर
- महिला र पुरुषलाई समान अधिकार
- महिला र पुरुषलाई समान जिम्मेवारी
- विकासको श्रोत एवं प्रतिफलमा महिला र पुरुषको समान पहुँच
- विकास प्रक्रियामा महिला र पुरुषको समान सहभागिता
- निर्णय कार्यमा महिला र पुरुषको समान मत

लैङ्गिक समता भनेको महिलाहरुलाई न्याय दिई भेदभाव र असमानताहरुलाई बरावरी रुपमा मान्यता दिने अवधारणा हो । त्यसका लागि महिलाहरुलाई प्राथमिकता, अग्राधिकार, आरक्षण समता आदिमा अभिबृद्धि गर्नुपर्ने हुन्छ ।

**महिला सशक्तिकरणः**

महिलाहरुको अवस्थामा परिवर्तन ल्याउने समक्षमता सम्बन्धी पहुँच अभिबृद्धि, सहभागितामा बृद्धि, सचेतनाको क्षमता बृद्धि, नियन्त्रण तहमा उच्चतम उपलब्धी हासिल गरी महिलाको अवस्थामा सुधार ल्याउने कार्य हो । यसलाई कल्याणकारी, पहुँच, सचेतना, सहभागिता, नियन्त्रणको अवस्थमा लेखाजोखा गर्न सकिन्छ ।

**महिला मूल प्रवाहीकरणः**

लैङ्गिक विभेदलाई सम्बोधन गर्ने गरी विकास नीति, कार्यक्रम, दीर्घकालिन योजना, कार्यविधि तर्जुमा एवं कार्यान्वयन प्रक्रियामा महिलालाई समाविष्ट गराउने कार्य मूल प्रवाहीकरणमा पर्दछन् । यस अन्तर्गत विकासका मुद्दा, नीति तथा कार्यहरुमा महिलाहरुको इच्छा, अनुभव एवं दूरदर्शिताको सम्मिलन र महिलाहरुको व्यवहारिक आवश्यकतामा रणनीतिक हितको विश्लेषण एवं सम्बोधनका पक्षहरु पर्दछन् ।

**मापकः**

लैङ्गिक विकासलाई बिभिन्न मापकहरुद्वारा समानताका अवस्था हेर्न सकिन्छ । लैङ्गिक विकास सूचांङ्क (Gender–related Development Index), (Gender Empowerment Measures), (Human Development Index) र (Gender Inequality Index) आदिबाट मापन गरिएको हुन्छ । यसबाट लैङ्गिक अवस्थाको जानकारी हासिल गर्न सकिन्छ । सोही आधारमा महिला विकासको आवस्था मापन गरी सुधारका कार्यक्रमहरु अवलम्वन गर्न सकिने छ ।

लैङ्गिक विकासका हिसावले नेपालको महिलाहरुको स्थिति निम्न अनुसार देखिन्छ ।

**तालिका नं. ४ लैङ्गिक विकास सम्बन्धी सूचकहरु**

| विषयहरु | इकाई | महिला | पुरुप | जम्मा |
|---|---|---|---|---|
| जनसंख्या | प्रतिशत | ५१.४ | ४८.६ | १००.० |
| महिला घरमुली घरपरिवार | प्रतिशत | २५.७३ | ७४.२७ | १००.० |
| सम्पत्तिमा महिलाको स्वामित्व | | | | |
| घर जग्गा दुवैमा | प्रतिशत | १०.८ | ८९.२ | १००.० |
| जग्गा जमिनमा | प्रतिशत | ९.०८ | ९०.९२ | १००.० |
| जन्म दर्ता ५ वर्ष मुनिका बालबालिका | | | | ५८.१ |
| नवजात शिशु मृत्यूदर | प्रति हजार जन्म | | | ३३ |

| | | | | |
|---|---|---|---|---|
| ५ वर्ष मुनिका मृत्युदर | | | | ३८ |
| साक्षरता दर | प्रतिशत | ५७.४ | ७५.१ | ६५.९ |
| एच आई भि एडस संक्रमित संख्या | संख्या | ९३४४ | १५८३७ | २५१८१ |
| आर्थिक रुपले सक्रिया जनसंख्या | | ५०४४७८१ | १०६४१३४ | ६१०८९१५ |
| रोजगारी प्राप्त जनसंख्या | | ४२६३३११ | ५६२७७८७ | ९८९१०९८ |
| बाल श्रम (५-१७) | | | | ३७.४ |
| सहकारी | | | | |
| जम्मा सहकारी संख्या | संख्या | | | ३११७७ |
| महिलाद्वारा संचालित सहकारी | संख्या | | | ३६५६( ११.७) प्रतिशत |
| सहकारीमा महिला सदस्य संख्या | संख्या | | | २१००१३७ |
| सहकारीको व्यवस्थापनमा महिला | प्रतिशत | ३३.५७ | | |
| सहकारीमा महिला कर्मचारी | प्रतिशत | ४५.९५ | | |
| महिला विकास कार्यक्रमद्वारा संचालित सहकारी | | | | |
| महिला सहकारी | | | | १६३६( ४४.७ प्रतिशत) |
| महिला सहकारीको प्रतिशत | | | | ५.२ |
| मानव विकास सूचां॰ | ०.५४० | | | |
| लैहिंक असमानता सूचां॰ | ०.४७९ | | | |
| लंहिंक विकास सूचां॰ | ०.५१४ | | | |
| लैहिंक सशक्तिकरण मापक | ०.५६८ | | | |

श्रोतः सामाजिक तथ्यांक, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७२

माथि उल्लेखित तालिका अनुसार महिलाद्वारा संचालित सहकारी संस्थाहरु कूल सहकारी संस्थाको ११.७ प्रतिशत रहेकोमा महिला विकास कार्यक्रमद्वारा संचालित सहकारी संस्थाको हिंसा ५.२ प्रतिशत रहेको छ। महिलाद्वारा संचालिथत सहकारीहरु मध्ये महिला विकास कार्यक्रमहरुद्वारा संचालित महिला सहकारी संस्था ४४.७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सहकारीको व्यवस्थापनमा महिलाहरुको सहभागिता ३३.५७ प्रतिशत रहेको छ। महिला विकास सम्बन्धी सूचांङ्कहरुमा मानन विकास सूचकांङ्क ०.५४० रहेको छ भने लैङ्गिक असमानता सूचकांङ्क ०.४७९, लंङ्गिक विकास सुचकांङ्क ०.५१४ र लैङ्गिक सशक्तिकरण मापक ०.५६८ रहेको छ ।

महिलाको संलग्नता र सहभागिता विभिन्न निजामती, शिक्षक, प्रहरी, नेपाली सेना आदि सेवा तथा क्षेत्रहरुमा भएको अवस्था निम्न अनुसार रहेको देखिन्छ।

**तालिका नं. ५: बिभिन्न सेवा तथा क्षेत्रमा महिला सहभागिता**

| महिला सहभागिता | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निजामती सेवामा | १२८८४ | २०.८ | ४८९६४ | ७९.२ | १८४८ | १००.० |
| न्याय क्षेत्रमा | ८ | ३.०१ | २५८ | ९६.०९ | २६६ | १००.० |
| बिद्यालयमा शिक्षक | ९७२६७ | ३४.२ | १८७१३२ | ६५.८ | ८३९९ | १००.० |
| नेपाल प्रहरी सेवामा | ४१२३ | ६.१ | ६३२९२ | ९३.९ | ७४१६ | १००.० |
| शसस्त्र प्रहरी सेवामा | ११३१ | ३.३७ | ३२३८४ | ९६.६३ | ३३५१५ | १००.० |
| नेपाली सेनामा | १९३६ | १.९७ | ९६६९९ | ९८.०३ | ८६३५ | १००.० |
| नेपाल मेडिकल काउन्सीलमा दर्ता डाक्टर | ५३३५ | ३४.११ | १०३०६ | ६५.८९ | १५६४१ | १००.० |
| नेपाल इन्जिनियरिङ्ग काउन्सीलमा दर्ता इन्जिनियर | ३१४५ | १४.३९ | १८७०८ | (८५(६१ | २१८३५ | १००.० |

श्रोतः सामाजिक तथ्यांक, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७२

माथि उल्लेखित तालिका अनुसार नेपालको विभिन्न सेवामा रहेका महिलाहरुको स्थिति विश्लेषण गर्दा न्याय सेवामा ३.०१ प्रतिशत रहेको छ भने निजामति सेवामा २०.८ प्रतिशत मात्र महिला रहेका छन् । नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा नेपाली सेनामा क्रमशः ६.१, ३.३७ र १.९७ प्रतिशत रहेको छ । यसबाट नेपाली सेनामा महिला सहभागिता ज्यादै न्यून मात्रामा भएको पाईन्छ । महिलाको सहभागिता डाक्टरमा ३४.११ प्रतिशत तथा इन्जिनियरमा १४.३९ प्रतिशत हुनु उत्साहवर्धक अवस्था रहेको हो । निजामती सेवामा महिलाको प्रतिशत जनगणना २०११ म १३.२९ प्रतिशत रहेकोमा सो संख्या हाल २०.८ प्रतिशत देखिन आएकोले निजामती सेवामा उल्लेख्य रुपमा महिलाको सहभागिता बढ्दै गएको देखिन्छ ।

**महिला हिंसाः**

महिलाहरु माथि गरिने हिंसाको अवस्थाका बारेमा प्राप्त आँकाडाका आधारमा शारीरिक हिंसा मात्र, यौन हिंसा मात्र तथा शारीरिक र यौन हिंसा दुवै र शारीरिक अथवा यौन हिंसा हुने गरेको सम्बन्धित तालिकामा दिइएको छ ।

**तालिका नं.६: बिभिन्न प्रकारका महिला हिंसाको अवस्था (सन् २०११)**

| महिला हिंसा (१५ देखि ४९) वर्षका महिलाहरु | प्रतिशत |
|---|---|
| शारीरिक हिंसा मात्र | १३.७ |
| यौन हिंसा मात्र | ४.५ |
| शारीरिक र यौन हिंसा | ७.८ |
| शारिरीक अथवा यौन हिंसा | २६.० |

श्रोतः सामाजिक तथ्यांक, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७२

माथि उल्लेखित तालिका अनुसार शारीरिक हिंसा मात्र १३.७ प्रतिशत हुने गरेको देखिन्छ भने यौन हिंसा मात्र ४.५ प्रतिशत हुने गरेको पाईन्छ। साथै शारीरिक वा यौन हिंसा २६.० प्रतिशत रहेको देखिन्छ भने शारीरिक र यौन हिंसाको मात्रा ७.८ प्रतिशत रहेको छ।

**महिला र बालिबालिका सम्बन्धी अपराधः**

महिला र बालबालिका सम्बन्धी अपराध तथा विभिन्न असामाजिक कार्यहरुमा संलग्न भै दोषि र पीडितको अवस्था तल दिइएको छ।

**तालिका नं.७: महिला र बालबालिका सम्बन्धी अपराध तथा असामाजिक कार्यहरु**

| प्रकारहरु | महिला | | बालबालिका | |
|---|---|---|---|---|
| | पिडित | दोषि | पिडित | दोषि |
| ज्यान सम्बन्धी अपराध | २२३ | २२४ | ७४ | १९ |
| बलात्कार | ६७५ | ३७ | ३९६ | ४१ |
| मानव बेचबिखन | २०३ | १०९ | ३४ | ५ |
| चोरी | २१९ | ६१ | १ | ३३ |
| अपहरण | ६४ | ३५ | १६ | ५ |
| लागूऔषध | ६ | १७५ | ५ | २१ |
| अन्य | ८११ | ११७६ | ५५ | ७७ |

श्रोतः सामाजिक तथ्यांक, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७२

माथि उल्लेखित तालिका अनुसार ज्यान सम्बन्धी अपराधमा दोषि महिला २२४ र बालबालिका १९ रहेका छन्। बलत्कारका पिडित महिला ६७५ छन् भने दोषि ३७ पाइएको छ। बालबालिका बलत्कारका पीडित ३९६ जना रहेका र ४१ जना दोषि भएको देखिन्छ। यसबाट विभिन्न अपराधमा महिला तथा बालबालिकाहरु पिडित भएका छन्।

## २.३ सर्भेक्षण गरिएका क्षेत्रको तथ्यांक

महिला विकास कार्यक्रमको मूल्याङ्कनका सिलसिलमा ८ जिल्लाहरुमा गरिएको घरधुरी सर्भेक्षणको कार्याक्रले समेटएका क्षेत्र (Case) र कार्यक्रमले नसमेटिएका क्षेत्र (Control) को जिल्लागत घरधुरी संख्या विवरण तल दिइएको छ।

**तलिका नं. ८: सर्भेक्षण गरिएका घरधुरी संख्या**

| क्र.सं. | जिल्ला | कार्यक्रमले समेटिएका क्षेत्रका घर धुरी संख्या | कार्यक्रमले नसमेटिएका क्षेत्रका घर धुरी संख्या | जम्मा |
|---|---|---|---|---|
| | संखुवासभा | ५४ | १४ | ६८ |
| | मोरङ्ग | ३३५ | ८४ | ४१९ |
| | रौतहट | १६७ | ४२ | २०९ |
| | म्याग्दी | ४३ | ११ | ५४ |
| | रुपन्देही | २५७ | ६४ | ३२१ |
| | दाङ्ग | १८३ | ४६ | २२९ |
| | कालिकोट | ७६ | १९ | ९५ |
| | अछाम | ३७ | ८ | ४५ |
| जम्मा | | ११५२ | २८८ | १४४० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

**तलिका नं. ९: सर्भेक्षण गरिएका घरधुरीको जातजाती विवरण**

| जिल्ला | दलित | | जनजाती | | अन्य | | तराइ जातजाती | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| संखुवासभा | ८ | १४.८ | ३५ | ६४.८१ | २५ | ४६.३० | ० | ०.०० | ६८ |
| मोरङ्ग | ४० | ११.९ | ९७ | २८.९६ | १६५ | ४९.२५ | ११७ | ३४९३ | ४१९ |
| रौतहट | २४ | १४.४ | ४४ | २६.३५ | ६६ | ३९.५२ | ७५ | ४४.९१ | २०९ |
| म्याग्दी | ६ | १४.० | ८ | १८.६० | ४० | ९३.०२ | ० | ०.०० | ५४ |
| रुपन्देही | २९ | ११.३ | १०१ | ३९.३० | १५६ | ६०.७० | ३५ | १३.६२ | ३२१ |
| दाङ्ग | २४ | १३.१ | १० | ५.४६ | १४८ | ८०.८७ | ४७ | २५.६८ | २२९ |
| कालिकोट | १५ | ४०.५ | ० | ०.०० | ३० | ८१.०८ | ० | ०.०० | ४५ |
| अछाम | २३ | ३०.३ | ० | ०.०० | ६६ | ८६.८४ | ६ | ७.८९ | ९५ |
| जम्मा | १६१ | १४.० | २९५ | २५.६१ | ६७१ | ५८.२५ | १९२ | १६.६७ | १४४० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि उल्लेखित तथ्यांक अनुसार सर्भेक्षण गरिएका क्षेत्रको जातजातीको विवरण हेर्दा दलित १४.० प्रतिशत, जनजाती २५.६१, अन्य ५८.२५ प्रतिशत र तराईका जातजाती १६.६७ रहेको पाइएको छ । उपरोक्त तालिकामा उल्लेख भए अनुसार सबभन्दा बढी दलित कालिकोट जिल्लामा र सबभन्दा कम रुपन्देही जिल्लामा रहेको छ । त्यसैगरी जनजाती तर्फ हेर्दा सबभन्दा बढी संखुवासभा जिल्लामा ६४.८ प्रतिशत छ भने कालिकोट र अछाम जिल्लामा शुन्य प्रतिशत रहेको छ ।

सर्भेक्षण गरिएका क्षेत्रमा रहेका घरपरिवारको घरको किसिम कार्यक्रम संचालन हुनु पहिले र कार्यक्रम संचालन भएपछिको अवस्थाका बारेमा तल तालिकामा दिइएको छ ।

**तालिका नं. १०: सर्भे गरिएका घरपरिवारको घरको किसिम**

| घरको किसिम | पहिला | | अहिले | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर सि.सि. (ढलान गरेको) पिलर भएको पक्की घर | ३०३ | २१.० | ४७८ | ३३.१ |
| ढुङ्गा तथा इट्टाको गाह्रो सिमेन्ट जोडाइ भएको र जस्ता वा ढुङ्गा वा टायल छाना भएको पक्की घर | ४७४ | ३२.९ | ४३१ | २९.९ |
| ढुङ्गा तथा इट्टाको गाह्रो माटो जोडाइ भएको र ढुङ्गा वा खरको छाना भएको कच्ची घर | ४४५ | ३०.९ | ३७० | २५.८ |
| छ्वाली वा खर छाना मात्र भएको कच्ची घर टहरा | २१८ | १५.२ | १६१ | ११.२ |
| जम्मा | १४४० | १००.० | १४४० | १००.० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि उल्लेखित तालिकामा देखाए अनुसार घरको किसिममा महिला विकास कार्यक्रम लागु हुनु भन्दा पहिला आर.सी.सी ढलान गरेको घर २१.० प्रतिशत रहेकोमा कार्यक्रम पश्चात ढलान गरेको घर ३३.१ प्रतिशत देखिएको छ । यसबाट कार्यक्रम शुरु हुनु भन्दा महिलाको तुलनामा पक्की ढलान घर हुने घरधुरीको संख्यामा बृद्धि भै आर्थिक स्थितिमा सुधार भै सम्पतिमा बृद्धि भएको देखिन्छ । त्यसैगरी छ्वाली वा खर छाना मात्र भएको कच्ची घर टहरा कार्यक्रम शुरु हुनु भन्दा पहिला १५.२ प्रतिशत भएकोमा हाल घटेर ११.२ प्रतिशत कायम हुन आएको छ । जसबाट यस श्रेणीमा भएका घर परिवारले कच्ची घरमा सुधार गरी पक्की घर बनाएको स्पष्ट हुन आउछ । तथापि महिला विकास कार्यक्रमबाट मात्रा सम्पूर्ण रुपमा आर्थिक लगानी भएको मान्न सकिदैन । यसमा घरपरिवारको अन्य आम्दानी जस्तैः रेमिटेन्स, उद्योग व्यवसाय तथा अन्य आम्दानी हुन सक्दछ ।

## ३. मूल्यांकनको नतिजा

### ३.१ कार्यक्रमको औचित्य

नेपालको जनसंख्यामा आधा भन्दा बढी हिस्सा महिला भएको हुँदा महिलालाई लक्षित विकासको प्रयासबाट नै राष्ट्रको विकास हुन सक्दछ भन्ने कुरामा दुईमत छैन । महिला विकास कार्यक्रमको औचित्य बारेमा राष्ट्रिय नीति, कार्यक्रमले परिलक्षित गरिएका क्षेत्रहरुका सम्बन्धीमा अध्ययनबाट देखिएका प्रमूख बुँदाहरु निम्न अनुसार रहेको छ ।

#### ३.१.१ महिला विकास कार्यक्रमको उपयुक्तता र औचित्य

महिला विकास कार्यक्रमको कार्यन्वयन २०३९/४० साल देखि हालसम्म सालबसाली रुपमा संचालन हुँदै आएको छ । यति लामो समयसम्म यस कार्यक्रमले निरन्तरता पाउनु, लक्षित समूहमा विस्तार गरिदै लैजानु र यसको संगठनात्मक रुपमा जनशक्ति थपिदै जानुका साथै सबै जिल्लामा कार्यक्रम संचालनले व्यापकता पाउदै जानुले पनि यसको औचित्य सावित हुन गएको छ ।

महिला विकास कार्यक्रमको कार्यान्वय प्रक्रियाको सम्बन्धमा विगत तीन दशकदेखि कार्यक्रम संचालनका रणनीति, अवधारणाहरु अनुरुप कार्यान्वय गरी आएकोमा अहिले आएर कार्यक्रमको ढाँचामा परिवर्तन गरी कार्यक्रम संचालन मार्गदर्शन २०७१ लागु गर्दै महिलाको सशक्तिकरणको पक्षलाई केन्द्र बिन्दु मानेर क्रियाकलापहरु अगाडि बढाइएको छ ।

कार्यक्रम कार्यान्वयन प्रक्रियालाई हेर्दा लक्षित समूहको पहिचान, समूहीकरण, संगठित महिलाहरुको व्यक्तित्व विकासका तालिम, क्षमता अभिबृद्धिका कार्यहरु, व्यवसायिक शीप विकास तालिम, व्यवसायिक समूह गठन, बिउ पूँजी र बचत परिचालन जस्ता क्रियाकलापहरुबाट विपन्न महिलाहरुलाई केन्द्रित गरी तल्लो तह देखि (Buttom -up qpproach) संचालन भएको देखिन्छ । तथापि विभिन्न निर्णय प्रक्रिया माथि बाट तल जाने (Top- down approach) पनि अवलम्बन गरिएको छ । यसमा विभिन्न क्रियाकलापहरु स्थानीय समूहको सहभागितामा तर्जुमा नभई केन्द्रस्तरबाट नै लक्ष्य तोकी कार्यक्रम पठाउने गरिएको छ । केन्द्रस्तरबाट नै क्रियाकलपाका ढांचाहरु तयार हुने हुँदा प्रायजसोः सबै जिल्लामा एउटै ढाँचामा कार्यक्रम संचालन भैरहेको छ ।

यस कार्यक्रमको लक्ष्य र उद्देश्य गरीव तथा विपन्न ग्रामिण महिलाहरु भएको सो लक्षित महिलाहरु ५२ लाख भएकोमा यस कार्यक्रमबाट हालसम्म ९ लाखलाई मात्र पहुँच पुग्न सकेको देखिन्छ । यस कार्यक्रमले अन्तरराष्ट्रिय प्रतिबद्धता, सन्धी सम्झौतामा गरिएका प्रावधानहरुलाई अंगिकार गर्दै राष्ट्रिय योजनामा सरकारको प्राथमिकता प्राप्त कार्यक्रम रहेको छ । यस कार्यक्रमले महिलाहरुको सशक्तीकरण, मूलप्रवाहीकरण र समावेशीकरणबाट उनीहरुलाई सक्षम र सवल बनाउने भएकोले पनि अझै ग्रामीण क्षेत्रमा पुग्न बांकी नै रहेको अवस्थाले गर्दा कार्यक्रमको संचालनमा उपयुक्त देखिएको छ । साथै कार्यक्रमको निर्धारित लक्ष्य हासिल गर्न र महिलाहरुको विकासबाट नै राष्ट्रिय विकासको लक्ष्य प्राप्त गर्न सकिने भएकोले महिला विकास कार्यक्रम औचित्यपूर्ण रहेको छ । जिल्लागत रुपमा महिला विकास कार्यक्रमको औचित्यका सम्बन्धमा गरिएको सर्भेक्षणको नतिजा अनुसार कार्यक्रमको औचित्य अछाम, कालिकोटका उत्तरदाताले सबै भन्दा बढी ९७.० प्रतिशत औचित्य रहेको जनाएका छन् । अन्य जिल्लाहरुमा पनि ६० प्रतिशत भन्दा बढी उत्तरदाताले कार्यक्रमको औचित्य भएको बताएका छन् ।




उल्लेति बार चार्टमा देखाए अनुसार विभिन्न जिल्लाका महिलाहरुले कार्यक्रमको औचित्य देखाएका छन् । जसमा अछाम, कालिकोट जस्ता पहुँच नपुगेका र दूर्गमा जिल्लामा कार्यक्रम अति नै औचित्य पूर्ण रहेको देखिन्छ भने रौतहट, मोरङ्ग, दाङ्ग जिल्लामा समेत ६० प्रतिशतले औचित्य भएको कुरा औंल्याएका छन् ।

महिला विकास कार्यक्रम अन्तर्गत संचालित विविध कार्यक्रम र सोही अनुसारका १०० भन्दा क्रियाकलापहरु संचालन भैरहेको देखिन्छ (अनुसूची २)

### ३.१.२ महिला विकास कार्यक्रमको सरकारी नीति, राष्ट्रिय प्राथमिकतामा एक रुपता

महिला विकास सम्बन्धी पञ्चबर्षीय योजनाहरुमा नीतिगत व्यवस्था हुँदै आएता पनि महिला विकासको स्पष्ट गुरु योजना (Master Plan) अझै बनि सकेको पाइदैन । महिला विकास सम्बन्धी नीति तथा प्राथमिकताको विषयमा पहिलो पल्ट छैठौ पञ्चवर्षीय योजनामा महिला सहभागिता प्रबर्द्धन गर्ने सम्बन्धी नीति समावेश गरिएको पाइन्छ । सो योजनामा महिला विकास सम्बन्धी प्राथमिकता निर्धारण गरी रणनीति तथा कार्यनीति तय गरी योजनाबद्ध बिकासमा महिलालाई आर्थिक रुपमा सक्रिय सहभागिता बढाउनुका साथै महिलाको कार्य क्षेत्र विस्तार गरिनु पर्ने विषयमा जोड दिएको थियो । सातौ पञ्चवर्षीय योजनामा पनि महिला क्रियाकलापद्धारा उत्पादकत्व र क्षमता बढाउनुका साथै उनीहरुलाई विकास प्रक्रियमा पुरुष सरह सक्रिय रुपमा सहभागी बनाउने नीति अवलम्बन गरेको पाईन्छ । आठौ योजनामा महिलाहरुलाई विकासको मूलप्रवाहमा समाहित गर्ने र उनीहरुको सामाजिक, आर्थिक उत्थान गर्ने कार्यनीतिहरु निर्धारण गरिएको देखिन्छ । नवौं योजनामा लैङ्गिक समानता र महिला सशक्तीकरणका कार्यक्रमहरु तर्जुमा गरिएको पाईन्छ । महिला वर्गलाई मूलप्रवाहमा सम्माहित गराउन कल्याणकारी दृष्टिकोण भन्दा समता तथा सशक्तीकरण आवश्यक भएको कुरा औल्याइएको छ । दशौ पञ्चवर्षीय योजनाको रणनीति गरीवी निवारणमा लैङ्गिक मुलप्रवाहीकरण एवं महिला सशक्तीकरणलाई जोड दिइएको थियो । त्यसैगरी तीन वर्षीय

अन्तरिम योजनाले राज्य संरचनामा महिलाको प्रतिनिधित्व र विकास प्रक्रियमामा लैङ्गिकीकरणमा जोड दिएको पाईन्छ ।

वि.सं. २०६८ को जनगणना अनुसार देशको कूल जनसंख्या मध्ये १८ वर्षमुनिका बालबालिका तथा किशोर-किशोरी ४४.४ प्रतिशत रहेका छन् भने १०-१९ वर्ष उमेर समूहका बालबालिका तथा किशोर किशोरीको जनसंख्या २४.१९ प्रतिशत रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०४८ र नियम २०५१ को कार्यान्वयनबाट समेत बालबालिकाको समग्र विकासमा सकारात्मक नतिजा प्राप्त हुन थालेका छन् । बालबालिकाको हकहित र अधिकारलाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउन बालअधिकारका मुख्य विषयहरू बाल बचावट, संरक्षण, विकास र अर्थपूर्ण सहभागिताका लागि बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) कार्यान्वयन भैरहेको छ । यसैगरी किशोरकिशोरीको हक अधिकार सुनिश्चित गरी विकास प्रक्रियामा उनीहरूको सहभागिता अभिवृद्धि गर्ने ध्येयले किशोर-किशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन हुने अवस्थामा रहेको छ ।

बर्तमान पञ्चवर्षीय योजनामा पनि लैङ्गिक समानता तथा महिला सशक्तीकरणका नीतिहरुको निरन्तरता कायम गरिएको छ । यस योजनामा निर्दिष्ट गरिएका कार्य योजनाहरुमा महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०, लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी कार्ययोजना (२०६९/७०-०७३/७४) तथा संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/७२) कार्यान्वयनमा रहेका छन् । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी कानूनी आधार तयार भएको छ । लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ कार्यान्वयनमा ल्याई लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको छ ।

निजामती सेवा (१५.३ प्रतिशत पुगेको), नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरी, नेपाली सेना लगायतका राज्यका विभिन्न अंगहरूमा महिला सहभागिता बढ्दै गएको छ । लैङ्गिक उत्तरदायी बजेटतर्फ मुलुकको कूल बजेटको २१.७५ प्रतिशतको अनुपात र स्थानीय निकायमा जाने अनुदानको कम्तीमा १० प्रतिशत रकम महिला सशक्तीकरण तर्फ छुट्याउनु पर्ने व्यवस्था भएको छ । बिपन्न ग्रामीण महिलाका लागि वैकल्पिक अवसर श्रृजना गर्ने गरी सञ्चालित महिला विकास कार्यक्रमबाट आर्थिक वर्ष २०६९/७० को अन्तसम्ममा देशका पचहत्तरै जिल्लाका गाउँ विकास समितिमा विस्तार भइसकेको छ । घरेलु हिंसा र यौनजन्य दुर्व्यवहारबाट प्रभावित महिलाका लागि १५ जिल्लामा सेवा केन्द्र सञ्चालनमा आएका छन् । नेपालले सहस्राब्दि विकास लक्ष्य प्राप्तीका लागि गरेका प्रयासबाट मातृ मृत्यु दरमा सुधार आई प्रति एक लाखमा १७० मा झरेको छ । महिलाहरूको कुल साक्षरता दर ५७ प्रतिशत भन्दा बढी पुगेको छ भने १५-२४ वर्षको उमेरका महिलाहरूको साक्षरता दर ८५ प्रतिशत पुगेको छ । यी उल्लेखित महिला सम्बन्धी राष्ट्रिय नीति, प्राथमिकता तथा योजनालाई कार्यान्वयन गर्न कार्यक्रमको औचित्य रहेको छ ।

### ३.१.३ कार्यक्रम तर्जुमा र कार्यान्वयको सोचतालिका (लगफ्रेम)

महिला विकास कार्यक्रमको सोच तालिका तयार गरिएकोमा सो तालिकामा राखिएका कथ्य सारांश, परीक्षणयोग्य सूचकहरु, परिक्षणका माध्यमहरु, मूख्य अनुमानमा उल्लेख गरिएका लक्ष्य, उपलब्धी, प्रतिफल र क्रियाकलापहरु स्पष्ट रुपमा खिचिएको अवस्था नरहेको र सोच तालिका अनुसारका कार्यक्रमको कार्यान्वयन भएको देखिदैन । तथापि महिला विकास कार्यक्रमको तीन आयाम र पाँच प्राथमिकता सहितको कार्यक्रम संरचना तयार गरिएको छ (बार्षिक प्रगती प्रतिवेदन २०६४/६५) । उक्त सोच तालिकामा उल्लेख भएका तथ्य सारांश र परीक्षणयोग्य सूचकमा देखाइएका सूचकहरुको बिश्लेषण गर्दा, उल्लेखित सूचकहरु हासिल गर्ने गरी क्रियाकलापहरु तर्जुमा गर्नु पर्नेमा सो अनुरुप स्पष्ट रुपले उल्लेख नभएबाट सोच तालिकामा किटान भएका लक्ष्यहरु अनिश्चित र बृहत स्तर (Macro Level) को भएबाट तदनुरुपका महिला विकासका क्रियाकलापहरु तर्जुमा हुन नसकेको पाइयो । महिला विकास कार्यक्रमहरु तर्जुमा गर्दा उक्त सोच तालिका भन्दा बिभिन्न समयमा दातृ नियकाले लगानी गर्न जोड दिएका क्षेत्र, समय समयमा राजनैतिक स्तरबाट हुने गरेका निर्णयहरु र समसामयिक आवश्यकतालाई ध्यान दिएकाले कार्यक्रममा एकरुपता र सोच तालिका बमोजिम हुन नसकेको देखिन्छ । तसर्थ विगतमा तयार गरिएको सोच तालिका पुनरावलोकन गरी कार्यक्रमको आयम (मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरण) अनुरुप संरचनालाई आधारमानी सोच तालिका (लगफ्रेम) बनाउनु पर्ने देखिन्छ । तदनुरुपको सोच तालिकाको नमूना अनुसूचिमा संलग्न गरिएको छ ।

### ३.१.४ महिला विकास कार्यक्रमले नेपालको अन्तर्राष्ट्रिय दायित्व पुरा गर्ने सम्बन्धी औचित्य

नेपालले महिला सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्नु पर्ने दायित्व भएकोले यस सम्बन्धी महिला तथा बालबालिका मन्त्रालय तथा विभागबाट परिपालन गरी कार्यक्रमहरु संचालन गरिनु पर्ने हुन जान्छ । प्रायजसो उक्त सभा सम्मेलन, बैठक आदिमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रतिनिधित्व गर्ने गरेको देखिन्छ । साथै सन्धि सम्झौता र प्रतिबद्धता एवं अन्तर्राष्ट्रिय सम्मेलनमा भएका निर्णयहरु कार्यान्वयन गर्ने राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने फोकल निकायको किटान औपचारिक रुपमा अझै भएको पाइदैन (सरोकारवालाहरुसंगको छलफल) । तसर्थ यस सम्बन्धी कार्यहरु गर्नका लागि महिला तथा बालबालिका विभागलाई फोकल निकाय तोकि कार्यान्वयन गरिनु पर्दछ । अन्तर्राष्ट्रिय महासन्धीका केही प्रावधानहरु मध्ये निम्न अनुसारका प्रावधानहरु कार्यान्वयन गरिएका देखिन्छन् ।

१. जिउ मास्ने, बेच्ने तथा बेश्यावृतिको शोषणको दमन सम्बन्धी महासन्धी सन् १९४९ का सम्बन्धमा

- जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ तर्जुमा गरी लागु गरिएको छ ।
- मानव बेच बिखन र ओसार पसार नियन्त्रयण नियमावली, २०६५ लागु गरिएको ।

२. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी सन् १९७९ सम्बन्धमा

- नेपालको संविधान, २०७२ मा उल्लेख गरिएको छ ।
- लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन, २०६३ मा उल्लेख गरिएको ।
- घरेलु हिंसा (कसुर सजाय) ऐन, २०६३ लागु गरिएको
- लैङ्गिक हिंसा निवारण कोष संचालन नियमावली, २०६७ लागु गरिएको छ । जसमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिने छ र सो रकम पिडितलाई तत्काल उपचार गर्न, औषधि गर्न, कानूनी सहायता गर्न, व्यवसायको लागि विउ पूँजी प्रदन गर्न, पुनर्स्थापना गराउनका लागि कार्यविधि अनुसार खर्च गरिने छ ।
- कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार (निवारण) ऐन, २०७१ लागु गरिएको छ । यस ऐनमा कसैले पनि कार्यस्थालमा यौनजन्य दूर्व्यवहार गर्न वा गराउनु हुँदैन र कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दवाव प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा यौंनजन्य आशयले गरेका क्रियाकलपाको विरुद्ध उजुरी दिन सक्ने र सजायको व्यवस्था गरिएको छ ।
- एकल महिला सुरक्षा कोष (संचालन) नियमावली, २०७० लागु गरिएको छ । यस ऐनमा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एक महिलाको हित र संरक्षण गर्ने काम समेतको लागि कोष स्थापना गरिने प्रावधान रहेको छ । उक्त कोषको रकम एकल महिलालाई शिक्षा, शीपमूलक तालिम, स्वरोजगार कार्यक्रम संचालन, औषधी उपचार गर्न, राहत तथा पुनर्स्थापना गर्न, कानूनी सहायता गर्न आदिका लागि सहयोग गरिने छ ।

३. बाल अधिकार महासन्धी सन् १९९० लागु गर्ने सम्बन्धमा

- बालबालिका सम्बन्धी ऐन, २०४८ बनाई लागु गरिएको छ ।
- बाल श्रम ऐन, २०५६ लागु गरिएको छ ।

अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने सम्बन्धमा महिला विकास कार्यक्रमबाट संचालित भएका कार्यक्रमहरु मध्ये गरीवी बिरुद्ध महिला अभियान कार्यक्रमले सहसताव्दी लक्ष्य पुरा गर्न सहयोग पुऱ्याएको छ । बाल अधिकार महासन्धी १९९० मा उल्लेख भएका प्रतिवद्धता पुरा गर्न बाल अधिकार सम्बर्द्धन कार्यक्रमले सघाएको छ । त्यसैगरी बेजिङ्ग सम्मेलन १९९५ ले किटान गरेको सरोकारका क्षेत्रहरु मध्ये महिला र गरीवी, महिला विरुद्ध हिंसा, बालबालिका सम्बन्धी कार्यहरुलाई सघाउन लैङ्गिक हिंसा निवारण, गरीवी विरुद्ध महिला अभियान, बाल अधिकार सम्बर्द्धन, किशोरी विकास तथा लैङ्गिक हिंसा निवारण जस्ता कार्यक्रमहरुले प्रमूख भूमिका निभाएका छन् ।

### ३.१.५ महिला विकास कार्यक्रमले अपनाएका कार्यक्रम कार्यान्वयन पक्षको उपयुक्तता

महिला विकास कार्यक्रमको अधिकांस क्रियाकलापहरु जिल्ला स्तरबाट संचालन भएका छन् । जिल्लामा अवस्थित महिला तथा बालबालिका कार्यालयको अगुवाईमा नै कार्यान्वय भै रहेको छ । समयको

आवश्यकता अनुसार केही वर्ष यता महिला विकास कार्यक्रम सशक्तिकरण पक्षलाई मूख्य रुप दिई अन्य क्रियाकलापहरु संचालन गरेको देखिन्छ ।

महिला विकास कार्याक्रमको निर्धारित लक्ष्य अनुसार बार्षिक रुपमा विभिन्न कार्यक्रमहरु तर्जुमा गर्ने गरिएको छ । उक्त बार्षिक कार्यक्रम अनुरुपका क्रियाकलापहरु जिल्ला स्तरमा संचालन गरिने छन् । चालु खर्च शीर्षकबाट संचालन हुने कार्यक्रमहरुलाई छुट्याइएका बजेट निकास गरी जिल्लास्तरमा सोही अनुसार कार्यान्वयन गरी खर्च गरिने परिपाटि रहेको छ । कार्याक्रमको कार्यान्वयन लक्षित समूहको शक्तिकरणको प्रक्रिया भएकोले निरन्तर रुपमा संचालन गरिएको छ । समुदायस्तरमा समूह, वडास्तरमा समिति र गा.वि.स. स्तरमा संस्था मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरिएको र सोही अनुसार किशोरी समूह, व्यवसायिक समूहका लागि परिलक्षित कार्यक्रमको कार्यान्वयन भएको छ । प्रशिक्षण तथा क्षमता अभिवृद्धि सम्बन्धी कृयाकलापहरुलाई निरन्तर रुपमा नयाँ समूह तथा भैरहेका समूहमा संचालन गरिएको छ । राष्ट्रियस्तरको नीतिगत कार्यक्रम जस्तैः गरीवी बिरुद्ध महिला अभियान, बाल अधिकार सम्बर्द्धन, लैङ्गिक हिंसा निवारण आदि कार्यक्रमहरु समुदायस्तर तथा जिल्लास्तरमा संचालन गरिएको छ । यसरी कार्यक्रमको कार्यान्वयन पक्षलाई हेर्दा केन्द्रियस्तर, जिल्लास्तर, गा.वि.स. स्तर र समुदायस्तरमा विभिन्न कार्यक्रम संचालन गरिएको र स्थानीय महिलाहरुको जीवनोपयोगी कार्यक्रम भएको हुँदा उनीहरुको सशक्तिकरणमा जोड दिइएकोले उपयुक्त भएको देखिन्छ ।

महिला विकास कार्यक्रमबाट महिलाहरुको विकासमा पुगेको सहयोगका सम्बन्धमा गरिएको स्थलगत सर्भेक्षणबाट देखिएको नतिजा अनुसार ८१ प्रतिशतले सहयोग पुगेको भन्ने भनाई रहेको छ । उक्त सम्बन्धी चार्ट तल दिइएको छ ।




उल्लेखित चार्ट अनुसार महिला विकास कार्यक्रमबाट महिलाहरुलाई पुगेको सहयोगका सम्बन्धमा गरिएको अध्ययनले करीव ८१ प्रतिशत महिलालाई सहयोग पुगेको देखिन्छ भने करीव १९ प्रतिशत महिलालाई कार्यक्रमबाट सहयोग पुग्न नसकेको भन्ने भनाई रहेको छ ।

**महिला विकास कार्यक्रम केन्द्रस्तर तथा जिल्ला स्तर भएता पनि अधिकांश कार्यक्रमको कार्यान्वय जिल्लाबाट गरिने  गरिएको छ । केन्द्रिय स्तरका अपाङ्ग परिचय पत्र वितरणको कार्यका साथै जिल्लास्तरका विभिन्न क्रियाकलापको कार्यान्वयन जिल्लाको मौजुदा जनशक्ति र श्रोत साधनबाट सम्पन्न गर्ने गरिएकोमा बढि क्रियाकलापहरु भएबाट कार्यान्वय पक्षको उपययुक्तता भएता पनि समयमा नै सम्पन्न गर्न कठिनाई रहेको छ ।**

### ३.१.६ महिला विकास कार्यक्रमको डिजाइन भौगोलिक क्षेत्र समेट्ने कार्यक्रमको लागि लक्षित जनसंख्याको आकारको उपयुक्तता

महिला विकास कार्यक्रमको रुपरेखा तयार गर्दा शुरुमा ५ जिल्लाबाट शुरु भएतापनि बिस्तार गरी ७५ वटै जिल्लामा संचालन गरी लक्षित महिलालाई समेट्ने कार्य भएको छ । लक्षित जनसंख्यालाई समेट्ने गरी गा.वि.स तथा नगरपालिकाका वडाहरुमा समूह गठन, परिचालन, बचत तथा ऋण र क्षमता अभिबृद्धिका तालिम सहितका विविध क्रियाकलापहरु संचालित भै रहेका छन् । महिला विकास कार्यक्रमले समेटेको भौगोलिक क्षेत्रका जिल्लाहरु, गा.वि.स, नगरपालिका तथा कार्यक्रमद्वारा गठन गरिएका समूह, समिति र संस्थाहरुका साथै लाभान्वित लक्षित समूह आदिको विगत ५ वर्षको विवरण तल तालिकामा दिइएको छ ।

**तालिका नं. ११: महिला विकास कार्यक्रमले समेटेका क्षेत्र तथा समूहिकीकरणको अवस्था**

| कार्यक्रम संचालित क्षेत्र तथा जनसंख्या | २०३९।४० देखि २०६५।६६ सम्म | २०६७।६८ सम्म | २०६८।६९ सम्म | २०६९।७० सम्म | २०७०।७१ सम्म |
|---|---|---|---|---|---|
| कार्यक्रम संचालित जिल्ला | ७५ | ७५ | ७५ | ७५ | ७५ |
| कार्यक्रम संचालित गा.वि.स. | २४४३ | ३३६० | ३५७० | ३६३६ | ३४९८ |
| कार्यक्रम संचालित नगरपालिका | ३५ | ३७ | ४१ | ४३ | ११७ |
| कार्यक्रम संचालित वडा | १५७८७ | १९,५०७ | २१३६२ | २२४२१ | २१२५३ |
| गठन भएका महिला समुह संख्या | ७५८५९ | १०७,९५८ | १२३५७३ | १३२९२८ | १५०८४२ |
| समुहमा लाभान्वित महिला | ४७८०६९ | ६५३,०८३ | ७३६०४६ | ८०७९७६ | ८९२४७४ |
| दलित | ७४०४२ | १०६,०८६ | १२४५१६ | १३१७३५ | १४२९४७ |
| जनजाती | १६१८२१ | २१९,४७१ | २५८९१२ | २९२६१५ | ३०२१२५ |
| अन्य | २४२२०६ | ३२७५२६ | ३५२६१८ | ३८३६२६ | ४४७४०२ |

श्रोत : महिला विकास कार्यक्रम, बार्षिक प्रगति प्रतिवेदनहरु

माथिको तालिकामा देखाए अनुसार आ.व. २०७०।७१ सम्ममा ७५ जिल्लाका ३४९८ गा.वि.स र ११७ नगरपालिकामा कार्यक्रम संचालन भएको देखिन्छ । शुरुको अवधिमा ५ जिल्लाबाट संचालित कार्यक्रमले हाल नेपालको सबैजसो भौगोलिक क्षेत्र समेटिएको छ । कार्यक्रमबाट गठन भएका महिला समूह आ.व. २०६५।६६ सम्म ७५, ८५९ रहेकोमा बार्षिक रुपमा समूह गठन तथा विस्तार हुँदै आ.व.२०७०।७१ १५०,८४२ समूह गठन भएको छ । समूहमा आवद्ध भै लाभान्वित भएका महिलाहरु आ.व. २०७०।७१ सम्मको संख्या ८ लाख ९२ हजार ४ सय ७४ पुगेको छ जसमा दलित १४२, ९४७ (१६.० प्रतिशत), जनजाती ३०२, १२५ (३३.८ प्रतिशत) र अन्यमा ४४७,४०२ (५०.२ प्रतिशत) रहेको छ ।

**लक्षित जनसंख्या करीव ५२ लाख मध्ये हालसम्म करीव ९ लाखमा मात्र पहुँच पुगेकोले लक्षित जनसंख्यालाई पूर्ण रुपमा समावेश गर्न कार्यक्रमको अझै बिस्तार गरिनु पर्ने आवस्था देखिएको छ । हालको कार्यक्रमबाट समेटिएको संख्या करीव १७ प्रतिशत मात्र हुन आएकोले लक्षित जनसंख्याको उपयुक्तता भएता पनि समेटन पर्ने जनसंख्या अझै बांकी रहेको छ ।**

### ३.१.७ लक्षित जनसंख्याको आवश्यकतालाई सम्बोधन गर्न कार्यक्रमको क्षमता

महिला विकास कार्यक्रम गरीव, विपन्न तथा ग्रामिण क्षेत्रका करीव ५२ लाख जनसंख्यालाई लक्षित गरी संचालन गरिएको छ । ती महिलाहरुको व्यक्तिगत क्षमता, व्यक्तित्व विकासका साथै सामाजिक परिवर्तन तथा आर्थिक क्रियाकलापहरुमा संलग्न गराई जीवनयापनमा सुधार गर्नुका साथै बालबालिकाहरुको भविष्य प्रति सहजीकरण गर्ने क्रियाकलापहरु गरिएको छ । यसबाट ती महिलाहरुको आवश्यकतालाई सम्बोधन गर्ने तर्फ कार्यक्रम तय गरिएको देखिन्छ । महिलाहरुलाई समूहिकरण गरी विभिन्न तालिमका माध्यमबाट बोल्न सक्ने, समाजमा आफ्नो कुरा राख्न सक्ने, सामाजिक रुपमा संगठित हुने, प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी र निर्णय गर्न सक्ने, समूहमा बचत गर्ने तथा संस्थागत रुपमा बचत परिचालन, लगानी तथा व्यवसाय संचालन गर्ने आदिबाट महिलाको सामाजिक तथा आर्थिक र जिवनस्तरमा सुधार भएको पाइएको छ । हालसम्म कार्यक्रमबाट करीव ९ लाख जनसंख्यामा मात्र पहुँच पुग्न सकेको हुँदा बांकी रहेका जनसंख्याको आवश्यकतालाई सम्बोधन गर्न हाल संचालिन कार्यक्रमबाट मात्र सम्भव हुने देखिदैन । विगत ३० वर्षको बार्षिक बृद्धि दर निकै कम रहेको हुँदा मौजुदा संस्थागत संरचना र कार्यक्रम संचालन व्यवस्थापनबाट लक्षित जनसंख्या सम्पूर्ण रुपमा समेट्न निकै समय लाग्ने देखिएको छ । सालवसाली कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्थापबाट संचालित कार्यक्रमको क्षमताबाट मात्र लक्षित जनसंख्याको आवश्यकतालाई पूर्ण रुपमा समेट्न निकै कठिन रहेको छ ।

### ३.१.८ यस कार्यक्रमको फेज भित्र र फेज बाहिर गर्ने कार्यको उपयुक्तता

महिला विकास कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन भएका र सोही अनुसार विविध क्रियाकलापहरु गरिदै आएका छन् । समूहीकरण गरी लक्षित समूहलाई मूल प्रवाहीकरणबाट महिलाहरुको सामाजिक, आर्थिक तथा व्यक्तित्व विकास गर्ने प्रक्रिया निरन्तर रुपमा लक्षित जनसंख्यालाई पूर्णरुपमा हासिल नहुँदा सम्म संचालन हुनेछ । यस कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न केही कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने र केही कार्यक्रम अन्तर्गतका एउटै प्रकृतिका क्रियाकलापहरु परिमार्जन गरी फेज भित्र र फेज वाहिर गर्नु पर्ने देखिन्छ ।

क) लक्षित महिला पहिचान र समूहीकरण कार्यक्रम
लक्षित जनसंख्यालाई समूहीकरण गर्न अझै बांकी रहेको हुँदा लक्षित समूह पहिचान र समूहीकरण गर्ने कार्यलाई निरन्तरता दिई यस अन्तर्गतका क्रियकलापहरु व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण, समूह सदस्यको अनुशिक्षण र आधारभूत तालिम, व्यक्तित्व विकासलाई समूहीकरण गरे लगतै एकीकृत रुपमा संचालन गर्नु आवश्यक छ ।

ख) व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण
यस प्रारम्भिक प्रशिक्षणमा समूह सदस्यहरुको अनुशिक्षण, महिला पुरुष सम विकास तालिम, आधारभूत तालिम, सासु बुहारी अन्तरक्रिया र प्रजनन स्वास्थ्य तालिम प्रादन गरिने गरिएको छ । समूह गठन गरिए

पश्चात तत्कालै यी आधारभूत तालिम संचालन गरी महिलाहरुको व्यक्तित्व तथा क्षमता विकास हुने हुँदा यसलाई लक्षित महिलाको पहिचान र समूहीकरण कार्यक्रमसंग मिलान गरी संचालन गरिनु पर्दछ ।

ग) संस्थागत विकास र सहभागिता कार्यक्रम

महिला समूह, समितिहरुलाई संस्थागत रुपमा सहकारी संस्थामा आवद्ध गरी संस्थागत विकास गर्ने कार्यमा निरन्तरता दिइनु पर्ने छ । यसमा संस्थाको स्थापना र संचालन भए पछि सो क्षेत्रमा रहेको समूह, समितिको बचत परिचालन क्रमिक रुपमा फेज वाहिर गर्दै नयाँ समूह तथा समितिहरुलाई फेज भित्र गर्ने कार्य गरिनु पर्दछ । हाल निस्कृय रुपमा रहेका समूह, समितिहरुलाई निगरानी समूहको सक्रियता र महिला विकास कार्यालयको विशेष अनुगमन र निरिक्षणमा सक्रिय बनाउनु पर्नेछ । साथै समूह र समितिमा रहेको बचतलाई यथाशक्य संस्थागत गरिनु पर्नेछ ।

ग) शीप तथा व्यासायिकता विकास तालिम

समिति अन्तर्गत व्यवसायिक समूह गठन गरी उनीहरुलाई शीप विकास तालिम र व्यावसायिक विकास तालिम प्रदान र उद्यम व्यवसाय संचालन गर्ने कार्यक्रम रहेको छ । यसमा ५ दिन देखि ९० दिन सम्मका विभिन्न शीप तथा व्यवसायिक तालिम दिने गरिएकोमा ज्यादै छोटो समयको तालिमबाट क्षमता विकास हुन नसक्ने भएबाट १५ दिन सम्मको तालिमलाई फेज बाहिर गर्ने र व्यवसायिकता विकास तालिमको लागि MEDEP बाट तयार गरिएको पाठ्यक्रम र सामाग्रीमा आधारित तालिम प्रदान गरिनु पर्दछ । शीप विकास तालिम CETVT द्वारा तयार गरिएको पठ्यक्रम अनुसार १२० देखि ३९० घण्टाको गरिनु आवश्यक छ ।

घ) गरीव बिरुद्ध महिला अभियान कार्यक्रम

गरीव बिरुद्ध महिला अभियान कार्यक्रमले लक्षित महिला समूहलाई व्यासायिक तालिम दिई उद्यम तथा व्यवसाय संचालन गरी आर्थिक विकास गर्ने अभिप्रायले संचालन गरिएको र शीप विकास तथा व्यवसायिक तालिम दिने गरिएको छ । यो कार्यक्रमको क्रियाकलापहरु शीप तथा व्यवसायिकता विकास तालिमका क्रियाकलपाहरुसंग मेल खाने र महिलाहरुलाई शीप र व्यवसायिकता तालिमबाट उद्यम व्यवसाय संचालन गरी उनीहरुको जीवनस्तर उकास्ने अभिप्राय भएकोले यस कार्यक्रमलाई एउटै बनाई फेज भित्र राखी संचालन गरिनु पर्दछ ।

ङ) लैङ्गिक हिंसा निवारण कार्यक्रम

यस कार्यक्रम नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय रुपमा लैङ्गिक हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय सहित सेवा केन्द्र संचालन गर्ने तथा मानव बेचविखन विरुद्ध जिल्ला कार्यसमितिलाई अनुदान दिने क्रियालकलापहरु संचालित भएका छन् । लैङ्गिक हिंसाको बढ्दो चापलाई कम गर्न यो कार्यक्रम निरन्तर रुपमा संचालन गरिनु पर्दछ ।

च) विद्यालयविमुख किशोरीको बहुआयामिक विकास

यस कार्यक्रमले विद्यालय नजाने र बिचमा छाड्ने किशोरीहरुका लागि जीवनोपयोगी तालिम र व्यवसायिकता विकास तालिम गरी उनीहरुको जीवनस्तर उकास्ने कार्यमा ध्यान दिएको छ । लक्षित किशोरी समूहहरुका लागि संचालित कार्यक्रम निरन्तर रुपमा संचालन गरिनु पर्ने देखिन्छ ।

छ) बालअधिकारको सम्बर्द्धन

बालवालिका सम्बन्धी राष्ट्रिय नीति तथा विपतमा परेका बालवालिकाहरुको उद्धार तथा पुनर्स्थापन, वालगृहको निरीक्षणका साथै अन्तर्राष्ट्रिय बालदिवस सम्पन्न गर्ने आदि क्रियाकलापहरु संचालित हुँदै आएकोमा यस कार्यक्रमबाट बालअधिकारको सम्बर्द्धन गर्न आवश्यक रहेको देखिन्छ ।

ज) मूलप्रवाहिकरण सम्पर्क निकाय सेवा तथा साझेदारी

मूलप्रवाहिकरण महिलाहरुलाई राज्यका विभिन्न विकास तथा समावेशी गर्दै लैजाने र त्यसको लागि सम्पर्क विन्दु, तालिम, स्थलगत अवलोकन जस्ता क्रियाकलापहरु संचालन भैरहेकोले यसलाई निरन्तरता दिइरहनु पर्ने देखिन्छ ।

झ) सामाजिक परिचालन

सामाजिक परिचालनको लागि महिला जागृती कार्यक्रमद्वारा परिचालित सामाजिक परिचालिकाको कार्य तथा जिम्मेवारीलाई पुनरावलोकन गरिनु पर्दछ । सामाजिक परिचालिकाको भूमिका उल्लेख्य रुपमा नभएको भन्ने सर्वेक्षण तथा समूहगत छलफलबाट समेत देखिन आएकोले यसलाई क्रमिक रुपमा फेज आउट गर्दै लैजानु पर्दछ ।

ञ) सूचना, शिक्षा र संचार

यस क्रियाकलाप मध्ये जनचेतनामूलक सूचना, शिक्षा र संचारका आधुनिक प्रविधि अपनाई प्रभावकारी रुपमा महिलाहरुको पहुँच सम्म पुऱ्याउने क्रियाकलाप गरिनु पर्दछ ।

माथि उल्लेखित कार्यक्रमहरुलाई स्रोत तालिका परिमार्जित गरी तदानुरुपका क्रियाकलापहरुलाई फेज भित्र राखी अन्य क्रियाकलापहरुलाई फेज बाहिर गरी कार्यान्वयन गर्नु पर्दछ ।

सशक्तिकरण कार्यक्रम निरन्तर रुपमा चलिरहेन र यसको मापदण्ड निर्धारण नभएको र लक्षित समूहको सशक्तिकरण गर्न बाँकी रहेकोले यस प्रकारका कार्यक्रमको फेज आउट गर्न सकिदैन । तर केही कार्यक्रमहरु एउटै प्रकृति र क्रियाकलापहरु एकै खालका भएकोले कार्यक्रम पुनरालोकन गरी एकीकृत रुपमा संचालन गरिनु पर्दछ । संस्थाको संचालन भए पश्चात उक्त क्षेत्रमा सामाजिक परिचलन तथा संसथागत विकास कार्यक्रम फेज आउट गर्दै लैजानु पर्दछ ।

### ३.१.९ समुदायमा सामाजिक परिचालकको उपयुक्तता

देश विकासको हरेक क्षेत्रमा महिलालाई पनि पुरुष सरह सहभागी बनाउने उद्देश्य राखी आ.व. २०५६।५७ मा ५ वर्षे (२०६१ सालसम्ममा) दीर्घकालिन योजना अनुसार नेपालका सबै गाविसको क्षेत्र ओगट्ने गरी महिलाको सामाजिक, आर्थिक र राजनैतिक रूपमा स्तर र सहभागीता बृद्धि गर्न करीव ३ लाख ९० हजार

महिलालाई प्रत्यक्ष रूपमा लाभ पुऱ्याउने लक्ष्य सहित महिला जागृति तथा आय आर्जन कार्यक्रम सञ्चालन गरिएको थियो । सोही लक्ष्य अनुसार ७५ जिल्लाका करिब ९४० गाविसमा यो कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रम सञ्चालनका लागि हरेक गाविसमा सोही गाविसका १।१ जना स्वयंसेवक सामाजिक परिचालिकाहरू कार्यरत रहने छन् । यसरी स्वंसेवा सामाजिक परिचालनको रुपमा काम गर्ने महिलाहरुलाई निर्वाह खर्च स्वरुप प्रोत्साहन भत्ता दिने गरिएको छ ।

सामाजिक परिचालिकाहरूको कार्यक्षेत्र ग्रामीण महिलाहरूलाई समूहको आवश्यकता, गठन र परिचालन बारेमा आवश्यक कुराहरूको जानकारी दिने रहेको छ । आय-आर्जन कार्यक्रमको छनौट र परिचालनका लागि स्थानीय समुहले आवश्यकता अनुभव गरेका आय-आर्जन कार्यक्रम राष्ट्रिय वा स्थानीयस्तरका लागि लाभप्रद खालका कार्यक्रम, परस्परमा अन्तर सम्बन्धित भई टेवा दिने परिपूरक खालका कार्यक्रम (श्रम र समयको बचत गर्ने, उद्यम गर्न सकिने क्षेत्र, शीप जागर श्रम र समय लगाउन जस्तै सेवा व्यवसाय, पशुपालन, कृषि कार्य, साना उद्यमहरू) व्यवसायिक एवं आर्थिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउन सामाजिक  परिचालिकाको महत्वपूर्ण भूमिका रहने गरेको छ । सामाजिक परिचालिकाको भूमिका बारे सर्भेक्षणबाट प्राप्त धारणा निम्न अनुसार रहेको छ ।

**तलिका नं १२: सामाजिक परिचालिकाको भूमिकाको सन्तुष्टि स्तर**

| सि.नं. | सन्तुष्टिको स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति सन्तोषजनक | ११९ | १०.३ |
| २ | सन्तोषजनक | २९० | २५.२ |
| ३ | ठिकठिकै | ४८१ | ४१.८ |
| ४ | कम सन्तुष्ट | १७२ | १४.९ |
| ५ | सन्तोषजनक नभएको | ९० | ७.८ |
| | जम्मा | ११५२ | १००.० |

श्रोत: स्थलगत सर्भेक्षण, २०७२

माथि  तालिकामा उल्लेख भए अनुसार सामाजिक परिचालिकाको भूमिका र प्रभावकारीता सम्बन्धमा समूह सदस्यहरुसंग गरिएको स्थलगत सर्भेक्षणको आंकडा हेर्दा ४१.८ प्रतिसतले ठिकठिकै रहेको धारणा व्यक्त गरेका छन भने ७.८ प्रतिशतले मात्र सन्तोषजनाक नभएको कुरा व्यक्त गरेका छन् । सामाजिक परिचालनको भूमिमा २५.२ प्रतिशतले सन्तोषजनक रहेको बताएका छन र १०.३ प्रतिशतले अति सन्तोषजनक रहेको जानएका छन् ।

सामाजिक परिचालनको भूमिकाका बारेमा करीव २५.२ प्रतिशतले मात्र सन्तोषजनक रहेका सर्भेक्षणबाट देखिएकोले प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने आवश्यकता देखिएको छ । समूहगत छलफलबाट पनि सामाजिक परिचालकको भूमिका त्यत्ति प्रभावकारी नरहेको भन्ने निष्कर्ष  रहेको र अझ बढी प्रभावकारी बनाउनका लागि उनीहरुको थप सुविधा, तालिम र प्रोत्साहनको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ३.२ कार्यक्रमको प्रभावकारिता

३.२.१ कार्यक्रमका निर्धारित सूचकहरु र जाँच गर्ने साधनहरुलाई बार्षिक कार्यक्रम तथा बजेटमा समावेश बारे

महिला विकास कार्यक्रमको सोचतालिका पूर्णरुपमा विकास गरी निर्धारित सूचक तथा जाँच गर्ने साधनहरु र उपलव्धीहरुको वारेमा स्पष्ट उल्लेख गरिएको देखिदैन । विगत लामो समय देखि निरन्तर रुपमा कार्यक्रम संचालन भएको हुँदा र निश्चित अवधि तोकीएका कार्यक्रम र सोको आवधिक लक्ष्यहरु नराखिएको हुँदा बार्षिक कार्यक्रमहरुमा समेत सूचकहरु निर्धारण गरिएको देखिदैन । बार्षिक कार्यक्रमहरुमा मूख्य क्रियाकलापहरुका लागि बजेट तर्जुमा गर्दा संचालन मार्गदर्शन अनुसार नै कार्यक्रम तथा बजेट व्यवस्था गरिएको पाईन्छ । यसमा अर्थ मन्त्रालयले तोकेको बजेट सिलिङ्गको आधारमा बार्षिक कार्यक्रम तथा लक्ष्यहरु राखी मन्त्रालय, राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत गराई निर्धारित बजेट अनुसारका कार्यक्रमहरु संचालन गरिने परिपाटि रहेको देखिन्छ ।

हाल सम्म गठन भएका समूह, शीप विकास तालिम प्राप्त महिला, विभिन्न क्रियाकलापहरुको आकडा दिइएको छ । तथापि यसको लागि निर्धारित लक्ष्य र हाल सम्मको उपलव्धीका सूचकहरुको सूचना प्राप्त गर्न नसकिएबाट कार्यक्रमको प्रभावकारिता मापन गर्न सकिएको छैन । बार्षिक बजेटको खर्च प्रगति विवरण अनुसार ९० प्रतिशत भन्दा माथि देखिएको भएतापनि निर्धारित सूचकहरु कति पुरा भए भएनन् स्पष्ट आंकलन गर्न आवश्यक प्रगति प्रतिवेदन तथा सूचना उपलव्ध हुन सकेको अवस्था छैन ।

३.२.२ महिला विकास कार्यक्रम निर्धारित लागत र समयमा सम्पन्नता

महिला विकास कार्यक्रमको संचालन २०३९।४० देखि नै सालवसाली रुपमा संचालन हुँदै आएको देखिन्छ । यस कार्यक्रमलाई शुरुमा स्थानीय विकास मन्त्रालय अन्तरगत स्थानीय निकायको मातहतमा ग्रामीण महिला विकास कार्यक्रम तथा क्रियाकलापहरु मात्र संचालित भएको थियो । २०५६ सालमा स्थानीय विकास मन्त्रालयबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभाग र जिल्ला स्थिति महिला तथा बालबालिका कार्यलय मार्फत ७५ वटै जिल्लामा संचालित रहेको छ । महिला विकास कार्यक्रमको निर्धारित लागत र समयको निश्चितता नभएको हुँदा कार्यक्रम समयमा सम्पन्न भए नभएको सम्बन्धमा स्पष्टता नरहेको आवस्था छ । विगत ५ वर्षको बार्षिक कार्यक्रम हेर्दा करीव १ करोड ५० लाख बार्षिक रुपमा खर्च गरिएको हुँदा कार्यक्रमको लागतको रुपमा लिन सकिन्छ तर केन्द्रिय स्तरका खर्च तथा अन्य खर्चहरुको स्पष्टता नखुलेको हुँदा लागतको रकम एकीन गर्न सकिएको छैन् ।

महिला विकास कार्यक्रमको लागत र समयावधि कार्यक्रम तर्जुमाका अवस्थामा कार्यक्रम सम्बन्धी दस्तावेज बनाई नतोकिएको हुँदा लागतको प्रभावकारिता र समयमा सम्पन्नताको प्रभावकारिता मापन गर्न सकिएको छैन ।

३.२.३ बस्तीस्तरमा महिला समूहहरुको प्रभावकारिताको साथै वडा र गा.वि.स. स्तरमा संगठित संस्था (सहकारी) हरुको परिचालनको प्रभावकारिता

महिला विकास कार्यक्रमको लक्षित समूह बस्ती स्तरमा रहेका विपन्न महिलाहरु पर्दछन् र ती महिलाहरुलाई समूहमा संगठित गरी महिला समूहमा आवद्ध गराईदै, वडा स्तरमा समिति र गा.वि.स. स्तरमा महिला सहकारी संस्था स्थापना गरी बचत, ऋण तथा अन्य कार्यक्रमहरु कार्यान्वयन हुँदै आएको छ । लक्षित समूह पहिचान गरी समूह गठन गर्ने कार्यमा वार्षिक रुपमा प्रगति हुँदै समूह गठन, समिति गठन र संस्था स्थापनामा भएको बृद्धि बारे निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १३: महिला समूह समिति र संस्थाको बार्षिक बृद्धि दर**

| महिला समूह संस्थाको विवरण | २०३९।४० देखि २०६८।६९ सम्म | २०३९।४० देखि २०६९।७० सम्म | | | २०३९।४० देखि २०७०।७१ सम्म | | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | बृद्धि | बृद्धि दर | संख्या | बृद्धि | बृद्धि दर |
| गठन भएका महिला समूह संख्या | १२३५७३ | १३२९२८ | ९३५५ | ७.५ | १५०८४२ | १७९१४ | १३.४ |
| समूहमा लाभान्वित महिला | ७३६०४६ | ८०७९७६ | ७१९३० | ९.७ | ८९२४७४ | ८४४९८ | १०.४ |
| दलित | १२४५१६ | १३१७३५ | ७२१९ | ५.८ | १४२९४७ | ११२१२ | ८.५ |
| जनजाती | २५८९१२ | २९२६१५ | ३३७०३ | १३.० | ३०२१२५ | ९५१० | ३.२ |
| अन्य | ३५२६१८ | ३८३६२६ | ३१००८ | ८.७ | ४४७४०२ | ६३७७६ | १६.६ |
| गठन भएका महिला समिति | ५०७५ | १५२११ | १०१३६ | १९९.७ | १६६१२ | १४०१ | ९.२ |
| गठन भएका महिला संस्था | १४३९ | १५६८ | १२९ | ८.९ | १६३६ | ६८ | ४.३ |
| तदर्थ महिला संस्था | २२९ | २०० | (२९) | (१२.६) | १५७ | (४३) | (२१.५) |

श्रोतः महिला विकास विभागको बार्षिक प्रतिवेदनहरु

माथि उल्लेखित तालिका अनुसार २०३९।४० देखि २०६८।६९ सम्म गठन भएका र सो पश्चात गठन गरिएका महिला समूह, समिति र संस्थाहरुको विवरण अध्ययन गर्दा २०६८।६९ देखि २०६९।७० को महिला समूहको बृद्धि दर ७.५ प्रतिशत, लाभान्वित सदस्य संख्याको प्रतिशत ९.७ प्रतिशत बृद्धि भएको छ । यसरी बृद्धि भएको प्रतिशतमा जनजाती तर्फ १३ प्रतिशत र जनजाती तर्फ ५.८ र अन्य ८.७ प्रतिशत रहेको देखिन्छ । साथै गठन भएका महिला संस्थाको बृद्धि दर ८.९ प्रतिशत रहेको छ ।

माथि तालिकामा उल्लेख गरिए अनुसार आ.व. २०६८।६९ देखि २०७०।७१ सम्म महिला समूहका संख्या १३.४ प्रतिशतले बृद्धि भएको र सदस्य संख्या १०.४ प्रतिशतले बढेको देखिन्छ । गठन गरिएका महिला

संस्थाको बृद्धि दर भने ४.३ प्रतिशत रही तदर्थ संस्था सहकारी संस्थामा दर्ता भै संचालन भएकोले २१.५ प्रतिशतले घटन गएको देखिन्छ। यसरी हेर्दा महिला विकास कार्यक्रम लक्षित समूहको पहिचान र गठन गर्न, समिति तथा संस्था गठन र परिचालन जस्ता कार्य प्रति वर्ष बढ्दै गएको देखिन्छ।

सहकारी संस्थामा सदस्यता लिने महिलाहरुको वारे स्थलगत अध्ययन अनुसार कार्यक्रम संचालन भएका क्षेत्रमा ७० प्रतिशत महिलाले संस्थमा सदस्यता लिइएको छ भने कार्यक्रमले नसमेटिएका क्षेत्रका महिला २२ प्रतिशतले मात्र सहकारी संस्थामा सदस्य लिएको देखिन्छ। उल्लेखित आंकडा अनुसार कार्यक्रम संचालन भएका क्षेत्रका महिलाहरु कार्यक्रम संचालन नभएका क्षेत्रका महिला भन्दा बढी संगठित, चेतनशील र जागरुक भएबाट संस्थामा आवद्ध भई परिचालित हुन सकेको स्पष्ट भएको छ। यस सम्बन्धी विवरण तल चार्टमा दिइएको छ।




३.२.४ महिला समूहहरु र सहकारीहरुबाट हुने बचत तथा लगानीको प्रभावकारिता

महिला विकास कार्यक्रमको माध्यमबाट गठन भएका समूह, समिति र सहकारी संस्थामा बचत संकलन गर्ने र सदस्यहरुलाई लगानी गर्ने गरेको देखिन्छ। साथै उक्त बचत रकम समूहका सदस्यहरुलाई विभिन्न कार्यहरु तथा उद्यम संचालन गर्न ऋणको रुपमा लगानी गर्ने गरेका छन्। नियमित बचत गर्ने बानीको विकास भए पश्चात बैकको मात्र भर नपरी आफ्नै बचतबाट दैनिक व्यवहार चलाउनका साथै व्यवसाय समेत संचालन गर्न आवश्यक पूँजीको परिचालन गर्न सकिएको छ।

नियमित बचतकै परिणाम स्वरुप महिला विकास कार्यक्रमबाट ७५ जिल्लाहरुमा गठित महिला समूह, समिति र संस्थातहमा गरी आ.व. २०७०।७१ सम्म जम्मा रु. २ अर्व ६१ करोड २६ लाख बचत संकलिन रहेको छ। संकलित बचत मध्ये रु १९ करोड ८० लाख समूहमा, रु. ३१ करोड ६ लाख समितिमा र रु. २ अर्व १० करोड ४० लाख संस्थामा रहेको छ। अनुपातका रुपमा समूहमा ७.५८ प्रतिशत, समितिमा ११.८९ प्रतिशत र संस्थामा ८०.५३ प्रतिशत रकम बचत गरिएको छ। यसबाट सबैभन्दा बढी बचत संस्थामा संकलित रहेको छ। यसरी बचत रहेको रकम मध्ये रु. २ अर्व ५१ करोड ५९ लाख लगानीमा

परिचालन भैरहेको देखिन्छ । जसबाट महिलाहरुको लगानी बचतको ९६ प्रतिशत रहेको छ । उक्त लगानीबाट महिलाहरुको जीवनयापनका समस्याहरु समाधान हुनुका साथै व्यवसाय संचालन गरी आर्थिक क्रियाकलापहरु गरी आय-आर्जन गर्ने गरेको हुँदा बचत तथा लगानीको प्रभाव परिरहेको छ ।

अध्ययन गरिएका ८ जिल्लाको जिल्लागत रुपमा समूह, समिति र संस्थाको बचत संकलन तथा लगानीको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १४: महिला समूह, समिति र संस्थाको आ.व. ०७१।०७२ सम्मको बचत र लगानी**

| जिल्ला | संकलित रकम (रु ०००मा) | | | जम्मा बचत (रु.००० मा) | लगानी (रु.००० मा) | वांकी ( रु.०००म)ा |
|---|---|---|---|---|---|---|
| | समूह | समिति | संस्था | | | |
| संखुवासभा | २०५ | २२४० | ४४५४ | ६८९९ | ६८९९ | ० |
| मोरङ्ग | ३२८३५ | ७०६४ | १९६२५ | ५९५२५ | ५९०८० | ४४४ |
| रौतहट | ० | ८५९५ | १६८५९ | २५४५५ | २५३८३ | ७१ |
| म्याग्दी | २४० | ३४५४ | २०९९४ | २४६८९ | २४६८९ | ० |
| रुपन्देही | ० | १०११२ | १०४१६४ | ११४२७६ | ११४२७६ | ० |
| दाङ्ग | ७७६९६ | ० | ० | ७७६९६ | ७७६९६ | ० |
| कालिकाट | ३४३९ | २२ | ५१९ | ३९८१ | ३९७४ | ७.८ |
| अछाम | १०७१ | २९० | ४४५४ | ५८१६ | ४५४३ | १२७२ |
| जम्मा | ११५४८६ | ३१७७७ | १७१०६९ | ३१८३३७ | ३१६५४० | १८६५ |

श्रोतः महिला विकास कार्यक्रम, बार्षिक प्रतिवेदन, २०७२

माथि उल्लेखित तालिका अनुसार जिल्लागत रुपमा हेर्दा, अछाम, कालिकोट र मोरङ्ग जिल्लामा संकलित बचत मध्ये लगानीको मात्रा कम भएको देखिन्छ भने अन्य जिल्लाहरुमा बचतको रकम सबै लगानी भएको देखिन्छ । अन्य जिल्लाको तुलनामा अछाम जिल्लामा बचत रहेको रकम मध्ये २१.८ प्रतिशत रकम बांकी रहेको देखिन्छ ।

### ३.२.५ लघु उद्यम विकासको प्रभावकारिता

महिला समूहका सदस्यहरुलाई उद्यम तथा व्यवसायतर्फ अग्रसर गराई जिविकोपार्जन तथा आर्थिक रुपले सक्षम बनाउन सिप विकास तालिमका साथै व्यवसाय संचालनको लागि ऋण तथा अन्य सहयोग गर्ने गरेको छ । आ.व. २०७०।७१ सम्म व्यवसायमूलक शीप विकास तालिमा १२२,०५५ जनालाई दिइएको छ भने व्यवसाय प्रबर्द्धनकर्ता तालिम १८७७ जनालाई प्रदान गरिएको छ । लघु उद्यमको लागि व्यवसायिक समूहहरु गठन गरिएको र उक्त समूहलाई सहकारी संस्था मार्फत लगानी गरी व्यवसाय संचालन गरिएको पाइन्छ । खासगरी तरकारी खेती, बाख्रापालन, बंगुर पालन, कुखुरा पालन

तथा अचार बनाउने, हस्तकलाका सामान बनाउने आदि व्यवसाय संचालन गरेको देखिन्छ । समूहगत छलफलबाट उक्त व्यवसायिक समूहमा व्यवस्थापन र बजारको समस्या देखिएको छ ।

स्थलगत अध्ययन गरिएका जिल्लामा संचालन भएका उद्यम व्यवसाय सम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.१५: उद्यम व्यवसाय संचालन सम्बन्धी विवरण**

| जिल्ला | कार्यक्रमले समेदिएको क्षेत्र | | | कार्यक्रमले नसमेदिएको क्षेत्र | | |
|---|---|---|---|---|---|---|
| | घरधुरी संख्या | व्यावसायी संख्या | प्रतिशत | घरधुरी संख्या | व्यावसायी संख्या | प्रतिशत |
| संखुवासभा | ५४ | २ | ३.७ | १४ | ० | ० |
| मोरङ्ग | ३३५ | ६४ | १९.१ | ८४ | १० | ११.९ |
| रौतहट | १६७ | १२ | ७.२ | ४२ | २ | ४.८ |
| म्याग्दी | ४३ | १३ | ३०.२ | ११ | ३ | २७.३ |
| रुपन्देही | २५७ | २६ | १०.१ | ६४ | ११ | १७.२ |
| दाङ्ग | १८३ | २९ | १५.८ | ४६ | ६ | १३.० |
| कालिकोट | ३७ | ९ | २४.३ | ८ | १ | १२.५ |
| अछाम | ७६ | १४ | १८.४ | १९ | २ | १०.५ |
| जम्मा | ११५२ | १६९ | १४.७ | २८८ | ३५ | १२.२ |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि तालिकामा उल्लेख भए अनुसार  कार्यक्रमले समेटिएका क्षेत्रमा उद्यम व्यवसायमा महिलाहरु १४.७ संलग्न रहेका छन् भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा १२.२ प्रतिशत महिला मात्र उद्यम व्यवसायमा संलग्न भएको देखिन्छ । कालिकोट, अछाम, संखुवासभा, रौतहट र म्यादी जिल्लामा व्यवसायीहरुको प्रतिशत संख्या २४.३, १८.४, ३.७, ७.२ र ३०.२ प्रतिशत मात्र देखिन्छ । मोरङ्ग, रुपन्देही र दाङ्ग जिल्लामा व्यवसायीहरुको संख्या बढी देखिन आएबाट दुर्गम र पिछडिएका जिल्लामा उद्याम व्यवसाय संचालन गर्न महिलाहरु अग्रसर नभएको र कार्यक्रबाट उक्त क्षेत्रमा प्रभावकारी सहयोग पुग्न नसकेको देखिन्छ ।

उद्यम सम्बन्धी शीप विकास तालिम ज्यादै आवश्यक र उपयोगी भएकोले उक्त तालिम लिनेहरुको संख्यात्मक स्थिति तल चार्टमा उल्लेख गरिएको छ । सो चार्टमा देखाइएको आंकडा अनुसार कार्यक्रमले समेटिएका क्षेत्रका महिलाहरु मध्ये करीव ३१ प्रतिशतले तालिम लिएको जनाइएको छ भने कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलाहरु मध्ये करीव ८ प्रतिशतले मात्र तालिम लिएको देखिन्छ । यसरी कार्यक्रमले समेटिएका क्षेत्रमा तालिम प्राप्त महिलाहरुले उद्यम व्यवसाय संचालन गर्दा प्रभावकारी देखिएको छ भने बजार प्रवर्द्धन, प्रतिस्पर्धा तथा गुणस्तर र प्राविधिक सहयोगको क्षेत्रमा समेत कार्यक्रमबाट सहयोग हुनु पर्ने देखिन्छ ।




माथि उल्लेखित चार्टमा देखाइए अनुसार शीपमूलक र व्यवसायिक तालिमको उपयुक्त पाठ्याक्रमहरुमा आधारित हुनुपर्नेमा सो पाठ्याक्रम अनुसारका तालिमहरु संचालन भएको देखिंदैन । यसका लागि व्यवसाय सम्बन्धी तालिम MEDEP सँग समन्वय गरी पाठ्याक्रमलाई पछ्याउनु पर्ने देखिन्छ भने शीपमूलकमा CTEVT को पाठ्याक्रम अवलम्वन गर्नु पर्दछ ।

३.२.६ किशोरीहरुको विकास र चेतनामुलक कार्यक्रमको प्रभावकारिता

विद्यालय बिमुख किशोरीहरुलाई सक्षम बनाई आत्मानिर्भर गराउन कार्यक्रमले किशोरीहरुको बहुआयामिक विकास सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालन भएका छन् । किशोरीहरुलाई शीप विकास, प्रजनन स्वास्थ्य तालिमका साथै व्यवसाय प्रबर्द्धन गर्ने तर्फ परिलक्षित गरिएको छ । किशोरीहरुको समूह गठन गर्न कार्यक्रमबाट सहजीकरण गरी स्थानीय समितिहरुको संलग्नतामा विद्यालय बिमूख किशोरी समूहमा ३० देखि ४० जना सम्म राखि समूह गठन गरिएको छ । समुदाय स्तरमा यी समूहहरु गठन भएपछि वडामा किशोरी विकास उपसमिति र गाँउ विकास समितिमा किशोरी जागरण बृत (Adolescent Girl Circle) गठन गर्ने गरेको पाईन्छ । किशोरीहरुको बहुआयामिक विकास गर्न उनीहरुलाई सगठित गर्दै आवश्यक पर्ने शीप विकास तालिम, उद्यम व्यवसाय तालिम तथा ऋण उपलब्ध गराई आय आर्जन गर्न कार्यक्रमबाट केहि मात्रामा पहल कदमी भएतापनि उल्लेख्य रुपमा सहयोग भएको देखिदैन । गठन भएका किशोरी समूहहरुलाई आय आर्जन तर्फ अग्रसर गराउन र आत्मा निर्भर हुने व्यवसाय केही स्थानहरुमा शुरु गरिएता पनि बृहत रुपमा संचालन हुन सकेको दखिदैन ।

महिला विकास कार्यक्रमबाट किशोरी विकासमा पुगेको सन्तृष्टिको स्तर सम्बन्धी सर्भेक्षणबाट प्राप्त आंकडा तल चार्टमा दिइएको छ ।




माथि चार्टमा उल्लेख गरिए अनुसार किशोरी विकास कार्यक्रमको सन्तुष्टिको स्तर हेर्दा अति सन्तोषजनक १३.४ प्रतिशत, २०.५ प्रतिशत सन्तोषजनक, ३२.५ प्रतिशत ठिकठिकै र १८.९ प्रतिशत कम सन्तुष्टका साथै १४.८ प्रतिशत सन्तोषजनक नभएको अवस्था देखिन्छ । किशोरीहरुसंग गरिएको समूह छलफलका क्रममा कार्यक्रमबाट शीप विकास सम्बन्धी तालिम प्राप्त गरी अचार बनाउने, धुप बनाउने, बेतबाँसका सामान बनाउने, साना किराना तथा चिया पसल संचालन गर्ने जस्ता आय-आर्जनका कार्य संचालन गरेको देखिन्छ । तथापि, अपेक्षाकृत रुपमा व्यवसाय संचालन गर्न अझै शीप विकास तालिम आवश्यक भएको र रोजगारीमूलक व्यवसायतर्फ कार्यक्रमले सहयोग गर्नु पर्ने धारणा व्यक्त गरेको छन् ।



महिला विकास कार्यक्रमद्वारा संचालिन विद्यालय बिमूख किशोरी विकासका लागि किशोरी समूह गठन, परिचालन र आय आर्जन क्रियाकलपाहरुबाट विपन्न तथा स्थानीय स्तरमा पिछडिएका किशोरीहरुलाई समेटन सकेको हुँदा किशोरी विकासमा योगदान पुगेको देखिन्छ । साथै विभिन्न तालिम, अन्तरक्रिया तथा समूहीकरणबाट उनीको चेतनामा समेत अभिबृद्धि भै सक्षम किशोरी बनी आफ्नो आत्मा निर्णय गर्न सक्ने भएकोले कार्यक्रमको प्रभाव रहेको छ ।

### ३.२.७ महिला विकास कार्यक्रमले प्रबर्द्धन गरेका लघु उद्यम र सोबाट उत्पादित बस्तुहरुको बजार प्रवर्द्धन बारे

महिला विकास कार्यक्रमबाट लघु उद्यमहरु संचालन गर्न शीप विकास तालिम संचालन हुने गरेका छन् । समूहका महिलाहरु मध्ये केहीले संस्थाबाट ऋण लिई कुखुरा पालन, बंगुर पालन, तरकारी खेती, मौरी

पालन, साना किराना पसल, चिया पसल आदि संचालन गरेको पाईन्छ । सबै सदस्यहरुलाई समेट्ने गरी बृहतर रुपमा लघु उद्यम संचालन हुन सकेको पाइदैन । केही महिलाहरुले स्थानीय शीपमा आधारित घरयासी सामानहरु बनाउने, अचार बनाउने, बास तथा चोयाका सामानहरु बनाउने गरेको पाईन्छ । उत्पादित बस्तुहरुको बजारको स्थानीय रुपमा मात्र सिमित रहेको र मूख्य बजार केन्द्रहरुमा उत्पादित सामान लैजान र बजार व्यवस्थापन गर्न बढी खर्च लाग्ने र बजार सम्बन्धी जानकारी कम भएका कारणले गर्दा सामानले उचित मूल्य पाउन नसकेको भन्ने कुरा उद्यम समूहहरुको छलफलमा व्यक्त गरेका छन् । महिला विकास कार्यक्रमको जिल्ला स्तरमा रहेका जनशक्तिहरु व्यवसायिक कामको लागि दक्षता नभएबाट व्यवसायिक समूहको अपेक्षकृत रुपमा संचालन गर्न सहयोग नपाएको देखिन्छ । खुलाबजार र आपसी प्रतिस्पर्धाले गर्दा संचालिन व्यवसायबाट उत्पादिन वस्तुले बजार लिन सकेको देखिदैन । बजार प्रवर्द्धन गर्न साना र स्थानीय स्तरमा संचालित उद्यम व्यवसायहरु सक्षम हुन नसकेको हुँदा बजारीकरणको समस्या टड्कारो रुपमा देखिन आएको छ । महिला विकास कार्यक्रममा बजार सम्बन्धी सूचना प्रवाह तथा पहुँचका लागि कार्यक्रम संचालन गरिएको देखिदैन ।

### ३.२.८ कार्यक्रमले निर्धारित गरेका लक्ष्य तथा उदेश्यहरु र प्राप्त उपलब्धी

महिला विकास कार्यक्रमको मूख्य उदेश्य नै महिलाहरुको सशक्तिकरण गरी समक्ष, सवल र प्रतिस्पर्धी बनाउने र विपन्न महिलाको जीवनयापनमा सुधार गरी मूलप्रवाहीकरण तथा विकासमा समावेशीकरण गर्नु रहेको छ । महिला विकास कार्यक्रमका निश्चित लक्ष्य र उदेश्यहरु हासिल गर्न विभिन्न १०० भन्दा बढी क्रियाकलापहरु संचालित भैरहेका छन् । ती कार्यक्रमहरु केन्द्रियस्तर, जिल्लास्तर र समुदाय स्तरमा संचालन गरी निर्धारित लक्ष्य तथा उदेश्यहरु हासिल गर्न महिला विकास कार्यक्रम विगत ३० बर्ष देखि निरन्तर रुपमा कार्यान्वयन गरिएको छ । समूहीकरण तर्फ लक्षित समूह मध्ये १७ प्रतिशत महिलालाई समेटन सकिएको छ भने सशक्तिकरण गर्ने कार्य निरन्तर रुपमा चलि रहने प्रक्रिया भएकोले विभिन्न तालिम, क्षमता अभिबृद्धि, जनचेतना, संस्थागत विकास तथा स्थानीय स्तरमा सहभागितामा बृद्धि भएको देखिन्छ ।

लैङ्गिक हिंसामा परेकाहरूका लागि तत्काल उद्धार, औषधि उपचार, कानूनी सहायता तथा पुनर्स्थापनाका कार्यहरू समेत महिला विकास कार्यक्रमबाट संचालन हुने गरेका छन् । एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० कार्यान्वयनमा आएको छ । निजामती सेवा (२०.८ प्रतिशत पुगेको), नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरी, नेपाली सेना लगायतका राज्यका विभिन्न अंगहरूमा महिला सहभागिता बढ्दै गएको छ । लैङ्गिक उत्तरदायी बजेटतर्फ मुलुकको कूल बजेटको २१.७५ प्रतिशतको अनुपात र स्थानीय निकायमा जाने अनुदानको कम्तीमा १० प्रतिशत रकम महिला सशक्तीकरणतर्फ छुट्याउनुपर्ने व्यवस्था भएको छ । बिपन्न ग्रामीण महिलाका लागि वैकल्पिक अवसर सृजना गर्ने गरी सञ्चालित महिला विकास कार्यक्रम आर्थिक वर्ष २०६९/७० को अन्तसम्ममा देशका पचहत्तरै जिल्लाका ३,६३६ गाउँ विकास समितिमा विस्तार भइसकेको छ । घरेलु हिंसा र यौनजन्य दुर्व्यवहारबाट प्रभावित महिलाका लागि १५ जिल्लामा सेवा केन्द्र सञ्चालनमा आएका छन् । नेपालले सहस्राब्दि विकास लक्ष्य प्राप्तीका लागि गरेका प्रयासबाट मातृमृत्यु दरमा सुधार आई प्रति एक लाखमा १७० मा झरेको छ । महिलाहरूको कुल साक्षरता

दर ५७ प्रतिशत भन्दा बढी पुगेको छ (Social Statistics 2072, Ministry of Women Children and Social Welfare)।

> उल्लेखित उपलब्धीहरु भएता पनि महिला विकास कार्यक्रमबाट लक्षित ५२ लाख महिलाहरु मध्ये समूहमा सहभागिता करीव ९ लाख समेटन सकिएकोले अझै ती विपन्न महिलाहरु सम्म कार्यक्रमको पहुँच पुगेको देखिदैन ।

### ३.२.९ महिला विकास कार्यक्रमको प्रभावकारी संचालनमा योगदान वा व्यवधान

महिला बिकास कार्यक्रमको प्रभावकारी संचालनमा महिला तथा बालबालिका विभाग केन्द्रियस्तरमा र जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय कार्यान्वय तहमा सक्रिय रहेका देखिन्छन् । साथै बिभिन्न अन्तर्राष्ट्रिय निकाय, गैर सरकारी संस्थाहरुबाट पनि महिला विकास सम्बन्धी विविध कार्यक्रम संचालन गरिएका छन् । कार्यक्रमलाई निरन्तर रुपमा संचालन गरी लक्षित महिला पहिचान गरी बस्तीस्तरमा कार्यक्रम संचालन गरिनु सकारात्मक पक्ष रहेको छ । महिला विकास कार्यक्रम संचालनका लागि केन्द्रिय स्तर र जिल्ला स्थित कर्मचारीहरुबाट गरिएको आ-आफ्नो जिम्मवेरी तथा भूमिका र योगदान रहेको छ । कार्यक्रमलाई स्थलगत रुपमा पनि सुपरभाइजर, सामाजिक परिचालिकाहरुको योगदानलाई कदर गर्न आवश्यक छ ।

महिला सम्बन्धी कार्यक्रमले सबै क्षेत्रलाई प्रभावित गर्ने र सबैको प्रयासबाट मात्र प्रभावकारी रुपमा संचालन गर्न सकिने भएकोले केन्द्रियस्तर देखि जिल्लास्तर तथा स्थानीय स्तरमा सबै पक्षको समन्वयात्मक भूमिका र सहयोग हुनु पर्दछ । यद्यपी, महिला विकास कार्यक्रमका Core Activities जस्तै लक्षित महिलाको पहिचान र समूहिकरण, व्यत्वि विकासका प्रारम्भिक प्रशिक्षण, संस्थागत विकास र सहभागिता, व्यवसायिक समूह विकास, लैङ्गिक हिंसा निवारण आदिलाई मात्र कार्यान्वयमा प्राथमिकता दिइएको हुँदा अन्य कार्यक्रमहरु प्रभावकारी हुन नसकेको देखिन्छ । कार्यक्रमको संचालनमा सालबसाली रुपमा आन्तरिक श्रोतबाट मात्र गरिएको हुँदा आवश्यक श्रोत साधनको कमी भैरहेको छ भने कार्यक्रमलाई कुनै निश्चित अवधि तोकी लक्ष्य तथा सूचकहरु बनाई कार्यान्वय गर्न नसकिएको अवस्था छ । महिला तथा बालबालिकका कार्यालयले जिल्लामा बालबालिका सम्बन्धी, अपाङ्ग परिचय-पत्र दिने, महिला हिंसा लगायत विविध कार्यमा सम्बन्धित निकायसंग कार्यगत समन्वय गरी संचालन गर्दा सम्बन्धित कार्यालयहरुबाट प्रायाप्त सहयोग हुन नसकेको देखिन्छ ।

कतिपय महिला हिंसा सम्बन्धी क्रियाकलाप पुर्नस्थापनाको कार्यक्रमहरु अनावश्यक दलगत राजनैतिक स्वार्थले गर्दा कार्यालयहरुले कार्य संचालनमा असहज स्थिति समेत आउने गरेका कुरा सरोकारवालाहरुसंगको छलफलबाट जानकारी हुन आएको छ । स्थानीय निकायहरु पनि १६ वर्ष देखि निर्वाचन नभएका र राजनैतिक दलका प्रतिनिधिको अनावश्यक संलग्नताले गर्दा स्थानीयस्तरमा कार्यक्रम संचालनमा प्रभावकारिता हुन नसकेको पाईन्छ ।

महिला विकास कार्यक्रमको संचालनमा महिला समूह, समिति र संस्थाहरुको संस्थागत विकास तथा स्थानीय सहभागितामा ग्रामिण विपन्न महिलाको योगदान रहेको छ । साथै कार्यक्रमलाई व्यवस्थापन, अनुगमन, सहजीकरणमा केन्द्र तथा जिल्ला स्थित कर्मचारीहरुको योगदान उल्लेख्य रुपमा भएको देखिन्छ । साथै विभिन्न अन्तर क्षेत्रगत विभाग, कार्यालयहरुबाट कार्यक्रम संचालनमा योगदान पुगेको छ ।

कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न बैज्ञाननिक तथा आधुनिक व्यवस्थापन प्रणालीमा कमी, सूचना प्रणालीमा कमी, जिल्लास्तरका कर्मचारीहरुको बृत्ति विकासमा कमी तथा लक्षित समुदायका मागहरुलाई पूर्ण रुपमा सम्बोधन हुन नसक्नुका साथै सरोकारवालाहरु बीच समन्वयको अभाव मूख्य रुपमा व्यवधानका रुपमा रहेको छन् ।

## ३.३ कार्यक्रमको कार्यदक्षता

३.३.१ समूह गठन, शीप विकास तालिम, बचत तथा लगानी आदिको प्रति महिला इकाई लागत हिसाव

महिला विकास कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरु सालबसाली रुपमा संचालन हुने गरेको देखिन्छ । यी कार्यक्रमहरुको प्रति इकाई हिसाव गर्न आ.व. २०३९।४० देखि हालसम्मको तथ्यांकमा एकरुपता नरहेको र खर्चहरुको विवरण पनि एकरुपता नभएकोले गर्दा समूह गठन, शीप विकास तालिम, बचत तथा लगानी आदिको महिला प्रति इकाई हिसाव आ.व. २०७०।७१ को बजेटका आधारमा लागत इकाई खर्च तल उल्लेख गरिएको छ ।

**तलिका नं. १६: महिला विकास कार्यक्रमको खर्च र प्रति इकाई खर्च**

| क.सं. | कार्यक्रम | २०७०।७१ | | इकाई संख्या | प्रति इकाई खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पूंजीगत खर्चका कार्यक्रमहरु | बजेट रु ०००मा | खर्च रु ०००मा | | | |
| | कार्यालय भवन | ५८३०० | २९१५० | | | |
| | कार्यालय परिसर निर्माण | १७०० | १३९३ | | | |
| | मेशिनरी औजार | ७५० | ७५० | | | |
| | फर्निचर तथा फिक्सर्चर | ३०२३ | २९७३ | | | |
| | सवारी साधन | ३७०० | ३६२९ | | | |
| २ | चालुपूंजी तर्फ | | | | | |
| | लक्षित महिला पहिचान र समूहीकरण | १४८४३ | १४४५१ | ११९३७ | १२११ | |
| | व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण | ७८१२१ | ७५८२६ | ७९७४७ | ९५०।८ | |
| | संस्थागत विकास र सहभागिता | ५९५१२ | ५६५१२ | ५२४९ | १०७६६ | संस्थामा विऊ पूंजी र महिला संस्थाको भवन निर्माण अनुदान समेत |
| | गरीव विरुद्ध महिला अभियान | ६०२३२ | ५८१४४ | १५०७९ | ३८५६ | व्यवस्थापन खर्च र बहुउपयोगी अनुदान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शीप तथा व्यावसायिकता विकास तालिम | ६०४९९ | ५७७९९ | १४२९ | ४०४४७ | संस्थालाई बहुउपयोगी अनुदान |
| | लंगिक हिंसा निवारण | २०२९० | १७८८० | १३५ | १३२ | जिल्ला कार्य समितिलाई अनुदान, आश्रय सेवा केन्द्र संचालन |
| | बिद्यालय विमुख किशोरी बहुआयामिक विकास | ३८७१३ | ३७४५४ | १२८०८ | २९२४ | |
| | मुक्त कमलरी सशक्तिकरण | ३००० | २०१२ | ३३७ | ५९७० | व्यवसाय स्थापन खर्च समेत |
| | बाल अधिकार सम्बर्द्धन | ८६१० | ७२८० | २३८ | ३०५८८ | |
| | मूल प्रवाहीकरण सम्पर्क निकाय सेवा | १३३८५ | १२७४२ | १०१५ | १२५५४ | स्थलगत अवलोकन |
| | सामाजिक परिचालन | ६६६२२ | ६२८३९ | ९६५० | ६५१२ | सामाजिक परिचालकको प्रोत्साहन भत्ता र दशै खर्च |
| | महिला जागृति कार्यक्रम | | | | | |
| | सूचना शिक्षा र संचार | १४७७४ | १४२१४ | ३१८७ | ४४६० | |
| | जम्मा | ५१५९५६ | ४६०५०७ | | | |
| | खर्चको उपयोग प्रतिशत | | ८९.२ | | | |

श्रोतः बार्षिक प्रगति प्रतिवेदन, महिला विकास विभाग, २०७२

माथि उल्लेखित तालिका अनुससार लक्षित महिलाको पहिचान र समूकीकरणको प्रति इकाई लागत खर्च रु. १२११ देखिन्छ भने व्यक्तित्व विकासका लागि प्रारम्भिक प्रशिक्षण प्रति महिला खर्च रु. ९५०। रहेको छ । संस्थागत विकास र सहभागिताको लागि लागत खर्च प्रतिइकाई रु. १०,७६६।, गरीव विरुद्ध महिला अभियानका लागि रु. ३८५६।०० र लैङ्गिक हिंसा निवारणका लागि रु. १३२।०० प्रति इकाई खर्च भएको देखिन्छ ।

शीप तथा व्यावसायिक विकास तालिमको लागि प्रति इकाई ४०,४४७।०० खर्च भएको देखिन्छ । यसरी सिप विकासका लागि खर्च निकै भएको छ भने उद्यम तथा व्यवसाय संचालन गर्ने महिलाको संख्या कम भएको पाईन्छ । बाल अधिकार सम्बर्द्धनको लागि प्रति इकाई खर्च रु. ३०५८८।०० रहेको भएतापनि यसको उपलब्धी न्यून रहेको छ ।

३.३.२ बिभिन्न कार्यहरुका लागि छुट्याइएको बजेटको कार्यदक्षताको लेखाजोखा

महिला विकास कार्यक्रम अन्तरगत विभिन्न क्रियाकलपाहरु संचालन गर्नका लागि बजेट विनियोजन गरी बाीर्षक कार्य गरिएको छ । केन्द्रिय स्तरको बजेट तथा जिल्लाको कार्यक्रम संचालन बजेट विनियोजन गरिएको छ । कार्यक्रम संचालनको लागि छुट्याइएको बजेटमा पूँजीगत खर्च र चालु पूँजीतर्फ खर्च गरिएको छ । चालु खर्च तर्फ महिला विकास सम्बन्धी विविध क्रियाकलापहरुका लागि बजेट विनियोजन गरिएको र सोही अनुसार बजेट खर्च भएको देखिन्छ । महिला विकास कार्यक्रमका विगत वर्षहरुमा गरिएको बजेट तथा खर्चको विवरण तल दिइएको छ ।

**तलिका नं. १७ : बिभिन्न कार्यक्रमको बजेट र खर्चको स्थिति**

| क्र.सं. | कार्यक्रम | २०६७।६८ | | २०६८।६९ | | २०६९।७ | | २०७०।७१ | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूंजीगत खर्चका कार्यक्रमहरु | बजेट | खर्च | बजेट | खर्च | | | बजेट | खर्च |
| | कार्यालय भवन | २२०४० | १७६१७ | ३५००० | २३०७७ | ४३५३५ | ४१३९० | ५८३०० | २९१५० |
| | कार्यालय परिसर निर्माण | ५००० | ४७०० | ५००० | ३७५१ | ५६२५ | ५४५५ | १७०० | १३९३ |
| | मेशिनरी औजार | ४७५ | ४७५ | २५०० | २५०० | ५७०० | ५४८० | ७५० | ७५० |
| | फर्निचर तथा फिक्सर्चर | १६६६ | १६४१ | २००० | १९९९ | १८२५ | १८२४ | ३०२३ | २९७३ |
| | सवारी साधन | १५०५ | १७४८ | २६०० | २५०२ | २८१५ | २७९२ | ३७०० | ३६२९ |
| | जम्मा | | | | | | | | |
| २ | चालुपूंजी तर्फ | | | | | | | | |
| | लक्षित महिला पहिचान र समूहीकरण | ६६७५४ | ६५०९० | १३२३० | १३१०६ | ३५५१ | ३५१४ | १४८४३ | १४४५१ |
| | व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण | १६१९८ | १५४२५ | ५८०६५ | ५६३२८ | १८९५७ | १८६३५ | ७८१२१ | ७५८२६ |
| | संस्थागत विकास र सहभागिता | ३८५१८ | ३७३४१ | ३२४७८ | ३१७४७ | १६०८७ | १५७३६ | ५९५१२ | ५६५१२ |
| | गरीव विरुद्ध महिला अभियान | | | २२५३४ | २२२५० | १३०१० | १६८४५ | ६०२३२ | ५८१४४ |
| | शीप तथा व्यावसायिकता विकास तालिम | ४७०२४ | ४५२०४ | ५०६८१ | ४८८५८ | १००७७ | ९५५५ | ६०४९९ | ५७७९९ |
| | लंगिक हिंसा निवारण | २०७२५ | १८९७३ | २२६३८ | १७०७२ | ७५४७५ | ६०८६९ | २०२९० | १७८८० |
| | बिद्यालय विमुख किशोरी बहुआयामिक विकास | २०४२० | १९७३२ | ३२८५८ | ३१०६७ | १८०४४ | १७३८० | ३८७१३ | ३७४५४ |
| | मुक्त कमलरी सशक्तिकरण | | | ३०७२ | ३०६२ | | | ३००० | २०१२ |
| | बाल अधिकार सम्बर्द्धन | | | ९५० | ८८६ | ८१४३ | ७९९० | ८६१० | ७२८० |
| | बादी समुदायका महिलाकालागि घर विकास योजना | १६०३५ | १५३३२ | १६७५ | १६७५ | | | | |
| | मूल प्रवाहीकरण सम्पर्क निकाय सेवा | ९२७१ | ८६७२ | ८५४३ | ७८२२ | ८२१५ | ७९३५ | १३३८५ | १२७४२ |
| | सामाजिक परिचालन | | | ६३६९५ | ५९१३६ | ५९२७७ | ५५०११ | ६६६२२ | ६२८३९ |
| | महिला संस्थाको भौतिक सुविधा विकास | | | १५१५० | १४२४५ | | | | |
| | महिला जागृति कार्यक्रम | ५१५७४ | ४४९९३ | | | | | | |
| | सूचना शिक्षा र संचार | | | १६८५६ | १६०३३ | १४२५० | १३३५० | १४७७४ | १४२१४ |
| | किशोरी विकास तथा लंगिक हिंसा निवारण कार्यक्रम युएनएफपिएतर्फ | | | | | | | ९८८२ | ५४५९ |
| | जम्मा | ३१७२०५ | २९६९४३ | ३८९५२५ | ३५७११६ | ३०४५८६ | २८३७६१ | ५१५९५६ | ४६०५०७ |
| | खर्चको उपयोग प्रतिशत | | ९३.६ | | ९१.६ | | ९३.१ | | ८९.२ |

श्रोतः बार्षिक प्रगति प्रतिवेदन, महिला विकास विभाग, २०७२

माथि उल्लेखित तालिका अनुसार विगत आ.व. हरुमा विनियोजित बजेट तथा खर्चको उपयोगको स्थिति हेर्दा बजेटको ९० प्रतिशत भन्दा माथि खर्च भएको देखिन्छ। यसबाट कार्यक्रम संचालन प्रभावकारी रुपमा भएको र बजेट उपयोगको स्थिति सन्तोषजनक रहेको छ।

३.३.३ कार्यक्रमको बजेट तथा श्रोतहरुको उपयोगमा हुने कार्यदक्षताको आधारमा (विगत ३ वर्ष छुट्याइएको र उपयोग गरेको बजेटको कार्यदक्षताको लेखाजोखा)

महिला विकास कार्यक्रमको बजेट केन्द्रियस्तर र जिल्लास्तरमा विनियोजन हुने गरेको छ । संचालन बजेटमा तलब, भत्ता, अनुदान भ्रमण र पूँजीगत खर्च रहेका छन् भने कार्यक्रम तर्फ विभिन्न कार्यक्रम, क्रियाकलापहरु, तालिम, गोष्ठि, अनुगमन आदि रहेका छन् । विगत तीन वर्ष संचालन र कार्यक्रम तर्फ निनियोजन भएको रकम तल उल्लेख गरिएको छ।

**तालिका नं.१८: महिला विकास कार्यक्रमका लागि बजेट व्यवस्था (रु ०००मा )**

| आ.व. | २०७०।७१ | | २०७१।७२ | | २०७२।७३ | |
|---|---|---|---|---|---|---|
| कार्यक्रमहरु | कार्यक्रम बजेट | संचालन बजेट | कार्यक्रम बजेट | संचालन बजेट | कार्यक्रम बजेट | संचालन बजेट |
| महिला विकास कार्यक्रम | १३०५८ | ३३६०८ | १८२५० | २६६८१ | २५३८० | ३२३०९ |
| महिला सशक्तिकरण कार्यक्रम | १७३० | ५०००० | २३१०३ | ३५९१० | ३७९२९ | १८९४४ |
| लैंगिक समानता तथा महिला सशक्तिकरण कार्यक्रम | ० | ० | ० | ० | २०३९६३ | ११५६५ |
| लंगिक हिंसा निवरण एकिकृत विकास कार्यक्रम | ९३२९ | ४८१० | १३९५९३ | १९७६३ | ४५४६८९ | ८३५२३६ |
| महिला विकास कार्यक्रम (महिला जागृति कार्यक्रम समेत) | ३५९११५ | ४५८१२९ | ४९२५१५ | ५२५१०९ | २०३९६३ | ११५८५ |
| जम्मा | ३८३२३२ | ५४६५४७ | ६७३४६१ | ६०७४६३ | ९२५९२४ | ९०९६३९ |
| जम्मा बार्षिक बजेट | ९२९७७९ | | १२८०९२४ | | १८३५५६३ | |
| संचालन बजेट प्रतिशत | | ५८.८ | | ४७.५ | | ४९.६ |
| कार्यक्रम बजेट प्रतिशत | ४१.२ | | ५२.५ | | ५०.४ | |

श्रोतः सरकारी आय व्यय अनुमान, अर्थ मन्त्रालय, २०७०,२०७१, २०७३

माथि उल्लेख भए अनुसार आ.व. २०७०।७१ मा कार्यक्रम तफ कूल बजाटको ४१.२ प्रतिशत र संचालन तर्फ ५८.२ प्रतिशत बजेट बिनियोजन भएको छ। त्यसैगरी आ.व. २०७१।०७२ मा कार्यक्रम तर्फ ५२.५ प्रतिशत र संचालनमा ४७.५ प्रतिशत विनियोजन भएको छ। आ.व. ०७२।०७३ मा कार्यक्रम तर्फ ५०.४ प्रतिशत र संचालन तर्फ ४९.६ प्रतिशत भएको देखिन्छ।

कार्याक्रम र संचालन खर्चको तुलनात्मक हिसावमा सामान्यतया संचालन खर्च भन्दा कार्यक्रम खर्च बढी भएमा कार्यक्रमको प्रभाव बढन जाने तथा बजेटको कार्यदक्षता हासिल गर्न सकिने छ। हालको करीब ५० प्रतिशत हिस्सामा रहेको संचालन खर्चको अवस्थालाई बजेटको कार्यदक्षता हासिल गर्न नसकेको मान्न सकिन्छ।

## ३.४ कार्यक्रमको प्रभाव

३.४.१ महिलाको उत्पादनशील सम्पत्ति बृद्धि र जीविकोपार्जनमा सुधारमा परेको प्रभाव

महिलाहरुको शीप तथा क्षमता अभिबृद्धि गर्न विभिन्न तालिमहरु संचालन भएका छन् । यस्ता आधारभूत तालिम, शीपमूलक तालिम, व्यवासायिक तालिम आदि पर्दछन् । उक्त तालिमहरुले व्यक्तित्व एवं शीप विकास गरी जीविकोपार्जनमा सुधार गर्न सघाउ पुगी रहेको स्थिति छ महिला समूहका सदस्यहरुले प्राप्त गर्ने गरेका तालिमको प्रकृति र समूहमा समेटिएका सदस्यहरुको सहभागिता सम्बन्धी स्थलगत सर्भेक्षणमा निम्न अनुसार देखिन आएको छ ।

**तालिका नं.१९: महिला विकास कार्यक्रबाट संचालिन तालिममा सहभागिता**

| तालिमका विषयहरु | सहभागिता (संख्या.११५२) | प्रतिशत |
|---|---|---|
| समूह सदस्यहरुको अनुशिक्षण | ९३४ | ८१.१ |
| आधारभुत तालिम | ९५६ | ८३.० |
| नेतृत्व तथा संस्थागत विकास तालिम | ३९० | ३३.९ |
| व्यवसायमूलक शीप विकास तालिम | ३२४ | २८.१ |
| कानूनी सचेतना जागरण तालिम | २२२ | १९.३ |
| सामाजिक समावेशीकरण तालिम | १७५ | १५.२ |
| सासु बुहारी बिच अर्न्तक्रिया तालिम | २११ | १८.३ |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि तालिकामा उल्लेख भए अनुसार समूहका महिला सदस्यहरु मध्ये अनुशिक्षण तालिम प्राप्त गर्ने ८१.१ प्रतिशत रहेको देखिन्छन् भने आधारभूत तालिममा प्राप्त गर्ने ८३.० प्रतिशत रहेका छन् । नेतृत्व तथा संस्थागत विकास तालिममा ३३.९ प्रतिशतले मात्र सहभागी भएका छन् । व्यावसायिक शीप विकास तालिम लिने २८.१ प्रतिशत रहेका छन् भने कानूनी सचेतना जागरण तालिम लिनेमा १९.३ प्रतिशत रहेका छन् ।

विभिन्न तालिमबाट महिलाहरुको उद्यमशीलता र क्षमतामा अभिबृद्धि भएको छ । महिलाहरु समूहमा आवद्ध भै बचत गर्ने गरेका र बचतबाट लगानी गरी उद्यम व्यवसाय संचालन गर्ने गरेका छन् । समूहको सक्रियतामा विभिन्न क्रियाकलापहरु संचालन गर्ने हुँदा जीविकोपार्जन गर्न सहयोग पुगेको देखिन्छ । घर परिवारमा भएको सिमित श्रोत तथा साधन र महिलाको बचत परिचालनबाट कृषि, पशुपालन, साना उद्यम आदिबाट आम्दानी गर्ने गरेको देखिन्छ ।

महिला विकास कार्यक्रमबाट प्रदान गरिएका विभिन्न प्रकारका व्यक्तित्व विकास तथा शीप विकास तालिमको उपयुक्तता सम्बन्धी गरिएको अध्ययनबाट ती तालिमहरु महिलाहरुलाई उपयुक्तको अवस्था जिल्लागत रुपमा तल तालिकामा देखाइएको छ ।

**तलिक नं.२०: जिल्लागत रुपमा तालिमको उपयुक्तताको अवस्था**

| जिल्ला | संख्या | तालिमको उपयुक्तता | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| संखुवासभा | ५४ | ३९ | ७२.२ |
| मोरङ्ग | ३३५ | १४१ | ४२.१ |
| रौतहट | १६७ | ५३ | ३१.७ |
| म्याग्दी | ४३ | ३१ | ७२.१ |
| रुपन्देही | २५७ | १४० | ५४.५ |
| दाङ्ग | १८३ | ११९ | ६५.० |
| कालिकोट | ७६ | १९ | २४.३ |
| अछाम | ३७ | ९ | २५१९४।५ |
| जम्मा | ११५२ | ५५१ | ४७.८ |

श्रोत : स्थलगत सर्भेक्षण २०७२

उल्लेखित तालिका अनुसार संखुवासभा जिल्लाका महिलाहरुले तालिम उपयुक्त रहेको बताएका छन् भने सबैभन्दा कम कालिकोट र अछाम जिल्लामा रहेको छ । यस जिल्लामा कार्यक्रमबाट प्रदान गरिएका तालिमहरुको उपयोग नभएको हुँदा तालिम प्राप्त महिलाहरुलाई उपयुक्त नभएको हुन सक्ने छ ।

३.४.२ महिलाको सामाजिक क्षमता अभिबृद्धिमा पारेको प्रभाव

कार्यक्रमबाट महिलाहरुको सामाजिक क्षमता अभिबृद्धि गर्नमा पारेको प्रभाव बारे स्थलगत सर्भेक्षण गरिएको थियो । सर्भेक्षणबाट देखिएका नतिजा अनुसार उनीहरुको व्यक्तिगत सक्षमता र सचेतनामा बृद्धि भै लैङ्गिक विकासमा प्रभाव परेको देखिन्छ । अध्ययनका क्रममा गरिएको सर्भेक्षण अनुसार आफ्नो भनाई राख्न सक्ने क्षमता जिल्लागत रुपमा तल तालिकामा दिइएको छ ।

**तालिका नं.२१: कार्यक्रमबाट आफ्नो भनाई राख्ने क्षमता अभिबृद्धि**

| जिल्ला | संख्या | आफ्नो भनाई राख्ने क्षमता अभिबृद्धि | |
|---|---|---|---|
| | | संख्या | प्रतिशत |
| संखुवासभा | ५४ | ५२ | ९०.७ |
| मोरङ्ग | ३३५ | २१३ | ६३.६ |
| रौतहट | १६७ | १६४ | ९८.२ |
| म्याग्दी | ४३ | ४१ | ९५.३ |
| रुपन्देही | २५७ | २३७ | ९२.२ |
| दाङ्ग | १८३ | १६९ | ९२.३ |
| कालिकोट | ३७ | ३३ | ८९.२ |
| अछाम | ७६ | ७५ | ९८.७ |
| जम्मा | ११५२ | ९८४ | ८५.४ |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

सर्भेक्षणका आधारमा महिलाहरुले आफ्नो कुरा समूह, समाज तथा विभिन्न निकायहरुमा राख्न सक्ने क्षमतामा अभिबृद्धि भएको पाईन्छ । माथि सर्भेक्षण गरिएका जिल्लाको आंकडा अनुसार प्रायजसो ९० प्रतिशत महिलाहरु आफ्नो कुरा निर्भिक रुपमा राख्न सक्ने देखिन्छ । कार्यक्रमको समूह गठन, समूह परिचालन, संस्थागत विकासका माध्यमबाट क्षमता अभिबृद्धि भएको र विभिन्न विभिन्न चेतनामूलक कार्यक्रम, सूचना प्रवाह, शिक्षाको विकास आदिबाट समेत सकारात्मक प्रभाव परेबाट महिलाहरु सामाजिक रुपमा पहिला भन्दा क्षमतावान हुन सकेको पाईन्छ । साथै महिला विकास कार्यक्रमबाट संचालित क्रियाकलापहरु वाहेक अन्य सामाजिक सचेतना र राजनैतिक चेतनाले गर्दा पनि उनीहरुको क्षमता बृद्धि भएको भन्ने कुरा समूहगत छलफलमा व्यक्त गरिएको छ ।

३.४.२.१ निर्णय गर्ने क्षमतामा आएको परिवर्तन

महिलाहरुले घरयासी तथा पारिवारिक विषयहरुमा निर्णय गर्ने क्षमताका बारेमा स्थलगत सर्भेक्षणको आंकडा तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.२२: महिलाको निर्णय गर्ने क्षमतामा आएको परिवर्तन**

| सि.नं. | निर्णय गर्ने क्षेत्रहरु | कार्यक्रमले समेटिएको क्षेत्र | | | | p-Value |
|---|---|---|---|---|---|---|
| | | पहिला | प्रतिशत | अहिले | प्रतिशत | |
| १ | पारिवारिक विषयहरुमा स्वयं निर्णय गर्ने | ६९३ | ६०.२ | ९०२ | ७८.३ | <०.००१ |
| २ | छर छिमेक, समूह र समुदायको निर्णय गर्ने | ४४४ | ३८.५ | ६८५ | ५९.५ | <०.००१ |
| ३ | स्थानीय संघ संस्थामा निर्णय गर्ने | २२८ | १९.८ | ५१२ | ४४.४ | <०.००१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्रजनन स्वास्थ बारेमा | ३३५ | २९.१ | ६६९ | ५८.१ | <०.००१ |
| ५ | बजारमा खरिद तथा विक्रि गर्नमा | ४६५ | ४०.४ | ७३२ | ६३.५ | <०.००१ |
| ६ | सम्पत्ती बेचबिखन गर्नमा | १६० | १३.९ | ४०४ | ३५.१ | <०.००१ |
| ७ | राजनितिक सहभागिता बारे निर्णय गर्न | ७० | ६.१ | ३०९ | २६.८ | <०.००१ |
| ८ | सामाजिक रीति रिवाजमा | २२१ | १९.२ | ५६८ | ४९.३ | <०.००१ |
| ९ | दैनिक घरायसी काममा | ६८९ | ५९.८ | ८३५ | ७२.५ | <०.००१ |
| १० | पशुपालन | ६६५ | ५७.७ | ७४७ | ६४.८ | <०.००१ |
| ११ | पारिवारिक स्वास्थ | ४८० | ४१.७ | ७८५ | ६८.१ | <०.००१ |
| १२ | शिक्षामा | ३५९ | ३१.२ | ७३१ | ६३.५ | <०.००१ |

श्रोतः स्थलगत सर्भेक्षण , २०७२

माथि उल्लेखित तालिकामा महिलाको विभिन्न विषयहरुमा निर्णय गर्ने क्षमता बारे पहिले र अहिलेको तुलनात्मक अवस्था देखाईएको छ । कार्यक्रम लागु हुनु भन्दा अगाडि पारिवारिक विषयहरुमा स्वयं निर्णय लिने क्षमतामा ६०.२% रहेकोमा कार्यक्रम संचालन पश्चात ७८.३% रहेको छ । सोही विषयमा कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलाको निर्णय गर्ने क्षमता भने ६७.४% रहेको छ भने कार्यक्रमले समेटिएका महिलाको निर्णय क्षमतामा ७८.३ प्रतिशत रहेको छ । महिला विकास कार्यक्रम संचालन भएका क्षेत्रका महिलाको निर्णय गर्ने क्षमता बढी भएको हुँदा कार्यक्रमको निर्णय गर्ने क्षमतामा प्रभाव परेको देखिन्छ ।

त्यसैगरी घरपरिवारको शिक्षामा महिलाको निर्णय क्षमता कार्यक्रम संचालन हुनु भन्दा पहिला ३१.२% रहेको थियो भने कार्यक्रममा सहभागि भए पश्चात बृद्धि भै ६३.५% हुन पुगेको छ । यसबाट महिलाहरुले आफ्नो छोराछोरीको शिक्षा दिक्षामा निर्णय गर्न सक्ने सक्षमता कार्यक्रम पश्चात उल्लेख्य रुपमा सुधार भएको देखिन्छ । सबैभन्दा कम राजनैतिक सहभागितामा निर्णय गर्ने क्षमता कार्यक्रमले समेटेको क्षेत्रमा पहिला ६.१% रहेकोमा कार्यक्रम संचालन पश्चात २६.८% भएको छ र सो को तुलनात्मक रुपमा कार्यक्रमले नसमेटिएका क्षेत्रमा महिलाहरुको सहभागिता १५.६% मात्र रहेको देखिन्छ ।

कार्यक्रमले समेटिएका महिलाहरुको निर्णय क्षमता तुलनात्मक रुपमा कार्यक्रमले नसमेटिएका महिलाहरु भन्दा बढी रहेको स्थलगत सर्भेक्षणबाट देखिएको छ । उल्लेखित महिलाहरुको निर्णय गर्ने क्षमतामा भएको बृद्धिको तथ्यांकशास्त्रको विश्लेषण अनुसार p-Value उल्लेख्य रुपमा फरक भएको देखिदैन फलस्वरुप, महिला विकास कार्यक्रम शुरु हुनु भन्दा पहिले र अहिले निर्णय गर्ने क्षमतामा उल्लेख्य रुपमा अभिबृद्धि भएको स्पष्ट हुन जान्छ ।

यसैगरी महिलाको निर्णय गर्ने क्षमतामा आएको परिवर्तनका सम्बन्धमा कार्यक्रमले समेटिएका क्षेत्र (Case) र कार्यक्रमले नसमेटिएका क्षेत्र (Control) विचको तुलनात्मक अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट आएका आंकाडाहरु तल तालिकामा दिइएको छ ।

**तालिका नं.२३: महिलाको निर्णय गर्ने क्षमतामा आएको परिवर्तन (Case VS Control)**

| सि.नं. | निर्णय गर्ने क्षेत्रहरु | कार्यक्रमले समेटिएको क्षेत्र | | कार्यक्रमले नसमेटिएको क्षेत्र | | p-Value |
|---|---|---|---|---|---|---|
| | | अहिले | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | पारिवारिक विषयहरुमा स्वयं निर्णय गर्ने | ९०२ | ७८.३ | १९४ | ६७.४ | <0.00१ |
| २ | छर छिमेक, समूह र समुदायको निर्णय गर्ने | ६८५ | ५९.५ | १६० | ५५.६ | <0.२१७ |
| ३ | स्थानीय संघ संस्थामा निर्णय गर्ने | ५१२ | ४४.४ | ९९ | ३४.४ | <0.00२ |
| ४ | प्रजनन स्वास्थ बारेमा | ६६९ | ५८.१ | १४३ | ४९.७ | <0.00१ |
| ५ | बजारमा खरिद तथा विक्रि गर्नमा | ७३२ | ६३.५ | १६९ | ५८.७ | <0.१३३ |
| ६ | सम्पती बेचबिखन गर्नमा | ४०४ | ३५.१ | ७२ | २५.० | <0.00१ |
| ७ | राजनितिक सहभागिता बारे निर्णय गर्न | ३०९ | २६.८ | ४५ | १५.६ | <0.00१ |
| ८ | सामाजिक रीति रिवाजमा | ५६८ | ४९.३ | ९७ | ३३.७ | <0.00१ |
| ९ | दैनिक घरायसी काममा | ८३५ | ७२.५ | १८७ | ६४.९ | <0.0११ |
| १० | पशुपालन | ७४७ | ६४.८ | १७१ | ५९.४ | <0.0८८ |
| ११ | पारिवारिक स्वास्थ्य | ७८५ | ६८.१ | १४४ | ५०.० | <0.00१ |
| १२ | शिक्षामा | ७३१ | ६३.५ | १११ | ३८.५ | <0.00१ |

श्रोत: स्थलगत सर्भेक्षण , २०७२

माथि उल्लेखित तालिकामा महिलाहरुको निर्णय गर्ने क्षमतामा १२ वटा विषयहरुमा गरिएको अध्ययन अनुसार कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलाहरुको निर्णय गर्ने क्षमताको तुलनामा कार्यक्रमले समेटिएका क्षेत्रका महिलाहरुको अवस्था राम्रो रहेको देखिन्छ । जसमध्ये स्वयं निर्णय गर्ने क्षमतामा आएको परिवर्तन कार्यक्रमले समेटिएको क्षेत्रका महिलामा ७८.३ प्रतिशत रहेको र कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलामा ६७.४ प्रतिशत रहेको देखिन्छ । सम्पत्तिको बेच बिखन गर्ने विषयमा निर्णय गर्ने सम्बन्धी कार्यक्रमले समेटिएका क्षेत्रका महिलामा ३५.१ प्रतिशत रहेको र कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलामा २५.० प्रतिशत रहेको छ ।

महिलाको निर्णय क्षमतामा आएको परिवर्तन सम्बन्धी अध्ययबाट कार्यक्रमले समेटिएको क्षेत्रका महिलामा कार्यक्रमले नसमेटिएको क्षेत्रका महिला भन्दा सुधार भएको हुँदा कार्यक्रमबाट प्रभाव परेको देखिन्छ। साथै तथ्यांकशास्त्रको विश्लेषण अनुसार p-Value हेर्दा पनि यी दुवै पक्षहरु बीच परिवर्तन भएको कुरा स्पष्ट रुपमा देखिन आएको छ ।

महिलाको निर्णय गर्ने क्षमतामा भएको परिवर्तन बारे महिलाहरुको सन्तुष्टिकोस्तर सम्बन्धी गरिएको अध्ययन अनुसार कार्यक्रमले समेटिएको क्षेत्र र नसमेटिएको क्षेत्र बीचको तुलनात्मक अवस्था तल तालिकामा दिइएको छ।

**तालिका नं.२४: महिलाको निर्णय गर्ने क्षमता बारे सन्तुष्टि (Case VS. Control)**

| सि.नं. | सन्तुष्टिको स्तर | कार्यक्रमले समेटिएको क्षेत्र | | कार्यक्रमले नसमेटिएको क्षेत्र | |
|---|---|---|---|---|---|
| १ | अति सन्तोषजनक | १८४ | १६.० | ३५ | १२.२ |
| २ | सन्तोषजनक | ४८० | ४१.७ | १०४ | ३६.१ |
| ३ | ठिकठिकै | २२६ | १९.६ | ६९ | २४.० |
| ४ | कम सन्तुष्ट | १११ | ९.६ | ४३ | १४.९ |
| ५ | सन्तोषजनक नभएको | १५१ | १३.१ | ३७ | १२.८ |
| जम्मा | | ११५२ | १००.० | २८८ | १००.० |

श्रोतः स्थलगत सर्भेक्षण , २०७२

माथिको तालिका अनुसार कार्यक्रम समेटेको क्षेत्रका १६.० प्रतिशत महिलाहरु आफ्नो निर्णयमा अति सन्तोषजनक रहेका छन् भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा १२.२ प्रतिशत अति सन्तोषजनक रुपमा रहेका छन् । त्यसैगरी सन्तोषजनक स्तरमा कार्यक्रमले समेटिएको क्षेत्रका महिला ४१.७ प्रतिशत र कार्यक्रमले नसमेटिएका क्षेत्रका महिला ३६.१ प्रतिशत रहेका छन् । यसरी स्थलगत अध्ययन अनुसार कार्यक्रमले समेटिएका क्षेत्र (Case) का महिलाहरुको निर्णयमा सन्तुष्टिकोस्तर कार्यक्रमले नसमेटिएका क्षेत्र (Control) का महिलाहरु भन्दा बढी देखिएको छ ।

३.४.२.२ सामाजिक परिवर्तन

सामाजिक एवं सास्कृतिक रुपमा समाजमा चलेका विभिन्न प्रथाहरुमा महिलाहरु प्रत्यक्ष रुपमा संलग्न रहने हुँदा यस्ता प्रथा मध्ये सामाजिक कुरीती विरुद्ध जागरुकता वारेको अध्ययनबाट देखिएको स्थिति तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.२५: महिलाहरुको सामाजिक परिवर्तनको अवस्था (Case VS. Control)**

| सि.नं. | सामाजिक क्षेत्रहरु | कार्यक्रमले समेटिएको क्षेत्र ( प्रतिशत) | | | | कार्यक्रमले नसमेटिएको क्षेत्र (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| | | पहिला | प्रतिशत | अहिले | प्रतिशत | संख्या | प्रतिशत |
| १ | छाउपडि प्रथा | ६० | ५३.१ | ४० | ३५.४ | १२ | ४४.४ |
| २ | महिनावाडरी हुंदा घर वाहिर बस्ने | २६८ | २३.३ | ९७ | ८.४ | ३८ | १३.२ |
| ३ | खेतीपाती गर्दा हलो जोत्ने | १०० | ८.७ | १७८ | १५.५ | ४८ | १६.७ |
| ४ | काज क्रिया गर्ने | १२७ | ११.० | ३८७ | ३३.६ | ७८ | २७.१ |
| ५ | मलामी जाने | १६४ | १४.२ | ५१५ | ४४.७ | ९५ | ३३.० |
| ६ | सामाजिक एवं धार्मिक कार्यमा बाजा बजाउने | १३८ | १२.० | ३८३ | ३३.२ | १०९ | ३७.८ |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

उल्लेखित तालिका अनुसार छाउपडी प्रथा सम्बन्धमा कार्यक्रमले समेटिएको क्षेत्रमा पहिला ५३.१ प्रतिशत रहेकोमा हाल ३५.४ प्रतिशतमा कायम भै सुधार भएको देखिन्छ भने कार्यक्रमले नसमेटिएको क्षेत्रमा ४४.४ प्रतिशत कायम रहेको छ । छाउपडि प्रथा भएका जिल्ला मध्ये अछाम तथा कालिकोट जिल्लामा सर्भेक्षण गरिएको थियो । त्यसैगरी महिनावारी हुँदा घर वाहिर बस्ने संस्कारमा परिवर्तन भई पहिला २३.३% रहेकोमा अहिले ८.४% मात्र रहेको छ । खेतीपाती गर्दा महिलाले हलो जोत्ने संस्कार पहिला ८.७ प्रतिशत भएकोमा हाल १५.५% भएबाट पुरुष सरह महिलाले पनि हलो जोत्ने गरेको देखिन्छ । त्यसैगरी महिलाले काजक्रिया गर्ने सम्बन्धमा पहिला ११.० प्रतिशत रहेकोमा हाल बृद्धि भै ३३.६ प्रतिशत भएको हुँदा महिलाहरुको सहभागिता बढ्दै गएको देखिन्छ । मलामी जाने संस्कारमा पहिला १४.२ प्रतिशत महिलाको सहभागिता रहेकोमा हाल ४४.७ प्रतिशत महिला सहभागि हुने गरेको पाईन्छ ।

सामाजिक तथा संस्कृति प्रथा तथा कुरीतिहरुका सम्बन्धमा महिला विकास कार्यक्रम संचालन हुनु भन्दा पहिला र कार्यक्रम संचालन भएपछि सामाजिक परिवर्तन भएको पाईन्छ । महिलाहरुको सचेतना, शिक्षा, आत्म निर्णयको क्षमताले गर्दा सामाजिक प्रथा तथा कुरीतिमा परिवर्तन हुन सकेको हो ।

घरयासी संस्कारजन्य पक्षहरुमा भएका परिवर्तनहरुको सम्बन्धमा स्थलगत अध्ययनबाट प्राप्त विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२६: घरयासी संस्कारजन्य पक्षहरुमा भएका परिवर्तनहरु**

| सि.नं. | संस्कारहरु | कार्यक्रमले समेटिएको क्षेत्र | | | | कार्यक्रमले नसमेटिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | पहिला | प्रतिशत | अहिले | प्रतिशत | संख्या | प्रतिशत |
| १ | घर परिवारका सदस्यहरु खानपिन गर्दा पछि खाने | २४५ | २१.३ | २०० | १७.४ | ७७ | २६.७ |
| २ | घुम्टो राख्ने | १४५ | १२.६ | १०० | ८.७ | ३५ | १२.२ |
| ३ | बुर्खा राख्ने | ५८ | ५.० | ५० | ४.३ | १८ | ६.३ |
| ४ | छुवाछुत सम्बन्धमा | २५५ | २२.१ | १०५ | ९.१ | ५१ | १७.७ |
| ५ | बलविवाह | १३५ | ११.७ | १०३ | ८.९ | ४३ | १४.९ |
| ६ | बैकल्या /बाल विधवा | ११९ | १०.३ | ६० | ५.२ | ३१ | १०.८ |
| ७ | एकल महिला विधवा विवाह | १८६ | १६.१ | ३८७ | ३३.६ | ९८ | ३४.० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

कार्यक्रमले समेटिएका क्षेत्रका महिलाहरुमा घरपरिवारका सदस्यहरु खानपिन गर्दा महिलाले पछि खाने प्रचलन पहिला २१.३ प्रतिशत रहेकोमा हाल कम हुँदै १७.४ प्रतिशत रहेको छ । कार्यक्रमले नसमेटिएका क्षेत्रमा अझै यसप्रकारको संस्कार २६.७ प्रतिशत रहेको छ । घुम्टो राख्ने चलनका सम्बन्धमा कार्यक्रमले समेटिएका क्षेत्रमा रहेका महिलाहरुले पहिला १२.६% राख्ने गरेकोमा हाल ८.७% मा सिमित हुन पुगेको

देखिन्छ भने कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलाहरुमा यस्तो प्रचलन १२.२ प्रतिशत रहेको छ । छुवाछुतका सम्बन्धमा कार्यक्रमले समेटिएका क्षेत्रका महिलाहरुमा पहिला २२.१% रहेको देखिएकोमा घटेर हाल ९.१% मात्र कायम रहेको छ । तथापि कार्यक्रमले नसमेटिएका क्षेत्रमा छुवाछुत प्रथा १७.७ प्रतिशत अझै रहेको पाईन्छ । बालविवाहका सम्बन्धमा कार्यक्रमले समेटिएका क्षेत्रमा पहलिा ११.७ प्रतिशत रहेकोमा अहिले पनि  अझै ८.९% रहेको देखिन्छ । एकल महिला विधवाले विवाह गर्ने संख्या पहिला १६.१ प्रतिशत रहेकामा उक्त संख्या संख्या बृद्धि भै ३३.६ प्रतिशत पुगेको छ  । त्यसैगरी कार्यक्रमले नसमेटिएको क्षेत्रमा पनि एकल महिला विधवा विवाह गर्ने ३४.० प्रतिशत रहेको छ ।

प्रस्तुत अध्ययनबाट घरयासी संस्कारजन्य पक्षहरुमा महिला विकास कार्यक्रम लागु भएका क्षेत्र र कार्यक्रमले नसमेटिएका क्षेत्र बीच पहिलाको अवस्थामा उल्लेख्य सुधार आएको देखिन्छ ।

### ३.४.३ कार्यक्रमले सम्बन्धित नियम कानून परिवर्तन गर्न पारेको प्रभाव

अध्ययन गरिएका जिल्लहरुमा महिलाहरुले भोग्नु परेको घरेलु हिंसा सम्बन्धी कार्यक्रमले समेटिएको (Case) र कार्यक्रमले नसमेटिएको क्षेत्र (Control) का विषयमा तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.२७: जिल्लागत रुपमा घरेलु हिंसा भोगेको अवस्था**

| जिल्ला | कार्यक्रमले समेटिएको क्षेत्र | | | कार्यक्रमले नसमेटिएको क्षेत्र | | |
|---|---|---|---|---|---|---|
| | जम्मा संख्या | संख्या | प्रतिशत | जम्मा संख्या | संख्या | प्रतिशत |
| संखुवासभा | ५४ | १२ | २२.२ | १४ | ४ | २८.६ |
| मोरङ्ग | ३३५ | २९ | ८.७ | ८४ | ११ | १३.१ |
| रौतहट | १६७ | ३५ | २१.० | ४२ | १४ | ३३.३ |
| म्याग्दी | ४३ | १२ | २७.९ | ११ | ४ | ३६.४ |
| रुपन्देही | २५७ | ३८ | १४.८ | ६४ | १२ | १८.८ |
| दाङ्ग | १८३ | २८ | १५.३ | ४६ | १३ | २८.३ |
| कालिकोट | ७६ | २१ | २७.० | ८ | ३ | ३७.५ |
| अछाम | ३७ | १० | २७.६ | १९ | ७ | ३६.८ |
| जम्मा | ११५२ | १८५ | १६.० | २८८ | ६८ | २३.६ |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि उल्लेखित तालिका अनुसार कार्यक्रमले समेटिएका क्षेत्रहरु मध्ये अछाम, कालिकोट, म्यग्दी, रौतहट, र संखुवासभा जिल्लामा घरेलु हिंसा भोग्ने महिलाहरुको संख्या क्रमशः २७.६%, २७.०%, २७.९%, २१.०%, र २२.२% रहेको देखिन्छ । साथै अन्य जिल्लाहरुमा कम मात्रामा भएको देखिन्छ । कार्यक्रमले नसमेटिएका क्षेत्रमा महिला हिंसाको अवस्था हेर्दा अछाम, म्याग्दी, रौतहट र संखुवासभामा बढी भएको देखिन्छ ।

कार्यक्रमले समेटिएका क्षेत्रका महिला र नसमेटिएका क्षेत्रका बीच महिलाहरुमा हुने महिला हिंसामा खासै फरक भएको देखिदैन ।

घरेलु हिंसा विरुद्ध कानूनी उपचारका लागि सम्बन्धित निकायमा उजुरी गर्ने महिलाहरुको अवस्था सम्बन्धमा कार्यक्रमले समेटिएको क्षेत्रका ५० प्रतिशत महिलाहरुले उजुरी गर्न जाने क्षमता राख्दछन् भने कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलाहरु १९ प्रतिशतले मात्र उजुरी गर्ने गरेको देखिन्छ । यस सम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।




माथि उल्लेखित आकडा अनुसार कार्यक्रम संचालित भएका क्षेत्रका महिलाहरु बढी सक्षम तथा घरेलु हिंसाको बिरुद्ध उजुरी गर्ने, आवाज उठाउने गरेको देखिन्छ ।

### ३.४.४ घर परिवारको गरीवी न्यूनिकरण

अध्ययन गरिएका जिल्लाहरुको आय-आर्जन र खर्च सम्बन्धी प्राप्त आंकडा अनुसार महिला विकास कार्यक्रम संचालन गर्नु भन्दा पहिला प्रति परिवार बार्षिक आम्दानी रु. ९४,०००।०० रहेकोमा अहिले बृद्धि भै रु. १४३,०००।०० रहेको देखिन्छ । प्रस्तुत आँकडा अनुसार प्रति परिवारको बार्षिक आम्दानी बढेको हुँदा आय आर्जनका क्रियाकलापहरुले गर्दा हुने गरेको देखिन्छ । घरपरिवारको खर्चमा कार्यक्रम शुरु हुनु भन्दा पहिला बार्षिक रु. ७४,०००।०० रहेको र अहिले बार्षिक रु. ९४,०००।०० रहेको देखिन्छ । यसबाट आम्दानीबाट खर्चकटाई वांकी हुने बर्षिक बचत पहिला रु २०,०००।०० रहेकोमा हाल रु. ४९,०००।०० रहेको देखिन्छ । यसबाट घरपरिवारको बर्षिक बचतमा पहिलाको भन्दा हाल बृद्धिका कारणले गर्दा आर्थिक सुधार हुन पुगेको छ ।

महिला विकास कार्यक्रमद्वारा महिलाहरुको आय तथा रोजगारी, उद्यम व्यवसाय संचालनबाट हुने आम्दानीबाट घरपरिवारको आयमा बृद्धि हुन गै गरीवी न्यूनिकरण हुँदै गएको देखिन्छ ।

३.४.५ महिला विकास कार्यक्रमले स्थानीय जनताको विकासका आकांक्षाहरु पुरा गर्न गरेको योगदान

स्थानीयस्तरमा हुने विकास सम्बन्धी काममा महिलाहरुको सक्रियता बढदै गएको देखिन्छ । वडा नागरिक मन्चमा ३३ प्रतिशत महिला सदस्य हुने प्रावधानले गर्दा सबैजसो वडा नागरिक मन्चमा महिला सहभागिता हुनु पर्ने व्यवस्था छ । अध्ययन अनुसार कार्यक्रमले समेटिएका क्षेत्रका महिलाहरुको वडा नागरिक मन्चमा संलग्ने १२.३ प्रतिशत भै रहेको देखिन्छ भने कार्यक्रमले नसमेटिएको क्षेत्रका महिलाहरु ६.३ प्रतिशत मात्र बडा नागरिक मन्चमा सहभागी भएको देखिन्छ । यस सम्बन्धी विवरण तल चार्टमा उल्लेख गरिएको छ ।




त्यसैगरी उपभोक्ता समितिमा महिलाहरुको सहभागिताका बारेमा कार्यक्रमले समेटिएका क्षेत्रबाट ३७.४ प्रतिशतको सहभागिता रहेको छ भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा ३०.७ प्रतिशतको मात्र सहभागिता रहेको देखिन्छ । यसबाट महिला विकास कार्यक्रम संचालन भएका क्षेत्रका महिलाहरु बढी सक्रिय र विकास कार्यमा सहभागी हुने गरेको देखिन्छ । यस सम्बन्धी विवरण तल चार्टमा देखिइएको छ ।




### ३.४.६ खानेपानी तथा सरसफाईमा परेको प्रभाव

अध्ययन गरिएका क्षेत्रमा खानेपानी तथा सरसफाईको अवस्था सम्बन्धी खानेपानीको श्रोतको प्रयोगको अवस्था तथा यसमा बचत हुने समयको उपयोग आदि बारे तल उल्लेख गरिएको छ ।

**तालिका नं. २८ः खानेपानीको श्रोत र उपयोगको अवस्था**

| सि.न. | खानेपानीको श्रोत | कार्यक्रमले समेटिएको क्षेत्र | | | | कार्यक्रमले नसमेटिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | पहिला संख्या | प्रतिशत | अहिले संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पाइप प्रणालीको निजी धारा | १३२ | ११.५ | २१८ | १८.९ | ३८ | १३.२ |
| २ | निजी घर कम्पाउड भित्र भएको इनार, कुवा (इनार, ट्युवबेल, जेट पम्प तथा पम्पं | ५५७ | ४८.४ | ६६१ | ५७.४ | १०७ | ३७.२ |
| ३ | सार्वजनिक धारा | ३५९ | ३१.२ | १६९ | १४.७ | १०२ | ३५.४ |
| ४ | छिमेकीको धारा | २३ | २.० | ५१ | ४.४ | २२ | ७.६ |
| ५ | छिमेकीको इनार, कवा (इनार, ट्युवबेल, जेट पम्प तथा पम्पं | ५५ | ४.८ | ३९ | ३.४ | १० | ३.५ |
| ६ | वर्षातको पानी संकलन | ० | ०(० | ० | ०.० | ० | ०.० |
| ७ | खोला, पोखरी | २६ | २.३ | १४ | १.२ | ९ | ३.१ |
| | जम्मा | ११५२ | १००.० | ११५२ | १००.० | २८८ | १००.० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि उल्लेखित तालिकामा देखाए अनुसार कार्यक्रमले समेटिएका क्षेत्रमा पाईप प्रणालीको निजी धारामा खानेपानी सेवा पाउनेको संख्या कार्यक्रम शुरु हुनु भन्दा पहिला ११.५ प्रतिशत रहेकोमा बृद्धि भै अहिले १८.९ प्रतिशत पुगेको छ । त्यसैगरी कार्यक्रमले नसमेटिएको क्षेत्रमा पाइप प्रणालीको निजी धारा भएको १३.२ प्रतिशत रहेको देखिन्छ। निजी घर कम्पाउण्ड भित्र भएको इनार, कुवा, ट्युवबेल आदिबाट खानेपानी उपलब्ध हुनेमा कार्यक्रमले समेटिएको क्षेत्रमा पहिला ४८.४ प्रतिशत रहेकोमामा बृद्धि भै ५७.४ प्रतिशत रहेको देखिन्छ । कार्यक्रमले समेटिएको क्षेत्रमा सार्वजनिक धाराबाट पानी खानेपानी प्राप्त गर्ने ३१.२ प्रतिशत रहेकोमा सो घटेर १४.७ प्रतिशत कायम हुन आएको छ भने कार्यक्रमले नसमेटिएका क्षेत्रमा ३५.४ प्रतिशत कायमै रहेको छ । खोला पोखरी आदिबाट खानेपानी खानेको संख्या पहिला २.३ प्रतिशत भएकोमा हाल घटेर १.२ प्रतिशत कायम भएको ५ तर कार्यक्रमले नसमेटिएका क्षेत्रमा अझै ३.१ प्रतिशत रहेको छ ।

> महिला बिकास कार्यक्रमले खानेपानी तथा सरसफाईको क्षेत्रमा केही प्रभाव पारेका देखिन आएतापनि खानेपानी सम्बन्धी अन्य कार्यक्रमहरुले गर्दा थप सुविधा पाएको भन्ने समूहगत छलफलबाट समेत देखिन आएको छ ।

कार्यक्रमले समेटिएको र नसमेटिएको क्षेत्रमा खानेपानी ल्याउदा लाग्ने समयको बचत भएको समयलाई महिलाहरुले विभिन्न कार्यमा उपयोग गर्ने सम्बन्धमा सर्भेक्षणबाट प्राप्त विवरण तल उल्लेख गरिएको छ।

**तलिका नं.२९:: खानेपानी ल्याउदा लाग्ने समय बचतको उपयोग (Case VS. Control)**

| सि.नं. | कामको क्षेत्रहरु | कार्यक्रमले समेटिएको क्षेत्र (प्रतिशत) | | कार्यक्रमले नसमेटिएको क्षेत्र (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | करेसावारी | ३१० | २६.९ | ६० | २०.८ |
| २ | उद्यम व्यावसाय | २४९ | २१.६ | ९१ | ३१.६ |
| ३ | सरसफाइ घरायसी काममा | ४३५ | ३७.८ | १०६ | ३६.८ |
| ४ | बाल बच्चाको हेरचाह | १५८ | १३.७ | ३१ | १०.८ |
| | जम्मा | ११५२ | १००.० | २८८ | १००।० |

श्रोतः स्थलगत सर्भेक्षण , २०७२

खानेपानी ल्याउन लाग्ने समयको बचतमा कार्यक्रमले समेटिएका क्षेत्रमा महिलाहरुले करेसावारीको काममा २६.९ प्रतिशत उपयोग गर्ने गरेका छन् भने कार्यक्रमले नसमेटिएका क्षेत्रका महिलाले २०.८ प्रतिशत समय उपयोग हुने गरेको देखिन्छ । त्यसैगरी उद्यम व्यवसायमा समय दिने महिलाहरु कार्यक्रमले समेटिएका क्षेत्रमा २१.६ प्रतिशत र कार्यक्रमले नसमेटिएका क्षेत्रमा ३१.६ प्रतिशत समयको उपयोग हुने गरेको पाईन्छ । सरसफाई तथा घरायसी काममा समय उपयोग गर्नेमा कार्यक्रमले समेटिएको क्षेत्रमा ३७.८ प्रतिशत र कार्यक्रमले नसमेटिएको क्षेत्रमा ३६.८ प्रतिशत रहेको छ । यसबाट खानेपानी ल्याउन

लाग्ने समयको बचत भएको समयको सदुपयोग बढी मात्रामा सरसफाई तथा घरायसी काममा हुने गरेको स्पष्ट देखिन्छ । जसबाट महिलाहरु अझै घरायसी काम धन्दामा संलग्न रहने गरेका छन् ।

शौचालयको प्रयोगको अवस्था बारे कार्यक्रमले समेटिएको क्षेत्र र कार्यक्रमले नसमेटिएको क्षेत्रको तुलनात्मक रुपले हेर्दा, कार्यक्रमले समेटिएको क्षेत्रमा आधुनिक पक्की शौचालय पानी र निकास भएको पहिला ३४.३ प्रतिशत भएकोमा हाल ३५.५ प्रतिशत रहेको छ । कार्यक्रमले नसमेटिएकोमा भने १३.२ प्रतिशत मात्र रहेको छ । शौचालयको प्रयोगको अवस्था सम्बन्धी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तलिका नं ३०:: शौचालय प्रयोगको अवस्था**

| | शौचालयको प्रयोगको अवस्था | कार्यक्रमले समेटिएको क्षेत्र | | | | कार्यक्रमले नसमेटिएको क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | शौचालयको प्रकार | पहिला | प्रतिशत | अहिले | प्रतिशत | अहिले | प्रतिशत |
| १ | आधिुनिक पक्की शौचालय पानी र निकास भएको | ३९५ | ३४.३ | ४०९ | ३५.५० | ३८ | १३.२ |
| २ | आधिुनिक पक्की शौचालय पानी भएको तर निकास नभएको | १४१ | १२.२ | २४५ | २१.२७ | १०७ | ३७.२ |
| ३ | घर वाहिर बनाएको पानी विनाको शौचालय | १९४ | १६.८ | २९८ | २५.८७ | १०२ | ३५.४ |
| ४ | खाडल खनी बनाएको शौचालय | २३७ | २०.६ | ४८ | ४.१७ | २२ | ७.६ |
| ५ | सार्वजनिक शौचालय | १२ | १.० | २१ | १.८२ | १० | ३.५ |
| ६ | छिमेकीको शौचालयमा | ९ | ०.८ | ७४ | ६.४२ | ० | ०.० |
| ७ | खुला क्षेत्रमा | १६४ | १४.२ | ५७ | ४.९५ | ९ | ३.१ |
| | जम्मा | ११५२ | १००.० | ११५२ | १००.०० | २८८ | १००.० |

श्रोतः स्थलगत सर्भेक्षण , २०७२

माथि उल्लेखित तालिका अनुसार शौचालयको प्रयोगको अवस्थामा कार्यक्रमले समेटिएको र नसमेटिएको स्थिति हेर्दा घरवाहिर बनाएको पानी विनाको शौचालय प्रयोग गर्ने पहिला १६.८ प्रतिशत रहेकोमा अहिले बृद्धि भै २५.८७ प्रतिशत रहेको छ ।

सरसफाई तथा स्वास्थ्यका सम्बन्धमा अध्ययन गरिएका जिल्लाहरुको खाना खानु भन्दा अगाडि, खेतवारीमा काम गरिसके पछि, दिशा गरेपछि साबुन पानीले हात धुने स्थिति बारे तल तालिकामा दिइएको छ ।

**तालिका नं. ३१: साबुन पानीले हात हुने अवस्था**

| सि.नं. | जिल्ला | कार्यक्रमले समेटिएको क्षेत्र | | कार्यक्रमले नसमेटिएको क्षेत्र | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | संखुवासभा | ५३ | ९८.१ | १० | ७१.४ |
| २ | मोरङ्ग | ३०४ | ९०.७ | ५४ | ६४.३ |
| ३ | रौतहट | १६२ | ९७.० | ३८ | ९०.५ |
| ४ | म्याग्दी | ४२ | ९७.० | १० | ९०.० |
| ५ | रुपन्देही | २५४ | ९८.८ | ६० | ९३.० |
| ६ | दाङ्ग | १६३ | ८९. | ४१ | ८९.१ |
| ७ | कालिकाट | २६ | ७०.२ | ४ | ५०.० |
| ८ | अछाम | ७५ | ९८.७ | १६ | ८४.२ |
| | | १०७९ | ९३.६ | २३३ | ८०.९ |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि तालिकामा उल्लेख भए अनुसार सावुन पानीले हात धुने सम्बन्धी अध्ययनको नतिजा हेर्दा प्रायजसो सबै जिल्लाहरुमा ९० प्रतिशत भन्दा बढीले हात धुने गरेको देखिन्छ । कालिकोट जिल्लामा कार्यक्रमले समेटिएको क्षेत्रमा ७० प्रतिशतले हात धुने गरेका छन् भने कार्यक्रमले नसमेटिएका क्षेत्रका महिला मध्ये ५० प्रतिशतले मात्र हात धुने अवस्था रहेको देखिन्छ । कार्यक्रम संचालन भएका क्षेत्रका महिलाहरुमा स्वास्थ शिक्षा तथा जनाकारी हुने भएको कारणले गर्दा बढी मात्रामा चेतना अभिबृद्धि भै सरसफाईमा ध्यान पुगेको देखिन्छ ।

## ३.५ कार्यक्रमको दीगोपना

### ३.५.१ महिला विकास कार्यक्रमको मन्त्रालयद्वारा आन्तरिकीकरणमा दीगोपना

महिला विकास कार्यक्रमको प्रारम्भ वि.सं. २०३९ साल देखि भएको र सो समयमा स्थानीय विकास मन्त्रालय अन्तर्गत शाखाको रुपमा कार्यारम्भ भएको थियो । महिला विकास महाशाखाको रुपमा वि.सं. २०४७ सालमा खडा गरी स्थानीय विकास मन्त्रालय अन्तर्गत विभिन्न जिल्लामा जिल्ला विकास समितिको माताहतमा संचालित भएको कार्यक्रम बढी मात्रामा महिलाको आय आर्जन तर्फ लक्षित भएको थियो । पछि वि.सं. २०५२ सालमा महिला तथा समाज कल्याणय मन्त्रालयको स्थापना पश्चात महिला विकास सम्बन्धी नीति, रणनीति तथा कार्यनीति तय गरी मन्त्रालयस्तरमा महिला विकासका कार्यहरु भएको र विभागद्वारा अघि सारिएका कार्यक्रमहरुलाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा लिइएको देखिन्छ । साथै वि.सं. २०५७ सालमा महिला तथा बालबालिका तथा समाज कल्याण मन्त्रालय गठन भै महिला तथा बालबालिका सम्बन्धी नीति, योजना र कार्यक्रम संचालन हुँदै आएको छ । सोही अनुरुप वि.सं. २०६७ सालमा महिला तथा बालकालिका विभाग बनाई देशभरका ७५ जिल्लाका गा.वि.स. तथा नगरपालिकाका वडाहरुमा कार्य क्षेत्र विस्तार गरी संचालन गरिएको छ ।

महिला विकास कार्यक्रमलाई मन्त्रालयको रणनीतिक कार्यक्रमको रुपमा विकास गर्दै अन्तरिकीकरण गरिनु पर्नेमा महिला विकास विभाग लामो समयदेखि संचालित रहँदै आएको परिप्रेक्षमा पछि गठन भएको मन्त्रालयबाट यस सम्बन्धी कार्य हुन सकेको देखिदैन । मन्त्रालयको नीतिगत, योजना तथा मूल कार्यक्रममा प्रभावकारी हुन नसकी विभागको बृहत कार्यक्षेत्र र कार्यक्रमलाई नै निरन्तरता दिइएको छ । तथापि राष्ट्रिय प्राथमिकता प्राप्त यस कार्यक्रमलाई मन्त्रालयले आवश्यक श्रोत जुटाई लक्षित समुदायसम्म पुग्न पर्ने देखिन्छ ।

### ३.५.२ कार्यक्रमको आर्थिक रुपमा दीगोपना

बजेटको व्यवस्था सालबसाली रुपमा केन्द्रिय तथा जिल्लास्तरमा विभिन्न कार्यका लागि बजेट विनियोजन गर्ने गरिएको छ । सरकारी तथा बाह्य श्रोतबाट विभिन्न क्रियाकलापहरुका लागि चाहिने आर्थिक श्रोत उपलब्ध गराइएको छ । आर्थिक रुपमा बजेटको आकार र प्रयाप्ततालाई विश्लेषण गर्दा सबैजसो कार्यक्रमहरु निरन्तर रुपमा संचालन गर्ने गरिएको हुँदा बजेटमा खासै फरक तथा अधिक बृद्धि भएको पाइदैन । महिला विकास सम्बन्धी कार्यक्रमहरुका लागि नेपाल सरकार र बैदेशिक सहयोगबाट हुने आर्थिक श्रोतको रुपमा परिचालन गरी बार्षिक कार्यक्रम तथा क्रियाकलापहरु संचालन गरी आएको छ । महिला विकास कार्यक्रमका लागि निर्धारण गरिएका कार्यक्रमहरुका लागि नेपाल सरकार र बैदेशिक सहयोगबाट प्राप्त रकम प्रयाप्त भएको हुँदा कार्यक्रमलाई निरन्तरता दिइएको छ (महिला विकास विभाग, छलफल) । साथै राष्ट्रिय योजना आयोग तथा मन्त्रालयबाट कार्यक्रमलाई प्राथमिकता दिईएको हुँदा आर्थिक रुपले समस्या नभएको अवस्था छ (सरोकारवालासंग छलफल) । बैदेशिक सहयोग निरन्तर रुपमा प्राप्त हुन नसक्ने हुँदा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने बजेट नेपाल सरकारबाट मात्र भरपर्नु पर्ने स्थिति आएको खण्डमा आर्थिक रुपमा दीगो हुन नसक्ने देखिन्छ ।

### ३.५.३ कार्यक्रमको सवल संचालनको लागि प्राविधिक ज्ञान शीपमा दीगोपना

महिला विकास कार्यक्रम अन्तरगत विभिन्न तालिम, उद्यम तथा शीप विकास सम्बन्धी क्षमता अभिबृद्धिका लागि महिला विकास कार्यालयमा भएका मौजुदा प्राविधिकबाट संचालन गर्ने गरिएको देखिन्छ । यस्ता जनशक्तिको दक्षता अभिबृद्धि गर्न तथा नयाँ प्रविधिका विषयमा थप ज्ञान दिने खालका क्रियाकलापहरु सिमित मात्रामा मात्र संचालित भएका छन् । साथै महिला समूहमा आवद्ध व्यवसायिक समूह एवं किशोरी समूहद्वारा संचालन गरिने बिभिन्न व्यवसायहरु जस्तैः मौरीपालन, माछापालन, कुखुरापालन, बंगुरपालन आदिका लागि आवश्यक पर्ने प्राविधिक सेवा प्रदान गर्ने तर्फ महिला विकास कार्यालयबाट विषयगत कार्यालयहरुसंग समन्वय गरी सेवा उपलब्ध गराउने कार्य प्राय भएको देखिदैन । प्राविधिक ज्ञान र शीपकालागि दक्ष जनशक्ति महिला विकास विभाग तथा कार्यालयहरुमा उपलब्ध नभएको हुँदा उक्त व्यवसायिक शीप विकासका क्रियालापहरु संचालन गर्न सकिने स्थिति नभएबाट दीगोपनामा असर पर्न सक्ने देखिन्छ ।

### ३.५.४ लक्षित जनतामा आर्थिक लाभको वितरणमा दीगोपना

महिला विकास कार्यक्रमले लक्षित गरेका समूहका सदस्यहरुलाई व्यवसायिक समूहमा आवद्ध गराउन र आय आर्जन गराउने कार्यमा सबै महिलाहरुलाई समेटने काम त्यति प्रभावकारी रहेको देखिदैन । उनीहरुको बचत तथा लगानीको सन्दर्भमा सिमान्तकृत, गरीव समूहका महिलाको बचत रकम कम हुने गरेकोले लाभको मात्रा पनि स्वत कम हुने गरेको पाईन्छ । बचतमा हुने लाभको वितरण लगानीको अनुपातमा सामुपातिक रुपमा वितरण गरिएको छ । (महिला सहकारीको अध्ययन, २०७२) । कम बचत गर्ने तथा बचत अनियमित हुने सदस्यहरुलाई पनि निगरानी समूहद्वारा हुने नियमित अनुगमनबाट लगानीको अवसर प्रदान गरी लगानीको अनुपातमा आर्थिक लाभको समान वितरण गरिने छ । जसबाट लाभको वितरणमा निरन्तरता कायम भै  दिगोपना हुने देखिन्छ ।

### ३.५.५ महिलाद्वारा नेतृत्व गरिएको संस्था तथा सहकारीहरुको दीगोपना

महिलाहरुद्वारा नेतृत्व गरिएका सहकारी संस्थाहरुको अध्ययनबाट प्राप्त निचोडमा ती संस्थाहरुको संचालन, व्यवस्थापन, संस्थागत विकास तथा समावेशीकरण प्रभावकारी भएकोले दिगोपना देखिन्छ । मूख्यतयाः स्थानीय महिलाहरुको सक्रियता र सहभागितामा संचालित सहकारी संस्था प्रति सबै सदस्यहरुको जिम्मेवारी, अपनत्व तथा कर्तव्यनिष्ठताका कारण संस्थामा बेइमानी, अनियमितता, विवाद आदि अन्य सहकारी संस्था भन्दा निकै कम हुने गरेको देखिन्छ । महिलाहरुको सामूहिक हितकारी संस्था भएको र ऋण लगानीमा जमानी बस्ने महिला तथा ऋण प्रवाहको निरिक्षण हुने गरेकोले ऋणको सही उपयोग हुने र समयमा नै लगानी असुली हुने गरेको हुँदा पुन लगानी गर्न तथा बचत तथा ऋण परिचालन नियमित हुने गरेको देखिन्छ । महिला संस्थाहरुको संचालन, व्यवस्थापन, बचत परिचालन, लगानी, आर्थिक अवस्था, महिला विकास कार्यक्रम संचालन आदिका बारेमा महिला संस्थाको विषय अध्ययन (Case Study) गरिएको थियो ।




भृकुटी  महिला बचत तथा ऋण सहकारी संस्थामा गरिएको अध्ययनबाट महिला नेतृत्वबाट २०५२ सालमा केही महिलाहरुले समूहमा आवद्ध भई शुरुमा रु २५ प्रति महिना बचत गरी २०५६ सालमा महिला नेतृत्वबाट २३६ जना सदस्य र १५०,०००। पुजीबाट २०५८ साल माघ ३० गते संस्था दर्ता भएको थियो । जसमा अध्यक्ष उपाध्यक्ष, कोषाध्यक्ष लगायत सदस्यहरु सम्मिलित सदस्य थिए । महिलाहरुको नेतृत्व र सक्रियतामा २०६५ सालमा सदस्य संख्या ५०० पुगेको थियो । २०७२ आषाढ सम्म ८७७ जना सदस्य संख्या पुगेको र कुल पूँजी २,७५,००,०००।०० पुगेको छ । यस संस्थाबाट सदस्यहरुलाई ऋण लगानी रु २ करोड ५४ लाख ६४ हजार गरिएको छ । त्यसैगरी प्रगतिशील महिला बहुउद्देशीय सहकारी संस्था लि.मा कूल सदस्य संख्या १९०२ रहेको र संस्थाको आ.व. ०७१।०७२

सम्म सम्पत्ति तथा जायदाद ६ करोड २३ लाख ६२ हजार रहेको छ । संस्थाको शेयर पूँजी ५८ लाख ३७ हजार ८०० रहेको छ । लगानी तर्फ ५ करोड ४५ लाख ९३ हजार रहेको छ ।

महिला सहकारी संस्थाहरुको व्यवस्थापनमा सहकारी ऐन अनुसार बार्षिक साधारण सभा गरी नेतृत्व चयन गर्ने र सोही कार्य समितिले महिला संस्था संचालन गर्ने गरेको पाईन्छ । महिलाद्वारा संचालित संस्थामा नेतृत्व तहमा सदस्यहरुद्वारा चुनिएका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष्य, सचिव लगायत सदस्यहरुको कार्यकारी समितिबाट अन्य समितिहरु (ऋण समिति, बचत परिचालन समिति, व्यवसायिक समिति) गठन गरी विभिन्न कार्यहरु गर्ने गरेको पाईन्छ । संस्थाको लगानी सामूहिक जमानीमा सदस्यहरुलाई गरिने हुँदा लगानी सही हुने र यसको निगरानी समूहबाट गरिने भएकोले असुली हुने गरेबाट संस्थाको लगानी डुब्ने संभावन ज्यादै न्यून हुने गर्दछ । संस्थाको लगानीबाट आएको आम्दानी सबै शेयर सदस्यहरुले समानुपातिक रुपमा प्राप्त हुने भएकोले सबैको संलग्नता र संस्था प्रतिको जिम्मेवारी बहन गर्ने परिपाटि रहेको छ । यसबाट संस्थाको संचालन निरन्तर रुपमा भैरहने र सदस्य संख्या बृद्धि हुँदै जाने भएबाट सहकारी संस्थाहरुको दीगोपना रहेको छ ।

### ३.५.६ कार्यक्रममा केन्द्रियस्तर देखि स्थानीयस्तर निकायमा राजनैतिक सहयोगको दीगोपना

महिला विकास कार्यक्रमको सम्बन्धमा केन्द्रियस्तरमा राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय, अन्य विषयगत निकायका कार्यक्रमहरुमा समन्वय र सहयोग गर्नु पर्नेमा त्यति प्रभावकारी भएको देखिदैन । स्थानीय निकायका राजनैतिक दलहरुले पनि यस कार्यक्रमलाई दिगो बनाउन गर्नु पर्ने प्रयास केही मात्रामा महिला संजालहरु मार्फत गर्ने गरेको पाईन्छ । तापनि कार्यक्रमलाई प्रभावकारी र दीगो बनाउन राजनैतिक सहयोगको खांचो रहेको छ । केन्द्र तथा स्थानियस्तरमा राजनैतिक प्रतिबद्धताका साथै कार्यक्रम संचालनमा सहयोग पुगे तापनि महिला हिंसा सम्बन्धी, बाल बालिका सम्बन्धी कार्यक्रममा राजनैतिक रुपमा सहयोग कम भएको पाईन्छ । स्थानीय सरकारको निर्वाचन समयमा भै स्थानीय निकायको गठन भएपछि राजनैतिक रुपमा सहयोगको वातावरण बन्न जाने भएकोले कार्यक्रममा दीगोपना आउन सक्दछ ।

### ३.५.७ कार्यक्रमद्वारा विकासको नतिजा हासिल गर्न पुगेको योगदान

राष्ट्रिय रुपमा महिलाको हालको अवस्थाका विविध तथ्यांकहरुलाई हेर्दा शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य निकायहरुले गरेका क्षेत्रगत लगानी र कार्यक्रमबाट विकास सम्बन्धी नतिजा केही मात्रामा हासिल गर्न सकिएको देखिन्छ । महिला विकास कार्यक्रमले अपेक्षा गरिएका राष्ट्रियस्तरका नतिजा सम्बन्धी लगफ्रेममा भएका गरीवी न्यूनिकरण, समूहमा बचत परिचालनमा कार्यक्रमबाट योगदान पुग्न गएको देखिन्छ । महिला विकास कार्यक्रमले सशक्तिकरणमा केन्द्रित रही विभिन्न क्रियाकलापहरु संचालन गरेको देखिन्छ । महिलाहरु शसक्त भएको खण्डमा उनीहरु विकास निर्माणमा विभिन्न उपभोक्ता समितिहरुमा संलग्न हुने, विकास निर्माणका कार्यमा भाग लिन सक्दछन् । महिलाको सहभागिता विकास कार्यमा बढ्दै गएको खण्डमा यसबाट हुने प्रतिफल पनि महिलाले हासिल गर्न सक्ने भएकोले महिला विकास कार्यक्रमबाट योगदान पुगेको छ ।

### ३.६ कार्यक्रमको अधिकार प्राप्त समूहको सन्तुष्टि

महिलाहरुको सन्तुष्टिकोस्तर सम्बन्धमा बचत, लगानी र उद्यम व्यवसायमा सन्तुष्टिकोस्तर बारे स्थलगत सर्भेक्षणबाट आएको नतिजा तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३२: महिलाहरुको वचत तथा लगानीको सन्तुष्टि स्तर**

| सि.नं. | सन्तुष्टिको स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति सन्तोषजनक | ११७ | १०.२ |
| २ | सन्तोषजनक | ५३८ | ४६.७ |
| ३ | ठिकठिकै | ३१४ | २७. |
| ४ | कम सन्तुष्ट | ९८ | ८.५ |
| ५ | सन्तोषजनक नभएको | ८५ | ७.४ |
| | जम्मा | ११५२ | १००.० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि उल्लेखित तालिकामा महिला विकास कार्यक्रमबाट संचालित संस्थाहरुद्वारा गरिएको लगानीमा महिलाहरुको सन्तुष्टिकोस्तर हेर्दा, अति सन्तोषजनक १०.२ प्रतिशत सन्तोषजनक ४६.७ प्रतिशत भएबाट यस प्रकारको लगानीमा सन्तुष्टिको स्तर राम्रो भएको देखिन आएको छ।

उद्यम तथा व्यवसायका लागि प्रदान गराएको शीप विकास तालिम, पुजी परिचालनमा महिलाहरुको सन्तुष्टिकास्तर सम्बन्धमा अध्ययनबाट पाइएको नतिजा तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.३३: उद्यम व्यवसायमा महिलाको सन्तुष्टिस्तर**

| सि.नं. | सन्तुष्टिको स्तर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति सन्तोषजनक | ९९ | ८.६ |
| २ | सन्तोषजनक | ३०२ | २६.२ |
| ३ | ठिकठिकै | ३८८ | ३३.७ |
| ४ | कम सन्तुष्ट | २२९ | १९.९ |
| ५ | सन्तोषजनक नभएको | १३४ | ११.६ |
| | जम्मा | ११५२ | १००.० |

श्रोतः स्थलगत सर्भेक्षण, २०७२

माथि उल्लेखित तालिका अनुसार उद्यम व्यवसायमा महिलाको सन्तुष्टिकोस्तरमा सन्तोषजनक रहेको भन्ने २६.२ प्रतिशत रहेका छन् भने ठिकठिकै रहेको भन्ने ३३.७ प्रतिशत र कम सन्तुष्ट १९.९ प्रतिशत रहेको देखिन्छ ।

अति सन्तोषजनक र सन्तोषजनक गरी करिव ३५ प्रतिशत मात्र देखिएकोले उद्यम व्यवसाय प्रति महिलाहरुको सन्तुष्टिको मात्रा कम नदेखिएकोले गरेका उद्यम व्यवसायको बजार समास्या, पूँजी तथा संचालनमा समस्या देखिन आएको छ ।

## ३.७ कार्यक्रममा समावेशीकरण

### ३.७.१ महिला बिकास कार्यक्रमले अति गरीव, गरीव, सिमान्तकृत महिलाहरुलाई समावेशीकरण बारे

कार्यक्रमले देशका सबै भौगोलिक क्षेत्रका महिलाहरुलाई समेटन सकेको देखिन्छ । सबै जिल्लाका प्रायजसो गा.वि.स. र नगरपालिकाका वडाहरुमा संचालित कार्यक्रम लक्षित विपन्न वर्ग र गरीव महिलाहरुलाई समेटन सकेको देखिन्छ । महिलाद्वारा गठन गरिएका समूहमा दलित, जनजाती, अन्यको विवरण तल दिइएको छ ।

**तालिका नं. ३३: महिला विकास कार्यक्रममा समावेशी महिला**

| सि.नं. | जातजातीको समावेशी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दलित | १४२९४७ | १६.१ |
| २ | जानजाती | ३०२१२५ | ३३.८ |
| ३ | अन्य | ४४७४०२ | ५०.१ |
| | जम्मा | ८९२४७४ | १००.० |

श्रोतः महिला विकास विभाग, बार्षिक प्रतिवेदन २०७०।७१

माथि उल्लेखित तालिका अनुसार, महिला समूहमा आवद्ध भएका महिलाहरु मध्ये दलित १६.१ प्रतिशत रहेका छन् भने जनजाती ३३.८ प्रतिशत भएको देखिन्छ । अन्य जातीमा (ब्राह्मण, क्षेत्री) ५०.१ प्रतिशत रहेको देखिन्छ ।

महिला विकास कार्यक्रम ७५ जिल्लाका नगरपालिका र गा.वि.सहरुमा संचालित भएको हुँदा भौगोलिक रुपले हिमाल, पहाड, तराई तथा दुर्गम क्षेत्रमा समेत संचालन भएबाट त्यस क्षेत्रका महिलाहरु कार्यक्रममा समावेश गरिएको छ । त्यसैगरी समूहमा आवद्ध हुने महिलाको पहिचान र छनौट गर्दा अति विपन्न महिलाहरुलाई लिइएको हुँदा गरीव, सिमान्तकृत महिलाहरुलाई पनि कार्यक्रममा समावेशीकरण गरिएको छ ।

### ३.७.२ कार्यक्रमको लाभको समान वितरण

महिला विकास कार्यक्रम संचालन भएका क्षेत्रहरुमा विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । जसमा समूहीकरण गरी समूहमा बचत परिचालन गरिएको छ । समूहमा आवद्ध भएका महिलाहरुलाई

समूह सदस्यहरुको अनुशिक्षण, आधारभूत तालिम सबै महिला सदस्यहरुलाई प्रदान गरिएको छ । समूहमा सक्रिय भै उद्यम समूहका सदस्यहरुको लागि सिप विकास तालिम, उद्यम विकासमा समान अवसर दिइएको छ । साथै समूह, समिति र संस्थाका सदस्य महिलाहरुलाई संस्थाको वार्षिक लाभांसको वितरण समान रुपमा हुने गरेको छ । महिलाहरु समूहमा आवद्ध भै जम्मा गरेको शेयर रकमको हिसावले लाभांसको समानुपातिक वितरण गर्ने गरिएको छ । जसबाट महिलाहरुले आफ्नो जम्मा भएको रकमको लाभ समान रुपले लिन सकेको अवस्था छ (समूहगत छलफल)।

### ३.७.३ समूह र संस्था भित्रको गतिशीलता (Group Dynamics)

महिला समूह गठन गर्दा एउटा निश्चित भौगोलिक क्षेत्र, समुदाय र स्थानीयस्तरमा समुदायका विपन्न महिलाहरु समावेश गरी गरिएको हुन्छ । समुदायका महिलाहरु बीच आपसी छलफल गरी समान विचार र समूहमा बसी काम गर्न इच्छुक सक्रियता सहभागिता जनाए पछि समूह गठन गर्ने कार्य गरिएको पाईन्छ । सहजकर्ता तथा अगुवा महिलाले महिला विकास समूहका विविध पक्ष बारे जानकारी गराउने महिलाहरु बीच आपसी सरोकारका विषयहरुको उठान गर्न प्रोत्साहन गर्ने, समूहमा परेका समस्याहरु सामूहिक रुपमा लिइने र सबै सदस्यहरुको समान अवसर प्राप्त गर्न पाउने बारेमा सुसूचित गराउने गरेका छन् । समूहमा महिलाहरु नियमित मासिक बैठकहरु बस्ने, बचत गर्ने, समूहका सदस्यहरु बीच आफना विचारहरु राख्ने, छलफल गरी निर्णयमा पुग्ने गरेका छन् । त्यस्तै तालिममा सहभागीको चयन गर्न, उपभोक्ता समिति तथा स्थानीयस्तरमा विकास निर्माणका काममा समावेश हुने बारे पनि समूहमा छलफल गरी निर्णय गरिने परिपाटि रहेको छ । महिला समूहमा ४ देखि ६ जनाको सानो समूह गठन गरी परिचालन गरिएको छ । साना समूहहरु ठूला समूहहरु भन्दा बढी क्रियाशिल हुने र साना समूहका सदस्यहरु व्यक्तिगत रुपमा एक आपसमा परिचत हुने आफ्नो परिवार तथा समुदायका साझा सवालहरुमा केन्द्रित भै आपसी हितका विषयमा सहभागी हुन गर्दछन् (Federating for Force, DoWD, page 16) यस्ता समूह एउटा अनौपचारिक भएता पनि समूह भित्रको संचालन पद्धती संगठनात्मक र समूहमुखी भएको हुँदा अन्य सरोकारवाला कार्यालय, गैर सरकारी संस्था, परियोजनाहरुले स्थानीय स्तरका कार्यक्रममा महिला समूहलाई नै समावेश गर्ने अभिरुचि बढ्दै गएको पाइएको छ ।

महिला संस्थाहरु सहकारी ऐन, २०४८, अनुसार निश्चित सहकारीको अवधारणा र उदेश्य तथा बहुउदेश्यि रुपमा दर्ता भए पछि संगठित संस्थाको रुपमा निश्चित भौगोलिक क्षेत्रका महिलाहरुलाई समेटिएर संचालन गरिएको हुन्छ । यस्ता संस्थामा महिला समूहमा समावेश गएका सदस्यहरु तथा समितिमा रहेका महिलाहरु शेयर सदस्य हुन्छन् । शेयर रकम संस्थामा लगानीको रुपमा संकलित गरी पूँजी निर्माण गरिने छ । संस्थाका सदस्यहरु सहकारीका विनियम अनुसार बचत तथा ऋणको सेवाहरु लिने गरेका छन् । स्थानीय महिलाहरुद्वारा संकलित पुँजीलाई सामूहिक पूँजीको रुपमा जम्मा गरी महिलाहरुको आय-आर्जन, उद्यम विकास तथा आवश्यक कार्यहरुकालागि ऋण उपलव्ध गराउने गरेका छन् । यस प्रकार जम्मा भएको रकमले महिला सदस्यहरुलाई आर्थिक रुपमा परेको समस्या तथा आर्थिक विकास गर्न सहयोग पुग्न गएको छ । संस्थाको संचालक समितिका पदाधिकारीहरुको चयन बार्षिक साधारण सभाबाट हुने गरेको छ । विनियम अनुसार बार्षिक साधारण सभामा संस्थामा आवद्ध सदस्यहरुले पदाधिकारी उम्मेदवारको लागि दरखास्त दिन सक्ने छन् । दरखास्त दिइएका पदहरुमा चुनाव गरी चयन गरिन्छ । सबैको समान

मताधिकार र संस्थाको पदाधिकारी बन्न पाउने अवसर रहन्छ । कुनैपनि विषयमा निर्णय गर्दा संचालक समितिमा प्रस्ताव पेश गरी सबै पदाधिकारी तथा सदस्यहरुले आफ्ना कुराहरु राख्ने, सुझाव दिने र निर्णयमा पुग्ने गरेका छन् । संस्था भित्रको संचालन प्रक्रिया व्यवस्थित, प्रभावकारी र पारदर्शी हुने हुँदा समूह र समितिका सबै सदस्यहरुले बार्षिक साधारण सभामा छलफल पश्चात निर्णयमा पुग्ने प्रक्रियाबाट समूह, समिति र संस्थाको गतिशीलता प्रभावकारी रहेको छ ।

समूहमा आवद्ध महिलाहरु आफ्नो समूहमा मासिक रुपमा बैठक बसी बचत गर्ने, आपसी समस्याहरु राख्ने र त्यसको समाधानका विषयमा गहन छलफल गर्ने गरेको पाईन्छ । नियमित बैठकमा सबै महिलाहरु १०० प्रतिशत नै उपस्थिति हुने र समूहका विविध पक्षहरुमा सक्रिय रहने हुँदा समूह भित्र महिलाहरु गतिशील रहेका छन् । साथै समिति र संस्थाको भित्र पनि महिलाहरुको सक्रिय सहभागिता र निर्णय प्रक्रियामा सरिक हुने हुनाले गतिशीलता रहेको छ ।

## ३.८ कार्यक्रमको अन्तर सम्बन्ध विश्लेषण

महिला विकास कार्यक्रम राष्ट्रिय प्राथमिकता प्राप्त र देशको आधा भन्दा बढी हिस्सा ओगटेका महिलाको विकास र विपन्न बर्गलाई लक्षित गरी संचालित कार्यक्रम भएकोले देश विकासको मुल धारमा महिला सहभागिता, सशक्तिकरण र समूहीकरणको माध्यमबाट सामाजिक, आर्थिक, राजनैतिक, विकास निर्माण क्षेत्रहरुमा संलग्नता गराउने विशिष्ट लक्ष्य राखी संचालन गरिएको छ । यस कार्यक्रमको अन्तर सम्बन्ध विभिन्न क्षेत्रगत तथा कार्यक्रमगत रुपमा कायम हुन गएको छ ।

कृषि क्षेत्रको विकास गर्नका लागि कृषि समूह गठन तथा परिचालनमा महिला समूहलाई आवद्ध गराइएको देखिन्छ । कृषिको आधुनिक खेती प्रणालीमा महिलालाई तालिम तथा प्रविधि ज्ञान दिई निरन्तर रुपमा कृषिको उत्पादन तथा उपादकत्वमा प्रगति हासिल गर्न सकिएको छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा महिला स्यवंसेकिका  प्रत्येक वडाहरुमा गठन गरी आधारभूत स्वास्थ्य सेवाका कार्यक्रमहरु संचालन गरिएको छ । विशेष गरी प्रजनन स्वास्थ्य, खोप कार्यक्रम, बालबालिकाको पोषण कार्यक्रम, भिटामिन ए जस्ता मूख्य कार्यक्रममा महिलालाई संलग्न गराई संचालन गरी सफल भएका दृष्ठान्तहरु रहेका छन् ।

विकास निर्माण, सिंचाई तथा जलश्रोत क्षेत्रमा भने महिलाहरुलाई संलग्न गराउने परिपाटि भएतापनि सक्रिय र उल्लेख्य सहभागिता भएको पाइदैन । यस तर्फ पनि महिलाको सहभागिता, क्रियाशीलता तथा जिम्मेवारीलाई बढाउन सकेको खण्डमा महिलालाई विकासको मूलधारमा ल्याउन सकिने छ ।

परिच्छेद ३

# निष्कर्ष, सुझाव र कार्ययोजना

## ४.१ समग्र मूल्यांकन निष्कर्ष

माथि उल्लेखित विभिन्न प्रकरणमा देखाइएका विवरण र बिश्लेषणका आाधारमा  यस अध्ययनका मूख्य मूख्य निष्कर्षहरु (Findings) निम्न बमोजिम रहेका छन् ।

४.१.१ महिला केन्द्रित विकासको लागि वि.सं. २०१३ सालमा स्थापना भएको महिला प्रशिक्षण केन्द्रको माध्यमबाट कार्य प्रारम्भ भएको देखिन्छ । यसरी विभिन्न काल खण्डमा शुरु हुँदै आएको प्रयासलाई छैटौ पञ्चबर्षीय योजना (२०३७–४२) ले विकास कार्यमा महिला सहभागिता प्रवर्धन गर्ने गरी छुट्टै नीति समावेश गरी तत्कालिन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत वि.सं. २०३८ सालमा महिला विकास शाखा खडा गरी महिला विकास कार्यक्रम शुरु हुनका साथै साना किसान विकास कार्यक्रम अन्तर्गत पनि महिला विकास कार्यक्रमका विविध क्रियाकलापहरु संचालन गरियो । आठौ योजना (२०४९–५४) ले लैङ्गिक मूलप्रवाहीकरणको नीति अवलम्बन गर्दै सो नीतिलाई समन्वय गर्न राष्ट्रिय योजाना आयोगमा महिला तथा बालबालिका हेर्ने छुट्टै इकाईको व्यवस्था गरी वि.सं. २०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालय स्थापना गरी स्थानीय विकास मन्त्रालयमा रहेको महिला विका महाशाखालाई वि.सं. २०५६ सालमा महिला तथा समाज कल्याण मन्त्रालयमा राख्ने व्यवस्था गरीयो । मिति २०५७।३।२६ को निर्णयबाट महिला विकास महाशाखालाई महिला विकास विभागमा र जिल्ला स्थित महिला विकास शाखालाई महिला विकास कार्यालयमा र २०७६।१२ मा महिला तथा बालबालिका कार्यालय कायम गरियो । महिला बिकास कार्यक्रम संचालनको तीन आयमहरु मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरणको अवधारणामा विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सम्झौता, सन्धि र प्रतिवद्धता गरेको र सो अनुसार मूख्य-मूख्य बुँदाहरुको कार्यान्वयन गरिएको देखिन्छ ।

कार्यक्रमको लक्षित विपन्न महिला संख्या करीव ५२ लाख भएतापनि लामो समय सम्मको कार्यान्वयन प्रयास पश्चात पनि आ.व. २०७०।७१ सम्म करीव ९ लाखमा मात्र कार्यक्रमको पहुँच पुगेको छ । कार्यक्रमको पहुँच पुगेका ९ लाख महिलाहरुको आर्थिक अवस्था सुधार गर्ने तर्फ पनि उल्लेखनीय उपलब्धी हुन नसकेपनि समावेशीकरण तथा सशक्तिकरण गर्ने कार्य निरन्तर रुपमा चालि रहेको छ  ।

४.१.२ लक्षित महिलाहरुको पहिचान एवं समूहीकरण गर्दै व्यक्तित्व विकास, शीप विकास र समूहका सदस्यहरुलाई आफ्नो अधिकारका लागि सचेतना गराउने कार्यमा केही सकारात्मक प्रभाव देखिन आएको छ । आ.व. २०७०।७१ सम्ममा ३४९८ गा.वि.स.का २०१५५ वडा र ११७ नगरपालिकाका १०९८ वडा समेत गरी २१२५३ वडामा कार्यक्रम विस्तार भएको छ । आ.व २०७०।७१ सम्म करीव ९ लाख महिला सदस्यमा पहुँच पुगेको १ लाख ५१ हजार समूह गठन भएको र सो समूहमा १६.०२ प्रतिशत दलित, ३३.८५ प्रतिशत जनजाती र अन्य जातीहरु ५०.१३ प्रतिशत रहेका छन् । यसैगरी करीव १७ हजार समिति, १७ सय महिला

संस्था सहकारी ऐन अन्तरगत गठन भई संस्थागत रुपमा बचत संकलन, परिचालन, आय-आर्जन तथा सामुदायिक विकासका विभिन्न क्रियाकलापहरु संचालन गरिरहेको देखिन्छ । करीव ५ हजार महिला समूह (३.४५ प्रतिशत) अनुगमन तथा निरिक्षणाको कमी तथा अन्य विभिन्न कारणले निष्कृय रुपमा रहेका छन् । गठन भएका समूहमा पनि दलित, जनजातीको प्रतिशत घट्दो क्रममा रहेको छ ।

उल्लेखित समूह, सदस्य र संस्थाहरुबाट करीव २ अरव ६१ करोड २५ लाख बचत संकलन भई २ अरव ५१ करोड ५९ लाख लागनी भै रहेको अवस्था देखिन्छ । उल्लेखित बचत भएको रकम समूहमा ७.५८ प्रतिशत, समितिमा १.८९ प्रतिशत र संस्थामा ८०.५३ प्रतिशत रहेको देखिन्छ । सहकारी संस्थाको बचत र लगानीको अनुपात १:०.८६ रहेको छ । जस अनुसार लगानी रकम प्रयाप्त भएको र पुजी परिचालनबाट महिला समूहका सदस्यहरुको जीविकोपार्जनमा सकारात्मक प्रभाव परेको देखिन्छ । त्यसैगरी बचत रकमबाट विभिन्न कार्यहरुका लागि समूहका सदस्यहरुमा लागनी गरिएको छ । लगानी भएको ऋणहरु मध्ये ९० प्रतिशत भन्दा बढी समयमानै तिर्ने गरेको पाइएको छ । चालु कोषमा पनि करीव १३ करोड ६२ लाख रहेको छ । उल्लेखित बचत तथा ऋण परिचालनको अवस्थालाई सकारात्मक भएतापनि, समूह, सदस्य र संस्थाहरुको बढ्ने क्रमको मात्रा कम भएकोले अपेक्षित लक्षित समूहलाई पहुँच पुग्ने अझै बढी समय लाग्ने देखिन्छ ।

४.१.३ व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण तर्फ कार्यक्रमले लक्षित महिलाहरुलाई समूह सदस्य अनुशिक्षण, आधारभूत तालिम तथा समाजिक समावेशीकरण तालिम प्रदान गरिएको छ । आ.ब. २०७०।७१ सम्म समूह सदस्य अनुशिक्षण २७८२५६ जनालाई, आधारभूत तालिम लिने महिला १५८९१३ र सामाजिक समावेशीकरण तालिम ३३७३ जनालाई, सासु बुहारी अन्तरक्रिया १८६४९ जनालाई, प्रजनन स्वास्थ्य सचेतना तालिमा १२१३१३ जनालई दिइएको छ । यी तालिमहरुबाट महिलाको व्यक्तित्व विकास तथा उनीहरुको सिकाईमा अभिबृद्धि भै समक्ष हुन सकेका छन् । यस प्रकारका तालिम समूहमा सम्मिलित ८९२४७४ महिला मध्ये तालिम प्राप्त गर्नेको प्रतिशत उल्लेखनीय नभएकोले तालिमबाट लाभान्वित हुने महिला कम भएको देखिन्छ । अध्ययनका सिलसिलामा तालिमको उपयुक्तता सम्बन्धी गरिएको नतिजा अनुसार करीव ६६.४ प्रतिशत महिलाहरुले तालिम उपयुक्त भएको बताएका छन् । यस्ता तालिम मध्ये व्यवसायिक समूहले प्राप्त गरेको तालिमको सन्तुष्टिको स्तर ३५ प्रतिशत मात्र देखिएबाट तालिम अझै प्रभावकारी हुनु पर्ने देखिन्छ ।

४.१.४ महिला विकास कार्यक्रमको जिल्लास्तरमा संचालन भएका कार्यक्रमहरुमा लक्षित महिला पहिचान र समूहीकरण, व्यक्तित्व विकासका प्रारम्भिक प्रशिक्षण, संस्थागत विकास र सहभागिता, गरीव विरुद्ध महिला अभियान, शीप तथा व्यावसायिकता विकास तालिम लंगिक हिंसा निवारण, बिद्यालय विकास किशोरी बहुआयामिक विकास, मुक्त कमलरी सशक्तिकरण, बाल अधिकार सम्बर्द्धन, बादी समुदायका महिलाका लागि घर विकास योजना, मूल प्रवाहीकरण सम्पर्क निकाय सेवा, सामाजिक परिचालन, महिला संस्थाको भौतिक सुविधा विकास, सूचना शिक्षा र संचार आदि कार्यक्रमहरुका १०० भन्दा बढी क्रियाकलापहरु हुने गरेको पाइन्छ । उक्त क्रियाकलापहरु मध्ये केही क्रियाकलपाहरु एउटै

प्रकृतिको भएको तर कार्यक्रम भने फरक फरक भएकोले एकिकृत रुपमा संचालन गर्न आवश्यक देखिएको छ ।

४.१.५ महिला विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको संख्या अधिक भएकोले गर्दा मौजुदा जिल्लास्तरका जनशक्तिले समयमा अनुगमन, निरिक्षण तथा विस्तार गर्ने कार्य प्रभावकारी हुन नसकेको र समूहको बिस्तार, संस्थाको विस्तार, कार्यक्रमको बिस्तार अनुरुप अनुगमन व्यवस्थापन हुन सकेको देखिदैन । यस सम्बन्धित कार्यालय कर्मचारीहरु र समूहसंग भएको अन्तरक्रिया अनुसार अनुगमन तथा निरीक्षणको कार्य विगत केही बर्षयता निर्देशिका बनाई गरिको छ ।

४.१.६ नीतिगतस्तरमा आ.व. २०७०।७१ देखिनै महिला विकास कार्यक्रमलाई तीनवटा प्राथमिकतामा संचालन गर्ने भन्ने उल्लेख गरिएको छ । जस अनुसार प्राप्त उपलब्धीको सम्बर्द्धन गर्नका लागि नया गा.वि.स र वडा विस्तार गर्ने कार्य भन्दा वडा समितिहरुलाई सक्रिय बनाउदै लैजाने र व्यवसायिक विकास समूह गठन कार्यमा तिव्रता दिनै आवश्यक सहयकोग उपलव्ध गराउने भन्ने रहेको छ । यस सम्बन्धी अवस्थाबाट स्थलगत रुपमा समूहमा छलफल गर्दा र वार्षिक कार्यक्रमको बनावट हेर्दा तोकिएको प्राथमिकता बमोजिम क्रियाकलापहरु संचालन हुन सकेको देखिदैन ।

४.१.७ महिलाहरुको आर्थिक उन्नती तथा आय आर्जनका लागि व्यवसायिक समूहहरु गठन गरिएका र ती समूहका सदस्यहरुलाई व्यवसायिक शीप विकास, व्यवस्थापकीय शीप विकास तालिमहरु प्रदान गरिएको र सहभागितात्मक विधिबाट व्यवसायक छनौट तथा प्रवर्द्धन कार्ययोजना बनाई व्यवसाय संचालनका लागि बस्तुगत टेवा तथा पहुच बिहिन महिलाका लागि चालुकोष परिचालन गरिएको देखिन्छ । २०७०।७१ सम्म व्यावसायिक शीप विकास सम्बन्धी तालिम ६८२६० जनालाई र व्यवसायमूलक शीप विकास तालिमा १२२०५५ जनालाई प्रदान गरिएको देखिन्छ । उल्लेखित तालिम प्राप्त महिला सदस्यहरु मध्ये कार्यक्रमले व्यवसायिक कार्य शुरु नगरेका वा शुरु गरेतापनि विभिन्न समस्याले गर्दा निरन्तरता दिन नसकेको पाइएको छ (समूहगत छलफल) ।

४.१.८ स्थानीय सरकारको रुपमा रहेको स्थानीय निकायहरु गा.वि.स., नगरपालिका, जिल्ला विकास समिमित लगायत जिल्लास्तरका अन्य विषयगत नियकाहरुले महिला विकासमा मूल प्रवाहीकरण गर्ने उचित कार्यक्रम मार्फत महिला विकास कार्यक्रमसंग सहकार्य गर्नु पर्नेमा कमि देखिन आएको छ । अहिलेको अवस्था र स्थितिमा महिला संस्थाहरु निकै संगठित, क्रियाशील र लगनशील समेत देखिएकोले यस्ता संस्थाहरुलाई स्थानीय आवश्यकताको पहिचान गर्न उपयोग गर्नु पर्नेमा सो नभएको अवस्था विद्यमान रहेको छ । यसबारे जिल्लास्थित स्थानीय विकास अधिकारी लगायत विकास सम्बन्धी नियकाका प्रमूखहरुसंग छलफल गर्दा केन्द्रियस्तरबाट यस सम्बन्धी मार्गदर्शन नहुंदा सहकार्य गर्न कठिनाई भएको भन्ने धारणा रहेको छ ।

४.१.९ महिला विकास कार्यक्रमले महिलाहरुलाई संगठित गरेका महिला संस्थाहरुबाट बचत तथा ऋण परिचालन गरी सहकारी ऐन अन्तर्गत गठित भै सोही अनुसार संचालित रहेका छन् । सहकारी ऐन तथा नियमावलीहरु बमोजिम शेयरवाला सदस्यहरुको हित तथा प्रतिनिधित्वमा संस्थाको व्यवस्थापन र

संचलन गर्ने गरिएको छ । महिला संस्थाहरु नाफामुखी भन्दा सेवामुखी रुपमा सदस्यहरु बीच अपनत्व र संस्थाको निरन्तरतामा अगाडि बढि रहेका छन् भने सदस्यहरुको विस्तार गरी बढी मात्रामा लगानी जुटाउने तर्फ कार्यहरु गरी सदस्यहरुलाई व्यवसायिक कार्यका ऋण प्रवाह गर्न सक्ने भएका छन् । संस्थाहरुको ऋण प्रवाह करीव ९० प्रतिशत रहेका हुंदा उक्त व्याजबाट संस्था संचालन हुन सक्ने र ऋण लगानीको माध्यमबाट महिलाहरुको आर्थिक क्रियाकलापमा बृद्धि हुन गएको छ । केही संस्थाहरुले बैकहरुबाट सहुलियत ऋण लिएर समेत लगानी गरेको पाईन्छ । यसरी सहकारी संस्था र बैकिङ्ग क्षेत्र बीच सहकार्य हुनु राम्रो हो । महिला सहकारी संस्थाहरु अन्य सहकारी संस्थाको दांजोमा दीगो रुपमा संचालन भएको देखिन्छ । यसमा मिहिला संस्थाहरुले सहकारी ऐन अन्तर्गत गठन भए पश्चात महिला विकास कार्यक्रमको तर्फबाट गर्नुपर्ने सहजिकरणको कार्यमा प्रभाकारी हुन नसकेको भन्ने समूहगत छलफल समूहगत छलफलबाट देखिन आएको छ ।

४.१.१० लैङ्गिक हिंसा निवारणको लागि महिला विकास कार्यक्रमले महिला समूह, संस्थाहरु मार्फत एकीकृत विकास कार्यक्रम तथा सेवा केन्द्र संचालन गर्दै आएको र जिल्लामा सम्बन्धित नियकाहरुसंग समन्वय र सहकार्य गर्नुका साथै गैरसरकारी संस्था माफर्त पुर्नस्थापना केन्द्रको सेवा प्रवाह गर्दै आएको छ । सेवा केन्द्रहरुको संचालनमा राजनैतिक हस्तक्षेप, संचालक संस्थालाई अनौपचारिक रुपमा दवाव दिने र कतिपय हिंसाका घटनाहरुमा सम्बन्धित निकायहरुबाट असहयोग तथा बढी समय व्यतित गर्ने जस्ता चुनौतिको सामना गर्नु परेको देखिन्छ ।

अध्ययनका सिलसिलामा पाइएका सूचना अनुसार शारीरिक हिंसा १३.७ प्रतिशत र शारीरिक तथा यौनजन्य हिंसा करीव २६ प्रतिशत र घरेलु हिंसा भोग्ने करीव १४ प्रतिशत महिला रहेको पाइएको छ । यस परिप्रेक्षमा कार्यक्रमले समेटिएका क्षेत्रमा कार्यक्रमले नसमेटिएको भन्दा कम हिंसा हुने गरेको पाइएको छ । त्यसैगरी हिंसा विरुद्ध उजुरी गर्ने पनि कार्यक्रमले समेटिएको क्षेत्रमा करीव ५० प्रतिशत रहेका र कार्यक्रमले नसमेटिएका क्षेत्रमा १९ प्रतिशत रहेको छ । यसरी घरेलु हिंसा विरुद्ध उजुरी गर्नेको संख्या उत्साहवर्द्धक नहुनुमा राजनैतिक स्तरको दवाव समस्याको रुपमा रहेकोले समाधान गर्न असहज भएको अवस्थाको जानकारी सामूहगत छलफलबाट देखिन आएको छ ।

४.१.११ विद्यालय बिमुख किशोरीहरुको बहुआयामिक विकास गर्ने अभिप्रायले महिला विकास कार्यक्रमले जीवनोपयोगी सिप विकास तालिम, किशोरा विकास तालिम, व्यवसायिक तालिम, स्वास्थ्य उपचार सहयोग, नेतृत्व एवं व्यक्तित्व विकास सम्बन्धी तालिमा सामाजिक चेतना जागरण लगायतका क्रियाकलापहरु संचालन गदै आएको छ । यस कार्यमा सहभागिता गराउन बस्ती, वडा तथा गा.वि.स. स्तरमा किशोरी समूह संगठित गरी कार्यक्रमले समेट्न खोजिए तापनि विकट क्षेत्रका बस्तीहरुका विद्यालय विमूख किशोरीहरुलाई समेटन सकिएको छैन । यस कार्यक्रमको चुनौतीको रुपमा कार्यक्रमले महिला संस्थामा किशोरी परामर्शकर्ता नहुनु सम्बन्धित निकायबाट उपलब्ध हुने सेवा, सुविधा र श्रोत साधनमा किशोरी समूहको पहुंच नहुनु रहेका छन् । कार्यक्रम सम्बन्धीमा किशोरीहरुको सन्तुष्टि स्तर बारे हेर्दा अति सन्तोषजनक १३.४ प्रतिशत र सन्तोषजनाक २०.५ प्रतिशत रहेबाट बढी मात्रामा किशोरिहरु असन्तुष्टि रहेको पाइयो ।

४.१.१२ महिला विकास कार्यक्रमको विगत ३० वर्ष देखिएको निरन्तरता र सबै जिल्लाका गा.वि.स. तथा नगरपालिकाका वडाहरुमा संचालन भएबाट महिलाहरुलाई संगठित गर्ने र सुसूचित हुने कार्यमा प्रभावकारी रहेको छ । महिलाहरुले आफ्नो कुरा घर, समाज, संस्था तथा सम्बन्धित निकायमा राख्न सक्ने क्षमतामा करीव ८५ प्रतिशत रहेको अध्ययनबाट देखिएको छ । महिलाहरुले विभिन्न घरायसी तथा अन्य विषयमा निर्णय गर्ने क्षमतामा उल्लेख्य बृद्धि भएको पाइन्छ । सर्भेक्षण अनुसार पारिवारिकका विषयमा निर्णय गर्ने क्षमतामा ७८.३ प्रतिशत, पारिवारिक स्वास्थ्यमा ९८.५ प्रतिशत, शिक्षामा ६३.५ प्रतिशत, पशुपालनमा ९४ (८ प्रतिशत र दैनिक घरायसी काममा ७२.५ प्रतिशत रहेको छ । अध्ययनबाट महिलाहरुसंग सम्बन्धित सामाजिक रितीरिवाज, परम्परा आदिमा पनि उल्लेख्य रुपमा परिवर्तन भएको पाइन्छ । छाउपडि सम्बन्धी कार्यक्रम चलेका जिल्लाहरु मध्ये अछाम तथा कालिकोटमा गरिएको अध्यनबाट यस प्रथा पहिला भन्दा निकै कम भएको र महिलाहरुमा चेतना अभिबृद्धि भएको देखाउदछ । त्यसैगरी महिनावारी हुादा घर वाहिर बस्ने प्रचलनमा सुधार आएको छ । महिलाहरु पनि काजक्रिया गर्ने र मलामी जाने जस्ता पुरुषमूखी प्रथालाई विस्थापित गरी उक्त कार्यमा महिला सहभागिता ३३.६ वाट ४४.७ प्रतिशत पुगेको छ ।

महिलाहरुले भोगिरहेका केही संस्कारजन्य कुरीतिहरुका सम्बन्धमा गरिएको अध्ययनले त्यस्ता कुरीति तथा संस्कारहरुलाई परिवर्तन गर्ने कार्यमा संलग्न रहेका र संस्कारजन्य कुराहरु जस्तैः घुम्टो राख्ने, बुर्खा राख्ने, छुवाछत, बालविवाह आदिमा समेत उल्लेखनिय रुपमा परिवर्तन भएको अध्ययनबाट देखिन आएको छ ।

४.१.१३ लैङ्गिक समताको हिसावले महिला र पुरुष बीच घर भित्र र वाहिर हुने सबै खाले क्रियाकलापहरुमा समान अवसर र सहयोग हुने गरेको देखिन्छ । महिला विकास कार्यक्रमबाट महिला सदस्यहलाई सचेतना, उत्प्रेरणा र क्षमता अभिबृद्धि भै घरायसी काममा पनि पुरुषको सभागिता हुने, छोराछोरीहरुको शिक्षा, स्वास्थय आदिमा भेदभाव न्यूनिकरण समान अवसर दिदै राजनैतिक, सामाजिक, आर्थिक, विकासका कार्यमा समेत सहभागिता बढ्दै गएको अध्ययनले देखाएको छ ।

४.१.१४ महिला विकास कार्यक्रमबाट समूह, समिति तथा संस्थामा बिऊ पूंजी परिचालन गरी लक्षित समूहको बचत परिचालन, व्यवसायिक क्षेत्रमा लगानी, उत्पादनशील क्रियाकलापहरुबाट महिलाहरुको आय आर्जनमा बृद्धि भै गरीवी न्यूनिकरणमा सघाउ पुगेको छ । विऊ पूंजीको रकम समूह र संस्थाले आफ्नो स्थिति सुदृढ भएपछि फिर्ता गर्ने र सो रकम महिला विकास कार्यालयले अन्य संस्थाहरुलाई उपलब्ध गराउने गरेको देखिन्छ । यसले ग्रामिण क्षेत्रका विपन्न महिलाहरुको आयमा बृद्धि गरी दीगोपना गराउन समेत सहयोग पुगेको छ ।

### ४.१.१५ समग्र मूल्यांकन निष्कर्ष

**तालिका नं. ३४ : मूल्यांङ्कनका मापक सूचकहरु**

| क्र.सं. | मापक सूचांक | मूल्याङ्कन मापक | मूल्याङ्कनका आधारहरु |
|---|---|---|---|
| १ | औचित्य | **क** | • लक्षित महिलाहरुमा पुगेको कार्यक्रमले महिलाको व्यक्तित्व विकास र समूहीकरण, समावेशीकरण र सशक्तिकरण हुन सकेको<br>• अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्न<br>• अझै करीव ८० प्रतिशत लक्षित समूहमा कार्यक्रम विस्तार गरिनु पर्ने भएको<br>• ९० प्रतिशत भन्दा बढी महिलाले कार्यक्रमको औचित्य रहेको |
| २ | प्रभावकारिता | **ख** | • समूह गठन, समिति तथा संस्थागत रुपमा बचत र लगानी परिचालनको बृद्धि दर १३.४ प्रतिशत भएको<br>• सहकारीबाट बचत रकम मध्ये करीव ९६ प्रतिशत लगानी भएको<br>• व्यवसायिक समूहमा ऋण प्रवाह गरी आय आर्जन र गरीवी न्यूनिकरण भएको<br>• मूलप्रवाहिकरण (१७ प्रतिशत समेटिएको), समावेशिकरण (दलित १६.१ प्रतिशत र जनजाती ३३.८ प्रतिशत, सशक्तिकरण (पारिवारिक विषयमा ७८.३ प्रतिशत र बजार खरिद तथा विक्रिमा ६३.५ प्रतिशत महिलाको निर्णय गर्ने क्षमता वृद्धि) |
| ३ | कार्यदक्षता | **ग** | • बजेटको व्यवस्था कार्यक्रममूखी र प्रगतिमूखी नभई सालबसाली भएको<br>• संचालन र कार्यक्रम बजेट करीव ५० प्रतिशतको हाराहारी भएको<br>• कार्यक्रम बजेटको ९० प्रतिशत खर्च भएको |
| ४ | प्रभाव | **क** | • महिलाको आफ्नो समस्या राख्न सक्ने क्षमतामा ८५ प्रतिशतले बृद्धि भएको<br>• परिवारको निर्णय गर्ने क्षमता बृद्धि भएको शिक्षा, स्वास्थ आदिमा निर्णय क्षमतामा बृद्धि भएको<br>• महिलाको सामाजिक पक्षहरुमा परिवर्तन भएको<br>• महिलाको कुरीति, संस्कारमा उल्लेखनीय भएको परिवर्तन<br>• घरेलु तथा यौनजन्य हिंसामा घट्दोक्रम रहेको<br>• आम्दानी र खर्च दुवैमा बृद्धि भै बचत बढदै गएको |
| ५ | दिगोपना | **ख** | • महिला संस्थाहरुमा अपनत्व र नेतृत्व प्रभावकारी भएकोले संस्थाहरु दिगोहुने लगानी भएको रकम मध्ये करीव ९० प्रतिशत असूली हुने गरेको<br>• महिला संस्थाहरुको संख्या १६३६ र तदर्थ १५७ भएको र वार्षिक रुपमा संस्थाको वृद्धि भएको |

| | | | |
|---|---|---|---|
| ६ | अधिकारवाला समुदायको सन्तुष्टि | क | महिला बिकास कार्यक्रमले संचालन गरेको बचत, ऋण लगानी, उद्यम व्यवसाय, किशोरी कार्यक्रमहरुमा महिलाहरुको सन्तुष्टिस्तर ५० प्रतिशत भन्दा बढी भएको |
| ७ | समावेशीकरण | क | कार्यक्रमले समूहमा सम्मिलित महिला मध्य दलित, जनजाती, र अन्यमा क्रमश १६.०२ %, ३३.८५ %, ५०.१३ % समावेश गरेको |
| ८ | समग्र निष्कर्श | **ख** | आधा भन्दा बढी जनसंख्या भएका महिलाको विकासका लागि संचालिन महिला विकास कार्यक्रमबाट महिलाहरुको व्यक्तिगत क्षमता अभिबृद्धि भै सामाजिक परिवर्तन र आर्थिक उन्नतीमा अग्रसर रहँदै गएको हुँदा कार्यक्रम को औचित्य र महत्व स्पष्ट रहेको छ । |

| | |
|---|---|
| *औचित्य* | *(क) उच्च औचित्यपूर्ण, (ख) पूण औचित्य (ग) सामान्य औचित्यपूर्ण (घ) औचित्य नभएको* |
| *प्रभावकारिता* | *(क) अति प्रभावकारी (ख) प्रभावकारी (ग) सामान्य प्रभावकारी (घ) प्रभावकारी नभएको* |
| *कार्यदक्षता* | *(क) अति कार्यदक्षतापूर्ण (ख) कार्यदक्षता (ग) सामान्य कार्यदक्षता (घ) कार्यदक्षता हासिल नभएको* |
| *प्रभाव* | *(क) अति प्रभावित (ख) प्रभावित (ग) सामान्य प्रभावित (घ) कुनैपनि प्रभाव नपरेको* |
| *दीगोपना* | *(क) अति दीगोपन (ख) दीगोपन (ग) सामान्य दीगोपन (घ) दीगोपन नभएको* |
| *अधिकारवाला समुदायको सन्तुष्टि* | *क. उच्च सन्तुष्टि, ख. सन्तुष्टि ग. सामान्य सन्तुष्टि घ. असन्तुष्टि* |
| *समावेशीकरण* | *क. उच्च समावेशी, ख. समावेशी ग. सामान्य समावेशी घ. समावेशी नभएको* |
| *समग्र निष्कर्श* | *(क) अति सन्तोषजनक (ख) सन्तोषजनक (ग) सामान्य सन्तोषजनक (घ) सन्तोष नभएको* |

## ५. सुझाव र कार्य योजना

### ५.१ नीतिगत स्तरमा

महिला विकास कार्यक्रमको मूल्यांङ्कन अध्ययनको निष्कर्ष अनुसार महिलाहरुलाई समष्टिगत विकास र राष्ट्रिय विकासको मुलधारमा समावेश गरी समतामूलक सुशासन व्यवस्था कायम गर्न नीतिगत रुपमा निम्न सुझाव गरिएको छ ।

५.१.१ महिलाहरुको समष्टिगत रुपमा विकास गर्नका लागि संचालित महिला विकास कार्यक्रमबाट ५२ लाख लक्षित समूह समेटन कार्यक्रमलाई निरन्तरता दिईनु आवश्यक देखिन्छ । कार्यक्रमको सोच तालिका (Log Frame) पुनरावलोकन गरी सोही अनुसारका कार्यक्रम सहितको महिला विकासको गुरु योजना तर्जुमा गरी कार्य योजना समेत बनाई आगामी १० वर्ष भित्र लक्षित महिलासम्म पुग्ने गरी कार्यक्रम लागु गरिनु पर्दछ ।

५.१.२ महिला विकास तथा बालबालिका सम्बन्धी कार्यक्रमहरु महिला तथा बालबालिका मन्त्रालय, विभाग तथा अन्तर्राष्ट्रिय दातृ निकाय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था आदि बाट संचालित भएका र कतिपय कार्यक्रमहरुमा दोहोरोपना हुन गएकोले यस सम्बन्धि एकिकृत गर्न कार्यक्रम संचालनमा एकद्धार नीति लागु गर्न आवश्यक छ ।

५.१.३ लक्षित समूह सम्म कार्यक्रमको पहुँच अभिबृद्धि गर्न कार्यक्रमको निश्चित समयावधि, सूचक, आवश्यक श्रोतको व्यवस्थापन र उपयुक्तत जनशक्तिको व्यवस्था गरिनु पर्दछ । महिला विकास कार्यक्रममा तय भएका कार्यक्रमको लागि (Programme Budget) बनाई सोही अनुसारका क्रियाकलपाहरु संचालन गरिनु पर्दछ ।

५.१.४ महिला विकास कार्यक्रमबाट गठन भएका समूह तथा संस्थाहरुलाई अन्य विषयगत निकाय तथा कार्यक्रमहरुले पनि उपयोग गर्ने नीति अवलम्वन गरिनु पर्दछ । जसबाट एउटै वडामा विभिन्न कार्यक्रमले छुट्टाछुट्टै समूह गठन गर्ने र परिचालन गर्ने कार्यमा न्यूनिकरण भई मौजुदा समूहहरु नै बढी क्रियाशील र गतिशील र प्रभावकारी हुन सक्ने देखिएको छ ।

५.१.५ महिला विकास वारेमा नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका सम्धी, सम्झौता र प्रतिवद्धताहरु एकीकृत रुपमा महिला तथा बालबालिका विभागलाई कार्यान्वयन गर्ने इकाई र मन्त्रालयलाई सहजिकरण गर्ने निकायका रुपमा तोकि त्यसलाई कार्यान्वयन तहमा लैजानु पर्दछ । साथै अन्तर्राष्ट्रियस्तरका प्रतिवद्धताहरुको कार्यन्वयन गर्ने समय अवधि समेत स्पष्ट गरिनु पर्दछ ।

## ५.२ मध्यम स्तरमा

५.२.१ महिला विकास कार्यक्रमलाई आवश्यक पर्ने कृषि, उद्योग, उद्यम विकास, पशु विकास आदिका क्रियाकलपाहरु सम्बन्धि विषयगत विभागहरु जस्तैः कृषि विभाग, पशु सेवा विभाग, घरेलु तथा साना उद्योग विभाग आदि बीच कार्यगत एकता र समन्य गरी लक्षित समूहहरुलाई प्राविधिक सहयोग, क्षेत्रगत सहयोग उपलव्ध गराउनु पर्दछ ।

५.२.२ प्रभावकारी रुपमा संचालित महिला संस्थाहरुलाई आवश्यक पर्ने बैकिङ्ग सेवा तथा सुविधा र लगानीको क्षेत्रलाई फराकिलो पार्न राष्ट्रियस्तरका सहकारी तथा बैकिङ्ग सेवा प्रदान गर्ने बैक तथा वित्तीय संस्थाहरुसंग सहकार्य गर्न महिला विकास विभागले सहजीकरण गरी दिने कार्यनीति बनाई लागु गर्नु पर्दछ ।

५.२.३ महिलाहरुद्वारा संचालित व्यवसायिक समूहहरुका लागि आवश्यक पर्ने प्राविधिक सेवा सहज रुपमा प्राप्त गर्नका लागि सम्बन्धित विषयगत बिभाग, MEDEP, CTEVT तथा नीजि क्षेत्रका संस्थाहरुसंग समन्वय गरिनु पर्दछ ।

५.२.४ व्यवसायिक समूहद्वारा उत्पादित सामाग्रीहरुको बजारिकरण गर्न कृषि बजार, उद्योग बाणिज्य संघ संस्थाहरुसंग सहकार्यको लागि सहजीकरण गरिनु पर्दछ ।

५.२.५ समूह र समितिमा संकलित वचत रकमको सुरक्षाका लागि संस्थामा यथासक्य आवद्ध गरी संस्थागत गरिनु पर्दछ ।

## ५.३ संचालन स्तरमा

५.३.१ कार्यक्रमलाई बढी प्रभावकारी बनाउन केन्द्रीयस्तर देखि जिल्ला तथा स्थानीयस्तरमा दोहोरो सूचना प्रणाली विकास गरी कुनै पनि महिलालाई परेको समस्या र उनीहरुको मागलाई सम्बोधन गरिने प्रणाली विकास गरी कार्यान्वयन गरिनु पर्दछ ।

५.३.२ महिला समूह तथा संस्थाहरुले पहिचान गरेका विभिन्न क्षेत्रगत कार्यक्रमहरुलाई महिला तथा बालबालिका कार्यलयले बार्षिक कार्यक्रममा समावेश गर्ने र महिला विकास सम्बन्धित अन्य निकायहरु र विषयगत कार्यालयको कार्यक्रममा समेत समावेश गर्ने व्यवस्था गरिनु पर्दछ ।

५.३.३ निस्कृय रहेका समूह तथा समिति र संस्थाहरुलाई सक्रिय गराउन र गतिशिल बनाउने तर्फ बिशेष कार्यक्रम संचालन गरिनु पर्दछ । अनुगमन कार्यलाई प्रभावकारी बनाई त्यस्ता निस्कृय समूहलाई निगरानी समूहलाई सक्रिय गराई  सहजीकरण गर्नु पर्दछ  ।

५.३.४ व्यवसायिक समूहका लागि आवश्यक पर्ने प्राविधिक सहयोग तुरुन्त उपलव्ध गराउन महिला विकास कार्यालयले प्राविधिक सेवाको रोष्टर बनाई सम्बन्धित प्राविधिकहरुलाई सेवा प्रवाह सम्बन्धी सम्झौता गरी आवश्यक सेवा उपलव्ध गराउने परिपाटि अबलम्बन गरिनु पर्दछ  ।

५.३.५ महिला विकास कार्यक्रम अन्तर्गत धेरैजसो क्रियाकलापहरु एकै प्रकृतिका र जिल्लास्तरमा एउटै तौलतरिकाबाट संचालन गर्ने गरिएको हुँदा कार्यक्रमको कार्यान्वयन विधिमा परिवर्तन गरी स्थानीय आवश्यकतालाई प्रभावकारी रुपमा प्राथमिकीकरण गरी सम्बोधन गरिनु पर्दछ । साथै कार्यक्रमहरु स्थानीय निकायसँग समन्वय गरी संचालन गरिनु पर्दछ ।

५.३.६ जिल्लामा महिला तथा बालबालिका सम्बन्धी कार्यक्रमहरु विभिन्न दातृ निकाय, अन्तरराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुद्वारा संचालित गरीदै आएको र महिला विकास कार्यालयसंग समन्वय समेत हुने नगरेकोले यस सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयमा एकद्वार प्रणाली कायम गरी महिला तथा बालबालिका कार्यालयको समन्वयमा संचालन गरिनु पर्दछ ।

५.३.७ महिला संस्थाबाट गरिने लागनीलाई व्यवसायिक र आय-आर्जनमूलक काममा केन्द्रित गरी अन्य लागनीलाई निरुत्साही गर्ने किसिमका व्यवस्था गरिनु पर्दछ ।

५.३.८ सफल रुपमा संचालनमा रहेका महिला संस्थाहरुसंग सहकार्य गर्ने नीति अपनाई सो संस्था मार्फत महिला विकास कार्यक्रमका थप क्रियाकलपाहरु विस्तार गरिनु पर्दछ ।

५.३.९ महिला विकास कार्यक्रमले घरेलु हिंसा, यौनजन्य हिंसा जस्ता समाजिक, विकृतीहरुको न्यूनिकरण गर्न सघाई रहेको अवस्थामा यस कार्यक्रमका सिफारिसमा करवाही अगि बढाउने पर्ने बारे नियममानै व्यवस्था गरिनु पर्दछ ।

क) शारिरिक हिंसा ख) मानसिक हिंसा ग) सम्पतीको हिंसा घ) यौनिक हिंसा

६.५ महिला प्रति हुने गरेको हिंसा तथा बिभेदका बारेमा कानूनी विषयको जानकारी छ।

छ ☐ छैन ☐

यदि छ भने कहाबाट लिनु भएको हो

क) रेडियो टि.भि. आदि संचार माध्यमबाट

ख) महिला विकास कार्यलयबाट दिइएको तालिमबाट

ग) अन्य तालिमबाट

घ) साथीभाईबाट

ङ) अन्य

६.६ घरेलु हिंसामा कानूनी उपचारको लागि उजुर गर्नु भएको छ।

छ ☐ छैन ☐

यदि छ भने

क) स्थानीय निकाय

ख) महिला तथा वालबालिका कार्यलयमा

ग) प्रहरी कार्यालय

घ) जिल्ला प्रशासन कार्यालयमा

ङ) अदालत

चं अन्य

६.७ तपाईको घरमा कुन कुन खानेपानीको श्रोतको उपयोग गर्नु भएको छ ?

| क.सं. | खानेपानीको श्रोत | विवरण | |
|---|---|---|---|
| | | चिन्ह लगाउने | दैनिक पानी भर्न र ओसार पसार गर्न लाग्ने समय (मिनेटमा) |
| १ | पाइप प्रणालीको निजी धारा | | |
| २ | निजी घर कम्पाउड भित्र भएको इनार, कुवा (इनार, ट्युवबेल, जेट पम्प तथा पम्पं | | |
| ३ | सार्वजनिक धारा | | |
| ४ | छिमेकीको धारा | | |
| ५ | छिमेकीको इनार, कवा (इनार, ट्युवबेल, जेट पम्प तथा | | |

| | | | |
|---|---|---|---|
| | पम्पं | | |
| ६ | वर्षातको पानी संकलन | | |
| ७ | खोला, पोखरी | | |
| ८ | अन्य ………………………… | | |

६.८ पानी ओसार पसार र भर्न लाग्ने समय बचत भए सो समयको कसरी उपयोग गर्नु भएको छ?

क) करेसा वारी

ख) उद्यम व्यावसाय

ग) सरसफाई/घरयासी कार्यमा

घ) बाल बच्चाको हेरचाह

ङ) अन्य…………………

६.९ तपाईले कुन प्रकारको शौचालय प्रयोग गर्नु हुन्छ? (स्वास्थ्य तथा सरसफाई)।

| सि.नं. | शौचालयका प्रकार | चिन्ह लगाउनु होस |
|---|---|---|
| १ | आधुनिक पक्की शौचालय पानी र निकास भएको | |
| २ | आधुनिक पक्की शौचालय पानी भएको तर निकास नभएको | |
| ३ | घर वाहिर बनाएको पानी विनाको शौचालय | |
| ४ | खाडल खनी बनाएको शौचालय | |
| ५ | सार्वजनिक शौचालय | |
| ६ | छिमेकीको शौचालयमा | |
| ७ | खुला क्षेत्रमा | |

६.१० शौचालय प्रयोग गरी सके पछि सावुन पानीले हात घुने गर्नु भएको छ

१. छ २. छैन

६.११ तपाई वा तपाईको परिवारको महिला सदस्य वडा नागरिक मन्चमा रहनु भएको छ।

१. छ २. छैन

यदि छ भने

वडा नागरिक मन्च…………….

सहभागी सदस्या संख्या……………

६.१२ के तपाई तपाईको क्षेत्रमा हुने विकास निर्माणका कामको लागि गठित उपभोक्ता समितिमा सहभागी हुनु हुन्छ ?

१. हुन्छ ☐ २. हुादैन ☐ ३. थाहा छैन ☐

यदि हुनुहुन्छ भने समितिको नाम दिनुहोस………………………………………………………………………

६.१३ यदि सहभागी हुनु भएको भए, कुन पदमा वसी काम सम्पन्न गर्नु भएको छ ?

१. पद ………………………………… २. बैठकमा उपस्थिति पटक……………………….

६.१४ विकास निर्माणका कार्यमा उपभोक्ता समितिको परिचालनमा कतिको सन्तुष्ट हुनु हुन्छ ?

अति सन्तोषजनक ☐. सन्तोषजनक ☐ ठिकै ☐ असन्तुष्ट ☐ अति असन्तुष्ट ☐

६.१५ तपाईको नेतृत्वमा कुनै उपभोक्ता समिति वा समूह सक्रिय रुपले कार्य सम्पर्न्न गरिएको छ ?
१. छ २. छैन

६.१६ तपाईको विचारमा महिला विकास सम्बन्धी कस्ता समस्या र सवालहरु रहेका छन् ?
क)
ख)
ग)
घ)

६.१७ तपाईको विचारमा महिलाहरुको सर्वाङ्गिन विकास गर्न के कस्ता कार्यहरु गर्नु पर्ला ?
क)
ख)
ग)
घ)

# धन्यवाद ।

सर्भेयरको नाम .................................. सही मिति.......................................

सुपरभाइजरको नाम................................. सही मिति......................................

## घरधुरी सर्भेक्षण गरिएको घरको नक्सा

उत्तर दिशा

# अनुसूचि २

## महिला विकास कार्यक्रम र क्रियाकलापहरु

(आ) चालु खर्च शीर्षकबाट सञ्चालन हुने कार्यक्रमहरु:

| | |
|---|---|
| (क) | लक्षित महिलाको पहिचान र समूहीकरण |
| १ | गाविसस्तरीय परामर्श बैठक |
| २ | समूह गठन र परिचालन |
| २.१ | नयाँ गाविसतर्फ |
| २.२ | साविक गाविसका नयाँ वडातर्फ |
| २.३ | साविक गाविसका पुराना वडातर्फ |
| ३ | समिति गठन र परिचालन (निगरानी समूहसमेत) |
| ३.१ | नयाँ गाविसतर्फ |
| ३.२ | साविक गाविसका नयाँ वडातर्फ |
| ४ | महिला संस्था स्थापना खर्च अनुदान (प्रतिसंस्था रु. ५ हजार) |
| (ख) | व्यक्तिगत विकासका प्रारम्भिक प्रशिक्षण |
| ५ | समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर |
| ५.१ | नयाँ गाविसका वडातर्फ |
| ५.२ | साविक गाविसका नयाँ वडातर्फ |
| ५.३ | साविक गाविसका पुराना वडातर्फ |
| ६ | आधारभूत तालिम, ७ दिने, जिल्लास्तर |
| ७ | महिला-पुरुष समविकास तालिम, ३ दिने, गाउँस्तर (महिला संस्था/ समितिलाई कार्यक्रम अनुदान) |
| ८ | सासू-बुहारी अन्तरक्रिया, ३ दिने, गाउँस्तर (महिला संस्था/ समितिलाई कार्यक्रम अनुदान) |
| ९ | प्रजनन स्वास्थ्य सचेतना तालिम, ५ दिने, जिल्लास्तर |
| (ग) | संस्थागत विकास र सहभागीता |
| १० | मौजुदा संस्थाको साङ्गठनिक सुदृढिकरण |
| १०.१ | नभएका वा निष्क्रिय समूहको गठन वा पुनर्गठन |
| १०.२ | नभएका वा निष्क्रिय समितिको गठन वा पुनर्गठन (निगरानी समूहसमेत) |
| ११ | नेतृत्व तथा संस्थागत विकास तालिम, ५ दिने, जिल्लास्तर |
| १२ | लेखपालन तालिम, ७ दिने, जिल्लास्तर |
| १३ | प्रस्तावना लेखन तालिम, ३ दिने, जिल्लास्तर |
| १४ | महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा कार्यशाला, ३ दिने, गाउँस्तर |
| १५ | रेखाङ्कन भ्रमण |
| १५.१ | अन्तरसंस्था, ५ दिने |
| १५.२ | अन्तरजिल्ला, ७ दिने |
| १६ | महिला संस्था/ समितिका अध्यक्षमाझ चौमासिक अन्तरक्रिया, २ दिने, जिल्लास्तर |
| १७ | स्रोत परिचालनका लागि बीउपूँजी |
| १८ | महिला संस्थालाई भवन निर्माण अनुदान (प्रतिसंस्था रु. १ लाख ५० हजार/ विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख/ विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार) |
| (घ) | महिला समितिअन्तर्गत व्यावसायिक समूह विकास |
| घ-१) | नयाँ प्रारम्भ |
| १९ | सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी |
| २० | सीप तथा व्यावसायिकता विकास तालिम |
| २०.१ | ३ दिने, गाउँस्तर |

| | |
|---|---|
| २०.२ | ५ दिने, गाउँस्तर |
| २०.३ | ५ दिने, जिल्लास्तर |
| २०.४ | ७ दिने, जिल्लास्तर |
| २०.५ | १५ दिने, जिल्लास्तर |
| २०.६ | ३० दिने, जिल्लास्तर |
| २०.७ | ९० दिने, जिल्लास्तर (साझेदारीको बजेट समायोजित) |
| २१ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००।- विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००।- विकास लागत ३ जिल्ला रु. ७,०००।-) |
| घ-२) | निरन्तर प्रसार |
| २२ | छुट समूह सदस्यलाई सीप तथा व्यावसायिकता विकास तालिम |
| २२.१ | ३ दिने, गाउँस्तर |
| २२.२ | ५ दिने, गाउँस्तर |
| २२.३ | ५ दिने, जिल्लास्तर |
| २२.४ | ७ दिने, जिल्लास्तर |
| २२.५ | १५ दिने, जिल्लास्तर |
| २३ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००।- विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००।- विकास लागत ३ जिल्ला रु. ७,०००।-) |
| २४ | सीप पुनर्ताजगी तालिम |
| २४.१ | ३ दिने, गाउँस्तर |
| २४.२ | ५ दिने, जिल्लास्तर |
| २५ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| २६ | अध्ययन डेरा (Study attachment) |
| २७ | व्यापर मेलामा मण्डप |
| २८ | साझा व्यावसायिक सेवाका लागि महिला संस्थालाई बहुउपयोगी कार्यक्रम अनुदान ( विरुवा ब्याड, सङ्कलन केन्द्र, प्रशोधन संयन्त्र, माछा पोखरी निर्माण, व्यावसायिक किटपालन गृह, कार्यशाला, ढुवानीका साधन, नश्ल सुधार, प्राविधिक रेखदेख, प्लाष्टिक पोखरी सिँचाइ, इत्यादि, प्रतिसंस्था रु. १ लाख ५० हजार/ विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख/ विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार, नमूना योजनाअन्तर्गत जुनसुकै जिल्ला अधिकतम रु. ४ लाख ५० हजार) |
| ङ) | 'गरिबीविरुद्ध महिला' अभियान |
| २९ | सहभागितात्मक अवस्था विश्लेषण र रणनीति-पत्र तर्जुमा कार्यशाला, ३ दिने, गाउँस्तर |
| ३० | छुट घरधुरीको समूहीकरण |
| ३०.१ | समूह गठन वा पुनर्गठन |
| ३०.२ | समिति गठन वा पुनर्गठन |
| ३०.३ | पुनर्ताजगी अनुशिक्षण |
| ३१ | सीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर |
| ३२ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००) |
| ३३ | साझा व्यावसायिक सेवाका लागि महिला संस्थालाई बहुउपयोगी कार्यक्रम अनुदान ( बिरुवा ब्याड, सङ्कलन केन्द्र, प्रशोधन संयन्त्र, माछा पोखरी निर्माण, व्यावसायिक किटपालन गृह, कार्यशाला, ढुवानीका साधन, नश्ल सुधार, प्राविधिक रेखदेख, प्लाष्टिक |

| | |
|---|---|
| | पोखरी सिंचाइ, इत्यादि; प्रतिसंस्था रु. १ लाख ५० हजार/विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख /विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार; नमुना योजनाअन्तर्गत जुनसुकै जिल्ला अधिकतम रु. ४ लाख ५० हजार) |
| ३४ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| ३५ | अन्तरसंस्था रेखाङ्कन भ्रमण, ५ दिने |
| ३६ | सहजीकरण, सम्बन्धन एवं अभिलेखीकरण (प्रतिवडा रु. १२ हजार/विकास लागत २.०-२.५ जिल्ला रु. १८ हजार/विकास लागत ३ जिल्ला रु. २४ हजार) |
| च) | विद्यालयविमुख किशोरीको बहुआयामिक विकास (मुक्त कमलरीसमेत) |
| च-१) | नयाँ प्रारम्भ |
| ३७ | जीवनोपयोगी तालिम, १० दिने, गाँउस्तर ( महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) |
| ३८ | महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन |
| ३९ | महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग |
| ४० | व्यावसायिक किशोरी समूह विकास |
| ४०.१ | सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी |
| ४०.२ | सीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर |
| ४०.३ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००) |
| ४०.४ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| च-२) | निरन्तर प्रसार |
| ४१ | छुटू किशोरीलाई जीवनोपयोगी तालिम, १० दिने, गाँउस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) |
| ४२ | किशोरी सूचना तथा परामर्श केन्द्रको स्तरोन्नति |
| ४३ | किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग |
| ४४ | छुटू किशोरीलाई सीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर |
| ४५ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००) |
| ४६ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| ४७ | अन्तरसमूह रेखाङ्कन भ्रमण, ५ दिने |
| ४८ | किशोरी समूहका अध्यक्ष र सचिवमाझ चौमासिक अन्तरक्रिया, २ दिने, जिल्लास्तर |
| च-३) | मुक्त कमलरी सशक्तीकरण, ६ जिल्लाका ३६० जनाः कन्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत र दाङ |
| ४९ | महिला संस्थाअन्तर्गत मुक्त कमलरी समूह गठन |
| ५० | समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर |
| ५१ | व्यावसायिक समूह विकास |
| ५१.१ | सहभागितात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी |
| ५१.२ | सीप तथा व्यावसायिक विकास तालिम, ७ दिने, जिल्लास्तर |
| ५१.३ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००) |
| ५२ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| ५३ | सहजीकरण, सम्बन्धन एवं अनुगमन |

| | |
|---|---|
| छ) | बालअधिकारको संवर्द्धन |
| ५४ | विपत्मा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापन |
| ५५ | बालगृहहरूको संयुक्त निरीक्षण |
| ५६ | राष्ट्रिय तथा अन्तरराष्ट्रिय बाल दिवस |
| ज) | लैङ्गिक हिंसा निवारण |
| ५७ | जिल्ला स्रोत समूहको बैठक |
| ५८ | मानव बेचबिखनविरुद्ध गठित जिल्ला कार्यसमितिलाई अनुदान |
| ५९ | घरेलु हिंसाबाट प्रभावित महिलाका लागि महिला संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित सेवा केन्द्र सञ्चालन : १५ जिल्ला (प्रतिजिल्ला हिमाल रु. ८ लाख /पहाड रु. १० लाख/तराई रु. १२ लाख) पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, मकवानपुर, नवलपरासी, तनहुँ, काभ्रे, बाग्लुङ, जुम्ला, दाङ, बर्दिया, डोटी र कञ्चनपुर) |
| झ) | मूलप्रवाहीकरण सम्पर्क निकाय सेवा |
| ६० | क्षेत्रगत कार्यालयको सहभागितात्मक लैङ्गिक लखाजोखा र संयुक्त कार्ययोजना तर्जुमा |
| ६०.१ | गाविसस्तरीय लेखाजोखा, १ दिने |
| ६०.२ | जिल्लास्तरीय लेखाजोखा र कार्ययोजना तयारी, २ दिने |
| ६१ | लङ्गिक सरोकारका विषयगत अध्ययन जिल्ला लैङ्गिक विकास प्रतिवेदन तयारी र प्रकाशनको गत आवको भुक्तानी |
| ६२ | स्थानीय जनप्रतिनिधि, गाविस सचिव तथा सञ्चारकर्मीलाई लैङ्गिक मूलप्रवाहीकरण अनुशिक्षण, ३ दिने, जिल्लास्तर (जिविससँगको साझेदारीमा) |
| ६३ | सञ्जाल सदस्यमाझ अन्तरक्रिया, १ दिने, जिल्लास्तर |
| ६४ | मूलप्रवाहीकरण समन्वय समितिको बैठक |
| ६५ | लङ्गिक सम्पर्क-बिन्दुहरूको बैठक |
| ६६ | लङ्गिक सम्पर्क-बिन्दु तथा सूचीकृत  गैससका पदाधिकारीहरूका लागि मूलप्रवाहीकरण तालिम, ३ दिने, जिल्लास्तर |
| ६७ | संयुक्त स्थलगत अवलोकन |
| ६७.१ | विषयगत कार्यालयका तर्फबाट |
| ६७.२ | मूलप्रवाहीकरण समन्वय समितिका तर्फबाट |
| ६८ | लोक सेवा आयोगबाट लिइने राजपत्र अनङ्कित पद (प्रथम र द्वितीय) का मूल परीक्षामा सहभागी हुने महिला उम्मेदवारहरूका लागि तयारी कक्षा सञ्चालन |
| ञ) | सामाजिक परिचालन |
| ६९ | सामाजिक परिचालिका र महिला संस्थाका अध्यक्ष, व्यवस्थापक वा सहजकर्तालाई प्रशिक्षक प्रशिक्षण, ७ दिने, जिल्लास्तर |
| ७० | सामाजिक परिचालिकाको प्रोत्साहन भत्ता र  चाडपर्व  खर्च |
| ७१ | परिचालिका भ्रमण तथा बैठक खर्च |
| ७२ | कार्यक्षेत्रका प्रत्येक वडामा चौमासिक साथ सम्पर्क, समूह विस्तार र समूह कार्यमा संयोजन, सहजीकरण एवं स्रोत सेवा (सामाजिक परिचालिका नभएका गाविसतर्फ प्रतिगाविस रु.६,०००/विकास लागत २-२.५ जिल्ला रु. ९,०००/विकास लागत ३ जिल्ला रु. १२,०००) |

| | |
|---|---|
| ट) | साबिक लैङ्गिक समानता तथा महिला सशक्तीकरण आयोजनाको बाँकी कार्यक्रम कार्यान्वयन |
| क) | सामाजिक सशक्तीकरण |
| ७३ | समूह सदस्यको अनुशिक्षण, ३ दिने, गाउँस्तर |
| ७४ | आधारभूत तालिम, ७ दिने, जिल्लास्तर |
| ७५ | महिला संस्थाको अवस्था विश्लेषण तथा रणनीति-पत्र तर्जुमा कार्यशाला, ३ दिने, गाउँस्तर |
| ७६ | महिला संस्थाको तुलनात्मक विवरणिका प्रकाशन |
| ७७ | किशोरीको बहुआयामिक विकास : जीवनोपयोगी तालिम, १० दिने, गाउँस्तर (महिला सस्था/समितिलाई कार्यक्रम अनुदान) |
| ७८ | महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन |
| ७९ | महिला संस्थामार्फत अतिविपन्न किशोरीका लागि शैक्षिक तथा स्वास्थ्योपचार सहयोग |
| ८० | महिला-पुरुष समविकास तालिम, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) |
| ८१ | सासू-बुहारी अन्तरक्रिया, ३ दिने, गाँउस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) |
| ख) | आर्थिक सशक्तीकरण |
| ८२ | 'गरिबीविरुद्ध महिला' अभियान |
| ८२.१ | पुनर्ताजगी अनुशिक्षण |
| ८२.२ | सीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर |
| ८२.३ | व्यवसाय स्थापना खर्च अनुदान (प्रतिव्यक्ति रु. ३,०००/विकास लागत २.०-२.५ जिल्ला रु. ३,५००/विकास लागत ३ जिल्ला रु. ७,०००) |
| ८२.४ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| ८२.५ | सहजीकरण, सम्बन्धन एवं अभिलेखीकरण (प्रतिवडा रु. १२ हजार/विकास लागत २.०-२.५ |
| ८२.६ | साझा व्यावसायिक सेवाका लागि महिला सस्थालाई बहुउपयोगी कार्यक्रम अनुदान (बिरुवा ब्याड, सङ्कलन केन्द्र, प्रशोधन संयन्त्र, माछा पोखरी निर्माण, व्यावसायिक किटपालन गृह, कार्यशाला, ढुवानीका साधन, नश्ल सुधार, प्राविधिक रेखदेख, प्लाष्टिक पोखरी सिँचाइ, इत्यादि; प्रतिसंस्था रु. १ लाख ५० हजार/विकास लागत २.०-२.५ जिल्ला रु. २ लाख /विकास लागत ३ जिल्ला रु. २ लाख ५० हजार; नमुना योजनाअन्तर्गत जुनसुकै जिल्ला अधिकतम रु. ४ लाख ५० हजार) |
| ठ) | विद्यालयविमुख किशोरीको बहुआयामिक विकास (युनिसेफतर्फ) |
| ८३ | किशोरीको बहुआयामिक विकासका लागि साझेदार निकायसँगको नीति, योजना तथा बजेटमा पैरबी |
| ८३.१ | सस्थामार्फत किशोरीका अभिभावक शिक्षाका लागि अभिमुखीकरण, ३ दिने (स्थानीय निकाय र समुदायका अगुवाका लागि) |
| ८३.२ | अन्तरसमूह किशोरी जागरण समूह अनुभव आदानप्रदान |
| ८३.३ | साझेदार निकाय र स्थानीय निकायमाझ अन्तरक्रिया, १ दिने |

| | |
|---|---|
| ८३.४ | महिला संस्था/समिति र किशोरी जागरण समूहबीच अन्तरक्रिया |
| | विद्यालयविमुख किशोरीहरूको बहुआयामिक विकास कार्यक्रम सञ्चालन |
| ८४.१ | किशोरीहरूको बहुआयामिक जीवनोपयोगी तालिम १० दिने, गाविसस्तर |
| ८४.२ | महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन अनुदान |
| ८४.३ | महिला संस्थामार्फत अतिविपन्न किशोरीहरूका लागि शैक्षिक तथा स्वास्थोपचार सहयोग कार्यक्रम अनुदान |
| ८४.४ | सहभागीतात्मक लेखाजोखा विधिबाट व्यवसाय छनौट तथा प्रवर्द्धन कार्ययोजना तयारी |
| ८४.५ | सीप तथा व्यावसायिकता विकास तालिम, ७ दिने, जिल्लास्तर |
| ८४.६ | व्यवसाय स्थापना खर्च अनुदान ( प्रतिव्यक्ति रु. ३०००/विकास लागत २ देखि २.५ जिल्ला रु. ३५००/ विकास लागत ३ जिल्ला रु. ७०००) |
| ८४.७ | स्थलगत प्राविधिक निरीक्षण, परामर्श तथा पुनर्अभ्यास |
| ८४.८ | साथ, सर्म्पक र सहजीकरण तथा अनुगमन, मूल्याङ्कन |
| ङ) | किशोरी विकास तथा लैङ्गिक हिंसा निवारण कार्यक्रम (यूएनएफपीएतर्फ) |
| ८५ | घरेलु हिंसाबाट प्रभावितका लागि अल्पकालीन आश्रय सेवा केन्द स्थापना र सञ्चालन - महिला सस्थालाई कार्यक्रम अनुदान) |
| ८६ | घरेलु हिंसाबाट प्रभावितका लागि अल्पकालीन आश्रय सेवा केन्द्रका सामुदायिक महिला मनोसामाजिक विमर्शकर्तालाई तालिम, १० दिने, जिल्लास्तर |
| ८७ | घरेलु हिंसाबाट प्रभावितका अल्पकालीन आश्रय सेवा केन्द्रका लागि प्रचलित प्रक्रियाबमाजिम छनौट भएका नयाँ मनोसामाजिक विमर्शकर्तालाई ४ महिने तालिममा सहभागिता खर्च |
| ८८ | महिला सहकारी संस्थाका सदस्यहरूका लागि प्रजनन स्वास्थ्य र लैङ्गिक हिंसा निवारणसम्बन्धी तालिम, ५ दिने, जिल्लास्तर |
| ८९ | सरंक्षण विषयगत क्षेत्र (Protection Cluster) का सदस्यहरूका लागि अभिमुखीकरण कार्यक्रम, ३ दिने, जिल्लास्तर |
| ९० | सरंक्षण विषयगत क्षेत्र (Protection Cluster) को बैठक सञ्चालन |
| ९१ | विद्यालयविमुख किशोरीहरूका लागि जीवनोपयोगी सीप विकास तालिम, १० दिने |
| ढ) | सूचना, शिक्षा र सञ्चार |
| ९२ | आधार-रेखा सूचना फाराम छपाई |
| ९३ | वार्षिक प्रगति प्रतिवेदन तथा महिला संस्थाको तुलनात्मक विवरणिका प्रकाशन |
| ९४ | जनचेतनामूलक सन्देश प्रवाह |
| ९४.१ | परिचय पन्ना (Brochure) प्रकाशन |
| ९५ | दिवसीय कार्यक्रम |

| | |
|---|---|
| ९५.१ | अन्तर्राष्ट्रिय नारी दिवस |
| ९५.२ | अन्य अन्तर्राष्ट्रिय दिवस तथा अभियान |
| ९६ | कर्मचारीलाई कम्प्युटर तालिम |
| ९७ | इमेल, इन्टरनेट पहुँच |
| ९८ | कार्यक्रमको सार्वजनिक परीक्षण |
| ९९ | अनुगमन तथा मूल्याङ्कन (सामाजिक परिचालिका भएका गाविसतर्फको नियमित अनुगमनसमेत) |

# अनुसूचि ३
# समूहगत छलफलका निचोडहरु

**महिला समूहसँग भएका छलफलहरु**

- संस्था गठनको उद्देश्यः
  यहाँ भएका महिलाहरुलाई संस्थामा आवद्ध गराएर आय-आर्जन गर्न सिकाई आर्थिक रुपमा सवल बनाउने उद्देश्यले संस्था गठन गरिएको हो । साथै महिलाहरुलाई सामाजिक, आर्थिक रुपमा सवल बनाई समाज विकास गराउने काममा पनि अगाडि बढाउने हाम्रो उद्देश्य हो ।

- जम्मा सदस्य संख्या- १६८
- संस्था स्थापनाका लागि महिला विकासबाट विभिन्न लेखापढी कागजात बनाउन सहयोग भएको । साथै विभिन्न तालिम भएको ।
- संस्था गठन कसरी गरिएको थियो- पहिला संस्था देवकी नेपालको अध्यक्षतामा खोलिएको र पैसा सबै हिनामिना भएपछि संस्थागत रुपमा आएको रु. ३४०००।- रकम पनि हिनामिना भएपछि हामीले ल्याएर संचालन गरेका हौं । अहिले हामी सबै शेयरधनि पनि भएका छौं र शेयरको १५% लाभांश वितरण पनि गरिसकिएको छ ।
- हाल हामीहरुले त त्यस्तो खासै केही गरेका छैनौं । कुखुरापालन, बाख्रापालन र व्यापार गर्नका लागि ऋण लगानी गरिएको र उनीहरुले गरिहेका पनि छन् ।
- संस्थापना वर्ष- समूह गठन- २०४८/ संस्था दर्ता - आ.व. २०५६।०५७
- समूह अब वडा समितिमा गएको र वडा नं. ५ वाहेक अन्यमा कार्यक्रम भएको ।
- वैठक महिनामा १ पटक गरिने र भैपरी आएमा २ पटक पनि बस्नु पर्ने अवस्था हुन्छ ।
- वैठक बस्ने प्रक्रियामा सकभर १००% नै जम्मा हुनु पर्ने नभएमा ७०% जम्मा हुनु पर्ने ।
- हामी प्रत्येक वर्ष लेखापरीक्षण गराउँछौं ।
- साधारण सभा हालसम्म ३ वटा गरियो । हाम्रो प्रत्येक वर्षको वार्षिक प्रतिवेदन महिला विकासमा पठाउनु पर्ने ।
- संस्थाको भौतिक अवस्था त हालसम्म भाडाको कोठामा चलाईएको अब चांही भवनको लागि आर्थिक संकलन गर्ने तरखरमा छौं ।
- संस्थाका पदाधिकारीको वैठकमा नै कुनैपनि कामको निर्णय र कार्यान्वयनको अवस्था त्यसै अनुरुप गरिन्छ ।
- संस्थाको वचतको परिचालन र लगानीको अवस्था मासिक वचत- रु. १००।-
- सदस्यहरुले नियमित वचत गर्छन, ऋणको किस्ता बुझाउन नसकेपनि व्याज र मासिक वचत मात्र पनि गर्छन् । कतिपय सदस्यहरु बीचमै छाडेका र अहिले फेरी आएने भन्ने कुरा गरेका र अबको साधारण सभापछि उनीहरुलाई पनि समूहमा राख्ने । बीचमा छाडेका १५ जना थिए, अब फेरी फर्कने अवस्थामा छन् ।
- संस्थाको विगत ५ वर्षको वचत- रु. ८०००००।-
- लगानीको व्याजदर १८% । लगानीका क्षेत्रमा व्यापार, कुखुरापालन, बाख्रापालन आदिमा लगानी भएका छन् । जमानीका रुपमा आफ्नै वडा समितिका सदस्यहरु बस्ने नियम छ र समयमा ऋण नतिरेमा हर्जनाको पनि नियम लगाइएको छ । बजार त हाम्रो सजिलै छ, यहीं चन्द्रपुर गए पुग्छ, नजिक छ, ठूलो छ । उद्यममा रोजगार बाहिरका व्यक्ति छैनन्, आफ्नै घरका व्यक्तिहरु छन् । ऋण ४ महिनामा तिर्नु पर्ने, नतिरेमा जरिवाना गर्ने । ५ वर्षको लगानी त लगभग उठीसकेका छन्, अब उठ्न बाँकी चांही रु. ३०००००।- जति बाँकी छन्, तर यति नै भन्न सकिन्न किनभने हिसाव नै हेर्नुपर्ने हुन्छ । २ वर्ष भयो लाभांश वितरण भएको तर शेयर लाभांशको १५% मात्र वितरण भएको, अरु चांही खर्च भएको । वचत चांही गर्न सकेको छैन, लगानी चांही ८०% हुन्छ । लगानी संख्या- ७९ छ ।
- पहिला हाम्रोमा संस्था आउनु भन्दा अगाडि चांही विऊ पूँजी आएको थियो रे तर हामीले संचालन गर्न थालेपछि चाहीं हाम्रो संस्थामा विऊ पूँजी आएको छैन । महिला विकासले नसिकाएको र तालिमहरु नदिएको खण्डमा त हामीहरु केही गर्न सक्ने थिएनौं ।
- घरायसी निर्णय गर्न कार्यक्रम संचालन र संस्था संचालन पछि धेरै फरक आएको छ, अहिले त हामीहरु व्यक्तिगत समूह पनि संचालन गर्छौं, जसले गर्दा घरमा परेका समस्याहरु सजिलै समाधान गर्न सक्छौ, तर संस्थागत भएर गर्दाको फाईदा नै धेरै छ, जसबाट ५०००० देखि १५०००० सम्म ऋण हामीले पाएका छौं । सामाजिक कार्यमा पनि हामी अगाडि नै छौं, हामीले यहाँको बाल क्लव, युवा क्लवलाई पनि सहयोग गर्छौं, देउसी-भैलो खेलेको पैसाले सामाजिक कार्य गर्ने गरेका छौं, जसमा मन्दिर बनाएका छौं । सांस्कृतिक प्रचलनमा हामीहरुले जातिगत

दुर्व्यवहार गर्नेलाई कारवाही पनि गर्छौं । महिला हिंसा गर्नेलाई चांही सामाजिक स्तरमा नै कारवाही पनि गर्छौं । महिला सम्बन्धी ऐन चांही नै बदल्न सकेका छैनौं ।

- संस्थाका संचालक समिति छन्, जसमा ९ सदस्यीय छौं । मासिक आम्दानी खर्च हेर्न हामीले १ व्यवस्थापक नै नियुक्त गरेका छौं ।
- यस संस्थालाई कुनैपनि संघ-संस्थाले अनुदान दिएको छैन, तर हामीले चलाउनु भन्दा अगाडिको संचालक समिति हुँदा थियो, तर त्यो रकम हिनामिना भयो, हामीले त्यो श्रोत ऋणको रुपमा आएको पछि तिरेको ।
- महिला विकासले सहयोग नगरेको खण्डमा त हामीहरु संस्थागत हुन सक्दैन थियौं, महिला विकासको सहयोगको आधारमा नै व्यवस्थापन र संचालन भएको छ ।
- यस कार्यक्रमबाट मानिसहरु आफै व्यापारी भएका छन्, आफै तरकारी खेती गर्ने, बाखापालन, कुखुरापालन गर्ने गरेका छन् ।
- यसको प्रभावकारिता धेरै राम्रो छ, यसबाट महिलाले ऋण निकाले, उसको श्रीमान् पनि त्यहीं एकै ठाउँमा व्यवसाय व्यापार गरी बस्ने धेरै छन्, कसैले त भैंसी पालेर पनि धेरै रकम जम्मा पारेका छन् भने यसले परिवार, समाज आदि सबैतिर प्रभाव पारेको छ ।
- संस्थाको भविष्य धेरै राम्रो छ । त्यसमा पनि अब यस संस्था अहिलेका पढे-लेखेका पिंढीका हातमा पुग्नु पर्छ, अझ राम्रोसँग चल्छ ।
- हुनत हामीहरु आफै संस्था चलाउन सक्छौं तर पनि महिला विकासको संधै साथ पाइरहेमा हामीलाई सजिलो र हाम्रो भविष्य उज्वल हुने थियो ।
- पहिला गरीव सीमान्तकृतहरुको संख्या थिए, तर अब धेरैले छोडेर गएका छन् र तिनीहरुको संख्या अलि थाहा नभएको र अहिले छुट्याइएका छैनन् ।
- संस्था भित्र हरेक वर्गलाई थाहा पाउने गरेर कार्यक्रम संचालन गरिन्छ, त्यसैले हरेक कुरा पारदर्शी पनि छ ।
- सहकारीबाट कुनै अनुदान लिएको छैन, अब चांही रकमको कमि भएकोले अनुदान माग गर्ने कार्यक्रम यस वर्षमा रहेको छ ।
- हामीलाई अहिलेसम्म कुनै सरकारी निकायबाट सहयोग भएको छैन । सहयोग भएको छ त एक पटक ढाका बुन्ने तालीम परेको थियो, त्यही हो सहयोग भनेको ।
- हाम्रो सम्पूर्ण सदस्यबाट यस कार्यक्रम प्रति सन्तुष्टि छ, यही समूह हो सबै भन्दा पहिलो पटक समूहबाट संस्थागत बनाउनलाई सिकाउने, त्यसैले हामी एकदमै सन्तुष्ट छौं ।
- हाम्रो सहकारीमा पूँजीको समस्या छ र अर्को शीप विकास तालीमको पनि अभाव छ । हामीकहाँ अहिले CTEVT आएको प्राविधिक तालीम दिई राखेको छ, त्यसको अब पेशागत रुपमा लिने हो भने हामीलाई अलि धेरै रकमको आवश्यक पर्छ तर हामीसँग त्यसको पहुँच छैन ।
- सबै कार्यक्रम प्रभावकारी र उपयोगी छन्, त्यसको लागि धेरै-धेरै धन्यवाद छ महिला विकासलाई ।
- महिला विकास कार्यक्रमलाई अझ प्रभावकारी बनाउन बेला-बेलामा अनुगमन गर्न आउनु पर्‍यो, अनि जो-जो तालीममा जान्छन्, उनीहअरुले अरु समूहका साथीलाई तालीम संचालन गर्न नियम राखी त्यसको लागि केही रकम व्यवस्था महिला विकासबाट हुनु पर्‍यो । साथै महिला विकासले अन्य सरकारी तथा गैह्र सरकारी निकायसँग समन्वय गराउनु पर्‍यो ।
- महिलाहरुलाई एकजुट भई वचत गर्ने वानी बसाल्नु ।
- घरका साना तथा मझौला समस्यालाई समाधान गर्न सहयोग गर्न सक्ने क्षमतावान बनाउन ।
- सना घरेलु उद्योग तथा व्यापार गरी आय-आर्जन गर्न सक्ने क्षमताको बनाउनु ।
- चेतनशील बनाउनु ।
- आर्थिक रुपले सवल बनाउनु ।
- संस्थामा आवद्ध सदस्यको संख्या- २७०
- महिला विकासका कर्मचारीहरुले शुरुमा आएर समूह निर्माण गरेको ।
- तर केही समय पछि गएर समूहले वचत गर्न छोडेर काम केही नभएर भएको विऊ पूँजीको पनि हिनामिना भएपछि हामीले यस समूह ल्याएर चलाएका हौं ।
- पहिलाको संचालक समिति अर्कै थियो, त्यसको बारेमा हामीलाई थाहा नभएको ।

- तर २०६२ सालमा हामीले शुरु संचालन गर्दा २५ जनामात्र थियो, जसबाट फेरी शुरुआत भयो ।
- यस संस्था कम्तिमा प्रत्येक वडाबाट २५ जन सदस्य रहनु पर्ने उद्देश्य राखेर समूह शुरु गरियो ।
- २०६३ सालमा हामीले संस्था दर्ता गरियो ।
- वचत तथा ऋण वितरण ।
- PAN दर्ता गरेको ।
- साना तथा घरेलु व्यापार, पशुपालनका लागि ऋण कम व्याज दरमा वितरण गरेको ।
- २५००० विऊ पूँजी पनि समूहमा आएको ।
- स्थापना भएको वर्ष -२०६३
- संस्थामा हाल रहेका सदस्य संख्या- १५१
- हाल समूह नरहेको वडा समिति भैसकेको अवस्था छ । समूह सबै विघटन भैसकेको छ । अब प्रत्येक वडाको ९ वटा वडा समिति छ ।
- ९ वडाका नै सदस्यहरु एकै दिन आएर वचत गर्दछन् ।
- हामीसँग भएका रकम उसै दिन जस जसलाई आवश्यक पर्छ उसैलाई दिने प्रचलन छ ।
- संचालक समितिको महिनामा १ पटक वैठक बसिन्छ ।
- प्रत्येक महिना मासिक रुपमा रिर्पोट महिला विकासलाई बुझाउनु पर्ने ।
- वर्षको १ पटक नाफा वाँडफाँड गर्ने प्रक्रिया रहेको ।
- मासिक वैठकमा ९ जना सदस्य नै जम्मा भईन्छ ।
- अब अरु रकम ऋण दिन अपुग भएको र त्यसको व्यवस्था कसरी गर्ने भन्ने बारेमा ।
- भवन निर्माण सम्बन्धमा ।
- आवश्यक परेमा आवश्यकता अनुसार महिनाको २/३ पटक वैठक राख्न पनि सकिने ।
- वर्षमा १ पटक साधारण सभा र लेखापरीक्षण गराउने ।
- वार्षिक प्रतिवेदन बनाउने र महिला विकास कार्यालयमा बुझाउने गरिएको ।
- संस्थाको भौतिक अवस्थाको विषयमा केही विवाद भएको छ । यहाँ भएको एक सार्वजनिक भवन माथि बढाएर बनाउने भन्ने विषयमा विवाद रहेको ।
- यहाँको लागि ऐलानी जग्गा पनि पाइएको तर सचिवज्यूले टाढा भएमा समय दिन नसक्ने भएको कारणले पनि भवन बनाउने विषयमा विवाद छ तर छिट्टै निचोडमा पुगी भवन निर्माणको विषयमा निर्णय गरी आगामी वर्षमा भवन निर्माण गर्ने ।
- हाल चांही अध्यक्षको घरमा एक कोठाबाट संचालन गर्ने गरेको ।
- वार्षिक साधारण सभा हुने तर पहिलादेखिको पदाधिकारीहरुको अभावमा संस्था चल्न नसक्ने हुनाले परिवर्तन हुन नसकेको ।
- हरेक कुराको निर्णय वैठक बसेर सर्वसम्मतिबाट गरिन्छ र माइन्यूटमा Clear गरेर लेखिन्छ ।
- २५००० हजार विऊ पूँजी रकम आएको ।
- सोही रकम पनि पहिला शुरुको समूहले चलाएको तर हामीले फेरी त्यसलाई व्याजसहित बुझाएर फेरी ३००० हजार ल्याएको ।
- वचत महिनाको एक पटक सबैले दिने र त्यही वैठक बसी जसलाई आवश्यक पर्छ उसैलाई लगानी गर्न दिने ।
- वैठकमा रकम जम्मा गर्ने नगरेको ।
- विऊ पूँजी फिर्ता गर्न IRDC ले सहयोग गरेको ।
- संस्थामा समूहबाट आउने मासिक वचत १५१०० आउने गरेको छ ।
- सदस्यहरु नियमित रुपमा वचत गर्न आउँछन्, कोही कोही आउँदैनन् तर ऋणको व्याज र वचत मात्र भएपनि गर्न आउने गरेको ।

- पहिला इन्दुका हुमागाईले चलाएको बेलाका साथीहरुले छोडे । त्यसपछि २०७१ सालमा PAN दर्ता गर्दा लागेको रकम दामासाही गर्न खोज्दा पनि २० जनाले छोडे, पछि आएर उनीहरु फेरी वचत गर्न आउन तयार भएका छन्, यसपालीको साधारण सभापछि उनीहरुलाई पनि समावेश गराउने ।
- संस्थाको विगत ५ वर्षको वचत रकम रु. ६५००० हजार ।
- लगानीको व्याज दर- १८% र १२% ।
- लगानी गरिएका क्षेत्रमा व्यापारमा साना-साना खुद्रा पसलहरु, कुखुरा खरिद विक्री, अन्य खाद्यन्न खरिद तथा विक्री (२० जना महिलाले व्यापार र २२ जनाले पशुपालन र अन्य गरी जम्मा ५७ जना) ।
- लगानी गर्दा ४ महिनामा ऋण चुक्ता गर्ने भाका राख्ने र वडा समितिका सदस्यहरुको रोहवरमा जमानी बसी ऋण दिने ।
- व्यावसायको लागि बजार स्थानीय सन्तपुर नै भयो र ५ कि.मि. पर चन्द्रनिगाहापुरमा गर्न सकिने ।
- स्व. रोजगारमा आफै भए ४० जना वाहिरको नराखिएको ।
- भाखामा नै ऋणहरु चुक्ता भएकाले त्यस्ता नियमहरु छैनन् ।
- लाभांश रकम छुट्याउन सकिएको छैन ।
- वचत तथा लगानीको अनुपात हालसम्म त समान भएको छ तर अब रकम अपुग हुने देखिएको छ । सदस्यहरु ऋण अपुग भएको र अन्त खोजिनु पर्ने समस्याहरु देखाएकाले अब अन्तबाट ऋण खोज्नु पर्ने देखिएको ।
- लगानी जम्मा ५०२६४४ रहेको ।
- शुरुमा महिला विकासले दिएको कि पूँजी पहिलाका समूहका साथीहरुले हिनामिना गरेपछि हामी आफैले त्यो ऋणको व्यवस्था IRDC बाट मिलायौं र फेरी ३००००।- हजार को विऊ पूँजी फेरी प्राप्त भएको छ ।
- अब त्यो विऊ पूँजी फिर्ता गर्दा संस्थालाई समस्या पर्न जान्छ ।
- महिला विकासको खासै त्यति सहयोग नगरेको र अनुगमन पनि नहुने हामीले आफ्नै बलबुतामा संस्था चलाएका छौं । महिला विकासबाट गरिने कार्यक्रम हाम्रो संस्थालाई दिए पनि हामी आफै चलाउन सक्छौं । अहिले त कार्यक्रम नआएको पनि २ वर्ष जति भै सक्यो । हामीले आफै CTEVT बाट कार्यक्रम ल्याएर सिलाई कटाई चलाएर व्यवसाय गरेका महिलाहरु छन् ।
- पहिला हामीसँग पैसा हुँदैन्थ्यो, श्रीमान्ले खर्च गर्न दिएको पैसाबाट २०% निकालेर वचत गर्ने गरेको तर अब त घरायसी समस्या पर्दादेखि व्यापार व्यवसाय पनि आफैले गर्न थालेपछि त केही मात्रामा घरायसी निर्णय गर्न पाईन्छ ।
- सामाजिक कार्यमा पनि हामी अगाडि जान सक्छौ । कोही कोही नागरिक वडा मञ्चमा पनि छौं ।
- हामी अहिले घुम्टो केही उचालेर हिड्न सक्ने भएका छौं । खानासँगै खाने भएका छौं ।
- हाम्रोमा अब बाल विवाह पनि कम भएको छ र केही विधुवा विवाह पनि भएको छ ।
- महिला हिंसा पनि पहिला भन्दा कम भएको छ ।
- सासु-बुहारी/ महिला हिंसा बारेमा तालीमहरु दिएको भएर कम भएको छ ।
- जीवनस्तरमा पनि सुधार आएको, शिक्षाको बारेमा सचेत भएका छन् । आर्थिक अवस्था राम्रो भएको छ । आफै पैसा कमाउन सक्ने भएका छौं भने घरमा आर्थिक सहयोग गर्न सक्ने पनि भएका छौं ।
- महिला सम्बन्धी ऐन, कानून सम्बन्धी पनि तालीम भएको तर एक पटक भएको बिर्सियो, पुनर्ताजगी तालीमहरु दिनु पर्ने ।
- घरेलु हिंसा सम्बन्धी स-साना झै-झगडा हाम्रो महिला समूहमा नै कारवाही गर्ने गरिन्छ ।
- आज हामी जुनसुकै संस्थाले अनुदान दिए पनि हामी राम्रोसँग दक्षतापूर्ण ढङ्गले पूरा गर्न सक्ने छौं ।
- यो भन्दा पहिला पनि हामीले CTEVT बाट सिलाई कटाई तालीम लिएर संचालन गरी त्यसबाट व्यवसाय पनि शुरु गराएका छौं ।
- महिला विकासले संस्थागत हुन सिकायो र लेखाको तालीम पनि गरायो, जसले यहींको हिसाब राख्न पनि सजिलो भएको छ । अब हामीलाई सक्षम पनि गरायो, व्यवस्थापन तालीम दिएर । अब हामी आफै पनि गर्न सक्ने भएका छौं तर पनि हामीलाई महिला विकासको आधार सँधै चाहिन्छ ।
- स्थानीय स्तरमा २० जना जतिले व्यापार संचालन गरेका छन् भने २० जनाले पशुपालन शुरु गरेका छन् ।

- महिला समूहले सहकारीबाट भएको वचत तथा लगानीबाट धेरै नै अगाडि बढी सकेका छन्, उनीहरु आफै नै व्यवसाय संचालन गरेर आफ्नो बच्चाहरु पालेर बसेका एकल महिलाहरु पनि छन्, जसले एकल भएर पनि आफ्नो बच्चाको लालन-पालन, शिक्षा-दिक्षा दिनलाई सक्षम भएका छन् भने श्रीमान्लाई घर चलाउन आर्थिक सहयोग गर्ने भएका छन् । कसैले त आफ्नो श्रीमान्लाई पनि सँगै नै व्यवसायमा संलग्न गराएर सँगै व्यवसाय गर्ने गरेका छन् ।
- हाम्रो संस्थाको भविष्य उज्वल छ र हामी सबै हाम्रो संस्थाको निरन्तरतामा विस्वत छौं ।
- महिला विकासको सहयोग नभएर पनि हामी आफै नै आफ्नो संस्था चलाउन सक्छौं ।
- संस्थामा सम्पूर्ण सदस्यहरु गरीव, सीमान्तकृतहरुको समावेशीकरण गरेर बनाइएको छ र उनीहरुको हकहितमा नै कार्यक्रम गर्दछौं । हाम्रो यस्तो संस्था हो जसले विधवा, एकल साथै अपाङ्गहरुलाई पनि समेटेको छ ।
- हाम्रो संस्थामा सबैलाई समावेश गरेर नै संचालन गरिएको छ र हाम्रो संस्था सजिलो र राम्रो होस् भनेर PAN दर्ता गराएका हौं ।
- जिल्ला सहकारी डिभिजनबाट कुनै किसिमको अनुदान लिएको छैन तर अब लिनु पर्ने भएकोले साधारण सभाबाट पारित गराएर अगाडि कुरा बढाउने लक्ष्य रहेको छ ।
- हालसम्म हामीलाई सरकारी निकायबाट कुनै किसिमको सहयोग प्राप्त भएको छैन ।
- महिला विकास हाम्रो लागि आमा हो, यसले हामीलाई बोल्न सिकायो, नियम, कानूनका कुरा सिकायो, अधिकारको बारेमा जानकारी गरायो । तर हाम्रो कार्यक्रमको बारेमा बेला-बेलामा अनुगमन र सल्लाह गरेन ।
- हाम्रो सरकारीमा ऋण दिने रकमको अभाव छ ।
- समूह भवनको आवश्यकता छ ।
- समूहमा अझ शीपमूलक तालीमको कमी छ ।
- व्यापार व्यवसाय संचालन गर्न विऊ पूँजी दिनको लागि हामीसँग रकमको अभाव छ, त्यो महिला विकासले गरिदिनु पर्ने ।
- महिला विकास तथा जिल्ला सहकारी डिभिजनबाट समय समयमा अनुगमन हुनु पर्‍यो ।
- हामीलाई विऊ पूँजी फिर्ता गर्नु नपर्ने किसिमबाट वितरण हुनु पर्ने ।
- महिला विकासका कार्यक्रम राम्रा त छन् तर हिड्न सिकाए पछि कसरी हिंडिरहेछन् हेर्नु पर्छ ।
- अब तालीम हामी आफैलाई संचालन गर्न दिनु पर्‍यो ।
- महिला विकासमा आएका तालीममा श्रोत व्यक्ति वा ट्रेनर हामीबाट नै लिनु पर्‍यो ।
- हाम्रो सामान खपत गराउने व्यवस्थापन गर्नु पर्‍यो ।
- महिला विकास कार्यक्रम सफल गराउनका लागि १, २ जनालाई मात्र सक्षम बनाएर संस्था चलाउन नछोडी संस्थापक सदस्य जति सबैलाई सक्षम बनाएर गरेमा राम्रो हुने ।
- महिला विकास कार्यक्रमले आफूलाई राम्रो बनाउनु भनेको संस्था दह्रो भै चल्नु हो, त्यसैले कुनैपनि तालीम दिएपछि उसलाई व्यवसाय संचालन गर्न पर्छ भनि प्रतिवद्धता गराई तालीम गराउनु पर्‍यो र विऊ पूँजीका रुपमा केही रकम अनुदान पनि दिनु पर्‍यो ।

- यस समूह २०६२ सालदेखि समूह गठन भएको र अहिले २०६४ सालमा सहकारी दर्ता गरिएको । वडाको सदस्य संख्या- ३१ रहेको ।
- मासिक वैठक समूहमा नहुने हाम्रो वैठक भनेको सहकारीमा नै हुन्छ, महिनामा र आवश्यक पर्दा फेरी बोलाईन्छ ।
- निर्णय सबै कुरा हाम्रो संस्थाले नै गर्ने समूहमा ।
- हामी महिनामा वैठक बस्छौं र संस्थामा निर्णय पुऱ्याएर पारित हुन पनि सक्छ र नहुन पनि सक्छ ।
- हाम्रो वचत जति पनि हुन्छ, सबै संस्थाले निर्णय गरेर लगानी गरिदिन्छ ।
- हामीहरुलाई समूहमा बस्न नै महिला विकासले सिकायो र हामीहरु धेरैजसो खेतीपातिमा नै त्यो रकम लगानी गराएका छौं । तरकारी खेती, केरा खेती छन् । जसले गर्दा हामीहरु बाहिरतिर गएर हामीले धेरै कुरा सिकेर २/४ कुरा बोल्न सक्ने पनि भएका छौं । आर्थिक रुपमा सक्षम पनि भएका छौं । हामीसँग कोही कोही आफै केरा खेती गरेर बेचेर घर जग्गा जोडेका महिला पनि छन् । घरायसी निर्णय गरेर किन बेच पनि गर्न सक्छन् । उनीहरु आफैले स्थानीय श्रोत उपलब्ध गराएर उपयोग गर्न पनि सक्छन् । महिला हिंसा कम भएको छ, भेदभाव न्यूनिकरण भई शिक्षामा अगाडि बढेका छन् । स्थानीय रोजगारीमा महिलाहरु आफै नै तरकारी किन बेच गर्छन् । पहिलाको भन्दा जीवनस्तरमा परिवर्तन पनि आएको छ । महिला हिंसा भएमा साधारण त स्थानीयस्तरमा नै छिनाफाना गरिन्छ, नसक्ने जटिल भएमा मात्र प्रहरी प्रशासनमा पठाईन्छ ।
- गरीवी निवारण कोष ।
- सुनौलो हजार
- ग्रामीण विकास कार्यक्रम (गरीवी निवारणबाट महिलाहरुलाई आर्थिक रुपमा सवल बनाउने कार्यक्रम तथा वचत पनि गरिन्छ । सुनौलो हजारले वचत नगर्ने तर प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्छ । ग्रामीण विकासबाट वचत गर्ने र आर्थिक उपार्जनको लागि तालीम ऋणहरु प्रदान गरिन्छ) ।
- पहिला गठन गर्दा ५ जना महिलाको १ समूह बनाएको र पछि आएर १ वडाको सबै समूहलाई वडा समिति बनाएको र एउटा वडामा १ वटा वडा समिति गठन गरिएको छ । १ वटा वडामा धेरै समूह हुँदा धेरै अप्ठ्याराहरु भएर हामीले वडा समिति खडा गराएका हौं ।
- अन्य समूहहरु धेरै छैनन्, जसले गर्दा अप्ठ्यारो भएको छैन ।
- वचत गर्ने वानी बसाल्यो ।
- आर्थिक रुपमा बलियो बनायो ।
- निर्णयहरु आफै गर्न सक्ने बनायो ।
- आफै आय-आर्जन गर्न सिकायो ।
- परिवारका साना-साना समस्यामा सहयोग गर्न सकिएकोले आफ्नो मान्यता भयो ।
- सामाजिक रुपमा स-साना समस्या महिला समूहमा पनि छिनाफाना गरिने भयो ।
- महिला समूहमा रहेका सदस्यहरुले ऋण लिएर तरकारी, केरा खेती गरेर घर बनाउने, खेत किन्ने गरेका छन्, त्यसैले यसको फाईदा छ ।
- समूहको निरन्तरतामा कुनै किसिमको शंका छैन, किनभने हाम्रो अब सहकारीको भवन पनि निर्माण भइरहेको, त्यसैले हाम्रो समूह निरन्तर हुन्छ । यस संस्थालाई महिला विकासले अनुगमन गरी नयाँ शीप विकासका लागि तालीम दिएर विऊ पूँजीको व्यवस्था गरिदिएमा संस्थागत दीगोपना कायम हुने थियो र अब कार्यक्रमहरु महिला विकासले आफै नगरी संस्थालाई नै गर्न दिएमा यसले दीगोपना आउँथ्यो । अब कार्यक्रम कसरी संस्थामा ल्याउन सकिन्छ, त्यसको तौर तरिका सिकाउने तालीम दिनु पर्छ ।
- तालीम त महिला विकासले दिएको थियो । तर हाल आएर धेरै वर्षदेखि तालीम दिएको छैन । तर जति दिएका तालीमहरु उपयोगी छन् । त्यसलाई पनि पुनर्ताजगी तालीम गराउनु पऱ्यो । प्राविधिक शीप तालीमहरुको कमि छ । हाम्रोमा त्यस्तो शीप विकास तालीम अहिलेसम्म भएका छैनन्, त्यसको आवश्यकता छ ।
- महिला विकासको सहयोग त हामीलाई चाहिन्छ, हाम्रो लागि आमा हो, हामी छोरा-छोरी हौं । हुनत हामी नभएर पनि गर्न सक्ने क्षमता त छ तर पनि हामीलाई महिला विकासको सहयोग निरन्तर चाहिन्छ ।
- पहिला समूह बनाउँदाखेरी नै सम्पूर्ण जात-जाती गरीव, सीमान्तकृत सबै सदस्यहरुको समावेशीकरण गराएर नै समूह निर्माण गरिएको ।
- हाम्रो वडा समितिमा सम्पूर्ण क्रियाकलापमा समावेशी गराएर नै संचालन गरिन्छ ।

- हामीलाई महिला विकास भनेको आमा जतिकै, त्यसैकारण हाम्रो सन्तुष्टिको सीमा छैन । समूहमा कस्तो शक्ति हुन्छ, त्यसको ज्ञान थिएन, त्यसको ज्ञान भयो । महिला के हो, थाहा थिएन । जतिबेला हाम्रो गाउँमा बाल विवाह, महिला हिंसा हुन्थ्यो । तर आज यस्ता किसिमको क्रियाकलाप हुँदैनन्, यी सबै महिला विकासको देन हो । हामी महिला विकास कार्यक्रम प्रति सन्तुष्ट छौं ।
- हाम्रो समूहमा समस्या यो छ की, हामीसँग चाहेको जति वचत छैन, जसले लगानी भने जति लगाउन सकियोस्, यो हाम्रो समूहको समस्या हो ।
- महिला विकास कार्यक्रमका सबै कार्यक्रम धेरै नै प्रभावकारी छन् तर समय समयमा अनुगमन गरी निर्देशन दिनुपर्ने त्यो भएको छैन, यदि त्यसो गर्ने हो भने अझ प्रभावकारी हुने थियो । पहिला पहिला दिएका तालीमहरु फेरी पुनर्ताजगी तालीम गराउन संस्था मार्फत नै चलाउन यहींका श्रोत परिचालन गरी गर्न दिएमा हामीलाई आफै संस्था कसरी चलाउन सकिन्छ भन्ने विषयमा अझ धेरै ज्ञान हुने थियो । हामीलाई शीप विकास तालीम दिई विऊ पूँजी पनि दिने प्रचलन राखेमा हामीलाई उद्यम गर्न सहज हुने थियो ।
- महिला विकास कार्यक्रमलाई अझ प्रभावकारी गराउन महिला विकास आफु सहजकर्ता भई अन्य NGO/INGO, सरकारी विकासे कार्यक्रमहरुसँग गराएर कार्यक्रम गराउन सहयोग गर्ने गरेमा अझ प्रभावकारी हुने थियो ।
- यहाँको श्रोत साधनले भ्याउने र प्रयोग गरी हुने उद्यम संचालन गर्न यहाँका महिला सदस्यलाई शीप तालीम दिएर विऊ पूँजी पनि दिने प्रचलन गरिदिएमा महिला विकास कार्यक्रम अझ प्रभावकारी हुने थियो ।

- कार्यक्रम शुरु भएको २०६२ सालमा समूह शुरु गरिएको वडा नं. ३ र ५ मा शुरु भएको शुरुमा यसबेला हाम्रो जम्मा ३५ जनाको समूह भएको थियो, पछि वडा वडा छुट्याएर वडा समिति भयो र हाम्रो वडा समितिको ३५ जन मात्र छन् ।
- पहिला हाम्रो वडा समितिको वैठक हुने गर्थ्यो तर अहिले समूहमा वैठक हुँदैन, सबै हामी सिधै संस्थामा आएर वचत गर्छौं, जे निर्णय, तालीम जे भएपनि संस्थामा नै हुन्छ ।
- संस्थामा भएको निर्णय नै समूहको निर्णय हुन्छ ।
- हाम्रो वचत संस्थामा नै हुन्छ र परिचालन लगानी सबै संस्थाबाट नै गरिन्छ ।
- महिलाहरु समूहमा बसेर वचत गर्न थालेपछि घरायसी कामको निर्णय स्वयं गर्न सक्ने भएका छन् । सामाजिक कार्यहरुमा हामीहरु सरिक हुन्छौं । हामीहरु महिला दिवसमा पनि महिला आवाज उठाउँछौं । बाल मजदुर, बाल विवाहको विरुद्ध नारा लगाउँदै जुलुसमा जान्छौं । सामाजिक झै-झगडा मिलाउने काम गर्छौं । हाम्रो पहिला भन्दा पर्दा भित्र बस्ने चलन कम भएको छ । यहाँ तरकारी खेती व्यवसायिक रुपमा गर्ने तथा सामान किन बेच गर्ने व्यापार पनि गर्न थालेका छन् । महिला हिंसा कम छ । पहिला छोरा नभएमा पनि जुन किसिमको हिंसा कम भएको बाल्क विवाह पनि कम छ । अहिले १८ वर्ष भन्दा कम उमेर विवाह हुँदैन । स्थानीय रोजगारमा पनि महिलाहरुको संख्या बढी रहेछन् । महिलाहरु आय-आर्जनको काम गर्न थालेका छन् । व्यापार गर्ने, तरकारी खेती गर्ने गर्छन् । जीवनस्तर पहिलाको भन्दा धेरै सहज भएको छ । महिला सम्बन्धी ऐन, कानून चांही बदलिएको होइन, सामाजिक सोचाईहरु परिवर्तन भएका छन् ।
- महिला विकास मात्र चांही कार्यक्रम छैनन्, बरु गरीवी निवारण, निर्धनहरुको काम चांही छ तर महिला विकास नै चांही छन ।
- महिला समूह पहिला ५ वटा वडामा ३५ जना सदस्य भएर खोलिएको थियो, अहिले संस्था दर्ता १७१ जना थियो । अन्य समूहहरु धेरै छैनन्, त्यसैले दोहोरो सदस्यताबाट अप्ठ्यारो भएका छैनन् ।
- हाम्रो यहाँ कार्यक्रम शुरु भएको २०६२ सालदेखि शुरु भएको हो । त्यतिबेला र अहिलेमा धेरै अन्तर भएको छ । पहिला घुम्टो भित्र बस्ने महिलाहरु अहिले त आफ्नो हक अधिकारको लागि अगाडि बढेर बोल्ने भएका छौं । हामी हाम्रो घरमा नै पनि अन्याय भएमा पनि बोल्ने गर्छौं । बाहिर गएर बन्द व्यापार पनि गर्दछौं । सामान खरिद गाउँमा गर्ने र बजार लगेर बेच्ने काम पनि कतिपय महिलाले गरेका छौं । अहिले थोरै ऋण पाएर साना-तिना काम गर्दैछौं, धेरै ऋण पाएर अझ ठूलो बन्द व्यापार पनि गर्न हामी सक्छौं ।
- महिला समूहहरुको स्थिति हाम्रो धेरै राम्रो छ र हाम्रो वचत तथा लगानीबाट आय-आर्जन पनि गरेका छन् । महिलाहरु सिजन अनुसारका सामानहरु गाउँमा किनेर बजार लगेर विक्री गर्ने, व्यापार मुख्यतया गर्छन् । यहआँ हाम्रो सानो स्थानीय बजार छ र गौर पनि धेरै टाढा छैन, यातायातको सुविधा पनि छ । त्यसैले हामीलाई बन्द व्यापर गर्न वा हाम्रो वचतको लगानी गर्न सजिलो छ ।

- हामीकहाँ लघु उद्यम भनेर त्यस्ता केही छैनन्, कसै-कसैले कुखुरा पालेका छन् । नत्र भने त्यसरी शीप विकास तालीम लिएर उद्यमी भएका छैनन् । धेरै जसोले व्यापार गर्ने गर्छन् र बाखापालन गर्छन् । उत्पादित कुखुरा वा बाखा स्थानीय तथा मुख्य बजार गौरमा खपत हुन्छ । तर पहिलाको भन्दा आयस्तरमा बृद्धि भएको छ । मानिसहरु पहिला आफ्ना केटाकेटीलाई मदरसा र सरकारी विद्यालय मात्र पठाउँथे भने अहिले वोर्डिङ्ग स्कूल पनि पढाउन थालेका छन् । गाउँमा मोटरवाईकको संख्या पनि बृद्धि भएका छन् ।
- समूहको भविष्य राम्रो छ, सबै सदस्यहरु वचत गर्छन् र समयमा नै ऋण पनि बुझाउने गर्छन् । यस संस्थामा कुनैपनि काम गर्न विऊ पूँजी दिनका लागि कहिंबाट सहयोग भयो भने सजिलो हुन्छ र उनीहरुले कुनै पनि व्यापार व्यवसाय संचालन गर्नेको संख्यामा पनि बृद्धि हुनेछ र संस्था संचालनमा पनि सहज हुने थियो साथै महिला विकासबाट शीप विकास तालीम दिए हुने थियो ।
- महिलालाई महिला विकासको सहयोग त छ तर धेरै सुस्त आइपुग्छ, संस्था दर्ता हुनु अगाडि लेखाको तालीम हुनु पर्ने तर संस्था दर्ता भएर संचालन भैसकेपछि मात्र पाइयो, त्यसैले अलि अप्ठ्यारो भयो । सहकारीलाई कुनै किसिमको अनुदान छैन, प्राविधिक शीप विकास तालीम पनि भएको छैन । यदि यसरी भने अनुसार तालीम, अनुदान आदि पाए त हाम्रोस्तर धेरै माथी जाने थियो ।
- महिला विकास नै हो, पहिलो अफिस जसले समूह बसेर वचत गर्न र आफ्नो आयस्तर बढाउने काम गर्न सहयोग गर्ने । महिला विकासको सहयोगको विना समूह परिचालन र दीगोपना सम्भावना छैन ।
- समूहमा सबै प्रकारका महिलाहरुको समावेशीमा जोड दिइन्छ तर उनीहरु आफै निस्केर जान्छन्, अनि फेरी अप्ठ्यारो पर्छ फेरी आएर सदस्यता लिन्छन् ।
- समूहले समय अनुसार महिला दिवस, बाल दिवस, महिला हिंसा बारेमा विभिन्न कार्यक्रमहरु गरिन्छ । सार्वजनिक लेखापरीक्षण अब गरिने कार्यक्रम छ । कहिले काहीं गाऊँ घर सरसफाई पनि गरिन्छ ।
- महिला विकास कार्यक्रमले त हामीलाई मान्छे बनायो, बाँच्न सिकायो । आर्थिक अवस्थाले सक्षम बनायो, बाहिर निस्केर बोल्न सिकायो । सन्तुष्ट त हामीहरु धेरै सन्तुष्ट छौं ।
- हाम्रो समूहमा प्रमुख भनेको शिक्षाको कमि छ, जसले गर्दा चाहँदा चाहँदै पनि आय-आर्जनका काम गर्न सक्दैनन् । जसको श्रीमान् पढेको छ र साथ दिन्छ, उनीहरुले काम गर्न सकेका छन् ।
- महिला विकास कार्यक्रममा सबै कार्यक्रम प्रभावकारी र उपयोगी पनि छन् ।
- महिला विकास कार्यक्रम प्रभावकारी बनाउन समय समयमा अनुगमन हुनुपर्छ । शीप विकास तालीमहरु हुनुपर्छ । विऊ पूँजीको व्यवस्था हुनुपर्छ ।